राष्ट्को गौरव
# गोरखापत्र
१२५ वर्षमा
वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।
gorkhapatraonline.com




राष्ट्रिय संस्करण | अर्थबजार | इजरायल र ओमानसँग नयाँ श्रम समझदारीको तयारी | स्पोर्ट्स समिटमा विश्वकप ट्रफी १८

वर्ष १२५ | अङ्क २३७ | २०८२ साल पुस २३ गते बुधबार | माघ कृष्ण चतुर्थी | नेपाल संवत् ११४६ पोहेलागा ४ | 2026 January 7 Wednesday | पृष्ठ : १२+४+२ | मूल्य : दस रुपियाँ

## चुनावविरोधी तत्त्वसँग सतर्क हुन आग्रह



*तस्बिर : प्रधानमन्त्रीको सचिवालय*

**प्रधानमन्त्री सुशीला कार्कीसँग मङ्गलबार सिंहदरबारमा शिष्टाचार भेट गर्नुहुँदै मधेश प्रदेश प्रमुख सुरेन्द्र लाभ ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

प्रधानमन्त्री सुशीला कार्कीले मधेश प्रदेश प्रमुख सुरेन्द्र लाभलाई प्रदेशको राजनीतिक समस्या समाधानका क्रममा अभिभावकका रूपमा प्रभावकारी भूमिका खेल्न सफल भएकोमा प्रशंसा गर्दै पछिल्ला दिनमा मधेशमा देखिएको सामाजिक समस्या समाधानमा भूमिका निर्वाह गर्न आग्रह गर्नुभएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा मङ्गलबार भएको शिष्टाचार भेटमा प्रधानमन्त्री कार्कीले त्यस्तो आग्रह गर्नुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। प्रधानमन्त्री कार्कीले प्रदेश प्रमुख लाभलाई भन्नुभयो, "मधेश प्रदेशमा देखिएको राजनीतिक समस्या समाधानका लागि तपाईंले जुन अभिभावकीय भूमिका निर्वाह गर्नुभयो, त्यो प्रशंसनीय छ। अझै पनि समाजका सबै पक्षलाई समेटेर शान्ति र सद्भाव कायम राख्न यस्तै भूमिका निर्वाह गर्न सक्नुहुने छ भन्ने मलाई विश्वास छ।"

आउँदो फागुन २१ गतेका लागि निर्धारित निर्वाचनको वातावरण बन्दै गएको अवस्थामा यसबिचमा आउन सक्ने सम्भावित चुनौतीतर्फ पनि सतर्क हुनुपर्ने प्रधानमन्त्री कार्कीको धारणा थियो। उहाँले भन्नुभयो, "देश अब पूरै निर्वाचनको मुडमा गइसकेको छ। यस्तो समयमा कतिपय तत्त्वले चुनौती खडा गर्न सक्छन्। त्यसतर्फ सचेत रहँदै समाजमा शान्ति, सद्भाव र सहिष्णुता कायम गर्न सबै पक्षले भूमिका खेल्नुपर्ने हुन्छ। तपाईं पनि अभिभावकका रूपमा पहल गर्नुहोस्। राज्यका सबै संयन्त्र परिचालन गरी चुनावका लागि अनुकूल वातावरण बनाउँदै जानु पर्छ।"

प्रदेश प्रमुख लाभले प्रदेशको शान्ति सुव्यवस्था कायम राख्न आफ्नोतर्फबाट प्रयास गरिरहेको र सुरक्षा तथा प्रशासनिक संयन्त्र परिचालित भइरहेको जानकारी दिनुभयो। सो अवसरमा प्रदेश प्रमुख लाभले आफूले पदभार समालेपछिका दुई महिनाको अवधिमा गरेका कामको विवरण प्रस्तुत गर्नुका साथै प्रधानमन्त्री कार्कीलाई मिथिलाका स्थानीय कलाकारले बनाएको जानकी मन्दिरको प्रतिमा र आफ्ना पुस्तक उपहारस्वरूप प्रदान गर्नुभएको थियो।

यसअघि कमला नगरपालिकामा पुस १९ गते हिन्दु धर्म र आस्थामाथि आँच पुग्ने गरी गरिएको सामाजिक सञ्जालको पोस्टबाट सुरु भएको हिन्दु-मुस्लिमको प्रदर्शनले उग्र रूप लिएपछि स्थानीय प्रशासनले स्थिति नियन्त्रणमा लिन कर्फ्यु आदेशसम्म जारी गर्नु परेको थियो। रक्षा बन्धनका विषयमा मुस्लिम युवाले गरेको पोस्टकै कारण हिन्दुवादीले मस्जिदमा तोडफोड र कुरान जलाउनुका साथै दुवैतर्फबाट प्रदर्शन भएको थियो। सामाजिक सद्भावलाई भड्किन नदिन प्रदेश सरकार तथा स्थानीय प्रशासनले संयमता अपनाएर स्थिति अहिले नियन्त्रणमा आएसँगै वीरगन्ज शान्त बनिसकेको छ। स्थितिलाई नियन्त्रणबाहिर जान नदिन र आपसी सद्भाव कायम राख्न मधेश प्रदेश प्रमुख सुरेन्द्र लाभले खेल्नुभएको भूमिका सराहनीय रहेको बताइएको छ।

## त्रिविको अतिक्रमित जग्गा

# फिर्ता ल्याउने काममा विलम्ब

- "त्रिविको दीक्षान्त समारोहमा व्यस्त हुनुपर्ने भएकाले समितिले पूर्णता पाउन सकेको थिएन, अब छिट्टै समितिमा अन्य सदस्य तोकिन्छ र समितिले भने अनुसार जग्गा फिर्ता ल्याउने प्रक्रिया अघि बढ्छ।"
- विश्वविद्यालयको जग्गा ओगटेर बसेकालाई हटाउन र अपचलन भएर गएको जग्गाको लगत कायम गर्न सरकारको सहयोग आवश्यक रहेको त्रिवि पदाधिकारीको भनाइ।
- "अहिले देखिने गरी यति नै रोपनी जग्गा फिर्ता भयो भन्न सक्ने अवस्था छैन तर हामीले जग्गा अतिक्रमण गरेको भनिएका विभिन्न संस्थाका प्रतिनिधिलाई जग्गा फिर्ता गर्न सहयोग गरिदिनुस् भनेका छौं।"




**सूर्यप्रसाद पाण्डे**
*काठमाडौँ, पुस २२ गते*

त्रिविको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन, २०८१ सार्वजनिक भएको तीन महिना बितिसक्दा पनि अतिक्रमणमा परेका जग्गा फिर्ता ल्याउने विषयमा ठोस प्रगति देखिएको छैन।

समितिले त्रिविको जग्गा विभिन्न व्यावसायिक तथा सामाजिक संस्थाबाट अतिक्रमणमा परेको तथ्यसहितको प्रतिवेदन सरकारलाई बुझाएको थियो। उक्त प्रतिवेदन असोज अन्तिम साता सार्वजनिक भएको थियो। प्रतिवेदन कार्यान्वयनका लागि फेरि अर्को समिति बनाउने तयारी भएको छ।

### कार्यान्वयन संयन्त्रबारे मतभेद

कसको नेतृत्वमा प्रतिवेदन कार्यान्वयन समिति बनाउने भन्ने विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र त्रिविबिच कुरा मिलेको छैन। अहिलेको प्रतिवेदन कार्यान्वयन गराउने र त्रिविका बाँकी जग्गा पनि खोजबिन गर्ने कार्यभार तोकेर अर्कै उच्चस्तरीय समिति बनाउनुपर्ने पक्षमा त्रिविका पदाधिकारी छन्। "हाम्रै नेतृत्वमा भन्दा पनि पूर्वसचिव वा अन्य कुनै उच्च पदाधिकारीको नेतृत्वमा समिति बनाउन पाए अलि शक्तिशाली हुन्छ कि भन्ने हाम्रो चाहना हो," त्रिविका उपकुलपति प्राडा दीपक अर्यालले भन्नुभयो, "अहिलेको प्रतिवेदन कार्यान्वयन मात्रै होइन, त्रिविका उपत्यकाबाहिरका जग्गा पनि खोजी गर्नुपर्ने हुन्छ। यसका लागि समिति बनाइदिन सरकारलाई अनुरोध गरेका छौँ।" तर मन्त्रालय भने त्रिविकै रजिस्ट्रारको नेतृत्वमा शिक्षा मन्त्रालय, गृह मन्त्रालयलगायतका निकायका अधिकारी सदस्य रहेको समिति बनाउनुपर्ने पक्षमा छ। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले त्रिविको जग्गा फिर्ता ल्याउन त्रिविकै रजिस्ट्रारको नेतृत्वमा समिति बनाउनुपर्ने र यसका लागि सम्पूर्ण तयारी पूरा भइसकेको बताउनुभयो।

"त्रिविको दीक्षान्त समारोहमा व्यस्त हुनुपर्ने भएकाले समितिले पूर्णता पाउन सकेको थिएन," मन्त्री पुनले भन्नुभयो, "अब अलि फुर्सद भएको छ। समिति बनाउने विषयमा त्रिविलाई भनिसकेको छु। अब छिट्टै अन्य सदस्य तोकिन्छ र समितिले भने अनुसार जग्गा फिर्ता ल्याउने प्रक्रिया अघि बढ्छ।"

### प्रधानमन्त्रीको निर्देशन

प्रतिवेदन सार्वजनिक भएपछि त्यसको कार्यान्वयनलाई प्रभावकारी बनाउन विश्वविद्यालयका कुलपतिसमेत रहनुभएका प्रधानमन्त्री सुशीला कार्कीले कात्तिक अन्तिम साता विश्वविद्यालयका पदाधिकारीलाई बोलाएर निर्देशनसमेत दिनुभएको थियो। साथै उहाँले असम्बन्धित सङ्घ संस्था र व्यक्तिले त्रिविको जग्गा ओगट्ने, बल भएकै आधारमा मिचेर खाने र बेचबिखनसमेत गर्ने प्रवृत्ति तत्काल रोक्न निर्देशन दिनुभएको थियो। पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा २०८१ जेठ १७ गते गठन भएको समितिले २०८१ पुसमा सरकारलाई प्रतिवेदन बुझाएको थियो।

शिक्षामन्त्री पुनले यो विषय धेरै नतन्काईकन गर्न सक्ने काम तुरुन्तै गरिहाल्नुपर्ने र यसका लागि सबै सरोकारवाला निकायले सहयोग गर्नुपर्ने बताउनुभयो। त्रिवि उपकुलपति अर्यालले भने विश्वविद्यालयको जग्गा ओगटेर बसेकालाई हटाउन र अपचलन भएर गएको जग्गाको लगत कायम गर्न सरकारको सहयोग आवश्यक भएको बताउनुभयो।

प्रतिवेदन अनुसार जग्गा फिर्ताको विषयमा आन्तरिक छलफल भने भइरहेको बताउँदै उपकुलपति अर्यालले भन्नुभयो, "अहिले देखिने गरी यति नै रोपनी जग्गा फिर्ता भयो भन्न सक्ने अवस्था छैन तर हामीले जग्गा अतिक्रमण गरेको भनिएका विभिन्न संस्थाका प्रतिनिधिलाई जग्गा फिर्ता गर्न सहयोग गरिदिनुस् भनेका छौँ।" जग्गा फिर्ताको विषयमा त्रिवि आफैँले सक्ने तथा प्रहरी, अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका निकायको सहयोग चाहिने विषयलाई छुट्याउन लागेको उपकुलपति अर्यालले बताउनुभयो।

### अठार संस्थाको रजाइँ

खोजबिन समितिले पाँच महिना लगाएर तयार पारेको प्रतिवेदनले त्रिविको नाममा रहेको जग्गामा निजीदेखि धार्मिक प्रकृतिका १८ वटा संस्थाले रजाइँ गरिरहेको औँल्याएको छ। विगतमा विश्वविद्यालयकै पदाधिकारी र कर्मचारीको मिलेमतोमा यी जग्गा विभिन्न स्वार्थ जोडिएका संस्थाले आफूखुसी भोगचलन गरिरहेको प्रतिवेदनमा उल्लेख गरिएको छ। त्रिविको स्वामित्वमा पाँच हजार २१८ रोपनी जग्गा रहेको प्रतिवेदनमा जनाइएको छ। जसमध्ये नैकापमा रहेको १२५ रोपनी जग्गाको स्रेस्ता कायम हुन बाँकी छ। तीमध्ये लामो समयदेखि ८४३ रोपनी जग्गा विभिन्न सरकारी निकाय र गैरसरकारी संस्थाले भोगचलन गर्दै आएका छन्। केही जग्गा भने विश्वविद्यालयको स्वीकृतिबिना नै भोगचलन भइरहेको पनि समितिले औँल्याएको छ।

» बाँकी पृष्ठ २ मा

## सुरक्षा अवस्था चुस्त बनाउन निर्देशन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

गृहमन्त्री ओमप्रकाश अर्यालले प्रदेश तहबाटै सुरक्षासम्बन्धी सूचना सङ्कलन, विश्लेषण, मूल्याङ्कन गरी शान्तिसुरक्षालाई भरपर्दो र बलियो बनाउन प्रदेशका सुरक्षा अधिकारी तथा कर्मचारीलाई निर्देशन दिनुभएको छ।

मन्त्री अर्यालको अध्यक्षतामा मङ्गलबार गृह सचिव राजकुमार श्रेष्ठ र सात वटै प्रदेशका प्रमुख सचिवको बैठकमा विद्यमान सुरक्षा अवस्था, अपराध नियन्त्रण, सीमा सुरक्षा तथा आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका विषयमा छलफल भएको छ। गृह मन्त्रालयबाट भर्चुअल रूपमा गरिएको उक्त बैठकमा प्रदेशका प्रमुख

» बाँकी पृष्ठ २ मा

## अग्रलेख



### सङ्गठन व्यवस्थापन सर्वेक्षण

सार्वजनिक सङ्गठन सामाजिक आवश्यकता पूरा गर्ने जीवन्त संरचना हुन्। सङ्गठन समयसँगै गतिशील हुनु पर्छ। सामाजिक परिवेशमा आएका परिवर्तन र सर्वसाधारणका आवश्यकता अनुरूप सङ्गठन निरन्तर अनुकूलित हुँदै जान सकेनन् भने आफ्नै औचित्य पूरा गर्न सक्दैनन्।

● **गोपीनाथ मैनाली**

» विचार पृष्ठ ४

# परामर्श नहुँदा विषादीले ढाकिन्छ तरकारी

**केशवराज पौडेल**
*काठमाडौँ, पुस २२ गते*

नेपालमा विगत केही वर्षदेखि तरकारीको उत्पादन उल्लेखनीय मात्रामा वृद्धि भएको छ तर किसानले तरकारीबालीमा विषादीको समुचित प्रयोग गर्न नजान्दा विषादीको अत्यधिक मात्रा फेला पर्न थालेको छ।

पौष्टिक आहारसम्बन्धीको सचेतना प्रविधिमा पहुँच र उत्पादन सामग्रीको उपलब्धतामा वृद्धिका कारणले घरायसी प्रयोगका लागि र आर्थिक उपार्जनको राम्रो स्रोत भएका कारणले व्यावसायिक तरकारी खेतीको विस्तार तथा विकास भएको हो। बढ्दो सहरीकरणले ताजा तरकारीको माग पनि बढाएको छ तर पछिल्लो समय तरकारीमा अत्यधिक मात्रामा रासायनिक विषादीको मात्रा बढेको समाचार आउन थालेपछि यस क्षेत्रका सरोकारवालाले चिन्ता व्यक्त गर्न थालेका छन्।

तीन तहका सरकारसँग कृषि प्राविधिक भए पनि किसानका खेतबारीसम्म पुगेर 'कृषि परामर्श' गर्ने परिपाटी क्रमशः कमजोर बन्दै गएको गुनासो किसानको छ। धेरै किसान विषादीको प्रयोग बिउबिजन तथा विषादी बिक्रीकर्ता (एग्रोभेट) कै सल्लाहमा मात्रै प्रयोग गर्दै आएका छन्। "किसानसम्म सरकारी संरचनाको पहुँच पुग्न नसक्दा त्यसले तरकारीमा विषादीको मात्रा बढाएको छ," अधिकारकर्मी बिपी पौडेलले उल्लेख गर्नुभयो।

सरकारी निकाय उत्पादन वृद्धिमा मात्रै केन्द्रित हुँदा त्यसले विषादीको प्रयोगलाई बढावा दिएको पौडेलले बताउनुभयो। कृषि र पशुको काम गर्नुपर्ने दक्ष प्राविधिकलाई स्थानीय सरकारले वडाको दर्ता र चलानीमा सीमित बनाएर राखेपछि विषादीको समस्या झनै बढेको उहाँले बताउनुभयो। किसानसम्म प्राविधिक नपुग्दा एग्रोभेटकै विश्वासमा किसान पर्ने



**तरकारीबालीमा लाग्ने रोग किरामा विषादीले तत्कालै असर गर्ने र बालीनाली सुरक्षित हुने भएकाले कृषक अन्य विकल्पतिर नलागी सोझै रासायनिक विषादीमा नै भर पर्ने प्रवृत्तिले उपभोक्ताको भान्सासम्म विषादी पुग्ने गरेको हो।**

गरेका छन्। सरकारी निकायले पनि किसानसम्म विषादीको प्रयोगबाट हुने हानिनोक्सानीको प्रभावकारी प्रचार गर्न सकेको छैन।

नेपालमा करिब तीन लाख हेक्टर क्षेत्रफलमा खेती भई करिब ४१ लाख मेट्रिक टन ताजा तरकारी उत्पादन भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको २०८०/८१ को तथ्याङ्कले देखाउँछ। तरकारी उत्पादन र व्यवसायले धेरै व्यक्तिको रोजगारी सिर्जना पनि भएको छ। पछिल्ला वर्षमा युवाको आकर्षण यस पेसामा बढेको छ। देशैभरिका सहर आसपासका क्षेत्रमा व्यापक रूपमा तरकारी उत्पादन हुन थालेको छ। यसले गर्दा आलु, प्याज र लसुनबाहेक अन्य ताजा तरकारीमा मुलुक आत्मनिर्भरतातर्फ उन्मुख रहेको वरिष्ठ कृषि प्रचार अधिकृत दीपक पौडेल बताउनुहुन्छ तर ताजा तरकारी उपभोग गरिने र केही तरकारी त सलादका रूपमा काँचै पनि उपभोग गरिने भएकाले विषादीको प्रयोगमा संवेदनशीलता जरुरी भएको उहाँले उल्लेख गर्नुभयो।

अर्कातर्फ तरकारीका रूपमा प्रयोग हुने बाली छोटो अवधिका कोमल खालका हुने भएकाले रोग किराको प्रकोप पनि प्रशस्त हुने गर्छ। व्यावसायिक तरकारी बाली ठुलो क्षेत्रमा एउटै बाली हुने हुँदा रोग किराको प्रकोप र असर पनि बढी हुन जाने र व्यावसायिक तरकारी खेतीमा विषादीको प्रयोग सामान्यतः आवश्यक हुने भए पनि विषादी हालेपछि कुर्ने समयका बारेमा कृषकसम्म ज्ञान पुग्न सकेको देखिँदैन।

» बाँकी पृष्ठ २ मा

# 'निर्वाचनको विकल्प नै निर्वाचन'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचनको विकल्प निर्वाचन नै भएको बताउनुभएको छ। जनमानसमा भइरहेको चुनाव हुन्छ कि हुन्न भन्ने भ्रम चिरेर निर्वाचन आयोगले चुनावको तयारीलाई तीव्र बनाइरहेको बताउनुभएको हो। मुख्य प्रशिक्षक प्रशिक्षण कार्यशाला गोष्ठी उद्घाटनका क्रममा कार्यवाहक प्रमुख भण्डारीले २०७० सालमा पनि चुनावका विषयमा प्रशस्त आशङ्का भए पनि तोकिएकै समयमा चुनाव सम्पन्न भएको समेत बताउनुभयो।

» बाँकी पृष्ठ २ मा




## एमाले चुनावमा जाने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले आसन्न प्रतिनिधि सभाको निर्वाचनमा सहभागी हुने औपचारिक निर्णय गरेको छ। मङ्गलबार पार्टी मुख्यालय च्यासलमा बसेको केन्द्रीय सचिवालय बैठकले औपचारिक रूपमा निर्वाचनमा जाने निर्णय गरेको हो। बैठकले ७७ जिल्लामा भूगोल केन्द्रित रहेर केन्द्रीय सदस्यलाई परिचालन गर्ने निर्णय गरेको उपमहासचिव लेखराज भट्टले जानकारी दिनुभयो।

बैठकले राष्ट्रिय सभा सदस्यको निर्वाचनमा नेपाली कांग्रेससँग सहकार्य गर्ने निर्णय गरेको छ। एमालेले प्रत्येक प्रदेशमा एक/एक जना उम्मेदवार रहने गरी कांग्रेससँग सहकार्य गर्ने गरी छलफल गरेको उपमहासचिव भट्टले जानकारी दिनुभयो। बैठकले कांग्रेससँग गठबन्धनको सिट टुङ्गो लगाउने र उम्मेदवार छान्ने जिम्मा अध्यक्ष केपी शर्मा ओलीलाई दिएको छ। अध्यक्ष ओलीले निर्वाचन हुन्छ कि हुँदैन भन्नेमा अन्योल रहेको भन्दै चुनाव एकै पटक नभई खण्ड खण्डमा हुन सक्ने र यसबारे मनोवैज्ञानिक रूपमा तयार रहन निर्देशन दिनुभएको बैठकपछि आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो। एमालेको सचिवालय भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोलाई पक्राउ गरी अमेरिका लगिएको घटनाप्रति कडा आपत्ति जनाएको छ।

### थापा चुनावी कमान्डर

एमालेले उपाध्यक्ष रामबहादुर थापा 'बादल'

» बाँकी पृष्ठ २ मा

# ज्येष्ठ नागरिकको व्यवस्थापन सरकारले गर्छ : सञ्चारमन्त्री

**राष्ट्रिय समाचार समिति**
*पाटन (ललितपुर), पुस २२ गते*

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले ललितपुरको बागडोलस्थित ज्यापू समाजको ज्येष्ठ नागरिक आनन्द निकेतनको मङ्गलबार अवलोकन गर्नुका साथै ज्येष्ठ नागरिकसँग अन्तर्क्रिया गर्नुभएको छ।

ज्यापू समाज यलका पदाधिकारीको निमन्त्रणामा बागडोल पुग्नुभएका मन्त्री खरेलले ज्येष्ठ नागरिकको सेवामा ज्यापू समाजले गरेको काम प्रशंसनीय भएको बताउनुभयो। "ज्येष्ठ नागरिकको व्यवस्थापन सरकारले गर्नु पर्छ, ज्यापू समाजले गरिरहेको यो काम समाजका लागि अत्यन्तै प्रशंसनीय छ, यसको निरन्तरताका लागि सरकारले सहयोग र समन्वय गर्ने काम गर्छ," उहाँले भन्नुभयो।

समयक्रमसँगै बालबालिकादेखि ज्येष्ठ नागरिकसम्म सबैले भूमिका निर्वाह गर्नुपर्ने उल्लेख गर्दै मन्त्री खरेलले सबैको खुसीका लागि सरकारले सक्दो काम गर्ने बताउनुभयो। "हामीले गर्ने सहयोग गर्छौं। नेवार समुदायको सम्पदा, संस्कृति र सभ्यतालाई माथि उठाउन लागिपरेका छौं, समग्र नेवार समुदायको संस्कृति र परम्पराको विषयमा प्रचारप्रसार गर्न 'सम्पदा यात्रा' कार्यक्रम नेपाल टेलिभिजनमार्फत सञ्चालन गर्ने तयारी छ," मन्त्री खरेलले भन्नुभयो। ज्येष्ठ नागरिक आनन्द निकेतनको व्यवस्थापन एवं सञ्चालनका लागि न्यूनतम १० वर्षको योजना बनाएर काम गर्न उहाँले आग्रह गर्नुभयो। ज्यापू समाजका अध्यक्ष सन्तमान महर्जनले ज्येष्ठ नागरिक आनन्द निकेतनले अहिले २५ जनाको सेवा गरिरहेको जानकारी गराउँदै भविष्यमा थप ज्येष्ठ नागरिकको सेवा गर्ने योजना रहेको बताउनुभयो।



तस्बिर : सागर बस्नेत

**सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल मङ्गलबार ललितपुरको बागडोलस्थित ज्यापू समाज ज्येष्ठ नागरिक आनन्द निकेतन भवनमा वृद्ध आमाबुवासँग सामूहिक तस्बिरमा।**

### समृद्धिको आधार सूचना र प्रविधि

यसैबिच मन्त्री खरेलले मुलुकको विकास र समृद्धिको आधार सूचना र प्रविधि रहेको बताउनुभएको छ। काठमाडौँमा आयोजित सेपिङ नेपाल डिजिटल फ्युचर अन्तर्गत 'एआई पोलिसी एन्ड इन्डस्ट्री ग्रोथ' सम्बन्धी छलफलमा मन्त्री खरेलले देशलाई सुशासनको मार्गमा लैजाने एक मात्र उपाय डिजिटल नेपालको रोडम्याप भएको बताउनुभयो। डिजिटल नेपालको रोडम्याप बनाएर मुलुकलाई अगाडि बढाउन लागिरहेको भन्दै उहाँले आफ्नै कार्यकालमा रोडम्याप ल्याउने बताउनुभयो। रोडम्यापका लागि सुझाव बुँदागत रूपमा दिन आग्रह गर्दै उहाँले कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। मन्त्री खरेलले सूचना प्रविधि क्षेत्रको विकासका लागि सम्बन्धित मन्त्रालयसम्म जोडिनका लागि पुलको भूमिका निर्वाह गर्न सम्पर्क मन्त्रालयका रूपमा सञ्चार मन्त्रालयले भूमिका खेल्ने र सबै अल्झन हटाउने बताउनुभयो।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले सरकारले डिजिटल साक्षरता र साइबर सुरक्षामा लगानी बढाउँदै सुशासनतर्फ अघि बढ्नुपर्ने बताउनुभयो। डिजिटल नेपाल फ्रेमवर्कले शिक्षा, स्वास्थ्य र रोजगारको क्षेत्रमा विशेष ध्यान दिएर नीति निर्माण र कार्यान्वय गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। कार्यक्रममा सहभागी सूचना प्रविधि क्षेत्रका प्रतिनिधिले नयाँ नीति बनाउनुभन्दा बनेका नीतिको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभएको थियो।

## सार्वजनिक पदाधिकारीको पारिश्रमिक
# एकरूपता कायम गरिने

मन्त्रीपरिषद् निर्णय

राज्यकोषबाट लगानी भएका प्रतिष्ठान, बोर्ड तथा सार्वजनिक संस्थानलगायत निकायका पदाधिकारीको पारिश्रमिक तथा सेवा सुविधामा एकरूपता कायम गर्ने सरकारको निर्णय कार्यान्वयनका लागि अर्थ मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

सरकारले सार्वजनिक निकायका पदाधिकारीको पारिश्रमिक तथा सेवा सुविधामा एकरूपता कायम गर्नेसम्बन्धी सुझाव कार्यदलबाट पेस भएको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको छ।

राज्यकोषबाट लगानी भएका प्रतिष्ठान, बोर्ड तथा सार्वजनिक संस्थानलगायत निकायका पदाधिकारीको पारिश्रमिक तथा सेवा सुविधामा एकरूपता कायम गर्ने सुझाव कार्यदलबाट पेस भएको थियो। सो प्रतिवेदन कार्यान्वयनका लागि अर्थ मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने निर्णय गरिएको हो। मन्त्रीपरिषद्को पुस २१ मा बसेको बैठकले सो निर्णय गरेको हो। सरकारको प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले मङ्गलबार मन्त्रालयमा पुस २१ र ११ गतेको मन्त्रीपरिषद् बैठकको निर्णय सार्वजनिक गर्ने क्रममा सो जानकारी दिनुभएको हो। उहाँले पुस २१ गतेको २२ वटा र पुस ११ गतेको १३ वटा गरी ३५ वटा निर्णय सार्वजनिक गर्नुभयो।

त्यसै गरी जेनजी सहिद परिवारका लागि कल्याणकारी कार्यक्रम सञ्चालन गर्ने गरी जेनजी सहिद परिवार कल्याणकारी समाजलाई अनुदान उपलब्ध गराउने, नेपाल प्रहरीको सङ्गठन संरचना तथा दरबन्दी तेरिज स्वीकृत गर्ने, नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू २०५० को अनुसूची संशोधन गर्ने, महालेखा परीक्षकको कार्यालय र अन्तर्गतका निकायको सङ्गठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने, नेपाल सरकार र ओमान सरकारबिच हुने समझदारीपत्र स्वीकृत गर्ने, नेपाल सरकार र इजरायल सरकारबिच श्रम सम्झौता स्वीकृत गर्ने निर्णय बैठकले गरेको हो।

मन्त्रीपरिषद् बैठकले पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश २०८२ स्वीकृत गर्ने, वन (तेस्रो संशोधन) नियमावली २०८२ स्वीकृत गर्ने, नेपाल लेखा परीक्षण सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको उपमहालेखा परीक्षक पदमा घनश्याम पराजुलीलाई बढुवा गर्ने निर्णय गरेको छ।

यस्तै राष्ट्रिय अनुसन्धान विभागको अतिरिक्त मुख्य अनुसन्धान निर्देशक पदमा ओमबहादुर खड्कालाई बढुवा गर्ने, समस्याग्रस्त सहकारी संस्था वा सङ्घको व्यवस्थापन समितिका सदस्य महेशप्रसाद काफ्लेको राजीनामा स्वीकृत गर्ने र सोही समितिको रिक्त सदस्य पदमा कुलप्रसाद न्यौपानेलाई मनोनयन गर्ने, नेपाली सेना, सैनिक साधारण सेवाका दुई जना महासेनानीलाई सोही सेवाको सहायक रथी दर्जामा र चार जना प्रमुख सेनानीलाई महासेनानी दर्जामा बढुवा गर्ने निर्णय मन्त्रीपरिषद् बैठकले गरेको हो।

नेपाल सरकारका तर्फबाट ऐक्यबद्धतास्वरूप एक पटकका लागि 'आइओएम रिसाइलेन्स फन्ड' मा १० हजार अमेरिकी डलर सहयोग गर्ने, राष्ट्रिय युवा परिषद्को उपाध्यक्ष सिफारिस गर्न मन्त्रालयको सचिवको अध्यक्षतामा विज्ञ समिति गठन गर्ने, पुस २९ र ३० गते बङ्गलादेशको ढाकामा आयोजना हुने नेपाल–बङ्गलादेश वाणिज्य सचिवस्तरको आठौँ बैठकमा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव नेतृत्वको नेपाली प्रतिनिधिमण्डललाई स्वीकृति दिने निर्णय बैठकले गरेको हो। त्यसै गरी बैठकले माघ ३ गते संयुक्त राज्य अमेरिकामा आयोजना हुने 'रोल अफ एनआरएनए युथ इन दी डेभलपमेन्ट अफ नेपाल पोस्ट जेनजी रिभोलुसन' सम्बन्धी कार्यक्रममा सहभागी हुन युवा तथा खेलकुदमन्त्रीलाई स्वीकृति प्रदान गर्ने निर्णय भएको मन्त्री खरेलले जानकारी दिनुभयो।

### कार्यान्वयन गर्ने निर्णय

सञ्चारमन्त्री खरेलले मन्त्रीपरिषद्को पुस ११ गतेको बैठकले गरेका निर्णय सार्वजनिक गर्दै भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन गर्न र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना तयार गर्न राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गठित समितिले पेस गरेको प्रतिवेदन कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय गरिएको जानकारी दिनुभयो।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, मधेश प्रदेशको प्रमुख सचिव पदमा सहसचिव कमलप्रसाद भट्टराईलाई कायममुकायम मुकरर गर्ने, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (पहिलो संशोधन) नियमावली २०८२ स्वीकृत गर्ने, नेपालमा प्रवेशाज्ञा (भिसा) नियमित नगरी बस्दै आएका १५ जना विदेशी नागरिकले प्रचलित कानुन अनुसार नेपालबाट प्रस्थान हुने मितिसम्म बुझाउनुपर्ने विलम्ब शुल्क र जरिबानाबापतको दस्तुर मिनाहा गरी नेपालबाट प्रस्थान गराउने निर्णय मन्त्रीपरिषद् बैठकले गरेको हो। वैदेशिक रोजगारीको सिलसिलामा इराक गई त्यहाँको आधिकारिक भिसा (भ्यालिड रेसिडेन्सी कार्ड) प्राप्त गरेका नेपाली नागरिकलाई तोकिएबमोजिम श्रम स्वीकृति दिन स्वीकृति प्रदान गर्ने निर्णय बैठकले गरेको मन्त्री खरेलले जानकारी दिनुभयो।

## कांग्रेसले राष्ट्रिय सभा निर्वाचनमा तालमेल गर्ने

**गोरखापत्र समाचारदाता**
*ललितपुर, पुस २२ गते*

नेपाली कांग्रेसले राष्ट्रिय सभा सदस्य निर्वाचनमा अन्य राजनीतिक दलसँग तालमेल गर्ने निर्णय गरेको छ। कांग्रेस मुख्य सचिव कृष्णप्रसाद पौडेलका अनुसार केन्द्रीय कार्यसम्पादन समितिको मङ्गलबारको बैठकले माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनमा अरू दलसँग तालमेल गर्ने निर्णय गरेको हो।

कांग्रेसले राष्ट्रिय सभामा मतभार भएका नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी, जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीसँग सहकार्यका लागि संवाद गरिरहेको छ। राष्ट्रिय सभाका १८ सिटका लागि निर्वाचन हुँदै छ। मुख्य सचिव पौडेलका अनुसार कार्यसम्पादन समितिको बैठक बुधबार पनि बस्ने छ। मङ्गलबारको बैठकमा महामन्त्री गगनकुमार थापा, सहमहामन्त्रीहरू फरमुल्लाह मन्सुर र जीवन परियारले बोल्नुभयो।

यसैबीच कांग्रेस केन्द्रीय कार्यसम्पादन समिति बैठक चलिरहँदा पार्टी केन्द्रीय कार्यालय सानेपामा प्रदर्शन भएको छ। विशेष महाधिवेशन आह्वान गर्न माग गर्दै प्रदर्शन भएको हो। कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको पुस १८ गतेको बैठकले विशेष महाधिवेशनको औचित्य सकिएको र २०८३ वैशाखका लागि १५ औँ महाधिवेशनको संशोधित कार्यतालिका बहुमतले पारित गरिसकेको छ।

## 'समस्या समाधानमा साझा प्रयास आवश्यक'

**गोरखापत्र समाचारदाता**
*ललितपुर, पुस २२ गते*

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात तथा सहरी विकासमन्त्री कुलमान घिसिङले निर्माण क्षेत्रमा देखिएका समाधान गर्नका लागि साझा प्रयास आवश्यक रहेको बताउनुभएको छ।

नेपाल इन्जिनियर्स एसोसिएसनले ' मन्त्रीसँग इन्जिनियरका कुरा : पेसागत मुद्दा सम्बोधन' शीर्षकमा मङ्गलबार आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा उहाँले भौतिक संरचना निर्माण र विकासको नवीनतम अवधारणा बनाउनुपर्नेमा जोड दिनुभएको हो। उहाँले रोजगारी सिर्जना गरी दक्ष जनशक्तिलाई स्वदेशमै परिचालन गर्नुपर्ने बताउनुभयो। उहाँले निर्माण क्षेत्रमा मात्रै रोजगारीको ठुलो अवसर रहेको उल्लेख गर्दै क्षमता अभिवृद्धि गर्न आवश्यक रहेको बताउनुभयो। "२० खर्ब रुपियाँको प्रत्येक वर्षको बजेट खर्च गर्ने क्षमता पनि अहिले छैन। हाम्रा परामर्शदाता पनि छैनन्, निर्माण व्यवसायीले पनि गर्न सक्ने अवस्था छैन। त्यो क्षमता अभिवृद्धि गर्नु नै महत्त्वपूर्ण कदम हुन्छ।" उहाँले भन्नुभयो।

ऊर्जामन्त्री घिसिङले जलविद्युत्मा धेरै लगानी आइरहेको र अब सरकारी निकायले मात्रै निर्माण गर्न नसक्ने र निजी क्षेत्रसँग सहकार्य गरेरै निर्माण कार्य अघि बढाउनुपर्ने बताउनुभयो। उहाँले देशमा ५० हजार मेगावाट जलविद्युत् उत्पादन गर्न सकिने सम्भावना औँल्याउँदै रोजगारी सिर्जना, लगानीको वातावरणसहित समृद्धिका पक्षमा काम गर्न अब १५–२० वर्षको लक्ष्य राखेर अघि बढ्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "१० वर्षको लक्ष्य २८ हजार पाँच सय मेगावाट हो। यो लक्ष्य पूरा गर्न कार्ययोजना बनाउनु पर्छ।"

मन्त्री घिसिङले इन्जिनियरहरूको कामप्रति विश्वास रहेको बताउँदै महिला इन्जिनियरको कार्यक्षमता र इमानदारितामा प्रश्न उठाउने ठाउँ नरहेको प्रस्ट पार्नुभयो। उहाँका अनुसार विद्युत् प्राधिकरणमा करिब १७ प्रतिशत महिला सहभागिता रहेको र उनीहरू अत्यन्तै प्रभावकारी ढङ्गले कार्य गरिरहेका छन्।

### मन्त्रीको ध्यानाकर्षण

मन्त्री घिसिङसँगको संवादमा अग्रज इन्जिनियरले इन्जिनियरिङ क्षेत्रका समस्या उठान गर्नुभयो। उहाँहरूले इन्जिनियरको न्यूनतम तलबको कार्यान्वयन, रोजगारी सुनिश्चित हुनुपर्ने, देशमै बस्ने वातावरण हुनुपर्ने, हवाई सेवासम्बन्धी अध्ययन गरेका इन्जिनियरको रोजगारी तथा निर्माण क्षेत्रमा देखिएका समस्याबारे सुझाव दिनुभएको थियो।

## नेकपाले सहकार्य गर्ने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले राष्ट्रिय सभाको निर्वाचनमा आफ्नो मतभार अनुसारको सिट सङ्ख्या पाए प्रमुख दलसँग सहकार्य गर्ने भएको छ। केन्द्रीय कार्यालय पेरिसडाँडामा मङ्गलबार बसेको बैठकले उक्त निर्णय गरेको हो। नेपाली कांग्रेस र नेकपा (एमाले) सँग तालमेल हुँदा नेकपाले कम्तीमा चार सिट पाउनुपर्ने दाबी गरेको छ।

बैठकले सङ्गठनात्मक संरचना निर्माण गरेर पुस २९ गते केन्द्रीय कमिटीको घोषणा गर्ने निर्णय गरेको प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिनुभयो। नेकपा माओवादी, नेकपा (एकीकृत समावादी) सहित एक दर्जनभन्दा बढी पार्टी मिलेर नेकपा गठन भएको थियो। ६०१ सदस्यीय केन्द्रीय कार्यसमिति र करिब दुई हजार पाँच सय जनाको कमिटी बनाउने विषयमा छलफल भए पनि अन्तिम टुङ्गो लगाउने काम संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजक माधवकुमार नेपाललाई जिम्मेवारी दिइएको छ।

नेकपाका अनुसार राष्ट्रिय सभा निर्वाचनका लागि सात प्रदेशको मतभार हेर्दा खाली हुने १८ सिटमा कांग्रेसलाई आठ, एमालेलाई छ र नेकपालाई कम्तीमा चार सिट पर्छ। बैठकले सिट सङ्ख्या र उम्मेदवार टुङ्ग्याउने जिम्मा पनि संयोजक प्रचण्ड र सहसंयोजक नेपाललाई दिएको छ। राष्ट्रिय सभाका १९ सदस्यको कार्यकाल आगामी फागुन २० मा सकिँदै छ। रिक्त स्थानमध्ये एक जना राष्ट्रपतिबाट मनोनीत छन्। बाँकी १८ पदका लागि आगामी माघ ११ गते निर्वाचन हुँदै छ। उम्मेदवारको मनोनयन दर्ता बुधबार हुँदै छ। बैठकमा संयोजक प्रचण्डले भारत भ्रमणका बारेमा ब्रिफिङ गर्नुभयो। साथै पार्टी संरचना राष्ट्रिय राजनीतिका बारेमा पनि छलफल भएको प्रवक्ता सापकोटाले जानकारी दिनुभयो।

कान्ति बाल अस्पतालको ६४ औँ वार्षिकोत्सव

## अस्पताल विस्तार गर्ने योजना

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

कान्ति बाल अस्पतालले एक हजार शय्यमा विस्तार गर्ने योजना अघि सारेको छ। कान्ति बाल अस्पतालको ६४ औँ वार्षिकोत्सवका अवसरमा अस्पतालका निर्देशक डा. पङ्कज रायले अस्पताललाई एक हजार शय्यामा विस्तार गर्ने योजना रहेको जानकारी दिनुभयो। उहाँले उहाँले कान्ति बाल अस्पतालले देशको कुल जनसङ्ख्याको एक तिहाइ भाग ओगटेको उल्लेख गर्दै एक हजार शय्यामा विस्तार नगरेसम्म कान्ति अस्पतालमा अत्यधिक चाप रहने बताउनुभयो।

देशभरिका बालबालिकाको रिफरल अस्पतालका रूपमा कान्ति बाल अस्पताल रहेको उल्लेख गर्दै निर्देशक रायले हाल ३७२ शय्याबाट सेवा दिइरहेको उल्लेख गर्नुभयो। कान्ति अस्पताललाई स्तरोन्नति गर्दै बाल स्वास्थ्य विज्ञान प्रतिष्ठानका रूपमा विकास गरी प्रतिष्ठानमातहत प्रत्येक प्रदेशमा विशिष्टीकृत बाल अस्पताल सञ्चालनमा ल्याउने लक्ष्य राखेको जानकारी गराउनुभयो।

### मन्त्रालयले सहयोग गर्छ : मन्त्री शर्मा

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा. सुधा शर्मा गौतमले नागरिकका कुनै पनि गुनासो नआउने गरी काम गर्न निर्देशन दिनुभएको छ। उहाँले अस्पताल सञ्चालनमा कुनै पनि समस्या उत्पन्न भएमा जुनसुकै समयमा मन्त्रालयमा आएर छलफल गर्न सकिने जानकारी दिँदै थोरै बजेटबाट समाधान हुने प्रकृतिका समस्यामा मन्त्रालयले पूर्ण सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो। उहाँले कान्ति बाल अस्पताललाई बाल स्वास्थ्य प्रतिष्ठानका रूपमा विकास गर्ने र एक हजार शय्याको अत्याधुनिक स्वास्थ्य संस्थाका रूपमा विस्तार गर्न आवश्यक पर्ने नीतिगत निर्णयका लागि मन्त्रालयले सकारात्मक भूमिका खेल्ने जानकारी दिनुभयो।

## स्वास्थ्य बिमा बोर्ड समस्याग्रस्त

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

स्वास्थ्य बिमा बोर्ड समस्याग्रस्त अवस्थामा गुज्रिरहेको बताइएको छ। स्वास्थ्य बिमा बोर्डले मङ्गलबार आयोजना गरेको पत्रकार सम्मेलनमा स्वास्थ्य बिमा बोर्डले समयमा सेवाप्रदायक संस्थालाई भुक्तानी दिन नसक्दा समस्या उत्पन्न भएको जनाएको छ। स्वास्थ्य बिमा बोर्डका कार्यकारी निर्देशक डा. रघुराज काफ्लेले राज्यले दायित्वबोध नगर्ने स्थिति हो भने स्वास्थ्य बिमाको प्रिमियम वृद्धि गर्नुपर्ने बताउनुभयो। उहाँले हालको अवस्थामा प्रिमियम वृद्धि गरेर त्यसलाई स्वचालित बनाइनुपर्ने र राज्यले सहयोग गर्नुको विकल्प नरहेको बताउनुभयो।

"विश्वका जुनसुकै देशमा राज्यले स्वास्थ्य बिमामा लगानी गर्ने गरेको छ," काफ्लेले भन्नुभयो, "नेपालमा राज्यले लगानी नगर्ने अवस्थामा प्रिमियम बढाउनुको विकल्प छैन।" उहाँले केही प्रिमियम बढाएर त्यसपछि मुद्रास्फितिको अवस्था अनुसार स्वचालित रूपमा प्रिमियम कायम गर्नुपर्ने बताउनुभयो।

## चार जनाविरुद्ध मुद्दा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

उदयपुरको त्रियुगा नगरपालिका–१ स्थित जागृति महिला सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष मीनाकुमारी चौधरीसमेत चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ।

सार्वजनिक सम्पत्ति हानिनोक्सानी पुर्‍याई भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मङ्गलबार विशेष अदालत काठमाडौँमा मुद्दा दायर गरेको हो। उहाँहरूको मिलेमतोमा वन उपभोक्ता समूहको कोषको रकम हिनामिना गरिएको आयोगले आरोप लगाएको छ। आयोगले चौधरीसहित सचिव जानकारीकुमारी चौधरी, कोषाध्यक्ष नीलम थारू चौधरी र दर्तावाल लेखा परीक्षक तनुकलाल चौधरीलाई पनि प्रतिवादी बनाएको छ। आयोगले चारै जनालाई बिगो नतोकी भ्रष्टाचार निवारण ऐन अनुसार र अन्य प्रतिवादीलाई पाँच लाख १५ हजार रुपियाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन अनुसार कारबाहीको माग गरेको छ।

### 'निर्वाचनको...

कार्यवाहक प्रमुख भण्डारीले भन्नुभयो, "संविधान सभाको निर्वाचन हुन्छ कि हुँदैन भनेर अघिल्लो दिनसम्म सारा मान्छेको शङ्का उपशङ्का थियो। भोलिपल्ट मतदानको प्रक्रिया सम्पन्न भएपछि निर्वाचन त भयो नि भनेर सबैले भने। अहिले पनि सुरुदेखि निर्वाचन हुन्छ कि हुँदैन, निर्वाचन के हुन्छ त भनेर जनमानसमा आउने प्रश्न यही हो। यो प्रश्नलाई चिरेर निर्वाचनको विकल्प छैन, निर्वाचनको विकल्प निर्वाचन नै हो, अब निर्वाचन हुन्छ।" भण्डारीले निर्वाचन सुरक्षाका लागि आयोगले सरकारलगायतका सबै निकायसँग समन्वय गरिरहेको बताउनुभयो। सरकारले सुरक्षा स्थिति चुस्त बनाउन सबै उपाय अवलम्बन गरिरहेको उहाँको भनाइ थियो।

अहिले विद्रोहको विशेष परिस्थितिमा चुनाव हुन गइरहेको भन्दै उहाँले परिस्थिति अनुसार अघि बढ्नुपर्ने धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "संसारमा थुप्रै विद्रोह भएका छन्। थुप्रै आन्दोलन भएका छन्। अहिले हामीले गर्न गइरहेको निर्वाचन विद्रोहपछिको निर्वाचन हो। यो शताब्दीमा हामीले थुप्रै क्रान्ति, जनआन्दोलन, आन्दोलन हेर्‍यौँ र अहिले विद्रोहको परिणामस्वरूप हामीले निर्वाचन सम्पन्न गर्ने प्रयोजनलाई अठोट लिएर बसिरहेका छौँ। समय र परिस्थितिलाई कसरी सम्बोधन गर्ने र त्यो विषयवस्तुलाई सम्बोधन गरिसकेपछि निर्वाचनको परिणाम कसरी निकाल्ने विषयमा पनि हामीले टड्कारो रूपमा सोच्नु पर्छ।"

निर्वाचन आयोग व्यवस्थापकीय कामलाई कार्यान्वयन गर्ने उद्देश्यले प्रशिक्षण कार्यक्रमलाई अघि बढाइएको पनि उहाँले बताउनुभयो। निर्वाचन घोषणापछि सुरक्षाका विषयमा प्रधानमन्त्री, मन्त्रीलगायत सबैसँग पटक पटक संवाद भएको बताउँदै उहाँले सरकारले सुरक्षाका लागि आश्वस्त पारेको पनि उहाँको भनाइ थियो।

कार्यक्रममा कानुन न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले अहिले निर्वाचनबाहेक अन्य विकल्प नभएको बताउनुभयो। राष्ट्रपतिले छ महिनाभित्र निर्वाचन गराउने गरी दिएको जिम्मेवारी सरकारले पूरा गर्ने उहाँले बताउनुभयो। निर्वाचनको दायित्व पूरा गर्नुबाहेक अन्य विकल्प नभएको उहाँको भनाइ थियो।

#### नमुना मतपत्र छपाइ सुरु

आगामी फागुन २१ गते हुने निर्वाचनका लागि आवश्यक नमुना मतपत्र छपाइ मङ्गलबारदेखि सुरु भएको छ। निर्वाचन आयोगको समन्वयमा जनक शिक्षा सामग्री केन्द्रले नमुना मतपत्र छाप्न सुरु गरेको हो।

नमुना मतपत्र १० लाख थान छापिने केन्द्रले जनाएको छ। यो काम बिहीबार सकिने छ। नमुना मतपत्र गाउँ गाउँमा मतदाता शिक्षाका लागि प्रयोग गरिने छ। नमुना मतपत्र छपाइ सकिएपछि समानुपातिकतर्फको मतपत्र छपाइ सुरु हुने छ। समानुपातिकको मतपत्र दुई करोड आठ लाख ५० हजार थान छापिने छ। यो काम माघ ९ गते सक्ने जनक शिक्षा सामग्री केन्द्रको योजना छ।

### सुरक्षा...

सचिव तथा प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव र सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधिबिच छलफल भएको हो।

छलफलका क्रममा मन्त्री अर्यालले सम्बन्धित निकायलाई सुरक्षा अवस्था चुस्त बनाउन निर्देशन दिँदै भन्नुभयो, "कानुनले दिएको अधिकार, व्यवहार र हाम्रा असल अभ्यासलाई समेत मनन गरी कर्मचारी र सुरक्षा निकायको मनोबल उच्च बनाई निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्ने तयारीमा जुट्नुहोला।" उहाँले प्रदेश प्रमुख सचिव तथा सचिवहरूलाई निर्वाचन सुरक्षार्थ निर्वाह गर्नुपर्ने प्रभावकारी भूमिकाका लागि निर्देशनसमेत दिनुभयो।

सम्पूर्ण कर्मचारीले प्रशासकको भूमिकाभन्दा पनि सहजकर्ता, समन्वयकर्ता एवं उत्प्रेरकको भूमिका निर्वाह गर्नु अहिलेको आवश्यकता भएको बताउँदै मन्त्री अर्यालले आफूले कानुनले दिएको अधिकार र प्रशासकीय अधिकारसँगै आफ्नो निर्णयको शक्तिलाई बोध गरेर प्रदेश र सङ्घबिच समन्वयात्मक भूमिका खेल्दै निर्वाचनलाई सफल पार्न मातहतका अधिकारीहरूलाई निर्देशन दिनुभयो।

मन्त्री अर्यालले सुरक्षा संयन्त्रहरू चुस्त र मजबुत बनाउनुपर्ने धारणा राख्दै धार्मिक सहिष्णुता, सामाजिक सद्भाव, सहयोग र समन्वय कायम गरी समाजलाई थप गतिशील र प्रभावकारी बनाउने विषयमा जोड दिनुभयो।

त्यसै गरी उहाँले संविधानको मर्म अनुरूप तिनै तहबिच सहकारिता, समन्वय र सहअस्तित्वको सिद्धान्तका आधारमा सङ्घीयतामा सुरक्षाको विषयलाई केन्द्रविन्दुमा राखेर सङ्घ र प्रदेशको सम्बन्ध, सम्पर्क बढाई असल अभ्यासलाई अझ सुदृढ बनाउनसमेत निर्देशन दिनुभयो। बैठकमा गृह सचिव राजकुमार श्रेष्ठले निर्वाचनमा सुरक्षा संवेदनशीलता, भौगोलिक अवस्था र अन्य विषय र कारणसमेत पहिचान गरी विगतको अभ्यास र कमीकमजोरी भए सुधारसमेत गरी प्रभावकारी रूपमा सकारात्मक परिणाम देखिने गरी निर्वाचन कमान्ड पोस्टबाट सुरक्षा व्यवस्था मिलाउन ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

बैठकमा कोशी प्रदेशका प्रमुख सचिव राजेन्द्रकुमार पौडेल, बागमती प्रदेशका बाबुराम अधिकारी, गण्डकी प्रदेशका प्रमुख सचिव डन्डुराज घिमिरे, लुम्बिनी प्रदेशका प्रमुख सचिव कृष्णप्रसाद काप्री, कर्णाली प्रदेशका प्रमुख सचिव वीरेन्द्र कुमार यादव, सुदूरपश्चिम प्रदेशका प्रमुख सचिव वैकुण्ठप्रसाद अर्याल र मधेश प्रदेशका कायममुकायम प्रमुख सचिव कमलप्रसाद भट्टराई, सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधि र गृह मन्त्रालयका पदाधिकारीको सहभागिता थियो।

### फिर्ता...

प्रतिवेदन अनुसार गणतन्त्र स्मारकलाई ६० रोपनी, बिपी कोइराला प्लानेटोरियमलाई १६० रोपनी, कृषि बागवानी केन्द्रलाई २८१ रोपनी, आयुर्वेद अनुसन्धान तथा तालिमकेन्द्रलाई २५ रोपनी जग्गा विभिन्न समयमा उपलब्ध गराइएको छ। त्यस्तै काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई १०७ रोपनी, महानगरीय प्रहरी वृत्त कीर्तिपुरलाई पाँच रोपनी, महानगरीय प्रहरी वृत्त कालीमाटीको शाखा विस्तारका लागि विश्वविद्यालय परिसरमै चार रोपनी, नेपाल प्राध्यापक सङ्घलाई छ रोपनी १२ आना, ग्लोबल आइएमई बैङ्क, क्रिकेट रङ्गशाला, लायन्स क्लब इन्टरनेसनल तथा नेपाल बैङ्कसमेतलाई गरेर ७६ रोपनी चार आना जग्गा त्रिविले उपलब्ध गराएको छ।

त्यस्तै लेबोरेटरी माध्यमिक विद्यालयलाई १०८ रोपनी, नेपाल नेत्रज्योति सङ्घलाई १० रोपनी जग्गा २० वर्षका लागि भोगचलन गर्न २०७२ सालमा दिइएको थियो। लेबोरेटरी स्कुलले त त्रिविको सहमति नै नलिई आफूले भोगचलन गरेको जग्गा आफ्नो नाममा कायम गरिदिन मालपोत कार्यालय कलङ्कीमा निवेदन दिएकोसमेत जग्गा खोजबिन समितिको प्रतिवेदनमा उल्लेख छ।

### परामर्श...

रासायनिक विषादीको असर रोग किरामा तुरुन्तै पर्ने हुनाले बालीनाली सुरक्षित राख्न कृषक अन्य विकल्पतिर नलागी सोझै रासायनिक विषादीमा नै भर पर्ने प्रवृत्ति बढेसँगै त्यसले उपभोक्ताको भान्सासम्म विषादी पुगेको उपभोक्ता हक अधिकार संरक्षणको क्षेत्रमा क्रियाशील विनोद सापकोटाले उल्लेख गर्नुभयो। पछिल्लो समयमा सागमा किरा र पुतलीले दुःख दिन थालेपछि किसानले विषादीको प्रयोग बढाएका छन् तर किसानलाई विषादी छर्किएको कति समयसम्म बजार लान मिल्दैन भन्ने ज्ञान नभएकाले विषादी छर्किएकै भोलिपल्ट बजार पुगेको पाइन्छ।

किसानलाई विषादीको प्रयोगबारे यसका बिक्रीकर्ताले सहजै परामर्श दिने गरे पनि 'वेटिङ' (पर्खने समय) का बारेमा जानकारी नदिँदा विषादी प्रयोग नगरिने सागमा पनि अत्यधिक विषादीको मात्रा देखिन थालेको छ। सरकारले तरकारीमा विषादीको प्रयोगबारे मापदण्ड निर्धारण गरेको छ। जस अनुसार ३५ प्रतिशतसम्म विषादीको अवशेष देखिए उपभोग गर्न मिल्छ तर सागमा ९९ प्रतिशतसम्म विषादीको अवशेष पाइएको घटना छ।

तरकारीको अत्यधिक उत्पादन हुने जिल्लामा रहेका कृषि विकास कार्यालय र कृषि ज्ञान केन्द्रले विषादी तथा मलखाद विक्रेतालाई समय समयमा विषादी हालेपछि कुर्ने समयका बारेमा तालिम दिने गरे पनि त्यो प्रभावकारी हुन सकेको छैन।

काभ्रेका प्रमुख कुलप्रसाद दवाडीले हरेक वर्ष बिउबिजन तथा बाली बिरुवा बिक्रीकर्ताले अधिकारकर्मीसँग विषादीको प्रयोग र कुर्ने समयका बारेमा परामर्श र अन्तर्क्रिया गर्ने गरेको उल्लेख गर्नुभयो। "कृषिसँग सम्बन्धित निकायको किसानसम्मको पहुँचमा निरन्तर कमी आउन थालेपछि यस्तो समस्या झन् बढेको छ," दवाडीले भन्नुभयो। एग्रोभेट पनि सेवामूलकभन्दा नाफामूलक हुने भएकाले परामर्शभन्दा व्यापारमै प्राथमिकता दिने गरेको उहाँले बताउनुभयो। किसानले व्यावसायिक रूपमा खेती गर्दा उन्नत र धेरै फल्ने बिउमा ध्यान दिँदा रोग र किराको प्रयोग धेरै देखिने गरेको छ। रैथाने बिउ स्थानीय हावापानी अनुकूल हुने र रोग किरा सहन सक्ने हुन्छन् तर कम उत्पादन हुने भएकाले किसान त्यतातिर खासै आकर्षित देखिएका भने छैनन्। तीन तहको सरकार भएपछि किसानसँग सरकार र कृषि प्राविधिक नजिक हुनुपर्नेमा झन् टाढा भएको उहाँले उल्लेख गर्नुभयो।

### एमाले...

लाई चुनावी कमान्डरको जिम्मेवारी तोकेको छ। समानुपातिकतर्फ उम्मेदवार बनाइनुभएका बादललाई समग्र निर्वाचन परिचालनको जिम्मेवारी दिने गरी निर्वाचन परिचालन कमिटीको संयोजक तोकेको हो।

#### तोकिए प्रदेश संयोजक

नेकपा (एमाले) सचिवालय बैठकले सात वटा प्रदेशमा प्रदेश तथा निर्वाचनसँग सम्बन्धित अन्य काममा संयोजन गर्न जिम्मेवारी तोकेको छ। उपमहासचिव भट्टका अनुसार कोशी प्रदेशको संयोजनको जिम्मा शेरधन राईलाई दिइएको छ। यस्तै मधेश प्रदेशमा लीलानाथ श्रेष्ठ, बागमती प्रदेशमा महेश बस्नेत, राजधानी प्रदेश संयोजनको जिम्मामा राजन भट्टराई, गण्डकीमा खगराज अधिकारी, लुम्बिनीमा पद्मा अर्याल, कर्णालीमा यामलाल कँडेल र सुदूरपश्चिम प्रदेश संयोजनको जिम्मा गणेश ठगुन्नालाई दिइएको छ। त्यस्तै सङ्गठन विभागको जिम्मा भानुभक्त ढकाललाई प्रदान गरिएको छ।

#### नीति प्रतिष्ठानको अध्यक्षमा रिमाल

एमाले सचिवालय बैठकले पार्टीको नीति अनुसन्धान प्रतिष्ठानको अध्यक्षको जिम्मेवारी विष्णु रिमाललाई प्रदान गरेको छ। यसअघि प्रतिष्ठानको जिम्मेवारी ईश्वर पोखरेलले गर्दै आउनुभएको थियो। अध्यक्ष ओलीका विश्वासपात्र रिमालले प्रतिष्ठानको अध्यक्षको जिम्मेवारी पाउनुभएको हो।

# दुई पार्टीले लगाए उम्मेदवारको टुङ्गो

**दोलखा समाचारदाता**
*दोलखा, पुस २२ गते*

दोलखाका दुई दलले आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यको उम्मेदवारको नाम टुङ्गो लगाएका छन् । छलफल तथा जिल्ला कार्यसमितिको बैठकले सर्वसम्मतबाट एकल उम्मेदवारको नाम टुङ्गो लगाएको हो ।

नेकपा (एमाले) का नेता पार्वत गुरुङको नाम टुङ्गो लगाएको हो । उहाँले गत २०७४ को निर्वाचनमा विजय हासिल गरी सञ्चार तथा सूचना प्रविधिमन्त्रीको पद समालिसक्नुभएको छ । यसै गरी नेपाली कम्युनिस्ट पार्टीका नेता विशाल खड्काको नाम सर्वसम्मत तय भएको छ । उहाँले २०७४ मा बागमती प्रदेश सदस्यको निर्वाचनमा विजयी भई वन तथा वातावरणमन्त्रीको पद समालिसक्नुभएको छ । त्यसै गरी नेपाली कांग्रेसबाट ताराबहादुर कोइरालाको नाम केन्द्रमा पठाइसकिएको छ । केन्द्रबाट अनुमोदन हुने करिब निश्चित रहेको पार्टी सभापति बर्मा लामाले जानकारी दिनुभयो ।

## दुई पार्टीद्वारा उम्मेदवार सिफारिस

**चितवन समाचारदाता**का अनुसार प्रतिनिधि सभा निर्वाचनका लागि नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टीले उम्मेदवारको सिफारिस गरेको छ । प्रमुख राजनीतिक दलमध्ये नेपाली कांग्रेस र अन्य पार्टीले चितवनमा उम्मेदवारको विषयमा कुनै तयारी गरेका छैनन् । नेकपा (एमाले) ले निर्वाचन क्षेत्र नं. १ बाट प्रदेशका पूर्वमन्त्री दावा लामासहित छ जनाको नाम जिल्लामा सिफारिस गरेको छ । निर्वाचन क्षेत्र नं. २ बाट पूर्वसांसद कृष्णभक्त पोखरेलसहित १५ जनाको नाम सिफारिस गरिएको छ । त्यस्तै गरी निर्वाचन क्षेत्र नं. ३ मा पूर्वराष्ट्रिय सभा सदस्य पार्वती रावलसहित छ जनाको नाम सिफारिस गरिएको छ ।

त्यस्तै गरी नेपाली कम्युनिस्ट पार्टीले निर्वाचन क्षेत्र नं. १ मा पूर्वमन्त्री कृष्णप्रसाद खनालसहित चार जनाको नाम, क्षेत्र नं. २ मा पार्टी जिल्ला सचिव द्रोणबाबु शिवाकोटीसहित चार जनाको नाम सिफारिस गरेको छ । निर्वाचन क्षेत्र नं. ३ मा पार्टीको केन्द्रीय सदस्य तथा भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालको एकल नाम सिफारिस गरिएको छ । पार्टीका जिल्ला संयोजक रामचन्द्र अधिकारीले निर्वाचन क्षेत्र नं. १ बाट कृष्ण खनाल, २ बाट शिवाकोटी र ३ बाट दाहालले नै टिकट पाउने जानकारी दिनुभयो । निर्वाचन क्षेत्र नं. ३ मा दाहालको पक्षमा चुनावी प्रचारका कार्यक्रम सुरु गरिसकेको उहाँले बताउनुभयो ।

# चेपाङ समुदायका तीन जना समानुपातिक सूचीमा



**चितवनका सन्तबहादुर चेपाङ, विश्वास चेपाङ र मकवानपुरका मङ्गलसिंह चेपाङ ।**

**मकवानपुर समाचारदाता**
*मकवानपुर, पुस २२ गते*

प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ अन्तर्गत समानुपातिक सूचीमा चेपाङ समुदायका तीन जना परेका छन् । सीमान्तकृत समुदायबाट मकवानपुरका एकसहित तीन जना चेपाङ समुदायका समानुपातिक सूचीमा परेका हुन् ।

संविधान सभाका सदस्य एवं नेपाल चेपाङ सङ्घका अध्यक्ष गोविन्दराम चेपाङले फरक तीन वटा पार्टीबाट तीन जनाको नाम प्रतिनिधि सभा सदस्यका लागि समानुपातिक सूचीमा समेटिएको जानकारी दिनुभयो । उहाँले मकवानपुरको एक र चितवनमा दुई जना चेपाङ समुदायका समानुपातिक सूचीमा परेको बताउनुभयो । नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र गतिशील लोकतान्त्रिक पार्टीले एक/एक जना समानुपातिकको बन्दसूचीमा राखेको छ ।

नेकपाबाट प्रतिनिधि सभा समानुपातिक सूचीमा पर्नेमा मकवानपुरको साबिक हाँडीखोला गाविस हालको मनहरी गाउँपालिका–३ स्थित सिद्धकालीका मङ्गलसिंह चेपाङ हुनुहुन्छ । एमालेबाट चितवनको कालिका नगरपालिका शक्तिखोरका सन्तबहादुर चेपाङ समानुपातिक सूचीमा पर्नुभएको छ । यस्तै नवगठित गतिशील लोकतान्त्रिक पार्टीले चितवनको राप्ती नगरपालिका कोराकका विश्वास चेपाङलाई समानुपातिक सूचीमा समेटेको छ ।

देश सङ्घीयतामा गएसँगै सीमान्तकृत चेपाङ समुदायले नीति निर्माणदेखि कार्यकारी भूमिका निर्वाह गर्नेसमेत अवसर पाएका छन् । २०६४ सालको संविधान सभा सदस्यमा एमालेले मकवानपुरका गोविन्दराम चेपाङ र तत्कालीन माओवादी गोरखाकी माया चेपाङलाई संविधान सभा सदस्य बनाएको थियो ।

यस्तै नेपाली कांग्रेसले मकवानपुरका सन्तबहादुर प्रजालाई प्रदेश सभा सदस्य हुँदै प्रदेश सरकारको जिम्मेवारीमा पुऱ्याएको थियो । प्रदेश सभाको पहिलो कार्यकालमा सन्तबहादुर बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास राज्यमन्त्री बन्नुभएको थियो । पूर्वराज्यमन्त्री सन्तबहादुरले पछिल्लो समयमा मधेशी, दलित, जनजाति, सीमान्तकृतलगायतको नाममा पहुँचवाला र प्रभावशालीले अवसर पाउनु सङ्घीयता र संविधानको भावना अनुसार नभएको बताउनुभयो । २०७८ सालको जनगणना अनुसार नेपालमा चेपाङ समुदायको जनसङ्ख्या ८४ हजार ३६४ रहेको छ ।

# लागुऔषध दुर्व्यसनको उच्च जोखिम

**हेटौँडा समाचारदाता**
*हेटौँडा, पुस २२ गते*

हेटौँडा उपमहानगरपालिकाका युवा लागुऔषध दुर्व्यसनको उच्च जोखिममा रहेको तथ्याङ्क सार्वजनिक भएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार जिल्लामा रहेका कुल लागुऔषध प्रयोगकर्तामध्ये ५९.०४ प्रतिशत हेटौँडा उपमहानगरपालिकामै रहेको पाइएको हो ।

हेटौँडासँगै थाहा नगरपालिका, कैलाश, इन्द्रसरोवर, मकवानपुरगढी, बकैया, मनहरी र राक्सिराङ गाउँपालिकामा पनि लागुऔषध प्रयोगकर्ताको सङ्ख्या उल्लेख्य रहेको प्रहरीको तथ्याङ्क छ । १५ देखि २५ वर्ष उमेर समूहका ५१ प्रतिशत, २६ देखि ३५ वर्ष उमेर समूहका २९ प्रतिशत र ३६ वर्षभन्दा माथि उमेर समूहका २० प्रतिशत लागुऔषध दुर्व्यसन तथा कारोबारमा संलग्न रहेको तथ्याङ्क छ ।

चालु आर्थिक वर्षको मङ्सिर मसान्तसम्म हेटौँडा उपमहानगरपालिकामा लागुऔषध दुर्व्यसन तथा कारोबारसम्बन्धी मुद्दामा १३० जना पक्राउ परेका छन् । पक्राउ परेकामध्ये ११३ जना पुरुष, १२ जना महिला, तीन जना बालक र दुई जना तेस्रो लिङ्गी रहेका छन् । उपमहानगरपालिकाका अधिकांश वडामा लागुऔषध दुर्व्यसनी तथा कारोबारी सक्रिय रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीले जानकारी दिनुभयो ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडा र हेटौँडा उपमहानगरपालिकाको संयुक्त आयोजनामा भएको लागुऔषध नियन्त्रणसम्बन्धी सचेतनामूलक कार्यक्रममा बोल्दै प्रवक्ता बोगटीले लागुऔषध दुर्व्यसनका कारण हेटौँडाका युवा उच्च जोखिममा परेको तथ्याङ्क प्रस्तुत गर्नुभएको थियो ।

लागुऔषध मुद्दामा मकवानपुरका २३९ कैदीबन्दी रहेका छन् । तीमध्ये सबैभन्दा धेरै १०३ जना हेटौँडा उपमहानगरपालिकाका छन् भने सबैभन्दा कम इन्द्रसरोवर गाउँपालिकाका एक जना मात्रै रहेका छन् । मनहरी गाउँपालिकाका ४१, कैलाशका २७, राक्सिराङका २५, थाहा नगरपालिकाका १४, बकैया गाउँपालिकाका १२, मकवानपुरगढीका सात, भीमफेदीका पाँच र बागमती गाउँपालिकाका चार जना लागुऔषध मुद्दाका कैदीबन्दी भीमफेदी कारागारमा छन् ।

यता हेटौँडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाले लागुऔषध दुर्व्यसनका कारण हेटौँडामा ठुलो चुनौती थपिँदै गएकोप्रति चिन्ता व्यक्त गर्नुभयो । उहाँले लागुऔषधको नियन्त्रण तथा न्यूनीकरणका लागि राज्यका सबै निकायसँगै समाजका सबै क्षेत्रबाट संयुक्त प्रयास आवश्यक रहेकोमा जोड दिनुभयो ।

हेटौँडामा सञ्चालनमा रहेका पुनर्स्थापना केन्द्रहरूमा १६० लागुऔषध प्रयोगकर्ता उपचाररत छन् । सबैभन्दा बढी बेरोजगार युवा लागुऔषध प्रयोगमा संलग्न रहेको देखिएको छ ।

# बसपार्कविहीन बजार अस्तव्यस्त

**दोलखा समाचारदाता**
*दोलखा, पुस २२ गते*

बसपार्क नबन्दा दोलखाको सदरमुकाम चरीकोट बजार अस्तव्यस्त बनेको छ । भीमेश्वर नगरपालिकाले केही दिनदेखि निर्माण गर्न लागेको बसपार्क निर्माण सम्पन्न नहुँदा यहाँको सुन्दर बजार कुरूप तथा अस्तव्यस्त बनेको छ ।

बसपार्क नहुँदा सडकका दुवैपट्टि गाडी रोक्ने गरिएको छ । यसरी दोहोरो पार्किङ गरिँदा सर्वसाधारणले आवतजावतमा सास्तीसमेत खेप्नु परेको स्थानीय रामजी चौलागाईंले बताउनुभयो । लामोसाँघु–जिरी सडकखण्डको करिब एक किलोमिटर सडकमा बसपार्कको अभावमा लामो दुरीका बस तथा छोटा दुरीका सवारीसाधन अव्यवस्थित पार्किङ गर्दा थप समस्या पारेको छ । दोलखाका ट्राफिक प्रमुख ठाकुरप्रसाद भट्टराईले गाडी रोक्ने, यात्रु चढाउने र ओराल्नेसमेत यहीँ हुँदा सडक दुर्घटना हुन सक्ने बताउनुभयो । ठाउँ नभएकाले ट्राफिक जाम हटाउन नसकिएको उहाँको भनाइ छ ।

---

**बढुवा समितिको सचिवालय**
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सूचना**
**(प्रकाशित मिति २०८२/०९/२३ गते)**

**लोक सेवा आयोगको देहायको बढुवा सूचना नं., सेवा र श्रेणीको रिक्त पदमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि बढुवा समितिको मिति २०८२/०९/२२ को निर्णयानुसार देहाय बमोजिमको योग्यताक्रमका उम्मेदवारलाई बढुवाको लागि सिफारिश गर्ने निर्णय भएकोले निजामती सेवा ऐन, २०४९ को दफा २४च.को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।**

**ब. सू. नं. १४-०८२/८३, नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, राजपत्राङ्कित द्वितीय श्रेणी**

| यो.क्र.नं. | क.सं.नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १ | १८०५८० | भीष्मराज भट्टराई |
| २ | १४७४४७ | देवी प्रसाद गौतम |
| ३ | १४६९२६ | राजेश भट्टराई |
| ४ | १४६२२१ | नमराज सापकोटा |
| ५ | १४६३२७ | देबेन्द्र घिमिरे |
| ६ | १५३२९२ | लाल प्रसाद शर्मा भुसाल |
| ७ | १६०४६६ | सुरेन्द्र थापा |
| ८ | १५४४५९ | प्रेम कुमार श्रेष्ठ |
| ९ | १५२०८६ | लेखनाथ खतिवडा |
| १० | १५४०८७ | केशव ज्ञवाली |
| ११ | १४६७७७ | सूर्यवती खनाल अधिकारी |
| १२ | १६९९९९ | महा प्रसाद दंगाल |
| १३ | ११४७४६ | अरुण सापकोटा |
| १४ | १५८५४८ | मोहन लाल पनेरु |
| १५ | १५४९६३ | गोमा घिमिरे |
| १६ | १६१५४४ | हेम बहादुर कार्की |
| १७ | १५१६४७ | विष्णुहरि तिमल्सिना |
| १८ | १९४३३५ | खगेन्द्र राज जोशी |
| १९ | १०८९६ | पवन कुमार प्याकुरेल |
| २० | १६१००३ | मातृका प्रसाद दाहाल |
| २१ | १८०८०८ | जयचन्द्र साह |
| २२ | १९५६८९ | राधिका गिरी |
| २३ | १९१०८५ | अर्जुन कुमार मण्डल |
| २४ | १४६६४१ | सुरेश बाबु घिमिरे |
| २५ | १५४३६३ | झविश्वर रेग्मी |
| २६ | १५५९२५ | लक्ष्मण लम्साल |
| २७ | १३१५०८ | होम बहादुर थापा |
| २८ | ११२५७९ | सान्नानी अधिकारी |
| २९ | १३५३०३ | शोभाकर न्यौपाने |
| ३० | १५४९४५ | रेमन्त बहादुर डाँगी |
| ३१ | १५६३०८ | वीर बहादुर शाही |
| ३२ | १०९९६ | भास्कर दाहाल |
| ३३ | १७९६२० | नारायण बहादुर विष्ट |
| ३४ | ०१७१२७२ | राम प्रसाद शर्मा |
| ३५ | १४७४०१ | शोभाकर पोखरेल |
| ३६ | १४७४४५ | प्रेम कुमार पोखरेल |
| ३७ | १६२५१७ | कृष्ण कुमार पौडेल |

**ब. सू. नं. १५-०८२/८३, नेपाल प्रशासन सेवा, लेखा समूह, राजपत्राङ्कित द्वितीय श्रेणी**

| यो.क्र.नं. | क.सं.नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १ | ११९२६८ | पुष्कर निरौला |
| २ | १६३७८८ | शंकर दत्त भट्ट |
| ३ | १५१६३९ | खड्क बहादुर शाही |
| ४ | १९१७०७ | सुमन मरासिनी |

**ब. सू. नं. १६-०८२/८३, नेपाल प्रशासन सेवा, राजस्व समूह, राजपत्राङ्कित द्वितीय श्रेणी**

| यो.क्र.नं. | क.सं.नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १ | १७२४१९ | रामराज प्रसाद चौरसिया |
| २ | १६८००१ | गोपाल प्रसाद भट्टराई |
| ३ | १७७४६६ | प्रमोद दास |
| ४ | १७२७८३ | कृष्ण प्रसाद न्यौपाने |
| ५ | १८२३९१ | केशव रघुवंशी |
| ६ | १८४३५९ | हिमलाल शर्मा |
| ७ | १८३८४६ | चक्र प्रसाद ढुंगाना |
| ८ | १८५९९० | शर्मिला सुवेदी |
| ९ | १५२४०९ | माया पन्थी |
| १० | १८९००५ | हरिप्रसाद भण्डारी |
| ११ | १९०२७५ | सुरेन्द्र पाण्डेय |
| १२ | १८४८३५ | जागेश्वर शर्मा |
| १३ | १८३६४५ | धनिश्वर अर्याल |
| १४ | १७९०७५ | सतेन्द्र मोहन गुरुङ |
| १५ | १९१२१९ | सूर्य बहादुर कुवँर |

---

**प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश**

**प्रदेश निजामती सेवा अधिकृत सातौँ तह (अप्राविधिक/प्राविधिक) पदको परीक्षा केन्द्र तोकिएको सूचना**

तपसिलका विज्ञापनको परीक्षा केन्द्र तोकिएको विस्तृत सूचना आयोगको वेबसाइट **ppsc.madhesh.gov.np** मा प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | विवरण | सूचना प्रकाशन मिति | सूचना नं. |
|---|---|---|---|---|
| १ | २९-६५।२०८२-८३ | अप्राविधिक/प्राविधिक, अधिकृत सातौँ तह | २०८२।०९।२२ | ८२/२०८२-८३ |

---

**नेपाल बैंक लिमिटेड**
**NEPAL BANK LIMITED**
प्रधान कार्यालय, सामान्य सेवा विभाग

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**मिति : २०८२।०९।२३**

यस बैंकका लागि आवश्यक निम्न लिखित कार्यका लागि गोरखापत्रमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रीतपूर्वक दर्ता हुन आएको बोलपत्र दाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा यस बैंकको आर्थिक प्रशासन विनियमावली, २०७१ (तेस्रो संशोधन २०८२) को विनियम १०६ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| कामको विवरण | गो.प.मा प्रकाशित सूचनाको मिति | छनोट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (VAT सहित) |
|---|---|---|---|
| The Procurement of the Supply, Installation, Configuration, Deployment, Commissioning and support for Upgradation of Core Firewall in NBL data centre. Invitation for Bids No. NBL/NCB08/G082/83 | २०८२/०६/२२ | M/S Etech International Pvt.Ltd., Koteshwor, Kathmandu. | रु. २,२६,९८,९००/०० (अक्षरुपी दुई करोड छब्बीस लाख अन्ठानब्बे हजार नौ सय मात्र) |

---

**काठमाण्डौ इन्स्टिच्युट अफ चाइल्ड हेल्थ**
**बूढानीलकण्ठ–७, हेपाली हाइट, काठमाडौं ।**
KIOCH **फोन नं: ०१ ४३७०३७३, email: info@kioch.org.np, website: www.kioch.org**

**आ.व.०८२।८३ का लागि आवश्यक मेडिकल उपकरण खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८२।०९।२३)**

यस इन्स्टिच्युटमा आ.व. २०८२/८३ का लागि आवश्यक मेडिकल उपकरणहरू खरिद सम्बन्धी कार्य गर्नुपर्ने भएकोले सो कार्य गर्न योग्यता पुगेका इच्छुक उत्पादक, फर्म/सप्लायर्स/कम्पनीबाट दर्ता प्रमाणपत्र, अद्यावधिक गरेको आधिकारिक इजाजत प्रमाणपत्र, मूल्य अभिवृद्धि कर प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रहरूको प्रमाणित प्रतिलिपि, फाराम खरिद दस्तुर बापत प्रति बोलपत्र रु. १,००० (एक हजार) इन्स्टिच्युटको सानिमा बैंक, नक्साल शाखामा रहेको खाता नं. ००१०१००१०००२०६३ मा जम्मा गरेको बैंक भौचर संलग्न राखी मिति २०८२/१०/२१ गते कार्यालय समयभित्र इन्स्टिच्युटको कार्यालयबाट बोलपत्र फाराम खरिद गर्ने तथा बोलपत्र फाराममा उल्लिखित कागजात तथा कबोल अङ्कको ३ प्रतिशतले हुन आउने धरौटी बापतको रकम इन्स्टिच्युटको सिद्धार्थ बैंक लिमिटेड, हात्तीसार शाखामा रहेको खाता नं. ५५५०७६३७१२७ मा जम्मा गरेको बैंक भौचर वा बैंक ग्यारेन्टीको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखि गणना हुनेगरी कम्तीमा १२० (एक सय बीस) दिन मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बैंक ग्यारेन्टी पत्र सहित २०८२/१०/२२ गते दिनको १२:०० बजेसम्म इन्स्टिच्युटको कार्यालयमा आ–आफ्नो सिलबन्दी बोलपत्रहरू पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त बोलपत्रहरू मिति २०८२/१०/२२ गते दिउँसो २:०० बजे इन्स्टिच्युटको कार्यालयमा खोलिनेछ । बोलपत्र बुझाउने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि लगत्तै इन्स्टिच्युट खुलेको दिन सो कार्य गरिनेछ ।

अन्य विस्तृत जानकारीका लागि यस इन्स्टिच्युटको प्रशासन शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बोलपत्र सङ्ख्या नं. | सामान खरिद/कार्य विवरण |
|---|---|---|
| १ | ५५–२०८२/८३ | Pediatric Cystoscope |
| २ | ५६–२०८२/८३ | Endoscopy System |
| ३ | ५७–२०८२/८३ | EEG Machine |
| ४ | ५८–२०८२/८३ | Ultrasonic Cleaner Machine |
| ५ | ५९–२०८२/८३ | RO Machine for Operation Theatre |
| ६ | ६०–२०८२/८३ | Ultrasonography Machine |
| ७ | ६१–२०८२/८३ | Orthopedic Instrument Set |
| ८ | ६२–२०८२/८३ | ENT Equipment and Instrument |
| ९ | ६३–२०८२/८३ | OT Table |
| १० | ६४–२०८२/८३ | Bili Blanket |
| ११ | ६५–२०८२/८३ | C-arm Machine |

यो सूचना इन्स्टिच्युटको website: **www.kioch.org.np** मा पनि हेर्न सकिनेछ ।

---

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ब्यासी, भक्तपुर**

**अनलाइन बोलपत्र आह्वानको सूचना**

**गोरखापत्रमा प्रकाशित मिति : २०८२/०९/२३**

भक्तपुर नगरपालिकाबाट चालू आ.व. ०८२/८३ का लागि तपसिलमा उल्लेख भए बमोजिमको निर्माण सम्बन्धी कार्य गर्नुपर्ने भएकोले इजाजत प्राप्त गरेका निर्माण व्यवसायीहरूले आवश्यक कागजात सहित www.bolpatra.gov.np/egp मार्फत Online Bid Submission गर्नुहुनको लागि यो सूचना प्रकाशन गरिएको छ । Bid submit गर्न कार्यालयको निम्नानुसारको राजस्व खातामा Bid price दाखिला गरी सोको सक्कल भौचरको Scanned copy समेत अपलोड गर्नुपर्नेछ ।

**बैंकको नाम** : नेपाल बैंक लिमिटेड, भक्तपुर **खातावालाको नाम** : भक्तपुर नगरपालिका
**कार्यालय कोड नं.** : ८०३३३४०२ **धरौटी खाता नं.** : ०१९०३००००३००००००००३
**राजस्व खाता नं.** : ०१९०३०००००१००१००००३ **राजस्व शीर्षक नं.** : १४२१३

**तपसिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | Bidding Procedure | बोलपत्र फाराम दस्तुर | बोलपत्र जमानत |
|---|---|---|---|---|---|
| १ | bktmun/NCB/works/07/082/83 | Construction of an Agricultural Produce Collection Center in collaboration with the Bhaktapur District Cooperative Union Ltd. | Single Stage Single Envelope | रु. ३,०००।– | ४,३०,०००।– |

**प्रि–बिड मिटिङ्ग हुने मिति/समय** : २०८२/१०/०७ गते, दिउँसो १ बजे
**बोलपत्र पेश गर्ने अन्तिम मिति/समय** : २०८२/१०/२३ गते, दिउँसो १२:०० बजे
**बोलपत्र खोलिने मिति/समय** : २०८२/१०/२३ गते, दिउँसो १:०० बजे
**विस्तृत जानकारीका लागि** : कार्यालय (०१–६६१४८१३) वा PPMO (bolpatra.gov.np/egp.)

---

**Invitation for Tender**

**Agriculture and Forestry University**
**Faculty of Agriculture**
**College of Natural Resource Management**
Puranchaur, Pokhara-19

**Invitation for tender for the works of Parking Shed and Retaining Wall for College of Natural Resource Management Puranchaur, Kaski**

Tender No.: 001/Tender/AFUCNRM/Works/2082/83
Date of first Publication: **2082-09-23, Wednesday**

1. The College Of Natural Resource Management invites Tender for **Parking Shed and Retaining Wall** for College of Natural Resource Management Puranchaur, Kaski **[Rs 14,64,211.49 with VAT]**.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of College of Natural Resource Management Puranchaur Pokhara-19.
3. Bidders must submit company registration, pan registration and tax clearance letter of previous fiscal year.
4. A complete set of Bidding Documents may be purchased from the office of College of Natural Resource Management Puranchaur Pokhara-19 Gandaki Province, Nepal by eligible bidders (suppliers) on the submission of a written application, along with the copy of company/firm registration certificate and upon payment of a non-refundable fee of NRs. 2000.00 till 2082.10.23 on before 12 pm.
5. Tender must be submitted to the office of College of Natural Resource Management, Puranchaur Pokhara -19 by before 12.00 noon on 2082.10.23. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2.00 PM 2082.10.23 at the office of College of Natural Resource Management, Puranchaur, Pokhara -19. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amount as per the rules of Public Procurement Act 2063 which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in following Bank Account and submit the receipt of the deposited amount of cash along with the Tender Document.

   ***Bidders can deposit the bid security amount in the following account:***
   **Name of the Bank:** Nepal Bank Ltd. Bagar Branch, Pokhara
   **Account Name:** Prakritik Shrot Byabasthapan College Dharauti Khat
   **Office Account no.:** 09100107749039000001
7. The bidder shall submit a Bid Security amounting to NPR 36,600.00 (In words: Nepalese Rupees Thirty-Six Thousand Six Hundred Only) in accordance with the Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the tender without assigning any reason, whatsoever.
10. All other terms and conditions will be as per prevailing Procurement act and regulations of government of Nepal and Local level financial administrative regulation.

**Principal**

जसले प्रतिकूल परिस्थितिमा शत्रुलाई पनि सम्मान गर्न जानेको छ,
सकेको छ, सिकेको छ; उसैको जीवन सार्थक हुन्छ ।
- *महर्षि वेदव्यास*



सम्पादकीय

# निर्वाचन आचारसंहिता

**जेनजी आन्दोलनसँगै अन्योल र अस्तव्यस्त बनेको मुलुक क्रमशः लयमा फर्कंदै छ । यो आन्दोलनले खोजेको परिवर्तनलाई संस्थागत गर्न आउँदो फागुन २१ गते प्रतिनिधि सभा सदस्यको निर्वाचन हुँदै छ। निर्वाचन प्रक्रिया भने सुरु भइसकेको छ। हाम्रो निर्वाचन प्रणाली मिश्रित खालको छ । समानुपातिक निर्वाचनबाट ११० जना र प्रत्यक्ष निर्वाचनबाट १६५ जना चुनिन्छन् । यसरी कुल २७५ सदस्यीय प्रतिनिधि सभाको व्यवस्था छ। हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्र जस्तो उन्नत राजनीतिक व्यवस्थामा छौँ। यही व्यवस्थाको कुशल व्यवस्थापन गरेर मुलुकलाई अगाडि बढाउनु आजको प्रमुख आवश्यकता हो। यो व्यवस्था जनमतमा आधारित राजनीतिक व्यवस्था हो। यसका मालिक जनता हुन् । जनताले जुन मत दिन्छन्, त्यही मत नै निर्णायक हुन्छ। जनमत प्राप्त गर्ने मुख्य माध्यम नै निर्वाचन हो। निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा हुन सक्यो भने योग्य उम्मेदवार निर्वाचित हुन्छन् । जनताबाट निर्वाचित योग्य र सक्षम जनप्रतिनिधि संसद्‌मा पुगे भने मात्र लोकतन्त्रको संस्थागत विकासमा योगदान दिन सक्छन् । निर्वाचन स्वच्छ हुन सकेन भने खराब प्रतिनिधि नेतृत्वमा पुग्ने खतरा हुन्छ। त्यसले समाजमा नकारात्मक असर पार्छ। निर्वाचनमा पद, पैसा र शक्तिको गलत तवरले प्रयोग भयो भने निर्वाचन स्वच्छ हुन सक्दैन। निर्वाचनलाई स्वतन्त्र, स्वच्छ र भयरहित बनाउन निर्वाचनसम्बन्धी विभिन्न कानुन, ऐन र नियम बनाइएका छन्।**

**निर्वाचन आयोगले प्रतिनिधि सभा निर्वाचनको तयारी तीव्र पारेको छ । राजनीतिक दलहरूले समानुपातिकतर्फको बन्दसूची निर्वाचन आयोगमा पेस गरिसकेका छन्। त्यसै क्रममा आयोगले निर्वाचन आचारसंहिता, २०८२ समेत स्वीकृत गरिसकेको छ। आचारसंहिताको मसौदा तयार गरी केही दिनअघि नै सर्वसाधारणको सुझावसमेत लिइएको थियो। सुझावसमेतका आधारमा आचारसंहितालाई अन्तिम रूप दिई स्वीकृत गरिएको छ। सार्वजनिक आचारसंहिता आउँदो माघको पहिलो सातादेखि लागु गर्ने आयोगको तयारी छ। निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित, मर्यादित र विश्वसनीय बनाउन आचारसंहिताको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गरिनु पर्छ । आचारसंहितालाई नैतिक मूल्यसँग मात्र जोडेर हेर्न हुँदैन । निर्वाचन आयोगले कार्यान्वयनमा ल्याउने आचारसंहिता कानुनी र बाध्यकारी हुनु पर्छ। आचारसंहिता उल्लङ्घन गर्नेलाई कडा दण्डित गर्ने व्यवस्था गरिनु पर्छ । आचारसंहिता नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र ती निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीलाई लागु हुन्छ। संस्थागत क्षेत्रसँगै निर्वाचन अचारसंहिताको दायरा फराकिलो छ । सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारीले आचारसंहिता परिपालना गर्नु पर्छ। राजनीतिक दल तथा र तिनका भ्रातृ सङ्गठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारण गरेको व्यक्तिलाई पनि आचारसंहिता लागु हुन्छ।**

**निर्वाचन आयोगले आचारसंहिता कठोरतापूर्वक पालना गर्ने चेतावनी विगतमा पनि दिँदै आएको हो। विगतमा निर्वाचन आचारसंहिता परिपालनाको अवस्था धेरै सन्तोषजनक भने छैन। निर्वाचनमा आचारसंहिता उल्लङ्घनका घटना विगतमा पनि भएका थिए। आचारसंहिता उल्लङ्घनका घटनामा संलग्नलाई आयोगले कारबाही गरी जरिबाना नै तोक्ने गरेको छ। तीन वर्षअघि भएको प्रतिनिधि सभा सदस्य निर्वाचनमा आयोगले आचारसंहिताविपरीत अभिव्यक्ति दिएको र गतिविधि गरेका २१ जनामाथि जरिबाना र विभागीय कारबाहीका लागि निर्देशन दिएको थियो। आयोगसमक्ष परेका उजुरी, सञ्चार माध्यममा प्रकाशित भएका समाचारलाई प्रमाणका रूपमा लिएर आयोगले उम्मेदवार, शिक्षक र उच्चपदस्थ कर्मचारीलाई कारबाही गरेको थियो। विगतमा आचारसंहिता परिपालना नगरी कारबाहीमा परेकाहरूले आसन्न निर्वाचनमा उम्मेदवारी दिए रद्दसमेत हुन सक्ने छ। आयोगका अनुसार विगतमा आचारसंहिता उल्लङ्घनमा परी जरिबाना नतिरेको वा विभागीय कारबाही नभएको भनेर आयोगसमक्ष उजुरी परे आयोग पदाधिकारीको निर्णयका आधारमा त्यस्ता व्यक्तिको आगामी निर्वाचनमा उम्मेदवारी रद्द हुन सक्ने व्यवस्था छ । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले चुनावी आचारसंहितालाई सुधारात्मकसँगै दण्डात्मक विषय पनि समेटेको बताउनुभएको छ । सोमबार बसेको केन्द्रीय आचारसंहिता अनुगमन समितिको बैठकमा उहाँले विगतमा आचारसंहितालाई बढी नैतिकतासँग जोडिए पनि अहिले कानुन अनुसारका दण्डात्मक व्यवस्थालाई पनि समेटिएको जानकारी दिनुभएको छ। जेनजी आन्दोलनका कारण विशेष परिस्थितिमा हुन गइरहेको यस पटकको निर्वाचनलाई निष्पक्ष बनाई मुलुकलाई सही निकास दिनु आयोगको मुख्य दायित्व बनेको छ। यसमा सबैको सहयोग र सहकार्य आवश्यक छ।**

## १०० वर्ष अधिको

गोर्खापत्र

१९८१ साल पौष ८ गते सोमबार


गोर्खापत्रको नियम ।
गोर्खापत्रको पेस्की वर्षदिनलाइ सदर
मोफसल सर्वत्र ४ रुपैंया मात्र छ,
ठेगाना बदल्नुपर्‍यो भनेछाडेको ठांकोर
सरेको ठामको ठेगानासमेत लेखिपठाउनु

### गोर्खापत्रको नियम ।

गोर्खापत्रको पेस्की वर्षदिनलाइ सदर
मोफसल सर्वत्र ४ रुपैँया मात्र छ,
ठेगाना बदल्नुपर्यो भने छाडेको
ठाँकोर सरेको ठाममा
ठेगानासेमेत लेखिपठाउनु

चिन्तन

एक: स्वादु न भुञ्जीत:
एकस्चार्थान्न चिन्तयेत् ।
एको न गच्छेदध्वानं नैक: सुप्तेषु
जागृयात् ॥

**एक्लै स्वादिलो भोजन नगर्नू, एक्लै कुनै**
**विषयको निर्णयमा नपुग्नू, एक्लै बाटो**
**नहिँड्नू र धेरैजना सुतेको ठाउँमा आफू**
**एक्लो जागा नबस्नू !**

**- विदुर नीति**

**लेख प्रतिक्रियाका लागि**
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

# सङ्गठन व्यवस्थापन सर्वेक्षण



गोपीनाथ मैनाली




सार्वजनिक सङ्गठन सामाजिक आवश्यकता पूरा गर्ने जीवन्त संरचना हुन् । सङ्गठन समयसँगै गतिशील हुनु पर्छ । सामाजिक परिवेशमा आएका परिवर्तन र सर्वसाधारणका आवश्यकता अनुरूप सङ्गठन निरन्तर अनुकूलित हुँदै जान सकेनन् भने आफ्नै औचित्य पूरा गर्न सक्दैनन् । डेनहार्टद्वयका अध्ययन अनुसार सार्वजनिक व्यवस्थापनलाई परिवर्तन गर्ने पाँच स्थायी कारण छन् । पहिलो, असाधारण रूपमा विस्फोट भइरहेको नयाँ ज्ञान, प्रविधि र अग्रसरता, दोस्रो, संस्थात्मक पुनर्संरचना, तेस्रो, बढ्दो अन्तरआबद्धता र विश्वव्यापीकरण, चौथो जनसङ्ख्या र सांस्कृतिक विविधता र पाँचौँ, परम्परागत विश्वासमाथि आएको स्खलन । यी विषयलाई सम्बोधन गर्न सङ्गठन पुनर्संरचना गर्नुपर्ने आवश्यकता सधैँ रहन्छ। किनकि हरेक प्रकारका सामाजिक समस्या सम्बोधन गर्न राज्यका सङ्गठन सधैँ जागा भएर बस्नु पर्छ।

सङ्गठनको उद्देश्य र कार्यचरित्रका आधारमा सङ्गठन संरचनाको तहसोपानको स्तर निर्धारण गरिएको हुन्छ । परम्परागत र शास्त्रीय सङ्गठन उच्च तहसोपानमा हुन्छन् भने आधुनिक कार्यमूलक सङ्गठनमा तहसोपान केही लचिलो र फराकिलो पारिएको हुन्छ । जसले आन्तरिक कार्यसम्पादन प्रक्रिया र बाह्य सम्बन्धलाई सहभागितामूलक बनाउँदै लगेको छ । विकासमूलक कार्यालय, अस्पताल, शैक्षिक अनुष्ठान शास्त्रीय सङ्गठनका तुलनामा व्यवस्थापनका नवीन सिद्धान्तलाई अभ्यास गर्ने सामाजिक संरचना हुन् । त्यसैले तहसोपानलाई जवाफदेहिताको सूत्रमा मात्र लिई व्यवस्थापनलाई सहभागितामूलक र सञ्चार व्यवस्थालाई मेट्रिक्समा आधारित बनाइएको हुन्छ।

राज्यका क्रियाकलाप विस्तारका साथ सङ्गठन पनि सयमसँगै क्रमशः परिमार्जित, अनुकूलित हुँदै जान्छन् । किनकि सामाजिक गतिशीलतासँग समाजोजित हुन नसक्ने सङ्गठनको कुनै औचित्य रहँदैन। सधैँ जीवन्त प्रक्रियामा रहनु सङ्गठन विकासको सिद्धान्त हो । जस्तो कि पहिला सङ्गठन उच्च पदसोपानयुक्त थिए, त्यसपछि क्रमशः च्याप्टो, मेट्रिक्स र डायगोनल हुँदै गएका छन् । समाज व्यवस्थामा आउने चेतनाको प्रभाव सङ्गठनमा परेकाले नै सङ्गठनभित्रको कार्यविभाजन, सम्बन्ध र सञ्चार प्रणाली परिवर्तन हुँदै गएका हुन् । सङ्गठनमा पुस्तान्तर प्रभाव पनि पर्छ । पुस्ताका आधारमा सङ्गठन विकास हुँदै आएका छन् । जस्तो कि पहिला प्रोप्राइटरी (उच्च नियन्त्रणात्मक), त्यसपछि क्रमशः पदसोपान, मेट्रिक्स, कम्पुटरमा आधारित र अहिले पाँचौँ पुस्तामा मानव सम्बन्ध कार्यजालो (ह्यूमन नेटवर्किङ) सङ्गठन विकास हुँदै छन्। पाँचौँ पुस्ताको सङ्गठनमा नियन्त्रण र आदेशलाई सहसम्बन्ध र समन्वयले, दर्जामा हुने अधिकारलाई ज्ञानले, एकपछि अर्को काम गर्ने सिलसिलालाई साथसाथैको कार्यशृङ्खलाले, ठाडो सञ्चार सम्बन्धलाई समतलीय र बहुसञ्चारले, कार्यविधि र तहसोपानमा जावफदेही हुने परम्परालाई नतिजामा जावफदेही हुने अवधारणाले र अरूलाई अविश्वास गर्ने प्रवृत्तिलाई विश्वास र सदाचारिताले विस्थापन गरेको छ।

नेपालका सार्वजनिक निकाय सङ्गठन पुनर्संरचनाको पखाईमा छन् । किनकि राज्य सञ्चालनको प्रक्रिया एकात्मकबाट सङ्घात्मकमा परिवर्तन भएको छ तर सङ्गठन सङ्घीयताको आधारमा पुनर्संरचित भइसकेका छैनन् । उदारीकरण र विश्वव्यापीकरणका कारण नेपालले बाह्य विश्वका संरचनासँग निरन्तर अन्तर्क्रिया गर्नुपर्ने अवस्थामा छन् भने बाह्य परिपाटी र मूल्य मानकले नेपालका सार्वजनिक सङ्गठन प्रभावित छन्। सूचना प्रविधिको तीव्र विकास भएकाले त्यसलाई सार्वजनिक सङ्गठनका कार्यमा उपयोगमा ल्याउन सकिने अवस्था सिर्जना भएको छ । सबैभन्दा प्रभावशाली विषय सर्वसाधारण जनतामा विकास भएको चेतनाका कारण सार्वजनिक सङ्गठनका मूल्य, स्वरूप, शैली र संरचना परिवर्तन गर्नुपर्ने बाध्यात्मक अवस्था छ । सार्वजनिक सङ्गठनका आआफ्नै उद्देश्यहरू रहेका छन् । ती उद्देश्य पूरा गर्ने एकै प्रकारका सङ्गठन संरचना काम लाग्दैनन्, उद्देश्य अनुरूप विशिष्ट प्रकृतिका सङ्गठन चाहिएको छ। कार्यविविधता, उद्देश्यगत र सामाजिक विविधतालाई सम्बोधन गर्ने र निरन्तर गतिशील हुने सङ्गठन चाहिएको छ । सङ्घीय संरचना अनुरूप शासकीय तहहरूका कार्यजिम्मेवारीलाई सम्बोधन गर्न सक्ने सङ्गठन संरचना चाहिएको छ । प्रशासकीय दरबन्दी र कार्यबोझको सामान्य आकलनमा स्थानीय र प्रदेश सरकारका संरचनामा दरबन्दी कायम गरिएका थिए, ती तदर्थ थिए जसलाई निर्वाचनपछिका सरकारहरूले आफ्नो आवश्यकता अनुरूप दरबन्दी र संरचना निर्धारण गर्ने अपेक्षा गरिएको थियो। स्थानीय तथा प्रदेश सरकार आफ्नो दोस्रो कार्यावधिको पनि अधिकांश समय पूरा गरिसकेका छन् तर जिम्मेवारी अनुरूप सङ्गठन संरचना निर्माण भइनसकेकाले सर्वसाधारण जनता र सरकारबिचको सम्बन्ध सबल छैन। सरकार र सर्वसाधारणको सम्बन्ध सेवामा आधारित हुन्छ, संरचना सेवा व्यवस्थापनका विविध आयाममा क्रियाशील हुन नसक्दा शासकीय तहहरू सर्वसाधारणका विश्वास जित्न सकेका छैनन्।

> सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणमा सङ्गठनको कार्य आयतन विश्लेषण, मौजुदा कर्मचारी दरबन्दी विश्लेषण, आवश्यक दरबन्दी विश्लेषण, पदका तह निर्धारण, पदको योग्यता निर्धारण, आर्थिक भार विश्लेषण, कर्मचारीको दरबन्दी सिर्जना र सङ्गठन/कर्मचारी पदनाम दर्ता गरी सोही अनुरूप पदपूर्ति गरिन्छ ।

प्रश्न उठ्न सक्छ सङ्गठन पुनर्संरचना कसरी गर्ने ? यसका केही मान्य अवधारणा छन्। सरकारी सङ्गठनमा कामको खण्डीकृत गर्न नहुने, दोहोरोपन हुन नहुने, नियन्त्रणको सीमा स्पष्ट हुनुपर्ने र कार्यविधिमा एकरूपता हुनुपर्ने मान्यता राखिन्छ। शासकीय क्रियाकलाप व्यवस्थापनका लागि नीति सङ्गठन, अनुगमन वा सहजकारी सङ्गठन, अग्रपङ्क्तिका कार्यालय (सेवा निकाय) र निगरानी निकाय गरी चार प्रकारका सङ्गठन अभ्यासमा छन् । सङ्गठन पुनर्संरचना गर्दा यी चार प्रकारका सङ्गठनलाई छुट्टाछुट्टै रूपमा हेर्नुपर्ने हुन्छ । किनकि नीति व्यवस्थापन गर्ने निकाय समन्वय गर्ने निकायबाट आधारभूत रूपमा भिन्न हुन्छन्, त्यस्तै अग्रपङ्क्तिमा रहेर सर्वसाधारणलाई सेवा उपलब्ध गराउने निकाय नीति निकाय, समन्वय निकाय र निगरानी निकायभन्दा भिन्न प्रकृतिका हुन्छन् । स्थानीय सरकारमा भने यी चार विषय झिनो रेखाबाट मात्र छुट्टिएको हुन्छ, जसलाई आन्तरिक संरचनाका जिम्मेवारीका आधारमा विभक्त गरिएको हुन्छ।

नेपालका सार्वजनिक सङ्गठन पनि समयसँगै परिवर्तनसँगै सामान्य रूपमा गतिशील हुँदै, फेरिँदै, कार्यशैली बदलिँदै गएका छन्। जस्तो कि नेपाल एकीकरणका समयमा प्रोपाइटरी प्रकृतिका सङ्गठन थिए, राणाकालीन प्रशासनमा कठोर तहसोपानको बोलबाला थियो। प्रजातन्त्रपछि बिस्तारै च्याप्टो सङ्गठन देखिन थाले भने अहिले सहभागिता र सहसम्बन्ध प्रणालीमा आएको परिवर्तनका कारण मेट्रिक्स र पाँचौँ पुस्ताको सङ्गठनले प्रभाव पार्दै आएको छ। कोभिड जस्ता महामारी, भूकम्प जस्तो प्राकृतिक विपत् र जेनजी आन्दोलन जस्तो शासकीय विपत्‌ले पनि सङ्गठन पुनर्संरचनाको माग गरेको छ तर सङ्गठनले परिवर्तनको माग र समयको आवश्यकतालाई सम्बोधन गर्न भने सकेका छैनन् भन्ने कुरा सेवाग्रहीको असन्तोष, निर्णयको फितलोपना, न्यून पुँजीगत खर्च जस्ता सूचकमा देखिएका छन् । व्यवस्थापन परीक्षण, लेखा परीक्षण, सूचना पारदर्शिता परीक्षणलगायतका प्रतिवेदनले सङ्गठनको स्वरूप, शैली र संरचना सुधारको आवश्यकता औँल्याएका छन्।

सङ्गठन पुनर्संरचना गरी उपयुक्त आकारमा ल्याउन सङ्गठन व्यवस्थापन सर्वेक्षणलाई प्रमुख विधि मान्ने गरिन्छ। यसले सङ्गठन र व्यवस्थापनको सम्बन्धको कार्यमूलक विवेचना गरी सङ्गठनलाई उपयुक्त आकारमा ल्याउन सरकारलाई सघाउने गर्छ । सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणमा सङ्गठनको कार्य आयतन विश्लेषण, मौजुदा कर्मचारी दरबन्दी विश्लेषण, आवश्यक दरबन्दी विश्लेषण, पदका तह निर्धारण, पदहरूको योग्यता निर्धारण, आर्थिक भार विश्लेषण, कर्मचारीको दरबन्दी सिर्जना र सङ्गठन/कर्मचारी पदनाम दर्ता गरी सोही अनुरूप पदपूर्ति गरिन्छ । सामान्यतः राजनीतिक व्यवस्थापन परिवर्तनपछि वा नयाँ कार्य व्यवस्थापन गर्दा सङ्गठन व्यवस्थापन सर्वेक्षण गर्ने गरिन्छ तर यो प्रभावकारी र सामयिक भएको देखिँदैन। किनकि सङ्गठन व्यवस्थापन सर्वेक्षणमा चरणबद्ध रूपमा क्रियाकलाप गरिएका छैनन् । अध्ययनमा प्राविधिक पक्षमा भन्दा औपचारिकतामा ध्यान दिइन्छ।

सम्बन्धित निकायले वृत्ति विकास र आफ्नो प्रभुत्व विस्तारमा ध्यान दिने मनोविज्ञान राख्छ भने अर्थ मन्त्रालय र केन्द्रीय कर्मचारी प्रशासन निकायका रूपमा रहेको सङ्घीय मामिला एवं सामान्य प्रशासन मन्त्रालयले व्यावहारिक दृष्टिकोण अवलम्बन नगर्ने प्रवृत्ति रहँदै आएको छ। परिणामतः कार्यात्मक पक्षमा भन्दा दरबन्दी सिर्जना गर्न उद्यत रहने र नगर्न नियन्त्रण गर्ने व्यवहारगत द्वन्द्वले सरकारी सार्वजनिक सङ्गठन वास्तविक पुनर्संरचनामा पुग्दैनन् । साथै सर्वेक्षणले दरबन्दीलाई मात्र संरचना प्रभावकारिताको आधारमा लिने शास्त्रीय मान्यता छ। सङ्गठनको मूल्य पुनर्संरचना गर्ने, स्वचालित रूपमा पुनर्संरचना हुने आधार निर्माण गर्ने र अध्ययन प्रतिवेदनका कार्यान्वयन भए नभएको विवेचना गर्ने पद्धतिको अभाव छ। कतिपय सहायक कामलाई सेवा करारबाट लिने विश्वव्यापी प्रचलनलाई पनि बेवास्ता गरी व्यक्ति करार गरी सङ्गठन विधिलाई भुल्ने गरिएको छ। सङ्घीय तहमा रहेको कमजोरी प्रदेश तथा स्थानीय सरकार एवं अन्य स्वशासित संस्थामा पनि देखिएको छ।

जेनजी आन्दोलनको जगमा बनेको अहिलेको सरकारले सङ्घीय सरकार मातहतका सरकारी संरचनालाई पुनर्संरचना गर्न सङ्गठन व्यवस्थापन सर्वेक्षण गर्न नीतिगत निर्देशन गरेको छ। यो सरकारको प्रमुख काम नै सुशासन भएकाले यसका आधारशिलाका रूपमा सङ्गठनलाई लिई सङ्गठन संरचनालाई केही नवीन रूप दिन खोजेको देखिन्छ । अहिलको अवसरको उपयोग गर्न र निर्वाचित सरकारलाई सुशासन र समृद्धिको कार्यसूचीलाई कार्यान्वयन गर्ने तयारीका रूपमा यसलाई लिन चुक्नु हुन्न।

# सार्वजनिक संस्थानको गन्तव्य



ललितकुमार यादव

नेपालको विकास र सामाजिक न्यायको सुनिश्चिततामा सार्वजनिक संस्थानको भूमिकालाई कहिल्यै बेवास्ता गर्न सकिँदैन । विसं १९९३ को प्रारम्भिक पाइलादेखि आज देशको शिक्षा, स्वास्थ्य, ऊर्जा, सञ्चार, पूर्वाधार र वित्तीय क्षेत्रसम्म आफ्नो जरा फैलाएका यी संस्थानहरू राष्ट्रको आर्थिक स्थायित्व, सामाजिक समावेशिता र दिगो विकासको आधारशिला हुन् । दशकौँदेखि राज्यको कल्याणकारी भूमिका यिनै संरचनामार्फत मूर्त रूप लिँदै आएको छ । सार्वजनिक संस्थानको भविष्यलाई वर्तमानका चुनौतीभन्दा परको एक वास्तविक र सुधारात्मक दृष्टि आवश्यक छ, जहाँ सुधारको बहस, क्षमता निर्माण, पारदर्शिता र विश्वसनीयताबाट सुरु भएर दिगो संस्थागत विकासको आधार निर्माण हुन्छ । सार्वजनिक संस्थानको अस्तित्वले मात्र राज्य बलियो हुँदैन। सक्षम, जवाफदेही र परिणाममुखी संस्था भए मात्र राष्ट्रको विकास स्थिर र विश्वसनीय बन्न सक्छ।

सरकारको नौ खर्बभन्दा बढी लगानी १५९ भन्दा बढी सार्वजनिक संस्थान तथा निकायमा रहेको छ तर यसको प्रतिफल भने अत्यन्तै न्यून छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ्कले देखाएको भाका नाघेका ऋण र ब्याज चार खर्बभन्दा बढी पुगेको तथ्य मात्रले सार्वजनिक संस्थानको वित्तीय स्वास्थ्य कति कमजोर छ भन्ने देखाउँछ । करिब ४७ अर्ब बराबरको सरकारी ऋण तथा सेयर लगानीको हिसाब नमिलेको भयावह अवस्थाले संस्थानको आन्तरिक वित्तीय नियन्त्रण प्रणालीको चरम असफलतालाई प्रस्ट पार्छ । यस्तो संरचना दीर्घकालीन रूपमा टिकाउ बन्न सक्दैन । सार्वजनिक संस्थान भविष्यमा सक्षम हुन चाहन्छन् भने उनीहरूलाई विगतका कमजोरी र असफलताबाट सिकेर नयाँ अभ्यासतर्फ उन्मुख हुनै पर्छ । भाका नाघेको ऋण दायित्वको पुनर्संरचना, बेरुजुको छानबिन र जिम्मेवारी किटान तथा वित्तीय अनुशासन कायम नगर्ने नेतृत्वलाई दण्डित गर्ने प्रणालीको विकास पहिलो अनिवार्य कदम हो। सरकारले ल्याएको 'सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२' मार्फत संस्थानलाई कम्पनी ढाँचामा रूपान्तरण गर्ने र व्यावसायिक तथा रणनीतिक रूपमा वर्गीकरण गर्ने कदमले वित्तीय उत्तरदायित्व बढाउन मद्दत गर्न सक्छ।

भोलिको सार्वजनिक संस्थान केवल सरकारी संरचना मात्र हुने छैनन्, प्रतिस्पर्धी, व्यावसायिक, पारदर्शी र सामाजिक उत्तरदायित्वसहितका संस्थागत मोडेलका रूपमा अघि बढ्नुपर्ने छ। दक्ष नेतृत्व र राजनीतिक हस्तक्षेपबाट मुक्त निर्णय प्रणालीका कारण दुनियाँभर सार्वजनिक क्षेत्रका संस्थान दिगो भएका छन् । नेपालमा भने यसको ठिक विपरीत अवस्था छ। राजनीतिक प्रभाव, बारम्बार हुने नेतृत्व परिवर्तन, गैरपेसागत निर्णय, अप्रभावी प्रबन्धन र प्रक्रियागत अस्पष्टता जस्ता कारणले संस्थागत क्षमतामा गिरावट आएको छ। नेतृत्व छनोटमा योग्यता प्रणालीलाई पूर्ण रूपमा लागु नगरेसम्म र संस्थानको सञ्चालक समितिलाई नीति निर्माणमा स्वायत्त तथा दैनिक कार्यमा राजनीतिक तटस्थता सुनिश्चित नगरेसम्म कुनै पनि सुधारको प्रयास सफल हुन सक्दैन। सार्वजनिक संस्थानलाई बचाउने पहिलो आधार राजनीतिक तटस्थता र पेसागत स्थिरता नै हो।

सङ्घीय शासन प्रणालीले विकास र सेवा प्रवाहमा बहु तहको सरकारको सहभागितालाई अनिवार्य गरेको छ । नेपाल विद्युत् प्राधिकरण, नेपाल खानेपानी संस्थान, खाद्य व्यवस्था तथा व्यापार कम्पनी जस्ता जनउपयोगी संस्थानको संरचना आज पनि एकात्मक सोचमा आधारित छ। सङ्घ, प्रदेश र स्थानीय सरकारको अधिकार र जिम्मेवारीबिचको अस्पष्ट सीमाङ्कनले समन्वयको अभाव, ऋण दायित्वमा अन्योल र स्थानीय आवश्यकतालाई सम्बोधन गर्न नसक्ने अवस्था सिर्जना गरेको छ । सार्वजनिक संस्थानको भविष्य सङ्घीयतामा सफल विलयमा निर्भर छ। यसका लागि सङ्घीयता अनुरूप संस्थानको पुनर्संरचना गर्न अपरिहार्य छ । एकीकृत ढाँचाको सञ्चालन कानुन निर्माण गरी केन्द्रीय निकायको नियमन र नियन्त्रणलाई स्थानीय तहको आवश्यकता र स्वायत्ततासँग सन्तुलित गर्नु पर्छ । जसरी नेपाल दूरसञ्चार कम्पनीले निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्नु परेको छ, त्यसै गरी प्रादेशिक स्तरमा पनि संस्थानलाई दक्षता र स्थानीय जवाफदेहिताका साथ काम गर्न उत्प्रेरित गर्नु पर्छ।

विश्वका सार्वजनिक संस्थान डिजिटल प्रणालीमार्फत सेवाको गति बढाउँदै, भ्रष्टाचार घटाउँदै, निर्णयलाई पारदर्शी बनाउँदै अघि बढिरहेका छन् । नेपालका संस्थानले पनि कागजी प्रशासनभन्दा बाहिर निस्केर डिजिटल सुशासनलाई गम्भीरताका साथ अँगाल्नु पर्छ। प्रत्येक ठेक्का प्रक्रिया, बजेट प्रयोग, निर्णय र कार्यान्वयन डिजिटल अभिलेखनमा आधारित हुन सके मात्र संस्थानले नागरिकको विश्वास पुनः हासिल गर्न सक्छ । यस्तै मानवस्रोत सुधार सार्वजनिक संस्थानको भविष्य निर्माण गर्ने केन्द्रविन्दु हो। दक्ष, प्रतिबद्ध र पेसागत कर्मचारीबिना कुनै संस्थान दिगो हुन सक्दैन । आज धेरै सार्वजनिक संस्थान प्राविधिक दक्षता, व्यवस्थापन कौशल, नेतृत्व गुण र व्यावसायिक निर्णय क्षमताको अभावले ग्रस्त छन्। भविष्यमा सार्वजनिक संस्थानलाई ज्ञान, सिप र मूल्यमा आधारित मानवस्रोत आवश्यक पर्छ, जसले राजनीतिक प्रभावलाई होइन, पेसागत मान्यतालाई प्राथमिकता दिन्छ। सार्वजनिक संस्थानको भविष्य नागरिकसँगको सम्बन्धमा निर्भर छ । नागरिकसँग टाढिएको संस्था लोकतन्त्रमा कहिल्यै सशक्त हुँदैन। संस्थानले सेवाग्राहीलाई प्रतिवेदन दिनुपर्ने, सूचना दिनुपर्ने, प्रतिक्रियालाई सुन्ने र सुधार गर्नुपर्ने बाध्यता बढ्दै गएको छ । नागरिक नियमन भविष्यमा सार्वजनिक संस्थानका अभिन्न आधार बन्ने छ।

कैयौँ संस्थानले उत्कृष्ट सम्भावना बोकेका छन् । ऊर्जा, सञ्चार, विमान, संरचना विकास र वित्तीय क्षेत्रमा सार्वजनिक संस्थान निजी क्षेत्रसरह प्रतिस्पर्धी बन्न सक्ने क्षमता राख्छन् । नेपाल विद्युत् प्राधिकरणले विगतमा देखाएको मोडेल, जहाँ कमजोर अवस्थाबाट उठेर सकारात्मक वित्तीय सुधार हासिल गरियो । सार्वजनिक संस्थानको सम्भावना कति ठुलो छ भन्ने पुष्टि हो। सार्वजनिक संस्थानलाई समृद्ध बनाउन चार आधार अनिवार्य छन। दक्ष नेतृत्व, पारदर्शी प्रक्रिया, प्राविधिक आधुनिकीकरण र नागरिक उत्तरदायित्व । यी चार आधार बलियो भए संस्थान न केवल आर्थिक रूपमा स्वावलम्बी बन्छन् । बरु राष्ट्रिय विकासका प्रगतिका चालक शक्ति बन्न सक्छन्।

नेपालले विकासको यात्रामा अब ढिलो निर्णय, अस्पष्ट संरचना र अनिश्चित प्रबन्धन वहन गर्न सक्दैन । विश्व तीव्र गतिमा अगाडि बढिरहेको छ । त्यसैले सार्वजनिक संस्थान पनि पुरानो प्रशासनिक सोचमा बाँधिएर बस्ने अवस्था छैन। नयाँ पुस्ता, नयाँ प्रविधि, नयाँ प्रणाली र नयाँ दृष्टिकोणसहित संस्थानलाई रूपान्तरित गर्न सके मात्र सार्वजनिक क्षेत्र आफ्नो भविष्य सुरक्षित गर्न सक्छ । पारदर्शिता, दक्षता र परिणाममुखी सुशासनलाई संस्थागत गर्न सकियो भने सार्वजनिक संस्थान राष्ट्रको आर्थिक मेरुदण्ड मात्र होइन, राष्ट्रिय गौरव र जनविश्वासको आधार बन्न सक्छन्।

## वस्तुगत प्रश्नोत्तर

**१. अमेरिकाद्वारा 'अपरेसन एब्सोल्युट रिजोल्भ' नामक सैन्य अपरेसनमार्फत भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरो र उनकी पत्नीलाई अप्रत्याशित रूपमा कहिले पक्राउ गरी अमेरिका लगिएको हो ?**
✍ सन् २०२६ जनवरी ३
- अमेरिकाको यो कदमले विश्वव्यापी रूपमा सैन्य हस्तक्षेपको बाटो खोलेको बताइएको।
- अमेरिकाले 'नार्को–टेररिज्म' (लागुऔषध आतङ्कवाद) को आरोप लगाएर एक सार्वभौम देशको बहालवाला राष्ट्रप्रमुखलाई पक्राउ गर्नु अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन भएको टिप्पणी गरिएको।
- भेनेजुएलामाथि सैन्य अपरेसनपछि ट्रम्पले अमेरिकी तेल कम्पनीहरू भेनेजुएला जाने, अर्बौं डलर लगानी गर्ने र अमेरिकाले ठुलो परिमाणमा तेल बेच्ने रणनीति सार्वजनिक गरेका।
- अमेरिकाले मादुरोलाई 'लागुऔषध तस्कर' भनेर चित्रण गरे पनि यो सैन्य कारबाहीको उद्देश्य भेनेजुएलाको गर्भमा रहेको विशाल तेल भण्डार भएको जानकारहरूको भनाइ रहेको। भेनेजुएलासँग विश्वको करिब २० प्रतिशत तेल भण्डार रहेको मानिन्छ।
- सन् १९९९ मा ह्युगो चाभेज सत्तामा आएपछि नै दुई देशबीच बिग्रिएको सम्बन्ध मादुरोले सत्ता समालेपछि थप उत्कर्षतिर अगाडि बढेको थियो।
- यो हस्तक्षेप केवल भेनेजुएलाविरुद्ध मात्र नभई, ल्याटिन अमेरिकामा बढ्दो चिनियाँ र रुसी प्रभावलाई रोक्ने अमेरिकी प्रयास भएको बताइएको।

**२. नेपाल पर्यटन बोर्डका अनुसार सन् २०२५ मा नेपालमा विभिन्न मुलुकबाट कति पर्यटकको आगमन भयो ?**
✍ ११ लाख ५८ हजार ४५९
- सन् २०२४ मा ११ लाख ४७ हजार ५४८ पर्यटक नेपाल भित्रिएका थिए।
- **सन् २०२५ मा नेपालमा पर्यटक आगमन**

| | |
|---|---|
| भारत | दुई लाख ९२ हजार ४३८ (२५.२ प्रतिशत) |
| अमेरिका | एक लाख १२ हजार ३१६ (९.७ प्रतिशत) |
| चीन | ९५ हजार ४८० (८.२ प्रतिशत) |
| बेलायत | ५७ हजार ५४५ (५.१ प्रतिशत) |
| बङ्गलादेश | ४९ हजार ३५७ (५ प्रतिशत) |
| अस्ट्रेलिया | ३७ हजार ५५० (२.६ प्रतिशत) |
| श्रीलङ्का | ३० हजार २४३ (२.६ प्रतिशत) |
| थाइल्यान्ड | ३० हजार २२७ (२.६ प्रतिशत) |
| जर्मनी | २४ हजार ७६३ (२.१३ प्रतिशत) |

**३. लेखनाथ साहित्य पुरस्कार, २०८२ बाट सम्मानित हुने स्रष्टा को हुनुहुन्छ ?**
✍ प्राध्यापक घनश्याम कँडेल
- **पुरस्कार राशि** : रु. एक लाख
- **कुन्तिदेवी साहित्य पुरस्कार** : गङ्गा कर्माचार्य पौडेल (राशि : रु. २५ हजार)
- **लेखनाथ सांस्कृतिक पुरस्कार** : नवराज अधिकारी (राशि : रु. २५ हजार)
- विसं २०५४ मा लेखनाथ साहित्य प्रतिष्ठान स्थापना गरी विभिन्न स्रष्टालाई यो पुरस्कारबाट सम्मान गर्दिँदै आएको।

**४. सरकारले कर्मचारी सरुवाको बेथिति अन्त्य गर्ने उद्देश्यले कार्यान्वयन गर्न थालेको व्यवस्था कुन हो ?**
✍ सफ्टवेयर पद्धति/माध्यम
- कर्मचारी सरुवामा सधैँ भनसुन गर्नुपर्ने, पहुँच हुने कर्मचारी सुगम कार्यालयमै र पहुँचविहीन दुर्गम क्षेत्रका कार्यालयमा नै रहनुपर्ने बाध्यताको अन्त्य गर्न सरकारले कर्मचारी सरुवा सफ्टवेयरलाई कार्यान्वयनमा ल्याई सरुवा प्रणाली व्यवस्थापन गर्न लागेको।
- मन्त्रालयले पहिला बनेकै सफ्टवेयरलाई कर्मचारीको वैयक्तिक विवरण अद्यावधिक गरी सफ्टवेयरको माध्यमबाट कर्मचारी सरुवा गर्न लागेको।
- सफ्टवेयर प्रणाली सञ्चालनमा आएपछि कर्मचारीको वैयक्तिक विवरणसँग अन्तरआबद्धता हुने र कुनै पनि कार्यालयमा कर्मचारी एक महिना, एक वर्ष, दुई वर्ष वा सोभन्दा बढी कति समय बसेको हो भन्ने तथ्याङ्क एकमुष्ट रूपमा सफ्टवेयरबाटै आउने हुन्छ। प्रणालीले नै दिएको निर्देशनबमोजिम कर्मचारी सरुवाका लागि नाम छनोट गर्न मिल्ने र त्यहीँबाट कर्मचारी सरुवाको थिति बस्ने जनाइएको।
- विषयगत मन्त्रालय तथा विभागको कार्यसम्पादन स्तरलाई उकास्नसमेत सरुवा सफ्टवेयर व्यवस्थापन प्रणाली प्रभावकारी हुने छ। साथै प्रदेश र स्थानीय तहको सरुवासमेत प्रणालीकै आधारमा हुने गरी व्यवस्थापन गर्ने गरी मन्त्रालयले तयारी गरेको छ।

**५. राष्ट्रिय पोसाक तथा टोपी दिवस कहिले मनाउने गरिन्छ ?**
✍ जनवरी १
- इस्वी संवत्को नयाँ वर्षको दिनलाई राष्ट्रिय पोसाक दिवस तथा नेपाली टोपी दिवसको रूपमा मनाउने गरिएको।
- विसं २०७० देखि नेपाली मौलिक पोसाक संरक्षणको अभियानका लागि यो दिवस मनाउन सुरु गरिएको।

**६. प्रतिष्ठित गोल्डन ग्लोब्स अवार्ड, २०२५ मा उत्कृष्ट चलचित्र बन्न सफल चलचित्र कुन हो ?**
✍ 'दी ब्रुटालिस्ट'

**७. बिम्स्टेक वडापत्रमा कहिले हस्ताक्षर भएको हो ?**
✍ सन् २०२२ मार्च ३०, श्रीलङ्का (५ औँ सम्मेलन)
- प्रस्तावना ल्याइएको : सन् २०१८ (चौथौ सम्मेलन, नेपाल)

**८. साना तथा मझौला उद्यम विकास केन्द्रको स्थापना कहिले गरिएको हो ?**
✍ विसं २०८१ मङ्सिर ३

**९. प्रतिनिधि सभा निर्वाचन, २०८२ का लागि कुल मतदाता कति रहेका छन् ?**
✍ एक करोड ८९ लाख तीन हजार ६८९
- **पुरुष** : ९६,६३,३५८, महिला : ९२,४०,१३१, अन्य : २००
- **मतदान स्थल** : १०,९६७
- **मतदान केन्द्र** : २३,११२
- **जम्मा निर्वाचन क्षेत्र** : १६५
- संविधान अनुसार जनसङ्ख्यालाई ९० प्रतिशत र भूगोललाई १० प्रतिशत भार दिई निर्वाचन केन्द्र छुट्याइएको।

**१०. अस्ट्रेलियन ओपन टेनिस प्रतियोगितामा सहभागी भई इतिहास रच्न सफल नेपाली खेलाडी को हुन् ?**
✍ शिभाली गुरुङ
- उनी ग्रान्ड स्लाम (अस्ट्रेलियन ओपन) टेनिस प्रतियोगितमा खेल्ने पहिलो नेपाली खेलाडी बनेकी।
- अस्ट्रेलियामा सन् २०२६ जनवरी १४–३० मा हुने अस्ट्रेलियन ओपनमा शिभालीले यु–१४ जुनियर एलिट क्याटेगोरीमा प्रतिस्पर्धा गर्ने।

**११. देशभरका सबै भन्सार कार्यालयमा अनलाइन मूल्याङ्कन डाटाबेस प्रणाली कहिलदेखि कार्यान्वयनमा आएको हो ?**
✍ विसं २०८२ पुस १८
- अर्थमन्त्री रामेश्वर खनालद्वारा पुस १८ देखि सबै भन्सार कार्यालयमा यो प्रणाली लागु भएको घोषणा गरिएको।
- भन्सार मूल्याङ्कनलाई वैज्ञानिक बनाउने यो यात्रा असोज ८ देखि विराटनगर भन्सार कार्यालयबाट सुरु भएको। त्यहाँको सफल परीक्षणपछि कात्तिक १६ गते मुलुककै ठुलो वीरगन्जस्थित आइसिपी भन्सारमा यो प्रणाली लागु गरिएको।
- यो प्रणाली विश्व व्यापार सङ्गठनको भन्सार मूल्याङ्कन सम्झौता अन्तर्गतको 'ग्याट मूल्याङ्कन प्रणाली' अनुसार ल्याइएको विभागले बताएको। यो प्रणाली मूलतः कारोबार मूल्यमा आधारित रहेको।

**१२. कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागको स्थापना कहिले भएको हो ?**
✍ विसं २०७८ असोज १२

**१३. सन् २०२५ सेप्टेम्बरमा 'ग्यालप' द्वारा सार्वजनिक गरिएको 'ग्लोबल सेफ्टी प्रतिवेदन' अनुसार विश्वकै सुरक्षित देश कुन रहेको छ ?**
✍ सिङ्गापुर

**१४. पद्मश्री साहित्य पुरस्कार, २०८२ बाट सम्मानित हुने स्रष्टा को हुनुहुन्छ ?**
✍ रमेश भुषाल (कृति : छालबाटो)

**१५. राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आव २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर कति प्रतिशत हुने अनुमान छ ?**
✍ ४.६ प्रतिशत
- उपभोक्ता मूल्यमा ४.६ प्रतिशत र प्रचलित मूल्यमा ४.० प्रतिशत कायम हुने अनुमान रहेको।
- आव २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर ३.७ प्रतिशत रहेको संशोधित अनुमान छ।
- आव २०८१/८२ को कुल गार्हस्थ उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५.२ प्रतिशत, १२.८ प्रतिशत र ६२.० प्रतिशत रहने प्रारम्भिक अनुमान।
- आव २०८१/८२ मा मुलुकको कुल गार्हस्थ उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै ३६.५ प्रतिशत र सबैभन्दा कम हिस्सा कर्णाली प्रदेशको ४.२ प्रतिशत रहेको।
- २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा बैङ्क तथा वित्तीय संस्थाको निक्षेप १२.५ प्रतिशतले र कर्जा प्रवाह ८.२ प्रतिशतले वृद्धि भएको।
- आव २०८१/८२ मा कुल वस्तु निर्यात ८१.८ प्रतिशतले वृद्धि भई दुई खर्ब ७७ अर्ब तीन करोड पुगेको तथा कुल वस्तु आयात १३.३ प्रतिशतले वृद्धि भई १८ खर्ब चार अर्ब १२ करोड पुगेको।

**१६. वर्ल्ड वेदर एट्रिब्युस (डब्लुडब्लुए) र आर्कटिक रिपोर्ट कार्डसको प्रतिवेदन अनुसार हालसम्म सबैभन्दा तातो वर्षका रूपमा रहेको वर्ष कुन हो ?**
✍ सन् २०२५
- मानवद्वारा गरिएका विकास निर्माण तथा जीवाश्म इन्धन प्रयोगका कारण विश्वको तापक्रमले इतिहासकै रेकर्ड पार गरेको प्रतिवेदनले जनाएको।
- सन् २०२३ र २०२४ दुवै ताता वर्षमा दरिएका थिए। ती दुई वर्षभन्दा पनि तातो वर्ष सन् २०२५ रहेको अध्ययनका निष्कर्षले देखाएको। विश्व मौसम सङ्गठनले यी अध्ययनलाई मान्यता दिँदै सचेतना अपनाउन पहल थालेको।
- पूर्वऔद्योगिककालको तापक्रमभन्दा कम तापक्रम राख्ने विश्वको पहललाई गत वर्षको तापक्रम रेकर्डले असफल बनाएको। सन् २०१५ को पेरिस सम्झौता अनुसार विश्वको तापक्रमको बढोत्तरीलाई १.५ डिग्री सेन्टिग्रेडमा सीमित राख्न पक्ष मुलुकले सहमति जनाउँदै त्यही अनुसार आफ्ना मानवीय क्रियाकलापलाई अघि बढाउने सहमति कोप सम्मेलनमार्फत प्रतिबद्धता जनाउँदै आएका छन्।

**१७. अर्थमन्त्री रामेश्वर खनालद्वारा अर्थ मन्त्रालयमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (जिआइओएमएस) को शुभारम्भ कहिले गरिएको हो ?**
✍ विसं २०८२ असोज १०



**१८. सरकारले कृषिमा लगानी दशकका रूपमा घोषणा गरेको अवधि कुन हो ?**
✍ विसं २०८१–२०९१

**१९. जी–२० शिखर सम्मेलन २०२५ कहिले र कहाँ सम्पन्न भएको हो ?**
✍ सन् २०२५ नोभेम्बर २२–२३ (दक्षिण अफ्रिका)

**२०. हाल मुलुकमा बैङ्किङ पहुँच पुगेको स्थानीय तहको सङ्ख्या कति छ ?**
✍ ७५३ (सबै स्थानीय तहमा)

**२१. राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा दोस्रो आर्थिक गणनाका लागि तय गरिएको अवधि कुन हो ?**
✍ विसं २०८३ वैशाख २ – असार ७
- नेपालमा यसअघि २०७५ सालमा पहिलो राष्ट्रिय आर्थिक गणना गरिएको थियो।

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# कार्बन व्यापार



**१. कार्बन व्यापार भनेको के हो ? नेपालमा कार्बन व्यापारका लागि के कस्ता नीतिगत, कानुनी तथा संस्थागत प्रबन्ध गरिएको छ ? जानकारी गराउँदै कार्बन व्यापारका लागि आयोजना विकास गर्न पहिचान गरिएका क्षेत्रहरू उल्लेख गर्नुहोस्।**

✍ कार्बन क्रेडिटको खरिद बिक्री गर्ने कार्यलाई कार्बन व्यापार भनिन्छ। कार्बन क्रेडिटको बिक्रीबापत बिक्रेताले खरिदकर्ताबाट सम्झौताबमोजिमको रकम प्राप्त गर्छन्। कार्बन व्यापार पेरिस सम्झौता अन्तर्गतको बजार संयन्त्र तथा स्वैच्छिक कार्बन बजार दुवैमा हुन सक्छ। कार्बन क्रेडिटले कार्बन उत्सर्जन न्यूनीकरणको परिमाण मापन गर्ने एकाइलाई बुझाउँछ। कार्बन उत्सर्जन न्यूनीकरण गरेको प्रमाणस्वरूप जारी गरिने व्यापारयोग्य एकाइको रूपमा यसलाई बुझ्न सकिन्छ। एक कार्बन क्रेडिटले एक टन कार्बनडाइअक्साइड वा सो बराबरको अन्य हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणको कार्यलाई जनाउँछ। कार्बन उत्सर्जन घटाएर वा वायुमण्डलमा रहेको कार्बनलाई अवशोषण गरेर कार्बन उत्सर्जन न्यूनीकरण गर्न सकिन्छ। कार्बन उत्सर्जन कटौती गरेबापत प्राप्त गरेको कार्बन क्रेडिटलाई कुनै मुलुक वा निकायले अर्को मुलुक वा निकायसँग बिक्री गरी आर्थिक लाभ हासिल गर्न सक्छन्। पेरिस सम्झौताको आर्टिकल ६ अन्तर्गत कार्बन व्यापारसम्बन्धी प्रक्रियागत विषय स्पष्ट पारी विश्वव्यापी कार्बन व्यापारलाई पारदर्शी र व्यवस्थित गर्ने प्रयास गरिएको छ।

**नेपालमा कार्बन व्यापारसम्बन्धी नीतिगत, कानुनी तथा संस्थागत प्रबन्ध :**

**क) नीतिगत तथा कानुनी प्रबन्ध :**
- वातावरण संरक्षण ऐन, २०७६ अन्तर्गत बनेको कार्बन व्यापार नियमावली, २०८२ ले नेपालमा कार्बन व्यापारलाई व्यवस्थित, पारदर्शी र अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाउन देहायबमोजिमका नीतिगत प्रबन्ध गरेको छ :
- पेरिस सम्झौता अन्तर्गतको संयन्त्र वा स्वैच्छिक कार्बन बजारमा कार्बन व्यापार गर्न सकिने,
- नेपाल सरकारले बहुपक्षीय वा द्विपक्षीय सम्झौतामार्फत अन्तर्राष्ट्रिय कार्बन व्यापारमा भाग लिन सक्ने,
- कार्बन व्यापारका लागि आयोजना विकास गरी आयोजनालाई राष्ट्रिय नीतिसँग आबद्ध गरिएको। कार्बन व्यापारका आयोजना राष्ट्रिय रूपमा निर्धारित योगदान र दिगो विकास लक्ष्यसँग अनिवार्य रूपमा आबद्ध हुनुपर्ने व्यवस्था,
- प्रमाणित कुल कार्बन क्रेडिटमध्ये पाँच प्रतिशत परिमाण अनिवार्य रूपमा नेपालको राष्ट्रिय रूपमा निर्धारित योगदानमा गणना हुने प्रावधान,
- कार्बन व्यापारका लागि विकास गरिने आयोजनाको क्षेत्र, आयोजना अवधारणापत्र, आयोजना दस्तावेज, मूल्याङ्कन, स्वीकृति र कार्यान्वयनको स्पष्ट चरणबद्ध प्रक्रिया निर्धारण गरेको,
- अनुरूप समायोजनको व्यवस्था गरी कार्बन क्रेडिटको दोहोरो गणना नहुने सुनिश्चितता,
- कार्बन व्यापारका लागि अनिवार्य रूपमा पेरिस सम्झौता वा सो अन्तर्गतका निकायले विकास गरेका मापदण्डको पालना गर्नुपर्ने व्यवस्था,
- कार्बन उत्सर्जन न्यूनीकरणको मापन, रिपोर्टिङ र प्रमाणीकरण पेरिस सम्झौता वा सो अन्तर्गत मान्यता प्राप्त निकायको मापदण्डबमोजिम गर्नुपर्ने व्यवस्था रहेको। प्रमाणीकरण भएपश्चात् मात्र कार्बन क्रेडिट जारी हुने स्पष्ट प्रबन्ध,
- राष्ट्रिय कार्बन रजिस्ट्री स्थापना गरी कार्बन क्रेडिटको उत्पादन, बिक्री, हस्तान्तरण र अनुरूप समायोजनको अभिलेख राख्ने व्यवस्था,
- कार्बन क्रेडिटको मूल्य निर्धारण सम्बन्धमा आपसी सम्झौता, बजार मूल्य वा बोलकबोलको माध्यमबाट गर्न सकिने लचिलो नीति,
- आयोजना दस्ताबेजमा लाभ बाँडफाँट योजनालाई अनिवार्य गरिएको,
- निजी क्षेत्रका आयोजनाबाट प्राप्त लाभको दश प्रतिशत रकम नेपाल सरकारलाई छुट्याउनुपर्ने व्यवस्था,
- नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको लगानी भएका आयोजनाको लाभ तत् तत् तहको सञ्चित कोषमा जम्मा हुने प्रबन्ध,
- नेपाल सरकारको स्वीकृति बेगर कार्बन व्यापारका लागि आयोजना विकास वा कार्बन क्रेडिटको बिक्री गर्न नहुने व्यवस्था,
- साविकमा प्रचलित कानुनबमोजिम अनुमति प्राप्त गरी कार्यान्वयनमा रहेका स्वच्छ विकास संयन्त्र अन्तर्गतका कार्बन विकास आयोजनाबाट उत्पन्न भएको कार्बन क्रेडिट निर्धारित राष्ट्रिय निकायको सहमतिमा स्थानान्तरण वा हस्तान्तरण गर्न सकिने व्यवस्था,
- नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका निकाय वा निजी क्षेत्रले नेपालभित्रको स्वैच्छिक कार्बन बजारमा भाग लिई कार्बन व्यापारमा भाग लिन सक्ने व्यवस्था गरिएको।

**ख) संस्थागत प्रबन्ध** : कार्बन व्यापारसँग सम्बन्धित रहेका निकाय एवं संयन्त्रहरू यस प्रकार छन् :
- निर्धारित राष्ट्रिय निकायको रूपमा रहेको वन तथा वातावरण मन्त्रालय,
- निर्धारित राष्ट्रिय निकायको सचिवालयको रूपमा रहेको जलवायु परिवर्तन व्यवस्थापन महाशाखा,
- नीतिगत मार्गदर्शन, समन्वय र सहजीकरणको भूमिकामा रहेको निर्देशक समिति,
- कार्बन व्यापार व्यवस्थापनको भूमिकामा रहेको कार्बन व्यापार व्यवस्थापन समिति,

**कार्बन व्यापारका लागि आयोजना विकास गर्न पहिचान गरिएका क्षेत्रहरू :**

**क) नवीकरणीय ऊर्जा विकासको क्षेत्र :**
- कार्बन उत्सर्जन न्यूनीकरण गर्ने उद्देश्यले स्वच्छ ऊर्जा अन्तर्गत प्रस्तावित जलविद्युत्, सौर्य, वायु तथा जैविक ऊर्जासम्बन्धी आयोजना, राष्ट्रिय ऊर्जा प्रणालीमा जोडिन नसकेका ग्रामीण समुदायको पहलमा प्रस्तावित साना तथा मझौला ऊर्जा प्रणाली।

**ख) ऊर्जा सदुपयोग, ऊर्जा दक्षता तथा स्वच्छ ऊर्जा रूपान्तरणको क्षेत्र :**
- वस्तु तथा सेवाको उत्पादन तथा प्रशोधनको क्रममा कार्बन उत्सर्जन घटाउन उपयोगी हुने औद्योगिक ऊर्जा दक्षता कार्यक्रम,
- सहरी तथा ग्रामीण ऊर्जा खपत तथा बचतसम्बन्धी उन्नत चुलोलगायतका आयोजना।

**ग) कृषि, वन तथा अन्य भूउपयोगसम्बन्धी क्षेत्र :**
- राष्ट्रिय वन, निजी वन, कृषि भूमि तथा अन्य भूउपयोग गर्दा कार्बन सञ्चितीकरण वृद्धि गर्ने उद्देश्यले कृषि, वन प्रवर्धन कार्यक्रम, खाली क्षेत्रमा वृक्षरोपण कार्यक्रम, प्राकृतिक पुनरुत्थान कार्यक्रम तथा दिगो वन व्यवस्थापनमा आधारित आयोजना।

**घ) फोहोरमैला व्यवस्थापनको क्षेत्र :**
- हरितगृतह ग्यास उत्सर्जन न्यूनीकरण गर्ने उद्देश्यका साथ फोहोरमैलाबाट ऊर्जा उत्पादन गर्ने आयोजना तथा ल्यान्डफिल साइटमा उत्सर्जन घटाउन गरिएका फोहोरमैला व्यवस्थापन प्रणाली।

**ङ) यातायात क्षेत्र :**
- जीवाश्म ग्यासको उपयोग घटाउने तथा पुँजी पलायन रोक्ने उद्देश्यका साथ प्रस्तावित विद्युतीय सवारीसाधन र पूर्वाधार तथा दिगो सार्वजनिक यातायात प्रणाली।

**च) अनुकूलन र उत्थानशील लाभ हुने क्षेत्र :**
- खाद्य सुरक्षा, पानीको सुरक्षा, स्वास्थ्य सुरक्षा, जैविक विविधता संरक्षण, वायु प्रदूषण नियन्त्रण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन जस्ता जलवायु परिवर्तनको अनुकूलन तथा कार्बन उत्सर्जन न्यूनीकरण गरी हरित अर्थतन्त्र तथा चक्रीय अर्थतन्त्रमा टेवा पुऱ्याउने आयोजना।
- अन्त्यमा कार्बन व्यापारलाई हावाको व्यापार पनि भनिन्छ। वायुमण्डलमा कार्बनडाइअक्साइडलगायत अन्य हरितगृह ग्यासको उत्सर्जन कटौती गरेर वा वायुमण्डमा रहेको त्यस्तो ग्यासलाई अवशोषण गरी सोबापत आर्थिक लाभ हासिल गर्ने महत्त्वपूर्ण अवसर कार्बन व्यापारले प्रदान गरेको छ। कार्बन व्यापारसम्बन्धी नीतिगत प्रबन्धको कार्यान्वयन, अन्तर ष्ट्रियस्तरमा समन्वय, बजारको खोजी, संस्थागत क्षमता विकासलगायतका पक्षमा ध्यान दिन सकेमा नेपालले कार्बन व्यापारबाट लाभ लिन सक्ने देखिन्छ।

**२. मौलिक हक भन्नाले के बुझिन्छ ? नेपालको संविधानमा व्यवस्था गरिएको स्वच्छ वातावरणको हक उल्लेख गर्नुहोस्। साथै मौलिक हक हनन भएमा के कसरी उपचार प्राप्त गर्न सकिन्छ ? संवैधानिक प्रबन्ध उल्लेख गर्नुहोस्।**

✍ नागरिकको जीवन, मर्यादा, स्वतन्त्रता, समानता जस्ता मानव जीवनका आधारभूत पक्षसँग सम्बन्धित अधिकार जसलाई मुलुकको संविधानमा लिपिबद्ध गरी कार्यान्वयनको प्रत्याभूति गरिएको हुन्छ, त्यस्ता हकलाई मौलिक हक भनिन्छ। यी हकहरू राज्य विरुद्ध नागरिकलाई प्राप्त हकको रूपमा चिनिन्छन्। राज्यको चाहना र क्षमताको आधारमा संविधानमा मौलिक हकहरू उल्लेख गरी प्रचलनको प्रत्याभूति गरिन्छ। मौलिक हकको कार्यान्वयनमा राज्यका कार्यकारी, व्यवस्थापिकीय र न्यायिक निकाय जिम्मेवार रहन्छन्। संवैधानिक निकायसमेत मौलिक हक कार्यान्वयनका लागि सरकारलाई सुझाव सिफारिस गर्ने भूमिकामा रहन्छन्। मौलिक हकको संरक्षण र प्रचलनका लागि स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको महत्त्व उच्च रहन्छ।

**स्वच्छ वातावरणको हक :**

**नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हक अन्तर्गत देहायका विषय उल्लेख गरिएको छ :**
- प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने हक हुने,
- वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने, राष्ट्रको विकाससम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानुनी व्यवस्था गर्न स्वच्छ वातावरणको हक अन्तर्गत उल्लेख भएको विषयले बाधा पुऱ्याएको नमानिने।

**मौलिक हक हननविरुद्ध उपचार प्राप्त गर्ने संवैधानिक प्रबन्ध :**
- **नेपालको संविधानको धारा ४६ मा संवैधानिक उपचारको हकलाई मौलिक हकको रूपमा उल्लेख गरिएको छ। मौलिक हकको प्रचलनका लागि संविधानको धारा १३३ वा धारा १४४ बमोजिम संवैधानिक उपचार प्राप्त गर्न सकिन्छ। यसका लागि देहायका प्रबन्ध गरिएको छ :**
- मौलिक हक उपर अनुचित बन्देज लगाउने गरी कुनै कानुन बनेको अवस्थामा त्यस्तो कानुन बदर गरिपाउन नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिएमा त्यस्तो कानुन बदर घोषित गराउन सक्ने असाधारण अधिकार सर्वोच्च अदालतमा निहित रहेको,
- संविधानप्रदत्त मौलिक हकको प्रचलनका लागि तथा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा धारा १३३ बमोजिम सर्वोच्च अदालत र १४४ अनुसार उच्च अदालतलाई उपयुक्त आदेश जारी गर्ने अधिकार प्रदान गरिएको,
- अन्त्यमा संवैधानिक उपचारको हक, मौलिक हक र मानव अधिकारप्रति राज्यको प्रतिबद्धता र दायित्व तथा सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र संविधानमा प्रस्ट उल्लेख भएको छ। यसबाट नेपालमा विधिको शासन कायम राख्दै नागरिकका हक अधिकारको संरक्षण र प्रचलनमा राज्य प्रतिबद्ध रहेको कुरा स्पष्ट हुन्छ।

**३. वातावरण संरक्षण ऐन, २०७६ ले विकास आयोजना सञ्चालन गर्दा वातावरण संरक्षणको लागि के कस्ता कार्य गर्नुपर्ने व्यवस्था गरेको छ ? सङ्क्षिप्तमा उल्लेख गर्नुहोस्।**

✍ नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गरेको छ। विकास निर्माण कार्यसँगै वातावरणमा प्रतिकूल प्रभाव पर्न सक्ने र नागरिक संविधान प्रदत्त मौलिक हकको उपभोग गर्नबाट वञ्चित हुनुपर्ने अवस्था सिर्जना हुन सक्छ। यस्तो अवस्थालाई अन्त्य गर्न तथा विकास निर्माणका कार्यबाट प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण गरी विकास र वातावरणबिच सन्तुलन कायम राख्न वातावरण संरक्षण ऐनले महत्त्वपूर्ण नीतिगत मार्गदर्शन गरेको छ। वातावरण संरक्षण ऐन, २०७६ अनुसार विकास आयोजना सञ्चालन गर्दा वातावरण संरक्षणका लागि गर्नुपर्ने मुख्य कार्य यस प्रकार रहेका छन् :
- विकास निर्माण आयोजनासम्बन्धी प्रस्ताव कार्यान्वयन गर्नु अगाडि वातावरणीय अध्ययन गर्नपुर्ने,
- प्रस्तावको प्रकृति अनुसार सङ्क्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्क गरी स्वीकृति लिनुपर्ने,
- वातावरणीय अध्ययन प्रतिवेदनमा सो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रभाव र सोको न्यूनीकरणका लागि विकल्पको विस्तृत विश्लेषण गरी कार्यान्वयनयोग्य विकल्प सिफारिस गर्नुपर्ने,
- वातारणीय अध्ययन प्रतिवेदन स्वीकृति बेगर विकास निर्माणसम्बन्धी प्रस्ताव कार्यान्वयन गर्न नहुने,
- स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख गरिएका सर्त, न्यूनीकरण उपाय र मापदण्ड अनिवार्य रूपमा पालना गर्नुपर्ने,
- तोकिएका नीति, कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि आवश्यकता अनुसार रणनीतिक वातावरणीय विश्लेषण गर्नुपर्ने,
- आयोजना सुरु गर्नु अगाडि वातावरणीय व्यवस्थापन योजना बनाउनुपर्ने,
- वातावरणीय व्यवस्थापन योजनाको कार्यान्वयन प्रगति प्रत्येक छ–छ महिनामा पेस गर्नुपर्ने,
- वातावरणीय व्यवस्थापन योजना मुताविक वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपाय प्रभावकारी नभए थप उपाय अपनाउन आदेश दिन सकिने,
- वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्तावको कार्यान्वयन भई सेवा सुरु भएपश्चात् वातावरणीय परीक्षण गर्नुपर्ने,
- वातावरण निरीक्षक वा सम्बन्धित निकायबाट हुने अनुगमन तथा निरीक्षणमा आवश्यक सूचना तथा सहयोग उपलब्ध गराउनुपर्ने,
- प्रदूषण मापदण्ड पालना गर्नुपर्ने,
- विकास आयोजना तर्जुमा गर्दा जलवायु जोखिम न्यूनीकरणका उपाय समावेश गर्नुपर्ने,
- आयोजना सञ्चालन गर्दा प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा जैविक सम्पदामा क्षति नपुग्ने गरी काम गर्नुपर्ने,
- ऐनविपरीतका कार्य गरी वातावरणीय क्षति पुऱ्याएमा जरिबाना र क्षतिपूर्ति तिर्नुपर्ने।
- यसरी विकास आयोजना सञ्चालन गर्नुपूर्वको वातावरणीय अध्ययन, वातावरणीय व्यवस्थापन योजना, प्रगति प्रतिवेदन, वातावरण निरीक्षकबाट निरीक्षण, नियमित अनुगमनलगायतका विषय समावेश गरी विकास र वातावरणबिच सन्तुलन कायम राख्न वातावरण संरक्षण ऐनले स्पष्ट कानुनी व्यवस्था गरेको छ।

**४. नेपालमा विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रदेश सरकारको भूमिका उल्लेख गर्दै यसका लागि प्रादेशिक तहमा के कस्ता संस्थागत संरचनाको व्यवस्था गरिएको छ ? लेख्नुहोस्।**

✍ नेपालको संविधानले विपत् व्यवस्थापनलाई सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा समावेश गरेको छ। सङ्घ र प्रदेशको साझा अधिकारको सूची अन्तर्गत प्राकृतिक तथा गैरप्राकृतिक विपत् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभको विषय समावेश गरिएको छ। यस व्यवस्थाले प्रदेशभित्रको विपत् व्यवस्थापनमा प्रदेश सरकारले सङ्घ र स्थानीय तहसँग समन्वय र सहकार्यमा काम गर्नुपर्ने देखिन्छ। विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रदेश सरकारको भूमिकालाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :
- राष्ट्रिय नीति तथा रणनीतिबमोजिम प्रदेशस्तरीय नीति, कानुन, योजना तर्जुमा गरी लागु गर्ने, प्रदेशभित्रका विपत् जोखिम क्षेत्र पहिचान, नक्साङ्कनलगायत जोखिम न्यूनीकरण तथा पूर्वतयारीसम्बन्धी कार्य गर्ने,
- विपत् प्रतिकार्य तथा पुनर्लाभसम्बन्धी कार्यमा सङ्घसँग समन्वय र सहकार्य गर्ने,
- विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनमा अन्तरप्रदेश सहयोग विस्तार गर्ने, सूचना आदानप्रदान गर्ने, सहकार्य बलियो बनाउने,
- प्रदेशभित्रका सुरक्षा निकाय, स्थानीय तह र गैरसरकारी निकायबिच समन्वय गर्ने, स्थानीय तहको क्षमता विकास गर्ने तथा स्रोतसाधन, प्राविधिक एवं आपत्कालीन सहयोग उपलब्ध गराउने।

**विपत् व्यवस्थापनका लागि व्यवस्था गरिएका प्रादेशिक संरचना :**

क) प्रदेश विपत् व्यवस्थापन परिषद्,
ख) कार्यकारी समिति,
ग) विपत् व्यवस्थापन कोष तथा सोको सञ्चालक समिति,
घ) प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र,
ङ) विषयगत मन्त्रालय तथा निकाय,
च) आवश्यकता अनुसार उपसमिति वा विशेषज्ञ समिति गठन,

- अन्त्यमा विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रदेश सरकारको समन्वयकारी भूमिका रहेको छ। राष्ट्रिय नीति, योजना र कार्यक्रमबमोजिम प्रादेशिक नीति, योजना र कार्यक्रम तय गर्ने तथा प्रदेशभित्रका स्थानीय तहको क्षमता विकासमा सहयोग गरी विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनमा योगदान गर्न प्रदेश सरकार मातहत विभिन्न संरचना तयार गरिएको छ। विपत् प्रतिकार्य र पुनर्लाभका कार्य द्रुत रूपमा सम्पादन गर्न तहगत तथा निकायगत समन्वयलाई अझै प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

**प्रस्तुतकर्ता : अर्जुन शर्मा**

## कमलरीले पाएनन् परिचयपत्र

**धनगढी समाचारदाता**
*धनगढी, पुस २२ गते*

पुनर्स्थापनासम्बन्धी कार्यविधि नबन्दा मुक्त कमलरी परिचयपत्र पाउनबाट वञ्चित रहेको सरोकारवालाले बताएका छन्। मुक्त कमलरीको सवालमा आइतबार धनगढीमा आयोजना गरिएको कार्यक्रममा उनीहरूले सङ्घ र सम्बन्धित स्थानीय तहले कार्यविधि नबनाएका कारण धेरै मुक्त कमलरीले परिचयपत्र पाउन नसकेको बताएका हुन्। परिचयपत्र नपाउँदा उनीहरूलाई राज्यको सेवा, सुविधा पाउन समस्या भइरहेको छ।

मुक्त कमलरी विकास मञ्चका अनुसार कैलाली, कञ्चनपुर, बाँके, बर्दिया र दाङका गरी १२ हजार ७६९ मुक्त कमलरी रहेका छन्। तीमध्ये सरकारले नौ हजार ४९० जनाको मात्रै अद्यावधिक तथ्याङ्क राखेको छ। तीन हजार २७९ मुक्त कमलरी छुटेका मञ्चका निवर्तमान अध्यक्ष हिरा चौधरीले जानकारी दिनुभयो। सरकार पक्ष र मुक्त कमलरीबिच भएको १० बुँदे सहमति कार्यान्वयन नहुँदा मुक्तिको १२ वर्षसम्म पनि मुक्त कमलरीले परिचयपत्रसमेत पाउन नसकिरहेको उहाँको भनाइ छ। "हालसम्म कार्यविधि नबन्नु, विवाहपछि मुक्त कमलरीको आफैँ पुनर्स्थापना हुन्छ भन्ने पितृसत्तात्मक सोच, मुक्त कमैयाको पुनर्स्थापना भए मुक्त कमलरीको स्वतः पुनर्स्थापना हुन्छ भन्ने भनाइले समस्या भइरहेको छ," चौधरीले भन्नुभयो, "मुक्त कमैया र कमलरीलाई एउटै डालोमा राख्नु हुँदैन। दुवैको समस्या फरक छन्।"

शिक्षामार्फत मुक्त कमलरीको समस्या समाधान गर्न सकिने मनसायले सरकारले २०६८ मा मुक्त कमलरीसम्बन्धी शिक्षा निर्देशिका तयार पारेको थियो तर मुक्त कमलरीको समस्या शिक्षा मात्रै नरहेको उहाँहरू बताउनुहुन्छ। आफूहरूको पुनर्स्थापनालगायत थुप्रै सवाल रहेको उल्लेख गर्दै मुक्त कमलरी विकास मञ्च कञ्चनपुरका अध्यक्ष सीता डगौराले निर्देशिका संशोधन र कार्यविधि चाँडै पास गरेर मुक्त कमलरीले पाउनुपर्ने सेवा सुविधा राज्यले चाँडै दिन आवश्यक रहेको उल्लेख गर्नुभयो। उहाँले मुक्तिको १२ वर्ष हुँदासम्म परिचयपत्रसमेत पाउन नसकिएको गुनासो गर्नुभयो। मुक्त कमलरीले देशव्यापी आन्दोलन थालेपछि सरकारले २०७० असार १३ गते १० बुँदे सम्झौता गर्दै कमलरी मुक्तिको घोषणा गरेको थियो तर स्थानीय तहलाई ठोस निर्देशन नआउँदा मुक्त कमलरी पुनर्स्थापनामा अन्योल देखिएको मुक्त कमैया समाजका केन्द्रीय अध्यक्ष पशुपति चौधरीले बताउनुभयो।

# एक हजार बढीले गराए गर्भपतन

**बेलौरी समाचारदाता**
*बेलौरी (कञ्चनपुर), पुस २२ गते*

कञ्चनपुरमा चालु आर्थिक वर्ष २०८२/८३ को मङ्सिर मसान्तसम्म एक हजार १८ महिला तथा किशोरीले गर्भपतन गराएका छन्।

जिल्लास्थित सरकारी अस्पताल तथा स्वास्थ्य संस्थाका तथ्याङ् अनुसार, पछिल्लो पाँच महिनामा २० वर्ष कम उमेर समूहका ३० जना र २० वर्षमाथिका ९८८ गरेर एक हजार १८ महिला तथा किशोरीले गर्भपतन सेवा लिएका हुन्।

महाकाली प्रादेशिक अस्पताल, परिवार नियोजन सङ्घ, दोधारा चाँदनी अस्पताल, कृष्णपुर स्वास्थ्य चौकीलगायत २३ अस्पतालमा सो सङ्ख्यामा महिलाले गर्भपतन सेवा लिएका हुन्।

पछिल्लो पाँच महिनामा दुई हजार ९७२ महिलाले गर्भावस्थाको परीक्षण गराएकोमा दुई हजार ४७२ महिलाले शिशु जन्माएका छन् भने पाँच सय महिला तथा किशोरीले भने गर्भ जाँचबिनै गर्भपतन गराएको पाइएको हो।

चालु आवको साउन महिनामा २० वर्षमुनिका ५३ महिला र २० वर्ष वा सोभन्दामाथिका ५९४ गरी ६४७ महिलाले गर्भ जाँच गराएकोमा ५३७ महिलाले बच्चा जन्माएका थिए। जसमध्ये साउनमा २० वर्षमुनिका २० जनाले औषधी सेवन गरेर गर्भपतन गराएको स्वास्थ्य कार्यालयका सूचना अधिकारी विपिन लेखकले बताउनुभयो।

यसै गरी साउन महिनामा २१७ महिला तथा किशोरीले गर्भपतन गराएको उहाँले बताउनुभयो। भदौ महिनामा ८७ जनाले गर्भपतन गराउनुभएको छ। असोज महिनामा २० वर्षमुनिका एक किशोरी र २० वर्षमाथिका १३५ महिलाले जिल्लाका अस्पतालबाट औषधी खाएर गर्भपात गरेका हुन् भने २१ जना महिलाले शल्यक्रिया गरेर गर्भपतन गराएको स्वास्थ्य कार्यालयका सूचना अधिकारी लेखकले बताउनुभयो।

त्यस्तै कात्तिक महिनामा २०२ किशोरी तथा महिलाले गर्भपात गराउनुभएको छ। जसमध्ये २० वर्षमुनिका दुई जना र २० वा सोभन्दाबढी उमेरका




स्वास्थ्य कार्यालय कञ्चनपुर ।

१८७ महिलाले औषधी सेवन गरेर र १३ जना महिलाले शल्यक्रिया गरेर गर्भपात गराएका छन्। मङ्सिर महिनामा २० वर्षभन्दा कम उमेरका १ किशोरी र २० वर्षमाथिका २३४ महिलाले गर्भपात गराउनुभएको उहाँले जानकारी दिनुभयो। कञ्चनपुरमा चालु आवको मङ्सिर महिनासम्म एक हजार १८ महिला तथा किशोरीले गर्भपात गराउनुभएको छ भने आव २०८१ र ०८२ मा दुई हजार ८९९ महिला तथा किशोरीले गर्भपतन सेवा लिएका छन्।

गर्भपतन अधिकारको विषय भएको तर २० वर्षभन्दा कम उमेर समूहमै विवाह गर्दा महिलाको स्वास्थ्यमा प्रतिकूल असर पर्ने गरेको भन्दै चिन्ता व्यक्त गरिएको छ। एकातिर बढ्दो बालविवाहलाई समेत न्यूनीकरण गर्नु जरुरी रहेको स्वास्थ्य कार्यालयका प्रमुख नरेन्द्र सिंह रावल बताउनुहुन्छ। जसले कम उमेरमै गर्भ रहने र पछि स्वास्थ्यमा जटिल समस्या देखिने गरेकाले यसमा अभिभावक, सरोकारवाला सबै सचेत रहन जरुरी रहेको उहाँले बताउनुभयो।

कलेज अध्ययन गर्दाका बखत कम उमेर समूहमै शारीरिक सम्बन्ध राख्दा जिल्लामा गर्भपतन गराउनेको सङ्ख्या बढ्दो क्रममा रहेकाले सुरक्षित तरिका अपनाउन तथा विवाहपछि मात्रै आवश्यकता अनुसार गर्भधारण गर्न उहाँले सुझाव दिनुभयो।

### ४८ नवजात शिशुको मृत्यु

कञ्चनपुरमा गर्भपात गराउने तथ्याङ्क डरलाग्दो अवस्थामा रहेको छ, भने शिशु मृत्युदर पनि भयावह अवस्थामा छ। गत आवमा जिल्लामा ४८ नवजात शिशुले ज्यान गुमाएका छन्। जसमध्ये, गत आवमा जिल्लामा आठ मरेका शिशु जन्मिएका छन्। यसै गरी २६ नवजात शिशुको जन्मनेबित्तिकै मृत्यु भएको छ, भने जन्मेको २८ दिनभित्र १४ जना शिशुले ज्यान गुमाएको जिल्लास्थित सरकारी अस्पतालहरूको तथ्याङ्कले देखाएको छ।

गत आवमा भीमदत्त नगरपालिकामा जन्मनेबितिक्कै २० शिशुले ज्यान गुमाएका थिए। यसै गरेर भीमदत्तमा छ मरेका शिशु जन्मिएका थिए भने छ शिशुले जन्मेको २८ दिनमा ज्यान गुमाएका हुन्। यसै गरी दोधारा चाँदनी नगरपालिकामा तीन शिशु जन्मनेबित्तिक्कै मरेका छन् भने पुनर्वासमा एक शिशु जन्मनेबित्तिक्कै र चार शिशुले जन्मेको २८ दिनमा ज्यान गुमाएका छन्। शुक्लाफाँटा नगरपालिकामा गत आवमा एक शिशुको मरेको अवस्थामा जन्म भएको थियो। यसै गरेर एक शिशुको जन्मनेबित्तिकै मृत्यु भयो भने दुई शिशुको २८ दिनभित्र मृत्यु भएको स्वास्थ्य कार्यालयका सूचना अधिकारी लेखकले बताउनुभयो।

# पुरुषभन्दा महिला मतदाताको सङ्ख्या बढी

**चौमाला समाचारदाता**
*चौमाला (कैलाली), पुस २२ गते*

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सुदूरपश्चिम प्रदेशमा पुरुषको भन्दा महिला मतदाताको सङ्ख्या बढी देखिएको छ। निर्वाचन आयोगले अद्यावधिक गरेको मतदातामध्ये महिलाको सङ्ख्या आठ लाख ६४ हजार ४२३ महिला र पुरुषको सङ्ख्या आठ लाख ५२ हजार २१९ रहेको प्रदेश निर्वाचन कार्यालयका प्रमुख प्रेमराज भट्टले जानकारीले जानकारी दिनुभयो। त्यस्तै १८ जना अन्य मतदाता रहेका छन्।

पुरुषको भन्दा महिलाको सङ्ख्या १२ हजार ४०२ ले बढी छन्। प्रतिनिधि सभा निर्वाचनका लागि प्रदेशमा १७ लाख १६ हजार ६६० मतदाता कायम भएका छन्। २०७९ को निर्वाचनमा १६ लाख ६९ हजार ४११ मतदाता थिए। हाल प्रदेशमा ४७ हजार २४९ मतदाता थपिएको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ। प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ का लागि निर्वाचन कार्यालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार कैलालीमा पाँच लाख ५१ हजार ५२, कञ्चनपुरमा तीन लाख १४ हजार ३८५, बैतडीमा एक लाख ५६ हजार ३७२ र दार्चुलामा ९२ हजार ९४८ मतदाता रहेका छन्। यस्तै डडेलधुरामा ९३ हजार ४०३, बझाङमा एक लाख २६ हजार ९०३, अछाममा एक लाख ६५ हजार ३३७, डोटीमा एक लाख २८ हजार ३९९ र बाजुरामा ८६ हजार ९६१ रहेको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ। प्रदेशभरि एक हजार १७६ मतदानस्थल र दुई हजार १९९ मतदान केन्द्र कायम रहेको जनाइएको छ।

# जोगबुढा अस्पतालको शय्यामा स्तरोन्नति

**अमरगढी समाचारदाता**
*डडेलधुरा, पुस २२ गते*

भ.पु.जि., नंखेल–९ को हाल सु.न.पा.–९ बस्ने मिठू देवी खत्री, लक्ष्मण खत्री र राजकुमार खत्री समेत जना–३ ले हामीहरूको बूढा ससुरा तथा बाजे पदम बहादुर खत्रीका नाउँमा नाप नक्सा भई फिल्डबुकमा दर्ता भई स्रेस्तामा दर्ता हुन बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गाका दर्तावाला पदम बहादुरको मिति २०२१ सालमा, निजकी पत्नी निम कुमारीको मिति २०१५ सालमा मृत्यु भई हक खाने छोराहरू चन्द्र बहादुर खत्री, गणेश बहादुर खत्री, नेत्र बादुर खत्री भएकोमा, चन्द्र बहादुर खत्रीको २०३६।११।२६ मा, निजकी पत्नी किस्न कुमारीको २०६२।९।१९ मा मृत्यु भई हक खाने छोराहरू श्याम काजी, लक्ष्मण, राजकुमार खत्री समेत जना–३ भएकोमा, श्याम काजीको २०७३।७।२६ मा मृत्यु भई हक खाने पत्नी मिठुदेवी खत्री, छोराहरू दिनेश, कृष्ण खत्री भएको, दिनेश खत्रीको मिति २०५६।३।४ मा अविवाहित अवस्थामा मृत्यु भएको, त्यस्तै गणेश बहादुर खत्रीको मिति २०२१ सालदेखि अविवाहित अवस्थामा बेपत्ता भएको, त्यस्तै नेत्र बहादुरको २०४९।०९।१ मा मृत्यु भई हक खाने पत्नी पातली खत्री, छोराहरू जम्वु दिप, बिश्व खत्री भएको, अन्य हकदारहरूको मञ्जुरीले हामी निवेदकहरूका नाउँमा संयुक्त स्रेस्ता अद्यावधिक तथा दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको। मोठ ठेलीमा निज दर्तावालाले पाएको स्थायी निस्सामा नंखेल वडा नं. ९।ख कि.नं. ४६७, ५८६ जग्गा बढी हुँदा कटाई पाऊँ भनी बाबु पदम बहादुरको हस्ते दल बहादुरको द.नं. ८५०३ मिति २०२५।२।१० निवेदनबाट कारबाही हुँदा मिति २०२५।२।१३ को निर्णय बमोजिम खारेज भएको भनी कैफियत जनिएको, सो.द.नं.को निवेदन सहितको मिसिल खोज तलास गर्दा हाल तामेलीमा फेला परेन भनी लेखिआएको देखिँदा यसमा निवेदकहरू बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनु नपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, निजी गुठी लगायत व्यक्तिगत तथा अन्य जग्गा तथा संरचनालाई असर पर्ने भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | ज.ध. | किसानको व्यहोरा |
|---|---|---|---|---|---|---|
| नंखेल | ९।ख | ५८६ | ०–१४–०–० | चन्द्र बाहादुर खत्री भ.पु. सान्तीगाउँ। | पदम बाहादुर खत्रीको हकमा छोरा चन्द्र बाहादुर खत्री भ.पु. शान्तीगाउँ। | यो जग्गा मेरो हो सही चन्द्र बाहादुर खत्री |

**कैफियत**:– २१ नं. नंखेल सा.न.नं. ६०५ को रोपनी १³। मध्ये भिडी दर्ता गर्ने निज चन्द्र बहादुर।

**भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

गोदावरी नगरपालिका वडा नं. १२ साविक ठेचो गा.वि.स. वडा नं. ३ बस्ने टिका महर्जनको नाति, गोविन्द महर्जनको छोरा, मोहन कृष्ण महर्जन र ऐ.ऐ. को नाति ऐ.ऐ. को छोरा हिराभक्त महर्जनको बुवा गोविन्द ज्यापु भन्ने गोविन्द महर्जनको नाममा तपसिलका कित्ता जग्गा २०२१ सालमा सर्भे नाप नक्सा भई मोठ स्रेस्ता कायम भई दर्ता प्रमाणित गर्न बाँकी छुट जग्गा हालसम्म निवेदकहरूले नै हकभोग गर्दै आउनु भए अनुसार निवेदक बुवा गोविन्द ज्यापु भन्ने गोविन्द महर्जन मिति २०६५/१२/१३ गते आफ्नो कालगतिले मृत्यु भएको र निजको शेष पछि हक खाने हकदारमा जेठी श्रीमती धनमाया महर्जन र कान्छी श्रीमती मापुली महर्जन भएकोमा जेठी श्रीमती धनमाया महर्जन पनि धेरै पहिले नै मृत्यु भएको र निजको तर्फबाट विवाहित छोरी चम्पा महर्जन, छोरा जन्म नभएको, कान्छी श्रीमती मापुली महर्जन पनि मिति २०७८।७।१२ गते आफ्नो कालगतिले मृत्यु भएको हुँदा ती मृतक कान्छी श्रीमती मापुली महर्जनको तर्फबाट हक खाने हकदार छोराहरू मोहन कृष्ण महर्जन १, हिराभक्त महर्जन १, विवाहित छोरी मिठाई महर्जन समेतका नाममा ताँहा कार्यालयको नियमानुसार छुट जग्गा दर्ताका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध गरिन्छ। साथै गोविन्द ज्यापु भन्ने र गोविन्द महर्जन भन्ने व्यक्ति फरक फरक नभई एकै व्यक्ति भएको समेत अनुरोध गरिन्छ भनी गोदावरी नगरपालिका १२ नं. वडा कार्यालयको च.न. ८७१ मिति २०८२/८/४ को सिफारिस सहित साविक ठेचो ६/५५ मा भएको विरमान ज्यापुका नामको लगत भिडाई जग्गा दर्ता नामसारी गरी पाऊँ भनी द.नं. ७४४४ मिति २०८२/८/७ मा मोहन कृष्ण महर्जन समेतको नाममा संयुक्त/एकलौटी दर्ता नामसारी गरी पाऊँ भनी निवेदन माग दाबी रहेकोमा सो जग्गामा निज निवेदकको हकभोग रहेको छ/छैन, उक्त कित्ता जग्गा दर्ता नामसारी गर्न यी निवेदक बाहेक अन्य हकदार छन्, छैनन् ? उक्त जग्गामा यी निवेदक बाहेक अरू कसैको हकदाबी छ, छैन ? निवेदकको माग बमोजिम दर्ता नामसारी गरिदिँदा अन्य कसैको हकभोग स्वामित्वमा असर पर्न जाने हो वा होइन ? कसैले उल्लिखित कित्ता जग्गाको हकमा दर्ता नामसारीका लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहेको/भएको भए तथा अन्य कसैको हकदाबी भए वा निजहरूका नाममा दर्ता नामसारी हुनु नपर्ने कुनै मनासिव कारण भए सो समेत सम्पूर्ण व्यहोरा खुल्ने गरी हकदाबी सम्बन्धी गोरखापत्र राष्ट्रिय दैनिकमा ३५ दिनभित्र आफ्नो दाबी प्रमाण पुग्ने कागजात सहित यस कार्यालयमा दाबीविरोध गर्न आउनुहोला/सूचना गर्नुहोला अन्यथा नियमानुसार छुट जग्गा दर्ता नामसारी भई जाने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

| क्षेत्र | वडा | कि.नं. | क्षेत्रफल | मोही | ज.ध. | किसानको व्यहोरा | कै. |
|---|---|---|---|---|---|---|---|
| ठेचो | ३क | १३८ | ०–१३–०–० | गोविन्द ज्यापु ल.पु. ठेचो वडा नं. ३ | | यो जग्गा मेरो नाउँको दर्ता हो। | |

## दुई विधेयक पारित

**रामपुर समाचारदाता**
*रामपुर (पाल्पा), पुस २२ गते*

पाल्पाको रामपुर नगरपालिकाले हिउँदे नगर सभाबाट दुई विधेयक पारित गरेको छ। नगर सभाको १८ औँ अधिवेशनले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८२ र रामपुर नगरपालिका पर्यटन विकास विधेयक, २०८२ सर्वसम्मत रूपमा पारित गरेको हो।

सभामा विधायन समितिका संयोजक मीनबहादुर सिँजाली र सदस्य विष्णुमाया गैरेले विधेयक प्रस्तुत गर्नुभएको थियो। नगरप्रमुख रमणबहादुर थापाले यसअघि नगर सभाले १७ वटा ऐन, नौ वटा नियमावली, ६४ कार्यविधि, आठ वटा निर्देशिका, तीन वटा दिग्दर्शन, एउटा मार्गदर्शन, एउटा मापदण्ड, दुई वटा नीति, एउटा प्रारूप र दुई वटा आचारसंहिता निर्माण गरी कार्यान्वयन गरिसकेको बताउनुभयो।

सभाले ८० वटा योजना तथा कार्यक्रमको बजेट रकमान्तर गरेको छ। चालु आर्थिक वर्षको कुल बजेट ८१ करोड १३ लाख ६६ हजार ६२१ रुपियाँमध्ये दुई करोड पाँच लाख ११ हजार रकमान्तर गरिएको उपप्रमुख बालकुमारी थापाले जानकारी दिनुभयो।

## कारको ठक्करबाट प्रहरीको मृत्यु

**बुटवल समाचारदाता**
*बुटवल, पुस २२ गते*

बुटवलको धागो कारखानानजिकै कारको ठक्करबाट सडकमा सवारीसाधन चेकजाँचमा खटिएका ट्राफिक प्रहरी सहायक हवलदारको मृत्यु भएको छ। पूर्वपश्चिम राजमार्ग अन्तर्गत बुटवल धागो कारखानाअगाडि पूर्वबाट बुटवलतर्फ आइरहेको कारले सडकमा चेकजाँचमा खटिएका प्रहरी सहायक हवल्दार नागेश्वर पाललाई ठक्कर दिएको थियो। जिल्ला प्रहरी कार्यालय रूपन्देहीका सूचना अधिकारी डिएसपी सुरज कार्कीले सडकमा ड्युटीमा खटिएका अस्थायी ट्राफिक प्रहरी पोस्ट रामनगरमा कार्यरत पाललाई बागमती प्रदेश १-००३ च ००७७ नम्बरको कारले सोमबार साँझ ४ बजे ठक्कर दिएको बताउनुभयो।

कारको ठक्करबाट टाउकोमा गम्भीर चोट लागेका पाललाई लुम्बिनी प्रादेशिक अस्पतालमा लगिएकोमा उपचारकै क्रममा अस्पतालमै उहाँको मृत्यु भएको थियो। प्रहरी सहायक हवल्दार पाललाई ठक्कर दिने कारचालक गुल्मीको रेसुङ्गा नगरपालिका-१ बस्ने ५६ वर्षीय जितेन्द्र थापालाई नियन्त्रणमा लिई थप अनुसन्धान अगाडि बढाएको प्रहरीले जनाएको छ।

# सुस्ता जोगाउन स्थानीयको हारगुहार



कटान गरेर नारायणी नदी बस्तीमा पसेको क्षेत्र।

**विकास अधिकारी**
*पश्चिम नवलपरासी, पुस २२ गते*

पश्चिम नवलपरासीको नारायणी नदीपारिको ऐतिहासिक भूमि सुस्ता बचाउन स्थानीयले सरकारसँग आग्रह गरेका छन्। विभिन्न समस्याले जकडिएको सुस्ता क्रमशः सुगम बन्दै गए पनि वर्षायाममा नारायणी नदीको धार सुस्तातर्फ सोभिएपछि सुस्तावासी चिन्तित बन्दै आएका छन्।

भदौमा बल्लतल्ल बोरामा बालुवा भरेर सुस्तालाई कटानबाट जोगाएका स्थानीयले आउने वर्षायामअगावै बाढी नियन्त्रणको काम नगरे सुस्ता नै नारायणीको भेलमा बग्ने खतरा रहेको बताएका छन्। सुस्ता बचाउ अभियानका प्रवक्ता रवीन्द्र जयसवालले उचाइ बढाएर बलियो तटबन्ध लगाउनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "नारायणीको भेल सिधै सुस्तातर्फ सोभिने गरेको छ। यो हिउँदमै बलियो तटबन्ध निर्माण नगरे सुस्ताको नाम मात्र बाँकी रहन्छ, भूमि सबै बग्छ।"

भारतले विवादित भनेर जोतभोग गर्न नदिएको भूभागसमेत नारायणी नदीले कटान गर्दै गएपछि सकिन लागेको छ। सुस्ता बचाउ अभियानका कार्यवाहक अध्यक्ष मुन्ना खाँले विवादित भनिएको १९ हजार पाँच सय हेक्टरमध्ये अहिले एक चौथाइ भाग मात्र बाँकी रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "यो निकै दुःखद कुरा हो, नदी नियन्त्रणको काम गर्न सरकारले चासो नदिँदा सुस्तावासीको लालपुर्जा भएको जमिन क्रमशः बगरमा परिणत भएको छ।"

वर्षायाममा तीन दिनसम्म जाग्राम बसेर सुस्तावासीले बाढी नियन्त्रणको काम गरेका थिए। सुस्ताको झोलुङ्गे पुलदेखि पूर्वतर्फ तटबन्ध निर्माणको काम थालिए पनि पूरा भएको छैन। झन्डै तीन किलोमिटर लामो तटबन्ध निर्माण गर्नुपर्ने भएको छ। लामो समयदेखि सुस्ता बचाउ अभियानमा सक्रिय नुरजहाँ बेगम 'लैला' ले नागरिकता, लालपुर्जाका समस्याले दैनिकी चलाउनै कठिन भएका बेला नदी नियन्त्रणको विषयले चिन्तित बनाएको बताउनुभयो। आँखाभरि आँसु बनाउँदै लैलाले भन्नुभयो, "यो वर्षायामअगाडि तटबन्ध नबनाए सुस्ता बगेर जान्छ, धेरै वर्षदेखि सुस्ताको रक्षाका लागि सिमानामा खटिएको अर्थ रहँदैन।"

केही दिनअगाडि सुस्ता पुगेका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले सुस्ताको नदी नियन्त्रणका लागि तत्कालै बजेट निकासा गर्ने आश्वासन दिनुभएको थियो। प्रवक्ता जयसवालले केही दिनभित्रै काम सुरु गर्ने गरी बजेट निकासा हुने मन्त्री घिसिङबाट आश्वासन पाएको जानकारी दिनुभयो।

सुस्ताको कुल ४० हजार ९८० हेक्टर जमिनमध्ये १४ हजार पाँच सय हेक्टर भारतीय अतिक्रमण परेको छ भने अहिले सुस्तावासीले सात हजार पाँच सय हेक्टर मात्र भोगचलन गर्दै आएका छन्। १९ हजार पाँच सय हेक्टर जमिनलाई भारतले विवादित भन्दै नेपालीलाई उपभोग गर्न दिएको छैन। सुस्तामा पुग्न अहिले नेपालकै सबैभन्दा लामो एक हजार ५७१ मिटर लामो पुल निर्माण भएपछि सहज भएको छ।

## खानेपानी योजनाको सफल परीक्षण

**रेसुङ्गा समाचारदाता**
*रेसुङ्गा (गुल्मी), पुस २२ गते*

गुल्मीको मझेङ खानेपानी योजनाको सफल परीक्षण गरिएको छ। रेसुङ्गा-भाडगाउँ-मझेङखोला लिफ्ट खानेपानी योजना २०७७ असोज २३ गते निर्माण सम्झौता भएको थियो।

यो योजना सम्झौता अनुसार २०७९ असोज २८ सम्ममा सकिनुपर्थ्यो तर करिब पाँच वर्ष हुँदासम्म पूरा भएको छैन। अहिले पहिलो चरणको काम सकिएको हो। गत भदौमा यो आयोजना सङ्घीय खानेपानी आयोजना डिभिजन कार्यालय अर्घाखाँचीबाट खानेपानी तथा ढल व्यावस्थापन कार्यालय रुपन्देहीमा हस्तान्तरण भएको छ। खानेपानी तथा ढल व्यवस्थापन कार्यालय रुपन्देहीका प्रमुख सिनियर डिभिजनल इन्जिनियर अतुलेशकुमार कर्णका अनुसार अहिलेसम्म करिब ९० प्रतिशत भौतिक र ८८ प्रतिशत आर्थिक प्रगति भएको छ।

कनकाई जयमाता जेभी प्रालिसँग २५ करोड १२ लाख ७१ हजार रुपियाँमा खानेपानी आयोजना निर्माणको सम्झौता भएको थियो। कार्यालय प्रमुख कर्णका अनुसार अहिलेसम्म इन्टेक, फिल्टर, पम्पिङ स्टेसन, १२५ घनमिटरका तीन वटा, ५० घनमिटरका तीन, २५ घनमिटरका तीन र २० घनमिटरका दुई वटा गरी ट्याङ्की निर्माण र पाइपलाइनको काम भएको छ। योजनाका पाँच वटा स्टेसन छन्। अहिलेसम्म निर्माण व्यवसायीले छ पटक म्याद थप गरेर पहिलो चरणको काम गरेका छन्। खानेपानी तथा ढल व्यवस्थापन कार्यालय रुपन्देहीका प्रमुख कर्णले घर घरमा पानी वितरणका लागि अझै करिब १८ करोड रुपियाँ बजेट आवश्यक पर्ने बताउनुभयो। त्यसका लागि फाइल विभाग हुँदै अर्थ मन्त्रालय गएकाले बजेटको स्रोत सुनिश्चित हुनेबित्तिकै कामको ठेक्का प्रक्रिया अगाडि बढ्ने कर्णले बताउनुभयो। आयोजनाको काम सम्पन्न भएपछि प्रतिसेकेन्ड २८ लिटर पानी उपलब्ध हुने बताइएको छ।

रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले मझेङको खानेपानीको सफल परीक्षण भएकाले निकट समयमा घर घरमा विस्तार हुने बताउनुभयो। जनताले खानेपानीको लामो समय प्रतीक्षा गरिरहेकाले मन्त्रालय, विभागमा छलफल गर्ने र निर्माण व्यवसायीलाई निरन्तर ताकिता गरेर थप कामका लागि अझै लागिरहेको पन्थीले बताउनुभयो।

रेसुङ्गा नगरपालिकाका १३ वडामा खानेपानीको पहुँच पुऱ्याउन रेसुङ्गा-भाडगाउँ-मझेङखोला खानेपानी आयोजना समयमै नसकिएपछि स्थानीय निराश छन्। रेसुङ्गा नगरपालिका-७ का भेषबहादुर केसीले आयोजना सुरु भएको आधा दशक बितेकाले चुनावी फन्डा जस्तो बनाइएको बताउनुभयो।

रेसुङ्गा नगरपालिका-८ र ९ मा डिप बोरिङमार्फत खानेपानीको तत्कालको सङ्कट समाधान गरिएको छ। डिप बोरिङभन्दा पहिले सुक्खा समयमा नगरपालिकाले ट्याङ्करमा पानी बोकेर वितरण गर्ने अवस्था आएको थियो। यसका कारण रेसुङ्गा-भाडगाउँ-मझेङखोला खानेपानी योजना निर्माणको खबरले स्थानीय निकै उत्साहित थिए। यो योजनाले रेसुङ्गा नगरपालिकाको एउटा वडाबाहेक अरू सबै वडामा खानेपानीको सेवा पुग्ने लक्ष्य राखिएको छ।

## बाआमासँग नगरप्रमुख स्वास्थ्य कार्यक्रम

**बुटवल समाचारदाता**
*बुटवल (रुपन्देही), पुस २२ गते*

बुटवल उपमहानगरमा सञ्चालन भएको बाआमासँग नगरप्रमुख स्वास्थ्य कार्यक्रमबाट ज्येष्ठ नागरिकले घरमै सेवा पाउन थालेपछि खुसी भएका छन्। स्वास्थ्यकर्मीले ज्येष्ठ नागरिकको घरमै पुगेर स्वास्थ्य जाँच गर्ने र निःशुल्क औषधीसमेत उपलब्ध गराउँदै आएका छन्। त्यसै गरी स्वास्थ्यको जोखिममा रहेका ज्येष्ठ नागरिकलाई थप उपचार गर्नुपर्ने भएमा सम्बन्धित स्वास्थ्य संस्थामा उपचारका लागि पठाउनेसमेत गरिएको छ।

बुटवल उपमहानगरपालिकाले गत महिनादेखि थालेको यो अभियानबाट बुटवलका विभिन्न वडाका गरी दुई हजारभन्दा बढी ज्येष्ठ नागरिकले सेवा लिएका छन्। बुटवल उपमहानगरपालिकाका जनस्वास्थ्य शाखा प्रमुख युवराज पाण्डेयले बुटवलका १ देखि १९ वटै वडामा यो कार्यक्रम जारी रहेको र सबै वडामा सेवा पुऱ्याउने जानकारी दिनुभयो।

आइतबार र सोमबार मात्रै बुटवल वडा नं. १८ मा १८० जना र वडा नं. १९ मा १४४ जना गरी ३२४ जना ज्येष्ठ नागरिक लाभान्वित भएका छन्। बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले ज्येष्ठ नागरिकलाई अस्पतालमा लामो समय लाइन लागेर उपचार गर्न नपरोस् र उनीहरूले सहज रूपमा स्वास्थ्य सेवा पाऊन् भन्ने उद्देश्यले उपमहानगरपालिकाले बाआमासँग नगर प्रमुख स्वास्थ्य जाँच तथा उपचार शिविर सञ्चालन गरेको बताउनुभयो।

नगरप्रमुख पाण्डेयले अब वर्षमा दुई पटक यस्तैखाले शिविर सञ्चालन गर्ने गरी कानुनी प्रबन्ध मिलाइएको जानकारी दिनुभयो। हिँड्डुल गर्न नसक्ने तथा अशक्त ज्येष्ठ नागरिकलाई यातायातको व्यवस्था गरेर शिविरसम्म ल्याउने तथा शिविरमा आउन नसक्नेलाई घरमै पुगेर स्वास्थ्य उपचार गर्ने व्यवस्था मिलाइएको छ।

बुटवल तामनगरका ज्येष्ठ नागरिक रमेशप्रसाद रिजालले बुटवल उपमहानगरले सञ्चालन गरेको यो कार्यक्रमबाट घरमै उपचार सेवा पाएको भन्दै खुसी प्रकट गर्नुभयो। सेमलारका ज्येष्ठ नागरिक गङ्गा शाहीले गाउँघरमै स्वास्थ्य जाँच र निःशुल्क औषधीको व्यवस्था मिलाइएको भन्दै यो कार्यक्रमले पैसा नभएर उपचार नपाएका ज्येष्ठ नागरिकलाई सुविधा पुगेको बताउनुभयो।

# अल्पसङ्ख्यक सूचीमा समावेश गर्न माग

**तौलिहवा समाचारदाता**
*तौलिहवा (कपिलवस्तु), पुस २२ गते*

कपिलवस्तुमा बसोबास गर्ने नेटुवा समुदायले आफूहरूलाई अल्पसङ्ख्यक जातिको सूचीमा समावेश गर्न सरकारसँग माग गरेको छ। अल्पसङ्ख्यक सूचीमा नपरेकै कारण सामाजिक सुरक्षा भत्तालगायत सुविधाबाट वञ्चित हुनु परेको उनीहरूको गुनासो छ। नेटुवा समुदायका अनुसार पत्थरकट्टा जातिका व्यक्ति अल्पसङ्ख्यक सूचीमा सूचीकृत भई मासिक सामाजिक सुरक्षा भत्ता पाउँदै आए पनि उनीहरू भने दसकौँदेखि सोही सुविधाबाट वञ्चित छन्। तीन दशकदेखि विभिन्न सरकार र निकायसमक्ष माग राख्दै आए पनि हालसम्म सुनुवाइ नभएको उनीहरूको भनाइ छ।

मायादेवी गाउँपालिका-२, अभिरावका पण्डित नेटुवाले पटक पटक काठमाडौँ पुगेर माग राख्दा राज्यले बेवास्ता गरेको गुनासो गर्नुभयो। उहाँले भन्नुभयो, "लोपोन्मुख वा अल्पसङ्ख्यक जातिको सूचीमा राख्न माग गर्न थालेको तीन दशक भयो तर राज्यले अझै सुनेको छैन।" शुद्धोधन गाउँपालिका-१, प्रगतिनगरमा सुकुमवासी बस्तीमा १४ घरधुरीमा दुई सयभन्दा बढी नेटुवा समुदायको बसोबास छ। उनीहरूसँग नेपाली नागरिकताको प्रमाणपत्रबाहेक अन्य कुनै सम्पत्ति वा पहुँच छैन। गाँस, बास र कपासको समस्यामै दैनिकी बितिरहेको स्थानीय बताउँछन्।

स्थानीय महेन्द्र नेटुवाका अनुसार आफूहरूभन्दा 'उच्च' मानिने पत्थरकट्टा जातिलाई राज्यले अल्पसङ्ख्यक सूचीमा राखेर सुविधा दिँदा पनि नेटुवा भने सूचीबाहिर परेका छन्। उहाँले भन्नुभयो, "थर नेटुवा भएको नागरिकता बनाए पनि हामीलाई पत्थरकट्टाभन्दा तल्लो जाति भनेर हेर्ने गरिन्छ।"

स्थानीय लक्ष्मी नेटुवाले जातीय विभेद अझै गहिरो रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले छोएको पानीसमेत पत्थरकट्टाले नखाने अवस्था छ। राज्यले उनीहरूलाई लोपोन्मुख सूचीमा राखेर सुविधा दिएको छ तर हामीलाई किन दिइँदैन ?" बर्सौंदेखि नेताहरूलाई भोट दिए पनि जितेपछि फर्केर नआएको उहाँको गुनासो छ।

स्थानीय नेतराम नेटुवाले प्रमुख जिल्ला अधिकारीमार्फत मन्त्रालयसम्म पटक पटक ज्ञापनपत्र बुझाउँदा पनि कुनै उपलब्धि नभएको बताउनुभयो। उहाँले भन्नुभयो, "हामी पनि यही देशका नागरिक हौँ तर नागरिकताबाहेक केही छैन।" उहाँले नेपाली नागरिक हुँदाहुँदै पनि भारतीय भनेर हेपिने गरेको पीडा पनि सुनाउनुभयो। हाल अल्पसङ्ख्यक सूचीमा सूचीकृत पत्थरकट्टा जातिका प्रत्येक व्यक्तिले मासिक चार हजार रुपियाँ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आएका छन्। सर्प समात्ने र सर्प मारेर खाने समुदायका रूपमा परिचित नेटुवा समुदाय शिक्षा, स्वास्थ्य र रोजगारीबाट समेत वञ्चित छन्। धेरैको दैनिकी भिक्षा मागेर गुजारा गर्नुपर्ने अवस्थामा पुगेको छ।

नेटुवा समुदायको जीविकोपार्जन सुधारका लागि कपिलवस्तुमा सर्प उद्धारसम्बन्धी सिप विकास तालिम तथा लोकल ब्यान्ड बाजा बजाउने तालिम सञ्चालन गरिएको थियो। बिएमजेड र डब्लुएचएचको आर्थिक तथा प्राविधिक सहयोगमा फरवार्ड नेपाल र कालिका स्वावलम्बन सामाजिक विकास केन्द्रद्वारा सञ्चालित 'सुधारिएको खाद्य प्रणाली परियोजना' अन्तर्गत तालिम दिइएको हो। कपिलवस्तु जिल्लामा करिब तीन सय घरधुरी नेटुवा समुदायको बसोबास रहेको अनुमान छ। कृष्णनगर नगरपालिका-बहादुरगन्ज, शुद्धोधन गाउँपालिका-प्रगतिनगर, मायादेवी गाउँपालिका-अभिराव तथा यशोधरा गाउँपालिका-वसन्तपुरलगायत क्षेत्रमा उनीहरूको बसोबास छ।

नेटुवा समुदायले राज्यसँग आफ्नो पहिचान सुनिश्चित गर्दै अल्पसङ्ख्यक जातिको सूचीमा समावेश गरी सामाजिक न्याय र समान पहुँचको माग गरेका छन्।

Madhesh Province Government
Ministry of Health & Population
**Province Public Health Laboratory**
Janakpurdham, Dhanusha

**Invitation for Electronic Bids**

**First Date of Publication : 07 Jan. 2026 (23th Paush 2082)**

1. The Province Public Health Laboratory, Madhesh Pradesh invites electronic bids from eligible bidders for following goods Under National Competitive Biding procedures.

| S. N. | Contract Identification No. | Description of Items | Cost of Bidding document (NRs) | Amount of Bid Security (NRs) | Bid Validity |
|---|---|---|---|---|---|
| 1. | MP/PPHL/ NCB/GOODS-3/2082-83 | Proc The procurement of supply and delivery of PCR Kits and Consumables for HPV DNA Screening program | 3,000.00 | 4,03,000.00 | 90 days |

2. For details, bidders are advised to visit Website: **www.bolpatra.gov.np/egp**.

**Act. Director**

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
**जुटबाली अनुसन्धान कार्यक्रम, इटहरी**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८२।०९।२३**

यस कार्यक्रमको मिति २०८२/०७/१६ गतेको गोरखापत्रमा प्रकाशित बोलपत्र सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लिखित बोलपत्रहरू न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनका लागि आजैका मितिदेखि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र/दरभाउपत्र दाताको नाम र ठेगाना | कबोल गरेको रकम (मू.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १. | JRPItahari/NCB/Works/03-2082/83 | Channel construction for irrigation. | Ankit Pratik Construction and Suppliers Ramdhuni-09, Sunsari. | १२,११,१२४।४९ | बोलपत्र |
| २. | JRPItahari/NCB/Works/04-2082/83 | Boring for irrigation. | Prince Nirman Sewa, Budiganga-02, Tanki Sinwari Morang. | ११,१७,९९७।७४ | बोलपत्र |

नेपाल सरकार
**वन तथा वातावरण मन्त्रालय**
**जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको**

**महाप्रबन्धक नियुक्तिका लागि गठित छनोट समितिको पदपूर्ति सम्बन्धी सूचना**

**(दोस्रो पटक प्रकाशित मिति : २०८२।९।२३)**

वन तथा वातावरण मन्त्रालय अन्तर्गतको जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको रिक्त महाप्रवन्धक पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहाय बमोजिम योग्यता तथा अनुभव पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रथम पटक मिति २०८२।५।१२ मा प्रकाशित भएकोमा दरखास्तको अवधि पूरा नहुँदै उत्पन्न असहज परिस्थितिका कारण प्रक्रिया स्थगित भएकोले दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र (अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट) कार्यालय समयमा मन्त्रालयको प्रशासन शाखा, सिंहदरबार, काठमाडौँमा गोप्य दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। निर्धारित मिति र समयभित्र प्राप्त हुन नआएका तथा रीत नपुगेको दरखास्त उपर कुनै कारबाही हुनेछैन। साथै प्रथम पटक प्रकाशित सूचना बमोजिम प्राप्त दरखास्त समेत मान्ने हुने व्यहोरा जानकारी गराइन्छ।

१) **योग्यता तथा अनुभव :**

क) मान्यता प्राप्त विश्वविद्यालयबाट वन विज्ञान, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि विज्ञान, समाज शास्त्र, व्यवस्थापन, वनस्पति शास्त्र वा अर्थशास्त्र विषयमा कम्तीमा स्नातक तहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दस वर्षको अनुभव भएको हुनुपर्नेछ।

ख) तीस वर्ष उमेर पूरा भएको हुनुपर्नेछ।

२) **दरखास्त पेश तथा छनोट प्रक्रिया :**

क) दरखास्त साथ वन तथा वातावरण मन्त्रालयको website: **www.mofe.gov.np** मा प्रकाशित वन तथा वातावरण मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी, कार्यकारी प्रमुख तथा सदस्यको नियुक्ति र मनोनयनका लागि छनोट गर्दा अपनाउनुपर्ने कार्यविधि, २०७५ को दफा ३ बमोजिमको कागजात संलग्न राखी सोही कार्यविधिको अनुसूची बमोजिमको दरखास्त फाराम भरी पेश गर्नुपर्नेछ।

ख) अन्तर्वार्ताको दिन उम्मेदवार आफ्ना सबै सक्कल प्रमाणपत्र सहित उपस्थित हुनुपर्नेछ।

ग) जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड सञ्चालनको व्यावसायिक कार्य योजना सिलबन्दी गरी बढीमा १५ पेजमा (हार्ड र सफ्ट कपी छुट्टाछुट्टै) पेश गर्नुपर्नेछ। व्यावसायिक कार्य योजनामा कम्पनीलाई विस्तार (Upscalling) गर्ने रणनीतिक योजना समेत पेश गर्नुपर्नेछ।

घ) दरखास्त फाराम पेश गर्दा लाग्ने परीक्षा दस्तुर बापत वन तथा वातावरण मन्त्रालयको कार्यालय कोड नम्बरः ३२९००३५०१, राष्ट्रिय वाणिज्य बैंकको राजस्व खाता नं. १०००१००२०००१०००० तथा राजस्व शीर्षक नं. १४२२४ मा रु. ३,०००।- बुझाएको सक्कल भौचर संलग्न गर्नुपर्नेछ।

ङ) व्यावसायिक कार्य योजनाको प्रस्तुतीकरण र उम्मेदवारको छनोट सम्बन्धी विस्तृत विवरण मन्त्रालयको website: www.mofe.gov.np मा प्रकाशित "**वन तथा वातावरण मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३**" तथा "**वन तथा वातावरण मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी कार्यकारी प्रमुख तथा सदस्यको नियुक्ति र मनोनयनका लागि छनोट गर्दा अपनाउनुपर्ने कार्यविधि, २०७५**" मा उल्लेख भए बमोजिम हुनेछ।

च) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त छनोट तथा सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी कुनै पनि समयमा रद्द गर्न सक्नेछ।

छ) झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

ज) यस सम्बन्धी थप जानकारीका लागि वन तथा वातावरण मन्त्रालयको प्रशासन शाखा वा टेलिफोन नं.४२११८९१ मा सम्पर्क गर्न सकिनेछ।

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
**प्रधान कार्यालय**
**मानवस्रोत व्यवस्थापन विभाग**

**सिफारिस सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८२।०९।२२**

यस बैंकको विज्ञापन नं. २५/२०८१-८२ (खुला तथा समावेशी) तह ६, सहायक प्रबन्धक (CA) पदको लोक सेवा आयोगबाट लिइएको लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनोट भएका उम्मेदवारहरूको मिति २०८२/०९/२२ गते लिइएको अन्तर्वार्तामा उपस्थित उम्मेदवारहरूले लिखित परीक्षा र अन्तर्वार्तामा प्राप्त गरेको कुल प्राप्ताङ्क अनुसारको योग्यता क्रमका आधारमा सफल भएका उम्मेदवारहरूको सूची बैंकको वेबसाइट **https://www.nepalbank.com.np/career.html** तथा सूचना पाटीमा प्रकाशित गरिएको छ। सफल उम्मेदवारहरूले निरोगिताको प्रमाणपत्र (बैंकले निर्धारण गरेको ढाँचामा) सहित मिति २०८२/०९/२८ गते सम्ममा यस विभागमा सम्पर्क राख्न आउनुहोला। उक्त मितिभित्र सम्पर्क राख्न नआएमा नियमानुसार प्रतीक्षा सूचीका वैकल्पिक उम्मेदवारलाई नियुक्ति गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। निरोगिता प्रमाण पत्रको नमुना बैंकको वेबसाइट **https://www.nepalbank.com.np/career.html** बाट प्राप्त गर्न सकिनेछ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**
**नेपाल बैंक लिमिटेड**

**लाइनमेन श्री लुपेन्द्र राई (६३२८) लाई सेवाबाट हटाइएको बारेको सूचना।**

प्रस्तुत विषयमा यस कम्पनी अन्तर्गत दू.सं.का. इटहरीमा कार्यरत तपाईं ला.मे. श्री लुपेन्द्र राई (६३२८) विभिन्न मितिमा पटक पटक कार्यालयमा अनुपस्थित रहने गरेकोमा मिति २०८२/०२/२१ देखि निरन्तर बिना सूचना कार्यालयमा अनुपस्थित रही कार्यालयको सम्पर्कमा नआएकोले ३० (तीस) दिनभित्र कम्पनीमा सम्पर्क राखी लिखित भनाइ पेश गर्न मिति २०८२।०८।११ गतेको गोरखापत्र राष्ट्रिय दैनिक तथा कम्पनीको वेबसाइटमा सूचना प्रकाशित गरिए पश्चात् समेत कुनै सम्पर्क नगरेकोले तपाईंलाई नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०७८ को आचरण तथा अनुशासन सम्बन्धी विनियम १०९ पालना नगरी विनियम १२६ (च)(छ) उल्लङ्घन गरेको कसुरमा सोही विनियमावलीको विनियम १२३ (ख)"१" बमोजिम भविष्यमा कम्पनीको सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने भनी मिति २०८२/०९/२० मा निर्णय भएकोले सोही बमोजिमको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै, उपरोक्त बमोजिम भएको विभागीय कारबाही उपर चित्त नबुझेमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०७८ को विनियम १३० को उपविनियम ७ बमोजिम पुनरावेदन गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराइएको छ।

**नेपाल टेलिकम**
**केन्द्रीय कार्यालय**
**मानव संसाधन विभाग**
**(कर्मचारी प्रशासन शाखा)**

# हिउँले छोप्यो सडक र पदमार्ग


तस्बिर सौजन्य : दीपक ओली

**हिउँले बाटो पुरेपछि मुस्ताङ वारागुङको साङ्ता क्षेत्रमा हिँड्दै स्थानीय ।**

**हरिकृष्ण शर्मा**
*मुक्तिनाथ (मुस्ताङ), पुस २२ गते*

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–५, साङ्ता गाउँ आसपासका क्षेत्र हिउँले छपक्कै छोपेको छ। मुस्ताङको वारागुङ मुक्तिक्षेत्र र डोल्पाको छार्का ताङसोङ गाउँपालिकालाई सडक सञ्जालले जोड्ने साङ्ता आसपासको सडक तथा भिरपाखा सबै हिउँले सेताम्मे भएको हो।

सदरमुकाम जोमसोमबाट पाक्लिङ, फलेकलगायतका क्षेत्र हुँदै साङ्तागाउँसम्म जाने सडक आसपासका क्षेत्रमा हिउँ जमेको छ। जोमसोमबाट ४० किलोमिटर र साङ्ताबाट याकखर्क हुँदै डोल्पाको सिमानासम्म ३५ किलोमिटर सडकको मार्गले जोडे पनि अहिले सवारीसाधनसँगै पैदलमार्गबाट समेत दुई जिल्लामा आवतजावत गर्न मुस्किल रहेको स्थानीय छेवाङ गुरुङले बताउनुभयो।

उहाँले भन्नुभयो, "सडक र पैदलमार्गबाट छिमेकी जिल्ला जान सम्भव छैन, हिउँले सडक र हिँड्ने बाटो पूरै पुरिदिएको छ। हिउँ बाक्लै परेकाले अब फागुनको अन्तिम सातासम्म आवतजावत सामान्य हुँदैन जस्तो लागेको छ।"

हिमपात नहुँदासम्म ट्याक्टरमा सामान ढुवानी गरी भरियामार्फत डोल्पा लैजाने गरिए पनि अहिले हिउँ पन्छाउनसमेत समस्या रहेको छ। समुद्री सतहदेखि तीन हजार आठ सय मिटर उचाइमा रहेको साङ्ता गाउँ अहिले सुनसान भएको छ। गाउँबाट स्थानीय जाडो छल्न करिब ३० किलोमिटर टाढा रहेको छिमेकी फलेक धाकारजुङ, पाक्लिङ, सदरमुकाम जोमसोमसहित पोखरा, काठमाडौँमा गएपछि पशुचौपायाको रेखदेख गर्नेबाहेक कोही छैनन्। १३ घरधुरी रहेको साङ्ता गाउँमा कुल जनसङ्ख्या ७० जना रहेको गाउँको रेखदेख अहिले गोठालाले गरेका छन्।

घोडा, खच्चड तल झारेर याकचौरीसहित पशुचौपायालाई बस्ती क्षेत्रमा गोठालाको जिम्मा लगाएपछि मङ्सिर महिनादेखि बस्ती सुनसान छ भने सडकमार्गमा समेत हिउँ जमेपछि मुस्ताङ–डोल्पा पैदलमार्गसमेत बन्द भएको छ। वडाध्यक्ष सुरेन्द्र गुरुङले मध्य फागुनसम्म हिमपात नभए स्थानीय गाउँ फर्किने बताउनुभयो।

भौगोलिक विकटता, मौसमी जटिलताका कारण वर्षका पाँच महिना स्थानीयले गाउँ छोड्ने गरेका छन्। यस क्षेत्रमा लोपोन्मुख हिउँ चितुवासहित अन्य वन्यजन्तुको बासस्थान रहेको छ। यस्तो बेला चोरीसिकारको खासै डर त हुँदैन तर पनि नियमित अनुगमन गर्ने गरिएको छ। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका कार्यालय जोमसोमका संरक्षण सहायक दीपक ओलीका अनुसार हिउँचितुवाको सर्वेक्षणका लागि साङ्ता आसपासका क्षेत्रमा सात वटा क्यामरा जडान गरिएको छ।

सदरमुकाम जोमसोमबाट करिब ४० किमी टाढा रहेको यस क्षेत्रमा वन्यजन्तुको संरक्षणका लागिसमेत नियमित अनुगमन हुने बताउनुभयो। एक्याप जोमसोमको टोली करिब एक सातासम्म वन्यजन्तुको संरक्षण तथा अवलोकनका लागि उक्त क्षेत्रमा पुगेर फर्किएको छ। मुस्ताङको थासाङ, घरपझोङ र वारागुङ मुक्तिक्षेत्र र लो–घेकर दामोदरकुण्ड र ल्होमन्थाङ गाउँपालिकाको माथिल्लो क्षेत्रमा हिउँले पहाड नै सेताम्मे भएको छ भने बिहान र बेलुकीको समयमा पानीसमेत जम्ने गरेको छ।

# राजस्व तिर्न नपाएको सेवाग्राहीको गुनासो

**पोखरा समाचारदाता**
*पोखरा, पुस २२ गते*

स्थानीय तहले प्रयोग गर्दै आएको सफ्टवेयर प्रणालीले काम गर्न नसक्दा सेवाग्राही मर्कामा परेका छन्। पुस मसान्तभित्रमा विभिन्न किसिमका राजस्व तिर्नुपर्ने भए पनि राजस्व तिर्न गएका सेवाग्राहीले राजस्वसमेत तिर्न नपाएको गुनासो व्यक्त गरेका छन्।

महालेखा नियन्त्रक कार्यालयबाट प्रदान गरिएको स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली सफ्टवेयरले काम गर्न नसक्दा कर्मचारीसमेत हैरानीमा परेका छन्। पोखरा महानगरपालिका–९ का सन्तबहादुर गुरुङले पाँच पटक धाउँदा पनि सेवा लिन नपाएको गुनासो राख्नुभयो। उहाँले भन्नुभयो, "हाम्रो सरकार पनि कस्तो हो, पैसा तिर्छुभन्दा पनि तिर्न नपाउने, के मिलेन के मिलेन भनेर राजस्वसमेत तिर्न पाएको छैन।"

उमेरले ६५ वर्ष पुगेको बताउने गुरुङले भन्नुभयो, "हामी पैसा तिर्न आउँदा तिर्न नपाएपछि अब समय बितेपछि जरिबाना लिन पाइँदैन, यसको सबैले विरोध गर्नु पर्छ।" त्यसै गरी फाइल बोकेर व्यवसाय कर तिर्न आउनुभएका क्रस रोड थकाली किचनका सञ्चालक एवं रेवान पोखराका महासचिव विरेन थकालीले पनि राजस्व तिर्न नपाएको आक्रोश पोख्नुभयो। यसका विषयमा पोखरा उपमहानगरपालिका–९ का सचिव कुलराज पौडेलले भन्नुभयो, "हामी कर्मचारी काममा खटेकै छौँ तर सिस्टम चल्दैन, अनि हामीले के गर्ने ?"

देशभर महालेखाले ७५३ स्थानीय तहमध्ये ७४८ मा यो प्रणाली लागु भएको छ। जसमा पोखरा महानगरले पनि सो सफ्टवेयर प्रयोग गरेको छ। सफ्टवेयर नचल्दा राजस्व सङ्कलन समेत प्रभावित भएको पोखरा महानगरपालिका प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्यालले जानकारी दिनुभयो। सफ्टवेयर प्रणालीको क्षमता विकास गरी द्रुत सेवा दिनका लागि मन्त्रालय र महालेखामा पटक–पटक अनुरोध गर्दै आएको उहाँको भनाइ छ।

# चुनावमा भोट हाल्न फर्किन्छौँ

**मुक्तिनाथ समाचारदाता**
*मुक्तिनाथ (मुस्ताङ), पुस २२ गते*

> भोट माग्न आउने नेतालाई उहाँहरूले विगतमा गरेको असल कामका बारेमा यस पटक सोधपुछ गर्ने विचार गरेका छौँ। चित्त बुझ्यो भने भोट हाल्छौँ। चित्त बुझेन भने अर्को नेतालाई छान्छौँ।

उपल्लो मुस्ताङको ल्होमन्थाङ गाउँपालिका अन्तर्गत छोसेरका ६७ वर्षीय छेप्टेङ गुरुङ चिसोबाट बच्नका लागि बेँसी झरिसक्नुभएको छ। बिहान र बेलुकीको समयमा अत्यधिक चिसोले गाउँघरमा बस्न नसक्ने अवस्था भएपछि जिल्लाबाहिर जानुभएका गुरुङले फागुन महिनामा गाउँ फर्किने योजना बनाउनुभएको छ।

कृषि र पशुपालनमा सक्रिय गुरुङ जस्तै अर्का ७२ वर्षीय वङ्दी गुरुङले जाडो फालेर आसन्न प्रतिनिधि सभा निर्वाचनमा गाउँ फर्किने सोच बनाउनुभएको छ। अत्यधिक चिसोले जिल्ला छोड्नुभएका छोसेरकै टस्सी गुरुङले चैत महिना फर्किने तयारी गरे पनि फागुनमा हुने आसन्न निर्वाचनमा भोट हाल्न अगाडि नै गाउँ फर्किने मन बनाएको उहाँले बताउनुभयो।

गुरुङले भन्नुभयो, "भाग्य निर्माण गर्ने चुनाव हुँदै छ। अहिले चिसोका कारण घरबाहिर जानु परे पनि भोट हाल्ने गरी सबै परिवार गाउँ फर्किन्छौँ।" गाउँको विकासको योजना हाल्ने, गाउँका समस्या समाधानका लागि प्रयास गर्नेलाई निर्वाचनमा भोट हालेर सघाउने विचार गरेको वङ्दी गुरुङको भनाइ छ। गुरुङले भन्नुभयो, "राम्रो काम गर्नेलाई हामीले भोट हाल्ने हो। भोट माग्न आउने नेतालाई उहाँहरूले विगतमा गरेको असल कामका बारेमा यस पटक सोधपुछ गर्ने विचार गरेका छौँ। चित्त बुझ्यो भने भोट हाल्छौँ। चित्त बुझेन भने अर्को नेतालाई छान्छौँ।"

उपल्लो मुस्ताङको ल्होमन्थाङ र लो–घेकर दामोदरकुण्ड गाउँपालिकाका झन्डै ८० प्रतिशत स्थानीयवासी चिसो छल्न बेँसी झरिसकेको अवस्थामा अहिले गाउँ सुनसान छ। गाउँबाट झरेकाहरू पोखरा, काठमाडौँलगायत देशका विभिन्न जिल्लामा पुगेका छन्। फागुन महिनामा मौसम पनि सुधार हुने भएकाले अधिकांश दोस्रो सातासम्म गाउँ फर्किन्छन्।

यस पटक प्रतिनिधि सभाको निर्वाचन फागुन २१ गते भएकाले चैत, वैशाख महिनामा फर्किनेले समेत भोट हाल्न फागुनमा गाउँ आउने योजना बनाएका छन्।

नेपाल–चीन जोड्ने उत्तरी कोरला नाकास्थित दशगजा क्षेत्रमा व्यापार गर्ने युवा पेमा छिरिङ गुरुङले चुनावमा दलका उम्मेदवारले नै मतदाता खोज्दै आउने गरेको बताउनुभयो। युवा व्यवसायी गुरुङले भन्नुभयो, "थोरै मतदाता भएकाले सबैको नजरमा परिन्छ, भोट माग्न सबै आउने भए पनि योग्य उम्मेदवारलाई मात्र यो पटक भोट हाल्ने हो।"

यस पटक कोरला नाका व्यावसायिक रूपमा सञ्चालन तथा सडक सञ्जालसहित स्थानीयस्तरमा विकास निर्माणले समेत गति लिएको अवस्थामा मुस्ताङवासी उत्साहित नै छन्। जाडो छल्न जिल्लाबाहिर भएका मतदातासँग राजनीतिक दलका नेताहरू अनौपचारिक भेटघाटमा व्यस्त छन्। मुस्ताङमा ३९ मतदान स्थलमा कुल ११ हजार ३२८ जना मतदाता रहेका छन्। जिल्लामा निर्वाचन कार्यालयलेसमेत निर्वाचनको तयारी सुरु गरेको जनाएको छ।

# आठ वर्षमा नब्बे प्रतिशत काम



**नवलपुर समाचारदाता**
*नवलपुर, पुस २२ गते*

नवलपुरको कावासोती नगरपालिकामा निर्माण भइरहेको केरुङ्गे खोलाको पुल आठ वर्षको अवधिमा पनि निर्माण सम्पन्न हुन सकेको छैन। नगरपालिकाका वडा नम्बर ३, ४ र ५ लाई जोड्ने पुलको आठ वर्षमा ९० प्रतिशत काम सम्पन्न भएको छ।

तीन वर्षमा सक्ने गरी २०७५ सालमा सुरु भएको पुल निर्माणको काम अहिले ९० प्रतिशत सकिएको कावासोती नगरपालिका–४ का वडाध्यक्ष नारायणप्रसाद लोहनीले बताउनुभयो। २०७७ साल असारसम्ममा निर्माण सम्पन्न गर्नुपर्नेमा सम्झौता भए पनि निर्माणको काम अलपत्र पारेर पटक पटक ठेकेदार सम्पर्कविहीन भएपछि निर्धारित समयमा पुल सम्पन्न हुन नसकेको हो। पुलको माथिल्लो भाग कालोपत्रे भएर आवतजावत गर्न मिल्ने भए पनि पुललाई जोड्ने दायाँबायाँ बाटो कालोपत्रे भएको छैन भने तटबन्ध निर्माण र ग्याबिन पर्खाल लगाउने काम पनि बाँकी छ।

तटबन्ध निर्माण नहुँदा तटीय क्षेत्रमा डुबानको जोखिम रहेको भन्दै वडाध्यक्ष लोहनीले तत्काल निर्माणको काम थालनी गर्न ठेकेदार कम्पनीलाई आग्रह गर्नुभयो। यहाँ पुल निर्माण नहुँदा बर्खाको समयमा विद्यार्थी, हुप्सेकोट र कावासोतीका व्यावसायिक किसानलाई सबैभन्दा बढी समस्या हुने गरेको छ।

# सङ्घीयताले बदलियो आँधीखोला

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, पुस २२ गते*

केही वर्षअघिसम्म सडक, पूर्वाधार, स्वास्थ्य शिक्षामा पछाडि रहेको स्याङ्जाको आँधीखोला गाउँपालिकाले पछिल्ला दिनमा भने विकासमा महत्त्वपूर्ण फड्को मारेको छ।

यहाँको सेपत देउराली सडक छ करोड २५ लाख रुपियाँमा कालोपत्रे भएको छ। पालिका, प्रदेश सरकार र सङ्घीय सरकारको लगानीमा यहाँको हरके टोल टोलको सडक कालोपत्रे भएको छ।

पालिकाले बरपिपले, झारखोला, फूलबारी पुवाडाँडा, जरेखोला, वावडे, जुग्ने गवनपानी, फूलबारी सडक गरेर १७ किमी कालोपत्रे गरेको हो। त्यसै गरी प्रदेश सरकारमार्फत पूर्वाधार विकास कार्यालयले नागडाँडा, कार्कीनेटा र पुतलीखेत सडक गरेर कुल २० किमी कालोपत्रे गरेको छ ।

# नौ मतदान केन्द्र थपिए

**नवलपरासी समाचारदाता**
*कावासोती, पुस २२ गते*

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि हाल जिल्लामा नौ मतदान केन्द्र थपिएका छन्।

जिल्लामा यसअघि तीन सय दुई मतदान केन्द्र रहेकोमा यो पटक नौ वटा मतदान केन्द्र थपिँदा कुल ३११ मतदान केन्द्र कायम भएको प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेले बताउनुभयो। सुरक्षा समितिको बैठकले मतदान केन्द्र थप्न निर्वाचन आयोगलाई सिफारिस गरेको आधारमा मतदान केन्द्र थप गरिएका हुन्।

जिल्ला निर्वाचन कार्यालयले पूर्वी नवलपरासीमा बुलिङटार गाउँपालिका–२ मा एक मतदान केन्द्र, गैँडाकोट नगरपालिका वडा नं ४ र १८ मा दुई र देवचुली नगरपालिकाको वडा नं ४ झाक्रेमा एक मतदान केन्द्र थप भएको छ। त्यसै गरी क्षेत्र नं २ मा मध्यविन्दु नगरपालिकाको वडा नं १, ४ र ७ वडामा गरी तीन र विनयीत्रिवेणी गाउँपालिकाको वडा नं २ र ४ मा थप दुई मतदान केन्द्र गरी जिल्लाभरि नौ मतदान केन्द्र थप गरी कायम गरिएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख लालप्रसाद भुसालले बताउनुभयो।

**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
पातो, सप्तरी, मधेश प्रदेश, नेपाल
**सच्याइएको**
यस डाक्नेश्वरी नगरपालिकाको कार्यालय, पातो, सप्तरीद्वारा मिति २०८२।०९।२१ गते प्रकाशित विज्ञापन नं. ०१/२०८२/०८३, पदः सूचना प्रविधि अधिकृत, तहः सातौँ हुनुपर्नेमा अन्यथा भएकोले सोही अनुसार सच्याइएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

Government of Nepal
Ministry of Home Affairs
**Nepal Police Headquarters**
Department of Administration
Welfare Division (COE Section) Naxal, Kathmandu
**Invitation for Online Bids**
Date of publication: 7th January, 2026 (23th Paush, 2082)

1. **Nepal Police Headquarters, Welfare Division, Naxal, Kathmandu** invites electronic bids from eligible bidders for the procurement of below mentioned Goods required under National competitive bidding- **"Single Stage Two Envelope procedures"** specified in Public Procurement Act and Regulation. The name and identification of the contract are as follows:

| S. N. | Contract ID No. | Name of Goods | Quantity | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1. | NPHQ/ NPWF/NCB/ G/2082/083/01 | The Procurement of School Bus 51 Seater | 3 (Three) Unit | 10,20,000.00 | 5,000.00 |
| | | The Procurement of School Bus 41 Seater | 2 (Two) Unit | | |

**काठमाडौँ महानगरपालिका**
**यें महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खरिद एकाइ**
**काठमाडौँ प्लाजा, कमलादी, काठमाडौँ**
**सच्याइएको सूचना ।**
**प्रकाशित मिति : २०८२।०८।२३ (नेपाल संवत् ११४६ पोहेलागा चौथि)**
काठमाडौँ महानगरपालिका खरिद एकाइले 10-15-081-82-NCBG-IT-KMC, 10-14-081-82-NCBG-IT-KMC, 10-13-081-82-NCBG-IT-KMC, 10-12-081-82-NCBG-IT-KMC कार्यका लागि मिति२०८२।०९।२२ गतेको गोरखापत्रमा Notice for Opening of Financial Proposal सम्बन्धी सूचना पठाएकोमा उक्त सूचनाको Description of Work मा

1. Supply, Delivery and Installation of CCTV Camera on the Bus Stands of KMC
2. Supply, Delivery and Installation of CCTV Camera on the Central Sector of KMC
3. Supply, Delivery and Installation of CCTV Camera on the Western Sector of KMC
4. Supply, Delivery and Installation of CCTV Camera on the Eastern Sector of KMC हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा जानकारी गराइन्छ ।

**खरिद एकाइ**

**नेपाल वायुसेवा निगम**
**पश्चिमाञ्चल क्षेत्रीय केन्द्र, नेपालगञ्ज**
**सटर पसल कवल भाडामा लिने/दिने सिलबन्दी बोलपत्र आह्वान**
**तेस्रो पटक प्रकाशित मिति : २०८२।०९।२३**
निगमको नेपालगञ्ज उप–महानगरपालिका, वडा नं.१२, धम्बोझी, सुर्खेतरोडस्थित कम्प्लेक्स भवनको अगाडितर्फ निर्माण गरिएका २० वटा सटर पसल कवलमध्ये १८ वटा पसल कवलहरूलाई पाँच (५) वर्षका लागि एकमुष्ट भाडामा दिनुपर्ने भएको हुँदा सम्बन्धित इच्छुक व्यक्ति वा नेपाल सरकारमा दर्ता भएका फर्म, आयकर दर्ता प्रमाण–पत्र, भ्याट दर्ता प्रमाण–पत्र प्राप्त फर्म वा संस्था वा कम्पनीबाट बोलपत्र आह्वान गरिन्छ। बोलपत्र फाराम, उपरोक्त सटर पसल कवलहरू के–कति दरमा लिने हो सोको विस्तृत विवरण उल्लेख गरी यो सूचना गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित भएको मितिले सातौँ दिन मिति २०८२/०९/२९ गतेभित्र रु.५,०००।०० (अक्षरुपी पाँच हजार मात्र, पछि फिर्ता नहुने) तिरी निगमको पश्चिमाञ्चल क्षेत्रीय केन्द्र, नेपालगञ्जबाट प्राप्त गर्न सकिनेछ। प्राप्त बोलपत्रमा उल्लिखित प्रावधान एवं सर्तहरूको अधीनमा रही यो सूचना गोरखापत्र दैनिकमा तेस्रो पटक प्रकाशित भएको मितिले आठौँ दिन, दिनको १२:०० बजे सम्ममा नेपालगञ्जस्थित निगमको कार्यालयमा बोलपत्र दर्ता गराइसक्नुपर्नेछ र सोही दिन दिउँसो १३:०० बजे निगमको नेपालगञ्जस्थित क्षेत्रीय कार्यालयमा खोलिनेछ। यस सम्बन्धी विस्तृत जानकारी प्राप्त बोलपत्र वा निगमको वेबसाइट **www.nepalairlines.com.np** मा पनि हेर्न सकिनेछ।

बागमती प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
हेटौँडा, नेपाल
**महिला उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी सूचना**
**(सूचना प्रकाशित मिति : २०८२/०९/२३ गते बुधबार)**
नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको चालू आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय महिला सशक्तीकरण परियोजना अन्तर्गत यस प्रदेशबाट **बाह्र जना महिला उद्यमीहरू र एक महिला उद्यमी समूह**लाई प्रविधि सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको छ। **महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** को दफा ४ बमोजिम इच्छुक महिला उद्यमी र महिला उद्यमी समूहहरूले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन (मिति २०८२।१०।०७ गते) भित्र प्रविधि सहयोगका लागि सम्बन्धित स्थानीय तहमा आवश्यक कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।
यस सम्बन्धी विस्तृत सूचना मन्त्रालयको वेबसाइट https://mosd.bagamati.gov.np मार्फत प्राप्त गर्न सकिने व्यहोरा अनुरोध गरिन्छ।

**Nepal Airlines Corporation**
**GS & PM Department,**
**Kantipath, Kathmandu, Nepal**
**Notice for Sealed Quotation**
**Sealed Quotation No. : NAC/GS&PMD/IT&C/01/2082-83**
**First date of Publication : 7th Jan, 2026**
Nepal Airlines Corporation invites Sealed Quotation from the all-eligible bidders for **"Supply, Delivery, Installation, Configuration and Commissioning of Internet and Intranet Services for Nepal Airlines Corporation and its Offices in Nepal".**
Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e., **www.bopatra.gov.np/egp** and submit their bid electronically on or before **22-01-2026 12:00** Bids received after this deadline will be rejected.
***For further information, please visit on:***
**Website:** http://www.nepalairlines.com.np (Notice)
**Contact No.:** 014220757, Ext. 2141,2142

**नेपाल सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**वातावरण विभाग**
**बबरमहल, काठमाडौँ**
**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**
**सूचना प्रकाशन मिति : २०८२/०९/२३**
यस वातावरण विभागको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम देहाय अनुसारको मालसामान खरिद गर्ने प्रयोजनार्थ विद्युतीय माध्यमबाट राष्ट्रिय स्तरमा सिलबन्दी दरभाउपत्र आह्वानका लागि यो सूचना प्रकाशन गरिएको छ। यस सम्बन्धी विस्तृत सूचना विभागको website: www.doenv.gov.np बाट तथा सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को website: www.bolpatra.gov.np/egp बाट प्राप्त गर्न सकिनेछ।
**तपसिल**

| क्र.सं. | कामको विवरण | IFB No. |
|---|---|---|
| १. | The Supply and Installation of Fume Hood, Double Distillation Water Set, Hot Plate and Water Sampler | DoEnv-SQ-LAB-01-2082/83 |

बागमती प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
हेटौँडा, नेपाल
**गृहिणी महिला सशक्तीकरण कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तह छनोट सम्बन्धी सूचना**
**सूचना प्रकाशित मिति : २०८२।०९।२३**
बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको आर्थिक वर्ष २०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत बागमती प्रदेशभित्र स्थायी बसोबास गर्ने गृहिणी महिलाहरूका लागि सञ्चालन गरिने "गृहिणी महिला सशक्तीकरण कार्यक्रम" कार्यान्वयन गर्न प्रदेश भित्रका स्थानीय तहहरू छनोट गर्नुपर्ने भएकोले **गृहिणी महिला सशक्तीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि,** २०८० को परिच्छेद ३ को दफा ९ को प्रयोजनार्थ सोही कार्यविधिको दफा १०(१) बमोजिम यो सूचना प्रकाशन गरिएकोले हालसम्म कार्यक्रममा सहभागी नभएका र लागत साझेदारी सहित कार्यक्रम कार्यान्वयन गर्न इच्छुक स्थानीय तहले सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र मन्त्रालयको इमेलः p3mosd@gmail.com मा वा मन्त्रालयको सामाजिक विकास महाशाखामा प्रस्ताव पठाउनुहुन सम्बन्धित सबै स्थानीय तहको जानकारीका लागि अनुरोध छ। गृहिणी महिला सशक्तीकरण कार्यक्रम कार्यान्वय कार्यविधि, २०८० मन्त्रालयको वेबसाइट www.mosd.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ।
**पुनश्चः**
१. **यस सूचना सम्बन्धी विस्तृत विवरण यसै मन्त्रालयको वेबसाइटमा प्रकाशन गरिएको छ। विस्तृत विवरणमा उल्लिखित गत आर्थिक वर्षहरूमा कार्यक्रम सञ्चालन गरेका ७३ वटा स्थानीय तहहरू चालू आर्थिक वर्षको कार्यक्रममा समावेश गरिनेछैन।**
२. **स्थानीय तहको छनोट मन्त्रालय अन्तर्गतका सामाजिक विकास कार्यालयहरूको कार्यक्षेत्र अनुसार फरक फरक ४ समूहमा गरिनेछ।**

**निजामती कर्मचारी अस्पताल, मीनभवन, काठमाडौँ।**
**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना !**
**सूचना प्रकाशित मिति : २०८२।०९।२३**
यस अस्पतालको तपसिल बमोजिमका ठेक्काहरूमा प्राप्त बोलपत्रहरूमध्ये तपसिल अनुसारका बोलपत्र दाताहरूको बोलपत्र छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३, को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबै बोलपत्र दाताहरूको जानकारीको निमित्त समेत यो सूचना प्रकाशित गरिएको छ।
**तपसिल :**

| ठेक्का नं. | विवरण | छनोट भएको बोलपत्र दाता | कबोल अङ्क | छनोट सङ्ख्या |
|---|---|---|---|---|
| CSH/NCB/ IR/06/ 2082/083 | Procurement of Molecular Lab Reagents | Everest Trade Link Nepal Pvt.Ltd. | 1,90,896.00 | 4 |
| | | J.H.S Analytic Traders Pvt.Ltd. | 6,07,200.00 | 9 |
| | | Jai Shree Shyam Trading Concern | 6,44,300.00 | 9 |
| | | Madhav International Pvt.Ltd. | 5,82,250.00 | 6 |
| | | Manasalu Trading Concern Pvt.Ltd. | 6,41,720.00 | 4 |
| | | Unique Traders Pvt.Ltd. | 2,57,648.00 | 2 |
| CSH/NCB/ IR/08/ 2082/083 | Procurement of Sanitary Items | New Pashupati Suppleirs | 26,30,560.00 | 12 |
| | | Ardra multipurpose Pvt.Ltd. | 3,11,130.00 | 11 |
| | | Bishnu Narayan Trade Concern | 7,43,858.00 | 10 |
| | | Durgaam pioneer Trading Corporation | 37,06,604.00 | 27 |
| | | Easy Trading Pvt.Ltd. | 8,33,640.00 | 2 |
| | | Edward Trading Pvt.Ltd. | 6,69,000.00 | 4 |
| | | Pathivara Surgical House | 9,520.00 | 1 |

# तनाव समाधान गर्न सर्वदलीय बैठक

**दीपकप्रसाद गौतम**
*वीरगन्ज (पर्सा), पुस २२ गते*

जिल्ला प्रशासन कार्यालय पर्सामा बसेको सर्वदलीय बैठकले विभिन्न पाँच वटा निर्णय गरेको छ। दुई पक्षको प्रदर्शनपछि तनाव तथा सम्भावित झडपको जोखिमलाई दृष्टिगत गर्दै स्थानीय प्रशासनले कर्फ्यु जारी गरी समस्या समाधानका लागि आह्वान गरेको सर्वदलीय बैठक पाँच वटा निर्णय गरेर टुङ्गिएको हो।

प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षतामा मङ्गलबार बिहान १० बजेदेखि जिल्ला प्रशासन कार्यालय पर्सामा बसेको सर्वदलीय बैठकले अन्य मुलुक तथा स्थानमा घटेका घटना तथा दुर्घटनालाई लिएर वीरगन्जमा प्रदर्शन र आन्दोलन नगर्ने प्रतिबद्धता जनाउँदै सबै पक्षलाई समेटेर सर्वदलीय तथा सर्वपक्षीय स्थायी संयन्त्र बनाउने निर्णय गरेको छ। पीडित पक्षले प्रमुख जिल्ला अधिकारीको अग्रिम अनुमति लिएर ज्ञापनपत्र बुझाइ अनुमति प्राप्त गरेपछि मात्र आन्दोलनका कार्यक्रम गर्न निर्णय सर्वदलीय तथा सर्वपक्षीय बैठकले गरेको छ।

यसै गरी सबै प्रकारका मिडियाकर्मीले धार्मिक तथा सामाजिक सद्भाव कायम हुने र खलल नपुग्ने किसिमका समाचार मात्र सम्प्रेषण गर्ने, धार्मिक तथा सामाजिक सद्भाव बिथोल्न दुरुत्साहन गर्ने समूह र आन्दोलनकारीलाई कानुनी दायरामा ल्याउन स्थानीय प्रशासन सक्रिय रहने निर्णय बैठकले गरेको हो।

सबै पक्षले आफ्ना कमजोरी समीक्षा गर्दै आफ्ना समुदायलाई सद्भाव कायम गर्न प्रेरित गर्ने र बैठकमा सहभागी संस्था तथा व्यक्तिले आफ्ना सामाजिक सञ्जाल, वेबसाइटमार्फत यस निर्णयको समर्थनमा जानकारी सार्वजनिक गर्ने सहमति पनि भएको पर्साका सहायक प्रमुख जिल्ला अधिकारी विनोदप्रसाद पोखरेल जानकारी दिनुभयो। पर्साका सुरक्षा प्रमुख, धार्मिक तथा सामाजिक सङ्घ संस्थाका प्रतिनिधि, अभियन्ता, राजनीतिक दलका प्रतिनिधि, सञ्चारकर्मी सहभागी रहेको सर्वदलीय तथा सर्वपक्षीय बैठक बिहान १० बजे बसेर सबै पक्षका विचार सुनी विचारविमर्श गरी दिउँसो ३ बजे सहमतिमा पुगेको हो। स्थानीय प्रशासनले पहिलो पटक वीरगन्जमा सोमबार साँझ ६ बजेदेखि मङ्गलबार बिहान ८ बजेसम्म त्यसपछि दिउँसो १ बजेसम्म र दोस्रो पटक समय थपेर मङ्गलबार साँझ ६ बजेसम्म कर्फ्यु आदेश जारी गरेको थियो।

धनुषाको कमला नगरपालिका–६, सखुवा मरानस्थित मस्जिदमा शनिबार राति भएको तोडफोडको विरोधमा वीरगन्जमा आइतबार प्रदर्शन गरिएकोमा अर्को पक्षले प्रदर्शनको प्रतिक्रियामा आइतबार राति र सोमबार बिहानैदेखि प्रदर्शन गरेपछि वीरगन्जमा तनाव बढेको थियो।

## सामाजिक सद्भाव कायम राख्न अपिल

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*



उपराष्ट्रपति रामसहायप्रसाद यादवले मुलुकमा शान्ति, सहिष्णुता र सामाजिक सद्भाव कायम राख्न अपिल गर्नुभएको छ।

मुलुकका केही क्षेत्रमा देखिएका साम्प्रदायिक असमझदारीप्रति चिन्ता व्यक्त गर्दै उपराष्ट्रपति यादवले मङ्गलबार एक अपिल जारी गर्दै हिंसा, अफवाह र उत्तेजनाबाट टाढा रहँदै संवाद र आपसी सम्मानलाई प्राथमिकता दिन आग्रह गर्नुभएको छ। "असमझदारी, वैमनस्य र द्वन्द्वले हाम्रो साझा सामाजिक सद्भावलाई चुनौती दिएको दुःखद घटनाले हामी सबैलाई गम्भीर रूपमा चिन्तित बनाएको छ," यादवले जारी गर्नुभएको अपिलमा भनिएको छ, "भाइचाराको सम्बन्ध, सहअस्तित्व र परस्पर विश्वास नै हाम्रो पहिचान हो, जसलाई अक्षुण्ण राख्नु हामी सबैको साझा कर्तव्य हो।"

नेपालको संविधानले हाम्रो राष्ट्रलाई धर्मनिरपेक्ष, समावेशी र विविधतापूर्ण समाजका रूपमा परिभाषित गरेको बताउँदै यादवले संविधानले प्रत्येक नागरिकलाई आफ्नो धर्म संस्कृति र परम्परा पालन गर्ने स्वतन्त्रता सुनिश्चित गरेको पनि अपिलमार्फत बताउनुभएको छ।



तस्बिर : दीपकप्रसाद गौतम

**प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षतामा बसेको सर्वदलीय बैठकका सहभागी।**

# सभामुख यादवद्वारा दलका नेतासँग छलफल

**धर्बेन्द्र झा**
*जनकपुरधाम, पुस २२ गते*

मधेश प्रदेशका सभामुख रामअशिष यादवले मङ्गलबार प्रदेश सभामा प्रतिनिधित्व गर्ने विभिन्न दलका नेता र विषयगत समितिका सभापतिसँग छलफल गर्नुभएको छ। मधेश प्रदेश सभाको कामकाजलाई मर्यादित र व्यवस्थित बनाउने विषयमा बैठकमा छलफल भएको प्रदेश सरकारका अर्थमन्त्री एवं जनमत पार्टी मधेश प्रदेश संसदीय दलका नेता महेशप्रसाद यादवले जानकारी दिनुभयो।

बैठकमा प्रदेशका सभामुख रामअशिष यादवले प्रदेश सभामा कानुन निर्माणका लागि सरकारले पेस गर्ने विधेयकको अभाव रहेको भन्दै प्रदेश सरकारलाई कानुन निर्माणलाई प्राथमिकताका साथ अगाडि बढाउन आग्रह गर्नुभएको थियो। बैठकमा मधेश प्रदेश सभाका विषयगत समितिका सभापतिहरूले सभामुख यादवलाई समितिले गरेको कामकाजको विषयमा जानकारी गराउनुभएको थियो। बैठकमा प्रदेश सभामा प्रतिनिधित्व गर्ने विभिन्न दलका नेताले आगामी दिनमा प्रदेश सभाको बैठक मर्यादित र व्यवस्थित बनाउने विषयमा आआफ्नो सुझाव दिएको अर्थमन्त्री यादवले बताउनुभयो।

# राजमार्ग विस्तारमा चिसोको असर

**सर्लाही समाचारदाता**
*सर्लाही, पुस २२ गते*

कठ्याङ्ग्रिँदो चिसोको असर पूर्वपश्चिम राजमार्ग विस्तारमा पनि देखिएको छ। कमला–ढल्केबर–पथलैया सडक योजना (पूर्वी खण्ड) अन्तर्गत अहिले सर्लाही, महोत्तरी र धनुषामा राजमार्गलाई चार लेनको बनाउने काम जारी छ। आयोजना अन्तर्गत सर्लाहीको फूलजोर–बागमती खण्ड हेर्ने इन्जिनियर रमेश पाण्डेले केही दिनदेखि बाक्लो मात्रामा हुस्सु लाग्ने र शीतलहर चल्ने भएर अत्यधिक चिसो बढ्दा कामदार जुटाउनै मुस्किल परेको बताउनुभयो।

चिसो असाध्य बढेदेखि काममा सुस्तता आएको इन्जिनियर पाण्डेको भनाइ छ। उहाँले भन्नुभयो, "चिसो धेरै हुँदा मजदुरलाई खटाउन समस्या परिरहेकाले काममा केही सुस्तता आएको छ। जे जति कामदार उपलब्ध छन्, उनीहरूले त काम गरिरहेकै छन्।"

पूर्वपश्चिम राजमार्ग विस्तारको काममा अधिकांश स्थानीय मजदुर खटिएका छन्। अहिले तीन वटै जिल्लामा कलभर्ट र पुलको काम प्राथमिकतासाथ भइरहेको छ।

सँगै रुख काट्ने काम पनि तीन वटै जिल्लामा जारी रहेको कमला–ढल्केबर–पथलैया सडक योजना (पूर्वी खण्ड) का सूचना अधिकारी एवं इन्जिनियर रामटहल यादवले बताउनुभयो। कमला पुलदेखि पथलैया १३० किलोमिटर पूर्वपश्चिम राजमार्ग विस्तार अन्तर्गत अहिलेसम्म धनुषा, महोत्तरी र सर्लाहीमा मात्र ठेक्का भएर काम भइरहेको छ भने रौतहट र बारामा ठेक्का लाग्नै बाँकी छ।

कमला पुलदेखि धनुषाको जमुनीबाससम्म पहिलो खण्ड, त्यहाँदेखि सर्लाहीको फूलजोरसम्म दोस्रो खण्ड र फूलजोरदेखि बागमतीसम्म तेस्रो खण्डमा तीन अलग अलग निर्माण कम्पनीसँग सम्झौता गरी धमाधम काम भइरहेको हो। आयोजना प्रमुख एवं सिनियर डिभिजनल इन्जिनियर राजेशकुमार यादवले चिसो अत्यधिक हुँदा जङ्गल क्षेत्रमा काम गर्न मुस्किल नै रहेको बताउनुभयो।

उहाँले बिजुलीको पोल सार्ने कामले समस्या थपिरहेको बताउनुभयो। आयोजना प्रमुख दासले भन्नुभयो, "केही मात्रामा चिसोको असरले पनि काममा ढिलाइ भएको हो। मुख्य गरी बिजुलीको पोल काम सार्ने काम साह्रै सुस्त हुँदा समस्या परिरहेको छ।"

बिजुलीको पोल सार्ने काम फटाफट गरिदिन आग्रह गर्दै नेपाल विद्युत् प्राधिकरणको प्रादेशिक कार्यालय जनकपुरमा बारम्बार धाइरहेको आयोजना प्रमुख दासको गुनासो छ। उहाँले पूरै भत्काएर नयाँ पुल बनाउनुपर्ने ठाउँमा बर्खाअघि नै पुल तथा कलभर्टको काम सक्न निर्माण व्यवसायीलाई घचघच्याइरहेको जानकारी दिनुभयो।

सडक विभागले विश्व बैङ्कको ऋण सहयोगमा दुई लेनको पूर्वपश्चिम राजमार्गलाई विस्तार गरेर बजार क्षेत्रमा छ लेनसहित ३१ मिटर र अन्य ठाउँमा चार लेनसहित १८ मिटर चौडाइ गर्ने काम गरिरहेको हो। राजमार्ग विस्तार अन्तर्गत सर्लाही र रौतहटको सीमामा पर्ने बागमती नदीमा सिग्नेचर पुल बन्ने छ भने मुख्य बजारहरूमा ओभरपाससमेत निर्माण हुने छ।

राजमार्गमा अहिले रहेका साँघुरा पुल पूरै भत्काएर नयाँ निर्माण गरिए पनि अन्य लामो आकारका पुल भने यसैलाई मर्मत गरेर छेउमा अर्को दुई लेनको नयाँ पुल निर्माण गरेर सञ्चालन गरिने छ।

## ओमप्रकाशलाई पढाइखर्च जुट्दै

**भारदह समाचारदाता**
*भारदह (सप्तरी), पुस २२ गते*

एमबिबिएस प्रवेश परीक्षामा दलित कोटामा पूर्ण छात्रवृत्तिमा नाम निकालेका सप्तरीको बोदेबरसाइन नगरपालिका खड्कपुरका २२ वर्षीय ओमप्रकाश तत्मा दासको पढाइखर्चका लागि सहयोग जुटिरहेको छ। दासले एमबिबिएसमा नाम निकालेको र परिवारको आर्थिक अवस्था कमजोर रहेको विषयमा पहिलो पटक गोरखापत्रमा समाचार प्रकाशित भएपछि सहयोग जुट्न थालेको हो।

दासलाई मधेसी एकता समाज नेपाल, सप्तरीका सञ्चालक तथा जसपा नेपालकी नेतृ डा. बबीसिंह यादवले २५ हजार रुपियाँ सहयोग गर्नुभएको छ। त्यस्तै जागरुक अभियान सप्तरी, नेपालका संस्थापक तथा जेनजी नगर समिति बोदेबरसाइनले २१ हजार पाँच सय रुपियाँ सहयोग गरेको छ।

त्यसै गरी बोदेबरसाइन नगरपालिकाका प्रमुख आतेशकुमार सिंहले नगरपालिकाबाट निर्णय गरेर सक्दो सहयोग गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "दलित समुदायका जेहेनदार विद्यार्थीलाई आर्थिक अभावकै कारण पढाइबाट वञ्चित हुन दिन्नौँ।" पुस ६ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङमा भर्ना हुँदा धरौटी र अन्य खर्च गरी ओमप्रकाशको ६४ हजार पाँच सय रुपियाँ खर्च भइसकेको छ। ड्रेसबापत १३ हजार पाँच सय रुपियाँ तिर्न बाँकी रहेको उहाँले बताउनुभयो।

आवास खर्च प्रतिमहिना १५ हजार रुपियाँ र किताब, कापी, कलम, लुगाफाटो तथा अन्य आवश्यक खर्च गरी महिनाको २५ हजार रुपियाँ खर्च धान्न सहयोग जुट्न थालेपछि पैसाकै अभावमा छोरा पढाइबाट वञ्चित हुनु नपर्ने आशा जागेको रामकिसुन तत्मा दासले बताउनुभयो।

### नगरप्रमुख–उपप्रमुख विवाद अदालतमा

# शिक्षक, कर्मचारी तलबविहीन

**विनय कर्ण**
*कल्याणपुर (सप्तरी), पुस २२ गते*

सप्तरीको कञ्चनरूप नगरपालिकामा नगरप्रमुख र उपप्रमुखबिचको कानुनी विवादका कारण नगरपालिकाको नियमित प्रशासनिक तथा नीतिगत प्रक्रिया अवरुद्ध भएको छ। नगरप्रमुख ललनप्रसाद गुप्ताले मङ्गलबार प्रेस वक्तव्य जारी गर्दै उपप्रमुखसँगको विवादका कारण नगर सभा र नियमित कामकाज ठप्प भएको स्पष्ट पार्नुभएको हो।

नगरप्रमुख गुप्ताका अनुसार उपप्रमुख मुनाकुमारी पोखरेलले नगरप्रमुखले अधिकार खोसेको आरोप लगाउँदै अदालतमा मुद्दा दायर गरेपछि नगरपालिकाको कामकाज प्रभावित बनेको छ। उहाँले नेपालको संविधानको धारा २१७ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरप्रमुख र उपप्रमुखका अधिकार स्पष्ट रूपमा विभाजन गरेको उल्लेख गर्दै आफूले उपप्रमुखका कुनै पनि कानुनी अधिकार नखोसेको दाबी गर्नुभयो।

उपप्रमुखले लगाएका आरोप भ्रमपूर्ण, आधारहीन र राजनीतिक उद्देश्यबाट प्रेरित रहेको उहाँको भनाइ छ।

उपप्रमुखको असहयोग र मुद्दाका कारण नगर सभा बस्न नसक्दा नीति, कार्यक्रम र बजेट पारित हुन सकेको छैन। यसको प्रत्यक्ष असर शिक्षक तथा कर्मचारीले महिनौँदेखि तलब भत्ता नपाएको भन्दै नगरप्रमुखले दुःख व्यक्त गर्नुभएको छ। अदालतको आदेशका कारण बैठक, निर्णय तथा आर्थिक प्रक्रिया अघि बढाउन नसकिएको उहाँको भनाइ छ।

उक्त मुद्दाको पेसी पुस ३० गते तोकिएको जानकारी दिँदै नगरप्रमुख गुप्ताले न्यायिक प्रक्रियाप्रति पूर्ण सम्मान रहेको उल्लेख गर्नुभयो। कानुनी प्रक्रिया टुङ्गो लाग्नेबित्तिकै शिक्षक तथा कर्मचारीको तलब भत्ता निकासा गरिने प्रतिबद्धता व्यक्त गर्दै उहाँले संयम र धैर्य अपनाउन आग्रह गर्नुभएको छ।

उपप्रमुख मुनाकुमारी पोखरेलले विगत साढे तीन वर्षदेखि कानुनले दिएको अधिकार नगरप्रमुख गुप्ताले प्रयोग गर्न नदिएका कारण आफूले उच्च अदालत जनकपुर–राजविराज इजलासमा मुद्दा दायर गरेको बताउनुभयो।

# पूर्वमन्त्री यादव जसपामा प्रवेश

**भारदह समाचारदाता**
*भारदह (सप्तरी), पुस २२ गते*

नेपाली कम्युनिस्ट पार्टीका नेता एवं पूर्वसिँचाइमन्त्री उमेशकुमार यादव मङ्गलबार जनता समाजवादी पार्टी (जसपा) नेपालमा प्रवेश गर्नुभएको छ। उहाँलाई जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले पार्टी प्रवेश गराउनुभएको हो। उहाँले सामाजिक सञ्जालमार्फत पार्टी प्रवेशको जानकारी दिँदै अबको यात्रा जसपा नेपालबाट सुरु भएको बताउनुभएको छ।

तत्कालीन नेकपा (माओवादी) बाट भूमिगत राजनीति सुरु गर्नुभएका यादव नेकपा (माओवादी) मा जिल्ला अध्यक्षदेखि केन्द्रीय सदस्यसम्मको जिम्मेवारी समाल्नुभएको थियो। उहाँ २०७० सालको दोस्रो संविधान सभा निर्वाचनमा सप्तरी क्षेत्र नं. २ बाट निर्वाचित भएर मन्त्रीसमेत बन्नुभएको थियो।


## Ekdara Rural Municipaity
## Office Of Rural Municipal Executive
Ekdara, Mahottari

**INVITATION FOR ELECTRONIC BID**

**First Date of Publication : 2082/09/23**

Ekdara Rural Municipality invites Electronic bid from eligible national bidders under NCB Single Stage Single Envelope bidding procedure. Bidder may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp

| Contract Id. No. | Description of work | Estimated amount (Exclusive of VAT & Contingencies) | Min. Bid security amount & Validity | Bid Doc. Fee. |
|---|---|---|---|---|
| ERM/RM/SCHOOL/NCB1/082-83 | Construction of 2 Storey school building in Ekdara-1 of, Ekdara Rural Municipality. | Nrs. 1,68,86,644.85 | Nrs.5,00,000.00 & 120 days. | 3,000.00 |

The Employer reserves the rights to accept/reject the bid without assigning reasons, whatsoever.

**Chief Administrative Officer**

## राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
बुद्धनगर, काठमाडौं, नेपाल

**लगानीको आशयपत्र पेश गर्ने सम्बन्धी सूचना ।**

(प्रकाशित मितिः २०८२/०९/२३ गते)

यस कम्पनीबाट अध्ययन सम्पन्न भएको पश्चिम सेती ४०० के.भी. प्रसारण लाइन र सोसँग सम्बन्धित सबस्टेसन निर्माण एवं सञ्चालनको लागि नेपाल सरकारको ५१% र निजी लगानीकर्ताको ४९% पुँजी लगानी रहने गरी सार्वजनिक-निजी साझेदारी अन्तर्गत स्थापना गरिने SPV कम्पनीमा यस कम्पनीको "विद्युत प्रसारण आयोजना लगानी साझेदारी सम्बन्धी कार्यविधि, २०८२" बमोजिमको शर्तको अधिनमा रही इच्छुक स्वदेशी लगानीकर्तालाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कम्पनीको कार्यालयमा लगानीको आशयपत्र पेश गर्न आह्वान गरिन्छ ।

| आयोजनाको नाम | लम्बाई (कि.मि.) | ट्रान्फर्मर क्षमता | अनुमानित लागत | आयोजनाको ठेगाना |
|---|---|---|---|---|
| बझाङ्ग-बनलेक-दोदोधारा ४०० के.भी. विद्युत प्रसारण लाइन आयोजना (पश्चिम सेती कोरिडोर)-४००/१३२ के.भी. का २ ओटा GIS सबस्टेशनः चैनपुर सबस्टेशन र बनलेक सबस्टेशन सहित | १४५ | चैनपुर सबस्टेशन: १६० MVA बनलेक सबस्टेशन: ३१५ MVA | २० अर्ब (ऋण र पुँजी अनुपात ७०:३० रहनेछ) | सुदूरपश्चिम प्रदेश, बझाङ्ग जिल्ला, जयपृथ्वी नगरपालिका-१, हम्मरसेनको चैनपुर सबस्टेशन हुदै डोटी जिल्ला, शिखर नगरपालिका-१०, स्थित बनलेक सबस्टेशन हुदै कैलाली जिल्लाको बर्दगौरिया गाउँपालिका-३ को दोदोधारा सबस्टेशन सम्म। |

(नोटः विस्तृत विवरण कम्पनीको Website: www.rpgcl.com मार्फत प्राप्त गर्न सकिनेछ।।)

## Kathmandu Metropolitan City
यँ महानगरपालिका
Office of the Municipal Executive
**Mechanical and Equipment Division, Teku**
Kathmandu, Bagmati Province, Nepal

**Invitation for Electronic Bids**

**Notice No. 09-082-83-NCBG-MECH-KMC**
Date of Publication: 2082-09-23

1. Kathmandu Metropolitan City, Office of the Municipal Executive has allocated funds from its own resources & GoN towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.

| IFB No. | Description of Work | Cost of Bidding Document (NRs.) | Bid Bond Amount (NRs.) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time | Date and Time of Pre-Bid Meeting |
|---|---|---|---|---|---|---|
| 09-10-082-83-NCBG-MECH-KMC | Supply and Delivery of ***Different Lubricants*** at KMC | 3,000.00 (Three Thousand Only) | NRs 2,00,000.00 (Rupees Two Lakhs Only) | 2082-10-25 12:00 hour | 2082-10-25 14:00 hour | 2082-10-13 14:00 hour |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Mechanical and Equipment Division, Kathmandu Metropolitan City, Office of the Municipal Executive, Teku, Kathmandu, Bagmati Province, Nepal during office hours or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the above mentioned cost of bidding document in the **NIC Asia Bank Ltd., Kathmandu Metropolitan City, Procurement Unit, Account No. - 0012050061475043**
4. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders.
5. Matters not covered under this document will be as per the Public Procurement Act 2063, Public procurement Regulations 2064 & Kathmandu Metropolitan Public Procurement Regulations 2079 (1st Revision 2080).

**Environment Management Department**
**Mechanical and Equipment Division**

## इटहरी खानेपानी उपभोक्ता संस्था
इटहरी-४, सुनसरीको

**बोलपत्र स्वीकृत आशयको सूचना**

**प्रकाशित मितिः २०८२/९/२३**

यस संस्थाबाट मिति २०८२/८/८ गते प्रथम पटक www.bolpatranepal.com र गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशीत गरेको बोलपत्र आह्वानको ३० दिने सूचना नं. ०४/२०८२/०८३ को मिति २०८२/०९/०९ गते दिनको १२:०० बजे भित्र www.bolpatranepal.com मा E-bidding मार्फत परेका बोलपत्रहरु बिभिन्न कार्यालय तथा बोलपत्रदाताका प्रतिनिधिहरुको रोहबरमा दिनको २:०० बजे खोल्ने कार्य सम्पन्न गरी उक्त बोलपत्रहरुको कागजात पूर्णता परिक्षण, आर्थिक पक्षको मूल्याङ्कन हुँदा तपसिलका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत प्रभावग्राही रहेकोले खरीद उपसमितिको मिति २०८२/९/२० गतेको बैठकले गरेको सिफारिस बमोजिम उक्त बोलपत्र स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही दफाको उपदफा ३ को प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीका लागि बोलपत्र स्वीकृत गर्न ७ दिने आशयपत्रको सूचना जारी गरिएको छ।

**तपसिलः**

| सूचना नं. | कामको विवरण | न्यूनतम मूल्याङ्कीत फर्मको नाम | न्यूनतम मूल्याङ्कीत कूल रकम रू. (भ्याट बाहेक) |
|---|---|---|---|
| ०४/०८२/०८३ | दुई थान ट्रिटमेन्ट(प्रेसर फिल्टर) प्लाण्ट खरिद तथा जडान | Global Construction and Water Treatment Pvt. Ltd, Kathmandu | रू.१,३६,१५,३९६.८० |

**इटहरी खानेपानी उपभोक्ता संस्था**
इटहरी-४, सुनसरी
फोन नं. ०२५-५८५७५८

## समाचार सङ्क्षेप

### क्यान्सर विजेता साइकलयात्री लोकमार्गमा

**हिले (धनकुटा)** (गोरखापत्र), पुस २२ गते । क्यान्सर प्रभावित विपन्न परिवारलाई सहयोग जुटाउने उद्देश्यले मध्यपहाडी लोकमार्गको यात्रा सुरु गरेको क्यान्सर विजेताको टोली धनकुटा आइपुगेको छ।

अङ्ग्रेजी नयाँ वर्ष २०२६ को अवसर पारेर पाँचथरस्थित उत्तर पूर्वी सिमाना चिवा भन्ज्याङबाट जनवरी १ मा यात्रा सुरु गरेको टोली पाँचथर र तेह्रथुमको यात्रा पूरा गरी धनकुटा आइपुगेको हो। क्यान्सर विजेता तथा लिड राइडर हर्क लामाको अगुवाइमा सुरु भएको यस अभियानमा अर्को क्यान्सर विजेता तथा लिड राइडर कविता चित्रकारसहित जम्मा आठ जना साइक्लिङ सहभागी रहेको छ। साइकलयात्राको संयोजन डा. तारालाल श्रेष्ठले गर्नुभएको छ।

साइकल कल्चर कम्युनिटी र धुलिखेल अस्पतालको सहकार्यमा सञ्चालन भइरहेको यो अभियानको मुख्य उद्देश्य धुलिखेल अस्पतालमा उपचार गराउन आउने क्यान्सर प्रभावित विपन्न नागरिकका लागि कोष सङ्कलन गर्नु रहेको संयोजन डा. तारालाल श्रेष्ठले जानकारी दिनुभयो। यात्राका क्रममा टोलीले विभिन्न स्थानमा पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सरसम्बन्धी जनचेतना कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ। धनकुटाको लेगुवामा करिब २५ जना महिला दिदीबहिनीलाई लक्षित गर्दै अन्तर्क्रियात्मक जनचेतना कार्यक्रम सञ्चालन गरिएको छ। पश्चिम बैतडीको झुलाघाटसम्मको करिब १८ सय किलोमिटर लामो मध्यपहाडी लोकमार्गको यात्रा साइकलमार्फत करिब एक महिनामा पूरा गर्ने लक्ष्य राखिएको छ।

### सहयोगी कक्ष सञ्चालन

**वराहक्षेत्र (सुनसरी)** (गोरखापत्र), पुस २२ गते। सुनसरीको वराहक्षेत्र नगरपालिका–१० कार्यालयले सेवाग्राहीलाई सेवा लिन सहज पुऱ्याउने उद्देश्यले सोधपुछ कक्ष सञ्चालनमा ल्याएको छ।

वडा कार्यालयले वडावासीलाई सेवा लिन सहज बनाउन सहयोगी कक्ष सञ्चालन ल्याएको वडाध्यक्ष तेजबहादुर गुरुङले बताउनुभयो। उहाँका अनुसार सहयोगी कक्षले कार्यालयका सेवाग्राहीलाई निःशुल्क रूपमा निवेदन लेख्ने, विभिन्न फाराम भर्ने, टाइपिङ, प्रिन्टिङ तथा फोटोकपीलगायतका काममा सहयोग पुऱ्याउने छ।

वराहक्षेत्र नगरमै पहिलो पटक सहयोगी कक्ष सञ्चालन गरेको वडा कार्यालयले जनाएको छ। स्थानीय अञ्जली उराँवले सहयोगी कक्षमा सहयोगीका रूपमा काम गर्न थालेकी छन्। वडाले वडाका नागरिकका लागि निःशुल्क सेवा दिन थालेकोमा वडा क्षेत्रका नागरिकले खुसी व्यक्त गरेका छन्। वराहक्षेत्र नगरपालिका–१० मा १० हजार नगारिकको बसोबास रहेको छ।

### साठी जना बेपत्ता

**इनरुवा (सुनसरी)** (गोरखापत्र), पुस २२ गते। सुनसरीमा चालु आर्थिक वर्षको छ महिनामा ६० जना बेपत्ता भएका छन्। बालबालिका र ज्येष्ठ नागरिकसमेत गरी ६० जना बेपत्ता भएका हुन्।

जिल्ला प्रहरी कार्यालय सुनसरीको मासिक प्रतिवेदन अनुसार जिल्लामा ३८२ जना हराएकामा ३२२ जना फेला परेको र अझै ६० जना फेला पर्न बाँकी रहेका छन्। हराएर बेपत्ता हुनेमा महिला २८ जना छन्। तथ्याङ्क अनुसार विभिन्न स्थानबाट १६१ जना महिला हराएकामा १३४ जनाको उद्धार गरिएको थियो। ज्येष्ठ नागरिकसहित २८ जना अझै बेपत्ता छन्।

त्यसै गरी ८४ जना पुरुष हराएकामा ७१ जनाको उद्धार र फेला परेको अवस्था छ भने १३ जना अझै बेपत्ता छन्। सोही अवधिमा ३५ बालक र ९३ बालिका गरी १२८ बालबालिका हराएकामा ३० बालक र ८१ बालिका गरी १११ जनाको उद्धार र फेला परेका छन्। १७ जना अझै बेपत्ता छन्। त्यसै गरी ज्येष्ठ नागरिक नौ जना हराएकामा छ जनाको उद्धार र फेला परेको र तीन जना अझै हराएका छन्।

# मन्त्रीपरिषद् पुनर्गठन



तस्बिर : नवराज कट्टेल

**नवनियुक्त मन्त्री शपथग्रहण गर्नुहुँदै ।**

**रङ्गेली समाचारदाता**
*विराटनगर, पुस २२ गते*

कोशी प्रदेशमा मन्त्रीपरिषद् पुनर्गठन गरिएको छ। मुख्यमन्त्री हिक्मतकुमार कार्कीको सिफारिसमा प्रदेश प्रमुख परशुराम खापुङले मङ्गलबार मन्त्रीपरिषद् पुनर्गठन गर्नुभएको हो।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाली कांग्रेसको गठबन्धनमा बनेको प्रदेश सरकार पुनर्गठन हुँदा पनि दुवै दलबाट मन्त्री समावेश गरिएको छ। पुनर्गठित मन्त्रीपरिषद्मा नेपाली कांग्रेसबाट चार जना मन्त्री र एक जना राज्यमन्त्री र एमालेबाट चार जना मन्त्री र एक जना राज्यमन्त्री नियुक्त गरिएको छ।

नवनियुक्त मन्त्रीमा प्रदीपकुमार सुनुवार भौतिक पूर्वाधार विकास, भीम पराजुली पर्यटन, वन तथा वातावरण, तिलचन पाठक खानेपानी, सिँचाइ तथा ऊर्जा, इन्द्रमणि पराजुली आन्तरिक मामिला तथा कानुनमन्त्री, विदुरकुमार लिंथेप आर्थिक मामिला तथा योजना, रामप्रसाद महतो सामाजिक विकास, मानबहादुर लिम्बू स्वास्थ्य, इस्राइल मन्सुरी उद्योग, कृषि तथा सहकारी मन्त्रालयमा नियुक्त हुनुभएको हो। दुई राज्यमन्त्रीमध्ये आन्तरिक मामिला तथा कानुन राज्यमन्त्री उमाकान्त गौतम र भौतिक पूर्वाधार विकास राज्यमन्त्रीमा शोभा चेमजोङ हुनुहुन्छ।

२०८१ असार १७ गते नेपाली कांग्रेस र एमालेबिच सातबुँदे सहमति गर्दै सरकारको सहयात्रा सुरु भएको थियो। प्रदेश प्रमुख परशुराम खापुङले नवनियुक्त मन्त्रीलाई मङ्गलबार नै पद तथा गोपनीयताका शपथ गराउनुभएको हो।

# अङ्क थपेर ठगी गर्दै फार्मेसी

**नवराज कट्टेल**
*विराटनगर, पुस २२ गते*

चिकित्सकले बिरामीका लागि सिफारिस (प्रेसक्राइभ) गरेको औषधी उल्लिखित लिस्टमा नम्बर थपेर व्यवसायीले ठगी गर्ने गरेको पाइएको छ। विराटनगरको नोबेल मेडिकल कलेज एन्ड टिचिङ अस्पतालबाहिरका फार्मेसीले बिरामीलाई ठग्ने नयाँ जुक्ति निकालेको पत्ता लागेको छ।

अस्पतालमा भर्ना भएर बसेका बिरामीका लागि चिकित्सकले उसको मुख्य पुर्जामा औषधी सिफारिस गरिदिएका हुन्छन्। त्यसपछि आवश्यकता अनुसार नर्सले चिर्कटो बनाएर औषधी ल्याउन बिरामीका आफन्तलाई दिन्छन्। त्यही चिर्कटोमा नम्बर थपेर फार्मेसीले झुक्याउने गरेको खुलासा भएको हो।

नोबेल मेडिकल कलेज एन्ड टिचिङ अस्पतालका महाप्रबन्धक दिपेश राईका अनुसार फार्मेसीले नम्बरका आधारमा औषधी उल्लेख गरिएको चिर्कटोको अगाडि र पछाडि नम्बर थप्ने गरेको पाइएको छ। खासमा उधारोमा कारोबार गर्नेलाई व्यवसायीले झुक्याउने गरेका छन्। चिकित्सकले कुनै औषधी एक थान भनेर उल्लेख गरेको छ भने पछाडि आठ थपेपछि १८ थान बनाउने गरेको खुलेको हो।

चिकित्सकले लेखिदिएको पुर्जा र फार्मेसीमा भएको चिर्कटोमा सङ्ख्या नमिलेपछि एक जना सेवाग्राहीले अस्पताल प्रशासनमा जानकारी दिएका थिए। उधारोमा ल्याएको औषधीको बिल सोचेभन्दा धेरै भएपछि ती सेवाग्राहीले यसको खोजी गरेका थिए। महाप्रबन्धक राईले अस्पतालभित्रकै फार्मेसीमा औषधी खरिद गर्नुपर्ने बाध्यतात्मक नियम सेवाग्राहीलाई छैन। सेवाग्राही अस्पतालबाहिरका फार्मेसीमा उधारो कारोबार गर्ने गर्दछन् तर उनीहरूले चाहिनेभन्दा बढी औषधी लगेको देखाउन अस्पतालबाट पठाएको चिर्कटोमा थप्ने गरेका हुन्। चिर्कटो फार्मेसीमै रहन्छ। उधारो भएका कारण बिल बिरामीको डिस्चार्ज भएपछि आफन्तले बुझाउँछन्।

राईका अनुसार रेक्युमिड भनिने एउटा औषधीको ६४० रुपियाँ पर्ने थियो। चिकित्सकले रेक्युमिड–१ लेखेका थिए। फार्मेसीले १५ बनाएर नौ हजार असुलेको भेटिएको हो। त्यस्तै अर्को डेस्डिमिड एक लेखेको ठाउँमा ८ थपेर एक हजार दुई सय प्रतिथान हिसाब दिइएको हो।

यो समस्या पहिलो पटक सार्वजनिक भएको हो। समस्या सार्वजनिक भएपछि मित्र फार्मेसीका सञ्चालक फरार भएको राईले जानकारी दिनुभयो तर एउटा केस अध्ययन गर्दा करिब तेब्बरभन्दा बढी बिल बढ्ने स्थिति देखिएको थियो। हतारमा रहेका सेवाग्राहीले औषधी कति छ भनेर कहिल्यै गणना गर्दैनन्। त्यति मात्रै नभई सबै सेवाग्राही जानकार पनि नहुने मौका व्यवसायीले लिने गरेका हुन्। अझै यो शल्याक्रियाका लागि सिफारिस भएका औषधीमा छलछाम बढी हुने गरेको देखिएको छ। त्यहाँभित्र बिरामीका आफन्त पनि नपुग्ने, बिरामीलाई पनि थाहा नहुने स्थिति हुन्छ। चिकित्सकसम्म पुगेका वस्तु शल्यक्रिया कक्षमा कति प्रयोग भए भन्ने पनि हुन्न।

अस्पताल प्रशासनमा औषधी धेरै महँगो भएको गुनासो भए पनि यसरी चिकित्सकको सिफारिस र फार्मेसीको विवरण म्याच गराउने गरिएको थिएन तर यस पटक भने सेवाग्राही आफैँले शङ्का गरेर विवरण भिडाउँदा अगाडि पछाडि अङ्क थप गरिएको भेटिएको हो। अस्पताल प्रशासनले सेवाग्राही ठगी हुने कुरालाई न्यूनीकरण गर्न अब डिजिटल प्रणाली अपनाउने तयारी गरिरहेको दाबी छ।

# रमितेमा धमाधम खुल्दै होटेल



**हरिप्रसाद कोइराला**
*उर्लाबारी (मोरङ), पुस २२ गते*

उत्तरी मोरङको रमितेमा पछिल्लो दुई वर्षयता १८ वटा सानाठुला होटेल सञ्चालनमा आएका छन्।

पूर्वपश्चिम राजमार्ग अन्तर्गत मोरङको किसानचोकबाट २२ किमी उत्तरमा रहेको रमिते पर्यटकीय क्षेत्रमा गर्मीमा चिसो र जाडोमा पारिला घाम लाग्ने गर्छ। हिउँदमा घाम ताप्न र बर्खामा गर्मी छल्न आन्तरिक र बाह्य पर्यटक पुग्न थालेपछि रमितेमा होटेलसँगै पर्यटन व्यवसाय फस्टाउन थालेको छ। मोरङको मिक्लाजुङ–१ मा पर्ने रमितेमा कालोपत्रे सडक पुगेपछि एकपछि अर्को होटेल थपिएका छन्।

सुरुमा छ जना मिलेर होटेल टेन्ट टाउन सञ्चालनमा ल्याउनुभएकी कुमारी लिम्बुले भन्नुभयो, "जाडोमा पर्यटकको चाप कम हुन्छ तर होटेल खाली छैनन्। गर्मी मौसममा बाहिर टेन्ट लगाएर पाहुना बस्नुहुन्छ। लिम्बुका अनुसार होटेल दी टेन्ट टाउन डेढ करोड रुपियाँको लगानीबाट सुरु गरिएको हो। हरेक महिना होटेलले सेवा विस्तार गरिरहेको छ।

उहाँले भन्नुभयो, "२१ महिनाअघि होटेल सुरु गर्दाभन्दा अहिले सबै कुराको गुणस्तर वृद्धि गरेका छौँ। जति कमाइ भयो, सबै यहीं लगानी भएको छ।" उहाँले हालसम्म होटेलमा तीन करोड लगानी भइसकेको उहाँले जानकारी दिनुभयो। जाडोमा १८ जना र गर्मीमा २४ जनालाई रोजगार दिइरहेको होटेल सञ्चालन आएसँगै गाउँबाट बसाइँ सर्ने रोकिएको छ।

अर्का होटेल व्यवसायी होटेल भानुभक्त एन्ड लजका सञ्चालक भोला लुइटेलले भन्नुभयो, "गर्मीमा कुनै होटेल खाली हुँदैनन्। जाडोमा पनि हात बाँधेर बस्नु परेको छैन। उहाँका अनुसार रमितेमा होटेल पर्यटनको विकास भएसँगै कृषि र पशु उत्पादन गर्नेको सङ्ख्या बढेको छ। हरेक मानिस व्यापार र पशुपालनका लागि तराई झर्थे।

हाल यहीं सबै उत्पादन बिक्री हुन थाल्यो। त्यसैले मानिस गाउँमै उद्यम गर्न थालेका छन्। रमितेमा सुन्तला, अलैँची, तेजपात, अदुवा, कुचोको व्यापार फस्टाएको छ। पहिले पाँच घण्टा पैदल हिँडेर टाँडी झर्नेहरू अहिले घरबाटै कृषि र पशुजन्य उत्पादन बिक्री गर्न थालेका छन्। लुइटेलले रमितेमा हाल होटेल क्षेत्रमा मात्र २५/३० करोड रुपियाँ लगानी भइसकेको बताउनुभयो।

मिक्लाजुङ–१ का वडाध्यक्ष पर्वत राईले भन्नुभयो, "दुई किमी सडक अझै कच्ची छ। यो सडक पूरै कालोपत्रे भइसकेपछि रमिते कोशी प्रदेशको नयाँ पर्यटकीय गन्तव्य बन्ने छ।" उहाँका अनुसार पूर्वपश्चिम राजमार्गबाट सबैभन्दा नजिकमा पुगिने पहाडी गाउँ रमिते हुने छ। तराईमा औषत ३८/४० डिग्री तापक्रम हुँदा रमितेमा १८/१९ डिग्री तापक्रम हुने गर्छ। त्यसैले मानिस एक रात बस्ने गरी रमिते पुग्ने गर्छन्।

सडक, बिजुली पुगेको धेरै वर्ष भएको थियो तर जब होटेल खुल्न थाले रमिते र आइतबारे बजार नै गुल्जार बन्न थाल्यो। स्थानीय सन्तोष राईले भन्नुभयो, "थुप्रैले रोजगार पाएका छन्। व्यापार बढेको छ। गाडीको आवतजावत बढेको छ। निगुरो, इस्कुस, आलु, फलफूल बेच्न तराई झर्नु परेको छैन। औसत नेपालीले बुझेको मोरङ जिल्ला भनेको धान फल्ने फाँटिला खेत, साल फुल्ने वन हो तर रमितेमा गुराँस फुल्छ। बाह्रैमास चिसो हुन्छ। त्यसैले रमिते अहिले नयाँ पर्यटकीय गन्तव्य बनिरहेको छ।

# भूमि आयोगले पुनः थाल्यो काम



**कोकिला ढकाल**
*इलाम, पुस २२ गते*

जेनजी आन्दोलनपछि विघटन भएको भूमि आयोगले पुनः मङ्गलबारदेखि जिल्लामा काम थालेको छ। सर्वोच्चको आदेश पनि पुनः ब्युँतिएपछि आयोगले पहिला छोडिएकै ठाउँबाट काम थालेको आयोगका इलामस्थित अध्यक्ष प्रकाश अधिकारीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "मङ्गलबारदेखि सबै प्राविधिक कर्मचारी कार्यालयमा हाजिर भएका छन्। आजै जिल्लास्थित आयोगको समितिको बैठक बसेर अब कसरी अगाडि बढ्ने भन्ने निर्णयमा पुगेका छौँ।" अध्यक्ष अधिकारीले भन्नुभयो, "पहिला निस्सा पाइसकेका परिवार र अब आयोगमा दर्ता हुन आएका निवेदनमाथि काम अगाडि बढाउने छौँ।"

यसअघि रोङ गाउँपालिका, चुलाचुली गाउँपालिका र माई नगरपालिकाका ४४५ अव्यवस्थित बसोबासी तथा भूमिहीन घरधुरीको लालपुर्जाको निर्णय गरिएकोमा ३७७ लालपुर्जा वितरण गरिएको आयोगका सचिव तथा नापी कार्यालय इलामका प्रमुख सुरेशलाल कर्णले बताउनुभयो। कर्णका अनुसार यसअघि वितरण भएका लालपुर्जाका स्रेस्ता मालपोत र नापीमा हस्तान्तरण गरिसकिएको थियो। त्यसबेला एक करोड ८५ लाख ७२ हजार ६०८ रुपियाँ राजस्व सङ्कलन भएको पनि कर्णले जानकारी दिनुभयो।

केन्द्रीय आयोगमा भूमिहीन दलितको १९३, भूमिहीन सुकुमवासी ६३६, अव्यवस्थित बसोबासीको १४ हजार ५७५ को निवेदन दर्ता भएको छ। यस्तै अब पनि करिब तीन हजार भूमिहीनको निवेदन केन्द्रीय आयोगमा दर्ता हुन बाँकी रहेको जनाइएको छ।

**नेपाल बैंक लिमिटेड**
**NEPAL BANK LIMITED**

**प्रधान कार्यालय, सामान्य सेवा विभाग**

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

यस बैंकका लागि आवश्यक निम्न लिखित कार्यका लागि गोरखापत्रमा प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वानको सूचना अनुसार रीतपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरूमध्ये निम्न लिखित दरभाउपत्र दाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा यस बैंकको आर्थिक प्रशासन विनियमावली, २०७१ (दोस्रो संशोधन २०८२) को विनियम १०६ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

| आशयको सूचना प्रकाशित मिति | कामको विवरण | गो.प.मा प्रकाशित सूचनाको मिति | छनोट भएको सिलबन्दी दरभाउपत्र दाताको नाम र ठेगाना | कबोल रकम (VAT सहित) |
|---|---|---|---|---|
| २०८२/०९/२३ | Printing and Supply of Various Printing Items. | २०८२/०७/१७ र २०८२/०८/०३ | श्री डल्फिन अफशेट प्रेस, का.म.न.पा.–१०, कोटेश्वर, काठमाडौँ | रु. १४,२७,७५५।०० (अक्षरुपी चौध लाख सत्ताइस हजार सात सय पचपन्न रुपियाँ मात्र) |

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Local Infrastructure Development**
**Shreemahal, Pulchowk**
**Trail Bridge Section**

**Letter of Intent**

**Date of Publication 07/01/2026**

Pursuant to clause 27 (2) of Public Procurement Act 2063, this is to notify to all the concerned that, it is our intention to award the contract for execution of the ***IFB No: ICB/TB/WR-2025/26, Procurement of Steel Wire Ropes*** to the following bidder as corrected and modified in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

| S. No. | Bidder name | Address | Contract number | Bid price |
|---|---|---|---|---|
| 1. | Bedmutha Industries Limited | PLOT NO A 70 TO 72 SINNAR SIRDI ROAD STICE MUSALGAON SINNAR, India | ICB/TB/WR-2025/2026 | USD 2,056,670.00 |

**Section Chief**
**Trail Bridge Section, DoLID**

**Nepal Oil Corporation Limited**
Babarmahal, Kathmandu

***Invitation for Bids***

***Invitation for Bids No.: NOC/SKT/NCB/WORKS/01/082/83***
First Date of publication: 2082-09-23 (7th January, 2026)

1. The ***Nepal oil Corporation*** has allocated funds towards the cost of the following projects and intends to apply part of the funds to cover eligible payments under the following Contract. Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Nepal oil Corporation Limited*** invites Single Stage Double Envelope Electronic bids from eligible bidders for the construction of works mentioned in table below under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only ***eligible*** bidders with the following key qualifications should participate in this bidding:

| S. N. | Contract No. | Description and Location of Works | Average Annual Turnover (Millions NRs) | Bid Security Amount (Millions NRs) | Bid Validity Period (Days) | Bidding Document Fee (Non-refundable) (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | NOC/SKT/NCB/WORKS/01/082/83 | Construction of Underground Storage Tanks and Allied Facilities at NOCL Surkhet | 165 | 3.3 | 120 | 10,000.00 |

3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Nepal Oil Corporation Limited, Babarmahal, Kathmandu, Ph number: (977-1) 5364975, 5364974, 5359548, Email: engg@noc.org.np or may visit. PPMO e-GP system*** *www.bolpatra.gov.np/egp.*
5. Bidder submitting their bid electronically may download the bidding documents for e- submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the office account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Rastriya Banijya Bank Limited
   Office Account no.: 1090100066294001
   Name of Office: Nepal Oil Corporation Limited
6. Pre-bid meeting shall be held at ***the Nepal Oil Corporation Limited, Engineering Project and IT Department, Babarmahal, Kathmandu at 14:00 Hrs.*** *(Local Time) on 2082/10/13 (27th January, 2026).*
7. Electronic bids in the form of Technical and Financial Bid must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hours on **2082/10/25 (8th February, 2026).** Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 hours*** on **2082/10/25 (8th February, 2026)** at the office of ***Nepal Oil Corporation Limited, Babarmahal, Kathmandu***.
9. Bids must be valid for a period of ***as mentioned above*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **sum as mentioned above**, which shall be valid for 30 days beyond the validity period of the bid
10. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
11. The bidders are strongly encouraged to visit the site before bidding.
12. Employer reserves rights to accept or reject bid(s) without any reason whatsoever.

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | २,६८,१०० ▲ |
| चाँदी | : | ४८८० ▲ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २६४९.३० (+९.१३) ▲ |
| कारोबार रकम | : | ७,१२३,३६५,२९६ ▲ |
| कारोबार भएका सेयर | : | १४,८३१,२४१ |
| कारोबार सङ्ख्या | : | ८८,३६२ |
| कारोबार भएका कम्पनी | : | ३३४ |

# इजरायल र ओमानसँग नयाँ श्रम समझदारीको तयारी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

सरकारले इजरायलमा दीर्घकालीन सहायक श्रमिक (केयरगिभर) सहित कृषिक्षेत्रमा समेत नेपाली श्रमिक पठाउने गरी श्रम सम्झौताको स्वीकृत प्रदान गरेको छ । यसअघि दीर्घकालीन सहायक श्रमिकको दर्जा (केयरगिभर) मा संस्थामा काम गर्ने गरी मात्रै श्रमिक पठाउने गरेकोमा अब केयरगिभरको होम टु होम काम गर्ने र कृषिक्षेत्रमा काम गर्ने श्रमिक पठाउने गरी स्वीकृति भएको हो।

सोमबार बसेको मन्त्रीपरिषद्को बैठकले इजरायल सरकार र नेपाल सरकारबिच तीन क्षेत्रमा श्रमिक पठाउने गरी श्रम सम्झौता (जिटुजी) गर्ने गरी स्वीकृत गरेको छ । इजरायल सरकारले यी क्षेत्रमा नेपाली श्रमिक लैजाने विषयमा यसअगाडि नै निर्णय गरिसकेको थियो।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव एवं प्रवक्ता पीताम्बर घिमिरेले इजरायलमा यी क्षेत्रमा नेपाली श्रमिक पठाउने विषयमा नयाँ सम्झौताका लागि धेरै चरणमा कुरा भई त्यहाँको इजरायल सरकारबाट निर्णय भइसकेपछि मात्रै हामीले स्वीकृतिका लागि मन्त्रीपरिषद्मा पठाएको जानकारी दिनुभयो । इजरायलसँग नयाँ हुने सम्झौतामा नेपाली श्रमिकका लागि दुई कार्यक्षेत्र थपिए पनि




सम्झौताको प्रकृति यसअघिकै निरन्तरता भएको पनि उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार नेपाल र इजरायल सरकारबिच २०७७ साल असोज १४ गते दीर्घकालीन सहायक श्रमिक (केयरगिभर) श्रमिक पठाउने गरी जिटुजी सम्पन्न भए पनि स्वतः नवीकरणको प्रावधान नराखिएको हुँदा अहिले पुनः नयाँ सम्झौता गर्नु परेको हो। श्रम मन्त्रालयले इजरायलसँग सम्झौता भएको पाँच वर्षपछि नवीकरण प्रक्रिया अगाडि बढाएको र यस पटकको सम्झौतामा भने नवीकरणको प्रावधान स्पष्ट उल्लेख गरेका छौँ। इजरायल र नेपालबिच कूटनीतिक सम्बन्ध कायम भएको ६५ वर्ष पुगेको छ।

नेपाल र इजरालय सरकारका दुई पक्षको समय र ठाउँको सुनिश्चित गरेर सकेसम्म छिट्टै सम्झौता गर्ने गरी तयारी भएको प्रवक्ता घिमिरेले जानकारी दिनुभयो। नयाँ सम्झौता अनुसार कृषि र होम टु होममा केयरगिभरमा समेत जान पाउने भएकाले धेरै नेपाली युवाले इजरायलमा रोजगारीको अवसर पाउने छन् । सेवा सुविधा र पारिश्रमिक पनि राम्रो भएकाले इजरायल नेपालीका लागि आकर्षक श्रम गन्तव्य मानिन्छ।

### ओमानसँग बिटुबी गर्न स्वीकृत

नेपाल सरकारले ओमानसँग श्रम समझदारी (बिटुबी) मा स्वीकृति प्रदान गरेको छ। सोमबारको मन्त्रीपरिषद्को बैठकले ओमानसँग श्रम समझदारी गर्न सक्ने गरी स्वीकृति प्रदान गरेको हो।

ओमानले यसअघि नै नेपालसँग श्रम समझदारीपत्र (बिटुबी) मा हस्ताक्षर गर्न स्वीकृति प्रदान गरेको थियो। ओमान सरकारबाट पठाइएको श्रम सम्झौतापत्रको प्रक्रिया अगाडि बढेको जानकारी यसअघि प्राप्त भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ।

नेपाल र ओमानबिच कूटनीतिक सम्बन्ध कायम भएको करिब ५० वर्षपछि श्रम सम्झौतालाई अन्तिम रूप दिन पत्र पठाएको हो । नेपाल र ओमानबिच सन् १९७७ (२०३४) मा कूटनीतिक सम्झौता कायम भएको थियो।

श्रम मन्त्रालयका सहसचिव पीताम्बर घिमिरले ओमानले नेपालबाट यसअघि पठाएको मसौदा ठिक भएको जवाफ आएको र नेपाल सरकारको मन्त्रीपरिषद्बाट स्वीकृति भइसकेकाले अब हस्ताक्षर प्रक्रिया अघि बढ्ने जानकारी दिनुभयो। उहाँका अनुसार सरकारबाट स्वीकृति भएको पत्र प्राप्त भएपछि सम्झौताका लागि नेपालले ओमानलाई पत्राचार गर्ने छ। त्यसपछि ओमानले हस्ताक्षर गर्ने अधिकारी, मिति र स्थान तोक्ने छ। त्यसपछि दुई देशबिच सम्झौतापत्रमा हस्ताक्षर हुने छ।

# सौर्य ऊर्जालाई प्राथमिकता : मन्त्री घिसिङ

**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, पुस २२ गते*

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले आगामी दिनमा सौर्य ऊर्जालाई प्राथमिकता दिनुपर्ने बताउनुभएको छ।

नेपाल सौर्य ऊर्जा विद्युत् सङ्घको २५ औँ वार्षिक साधारण सभालाई मङ्गलबार सम्बोधन गर्दै उहाँले नेपालमा सौर्य ऊर्जा बढ्दो क्रममा रहेकाले यसलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभएको हो।

"सौर्य ऊर्जा राष्ट्रिय प्रसारण ग्रिडमा जोडिन थालेको छ, यसको उत्पादन बढाउन सके विद्युत् आयात घटाउन सकिन्थ्यो," उहाँले भन्नुभयो।

मन्त्री घिसिङले सौर्य ऊर्जालाई अगाडि बढाउन सरकारले मापदण्ड बनाएर कार्यान्वयनमा लैजान लागेको बताउनुभयो। उहाँले देशभर रहेका सिँचाइका नहरमा सौर्य ऊर्जा उत्पादनका लागि सरकारले अध्ययन गरिरहेको उल्लेख गर्नुभयो । "सिँचाइका नहरमाथि सौर्य ऊर्जा उत्पादन गरेर कसरी निजी क्षेत्रलाई समावेश गर्न सकिन्छ भनेर सरकार लागिरहेको छ," उहाँले भन्नुभयो।

उहाँले छिमेकी मुलुक भारतमा एक लाख मेगावाटभन्दा बढी सौर्य ऊर्जा उत्पादन भइरहेको चर्चा गर्दै नेपालको पहाडी भूभागमा रहेका डाँडाको प्रयोग गरेर नेपालमा पनि सौर्य ऊर्जा उत्पादन बढाउन सकिने बताउनुभयो । भारतमा १५ हजार मेगावाट विद्युत् निर्यात गर्ने गरी प्रसारण लाइन निर्माण भइरहेको उहाँको भनाइ थियो।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठले जलवायु परिवर्तनले खोलाहरू सुक्दै जाँदा विद्युत् उत्पादनमा असर परिरहेको बताउनुभयो। आगामी दिनमा नेपालले सौर्य ऊर्जालाई प्राथमिकता दिनुपर्ने उहाँको भनाइ थियो । उपाध्यक्ष



श्रेष्ठले १६ औँ पञ्चवर्षीय योजनालाई नवीकरणीय ऊर्जालाई प्राथमिकता दिएको बताउनुभयो।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव चिरञ्जीवी चटौतले सरकारले आगामी दुई वर्षभित्र पूर्ण विद्युतीकरण गरिसक्ने लक्ष्यसाथ काम गरिरहेको बताउनुभयो । उहाँले जलविद्युत्सँगै सौर्य ऊर्जा क्षेत्रमा पनि क्रमशः विकास हुँदै गएको उल्लेख गर्नुभयो।

वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले नेपालभित्र विद्युत्को पहुँच नपुगेका दूरदराजको क्षेत्रमा सौर्य ऊर्जा पुऱ्याउन वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रसँगको सहकार्यमा सङ्घले निर्वाह गरेको भूमिका सराहनीय रहेको बताउनुभयो।

नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष अञ्जनकुमार श्रेष्ठले सौर्य ऊर्जा उत्पादनलाई मर्यादित र व्यवस्थित बनाउन सङ्घले निर्वाह गरेको भूमिकाको प्रशंसा गर्नुभयो । सङ्घको २५ औँ वार्षिक साधारण सभाबाट नयाँ नेतृत्व चयन गर्ने कार्यक्रमसमेत रहेको छ।

## कोशी प्रदेशमा स्टार्टअप
# साढे दुई अर्ब लगानी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

कोशी प्रदेशमा स्टार्टअप उद्यमहरूको सङ्ख्या तीव्र रूपमा बढिरहेको छ । नेपाल राष्ट्र बैङ्क विराटनगर कार्यालयले सार्वजनिक गरेको 'कोशी प्रदेशमा स्टार्टअप उद्यमको प्रवृत्ति विशेष अध्ययन प्रतिवेदन २०८१/८२' प्रतिवेदन अनुसारसो प्रदेशमा १६० स्टार्टअप उद्यममध्ये ८० प्रतिशत उद्यम नाफामा सञ्चालनमा छन् । तिनको औसत नाफा १३.९ प्रतिशत छ।

अध्ययन अनुसार आर्थिक वर्ष २०८०/८१ मा यस्ता स्टार्टअप उद्यमको कुल बिक्री आम्दानी ९२ करोड ६४ लाख रुपियाँ रहेको छ भने कुल नाफा १२ करोड ९२ लाख रुपियाँ छ । त्यस्तै सो अवधिमा स्टार्टअप उद्यममा कुल लगानी दुई अर्ब ५६ करोड रुपियाँ रहेको छ। औसत लगानी प्रतिफल दर ५.७ प्रतिशत छ। कुल दुई अर्ब ५६ करोड रुपियाँ लगानीमध्ये ३८.७ प्रतिशत ऋण र ६१.३ प्रतिशत स्वपुँजी रहेको छ।

अध्ययनमा समावेश १६० उद्यममध्ये ४१.३ प्रतिशत कृषि तथा वनजन्य, १८.१ प्रतिशत उत्पादनमूलक, १७.५ प्रतिशत सेवामूलक, १३.८ प्रतिशत पर्यटन, ९.४ प्रतिशत सूचना प्रविधि क्षेत्रमा केन्द्रित छन् । भौगोलिक रूपमा तराई क्षेत्रमा ६६.९ प्रतिशत, पहाडी क्षेत्रमा २२.५ प्रतिशत र हिमाली क्षेत्रमा



१०.६ प्रतिशत उद्यम सञ्चालनमा छन्।

स्टार्टअप उद्यममा संलग्न उद्यमीमध्ये ३६–५० वर्ष उमेर समूह ४४.४ प्रतिशत, २१–३५ वर्ष उमेर समूह ३९.३ प्रतिशत, ५०–७० वर्ष उमेर समूह १६.२ प्रतिशत रहेका छन्। यस्तै लैङ्गिक आधारमा ७४.४ प्रतिशत पुरुष र २५.६ प्रतिशत महिला उद्यमी छन्।

यी स्टार्टअप उद्यमले आव २०८०/८१ मा एक हजार ४३६ जनालाई रोजगारी दिएका छन्, जसमा ४८.४ प्रतिशत महिला र ५१.६ प्रतिशत पुरुष छन्।

अध्ययनमा हिमाली क्षेत्रबाट १७ वटा (१०.६ प्रतिशत), पहाडी क्षेत्रबाट ३६ वटा (२२.५ प्रतिशत) र तराईका क्षेत्रबाट १०७ वटा (६६.९ प्रतिशत) स्टार्टअप उद्यम छन् । अध्ययनमा समावेश भएका १६० वटा स्टार्टअप उद्यममध्ये वस्तु तथा सेवामा ५४ प्रतिशत, उत्पादन प्रक्रियामा ४१ प्रतिशत र वितरण प्रक्रियामा पाँच प्रतिशत व्यवसायले नवीन सोच तथा नवप्रवर्तनको प्रयोग गरेका छन्।

स्टार्टअप उद्यमलाई व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्ने कारणहरूमा ३७.१ प्रतिशतले आत्मनिर्भर बन्ने इच्छा, २५.८ प्रतिशतले समाजमा योगदान गर्ने चाहना, २५.१ प्रतिशतले नयाँ अवसर, ७.९ प्रतिशतले रोजगारीको अभाव र ४.१ प्रतिशतले अन्य कारण उल्लेख गरेका छन्।

अध्ययनमा समावेश भएका १६० स्टार्टअप उद्यममध्ये ६५ वटा (४०.६ प्रतिशत) उद्यमले सरकारी अनुदान तथा सुविधा प्राप्त गरेका छन् भने ९५ वटा (५९.४ प्रतिशत) उद्यमले कुनै पनि सरकारी अनुदान तथा सुविधा प्राप्त गरेका छैनन्।

यस्तै ७२ वटा (४५ प्रतिशत) उद्यमको प्रमुख बजार स्थानीय बजार, ७५ वटा (४६.९ प्रतिशत) उद्यमको प्रमुख बजार राष्ट्रिय बजार र १३ वटा (८.१ प्रतिशत) उद्यमको प्रमुख बजार अन्तर्राष्ट्रिय बजार रहेको छ।

# अनलाइन व्यापारमा बिल अनिवार्य

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

अनलाइनमार्फत व्यापार गर्नेले अनिवार्य रूपमा बिलको प्रयोग गर्नुपर्ने प्रस्ताव गरिएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सुझावका लागि सार्वजनिक गरेको विद्युतीय व्यापार (इकमर्स) निर्देशिका, २०८२ को मसौदामा यस्तो प्रस्ताव गरिएको हो।

मसौदामा वस्तु वा सेवाको भुक्तानी नगदमार्फत गरिएको अवस्थामा कारोबारको विद्युतीय बिल अनिवार्य जारी गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको हो। त्यस्तै सबै अनलाइन व्यापार व्यवसायीले व्यावसायिक कारोबार गर्दा स्वीकृत डिजिटल पेमेन्ट गेटवे मात्र प्रयोग गर्नुपर्ने व्यवस्था पनि मसौदामा समेटिएको छ । अनलाइन प्लेटफर्ममार्फत व्यापार गर्ने प्रत्येक व्यवसायीले वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा सूचीकृत हुनुपर्ने व्यवस्था निर्देशिकाले गरेको छ । निर्देशिका जारी भएपछि सञ्चालनमा रहेका तर सूचीकरण भइनसकेका इकमर्स फर्महरूलाई एक पटकका लागि ३५ दिनभित्र सूचीकरण गर्न विभागले सूचना जारी गर्ने उल्लेख छ।

मसौदामा अनलाइन व्यापार प्लेटफर्मले प्रयोगकर्ताको व्यक्ति विवरण एनक्रिप्टेड (सहजै पहिचान गर्न नसकिने) रूपमा सुरक्षित राख्नुपर्ने व्यवस्था समेटिएको छ। त्यस्तै प्रयोगकर्ताको सूचना चुहावट भएमा वा प्लेटफर्ममा कुनै खराबी उत्पन्न भएमा तुरुन्त कारोबार बन्द गरेर विभागमा जानकारी गराउनुपर्ने व्यवस्था पनि गरिएको छ । कारोबारसँग सम्बन्धित भुक्तानी असफल भएमा सात दिनभित्र फिर्ताको व्यवस्था गर्नुपर्ने प्रावधान पनि मसौदामा समावेश छ। मसौदामा अनलाइन प्लेटफर्ममा भ्रामक तथा अतिरञ्जित सूचना प्रकाशन गर्न नपाइने उल्लेख छ।

विदेशमा दर्ता भई नेपालमा कारोबार गर्ने इकमर्स कम्पनीले नेपालसँग सम्बन्धित तोकिएका सूचनाको गोपनीयता र संरक्षण गर्नुपर्ने उल्लेख गरिएको छ । "विदेशी कम्पनीले नेपालको वाणिज्य, कम्पनी तथा फर्म, पारवहन, कर प्रणाली, उपभोक्ता संरक्षण तथा डेटा गोपनीयता र संरक्षणसँग सम्बन्धित कानुनलगायत अन्य प्रचलित कानुनको पालन गर्नुपर्ने," उल्लेख छ।

# स्याङ्जामा फल्यो एक अर्ब बत्तिस करोडको सुन्तला

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, पुस २२ गते*

स्याङ्जामा यस वर्ष एक अर्ब ३२ करोड मूल्य बराबरको सुन्तला उत्पादन भएको छ। यहाँ दुई हजार चार सय हेक्टर क्षेत्रफलमा सुन्तला लगाइएकोमा एक हजार ४२० हेक्टरमा सुन्तला फल्दा २३ हजार २३८.५ मेट्रिक टन उत्पादन भएको हो। यहाँ उत्पादन भएको सुन्तला प्रतिकिलो ५७ रुपियाँका दरमा बिक्री हुँदा सो रकम पर्ने भएको हो।

यस आर्थिक वर्षमा उत्पादन भएको सुन्तला गत आवको भन्दा २० करोडले बढि रहेको राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना सुन्तला सुपरजोन स्याङ्जाले जनाएको छ। गत आबमा दुई हजार २५० हेक्टरमा सुन्तला लगाइएकोमा यो आबमा दुई सय हेक्टर विस्तार भएको हो।

सुन्तलाका लागि अनुकूल वातावरण, भूभाग वृद्धि र उत्पादन दिने बिरुवाको सङ्ख्यामा वृद्धि भएसँगै स्याङ्जामा सुन्तला उत्पादन बढेको हो।

परियोजना प्रमुख अजय अधिकारीले सुन्तला फुल्ने र फल्ने मौसममा असिना पानी नपरेको र रोगकिराको सङ्क्रमण नहुँदा उत्पादकत्वमा वृद्धि भएको बताउनुभयो।

उत्पादित सुन्तलाको १० प्रतिशत अर्थात् दुई हजार ३५६ मेट्रिक टन आन्तरिक खपत हुने गरेको



छ भने २० हजार ८८२ मेट्रिक टन निर्यात हुने परियोजनाले जनाएको छ।

स्याङ्जामा उत्पादित सुन्तला पोखरा, काठमाडौँ, चितवन र बुटवल निर्यात हुँदै आएकामा यस बुटवलमा चिसोका कारण कम सुन्तला पुगेको हो । आउने वर्षमा उत्पादन दिने बिरुवा थपिने जाने र प्रत्येक वर्ष सुन्तला खेती विस्तार र उत्पादनमा वृद्धि हुँदै जाने गरेको बताउँदै अधिकारीले मौसमले साथ दिएमा स्याङ्जामा सुन्तला उत्पादन बढ्ने बताउनुभयो।

स्याङ्जाका ११ वटै पालिकाका व्यावसायिक रूपमा सुन्तला खेती हुँदै आए पनि पुतली बजार, भिरकोट, वालिङ, गल्याङ नगरपालिका र अर्जुनचौपारी गाउँपालिकालाई पकेट क्षेत्र कायम गरिएको छ।

यस्तै फेदीखोला, आँधीखोला र बिरुवा गाउँपालिकालाई नयाँ पकेटक्षेत्र बनाएर सुन्तला खेती विस्तार गरिएको रहेको सुन्तला सुपरजोन कार्यान्वयन समितिका अध्यक्ष बोधराज अर्यालले बताउनुभयो।

सुन्तला खेतीबाट यहाँका कृषकले प्रतिपरिवार बर्सेनि २५ हजारदेखि ५५ लाख रुपियाँसम्म आम्दानी गर्दै आएका छन्। बिरुवा रोपेको पाँच वर्षभित्रमा र कलमी गरेर तयार गरिएको बिरुवाले रोपेको तीन वर्षमै फल दिने गर्छ।


NEFIN

**Nepal Federation of Indigenous Nationalities (NEFIN)**

**Vacancy Announcement**

**(First Publication Date: 6 January, 2026)**

Being established in 1990, Nepal Federation of Indigenous Nationalities (NEFIN) is the one and only umbrella federation of Organizations of enlisted Indigenous Peoples of Nepal; a legally recognized organization registered under "Organizations Registration Act, 2034" of Nepal. NEFIN truly represents Nepal's indigenous peoples who constitute 35% of total country population (Census 2021). From the day one of its establishment, NEFIN has been working for the protection of rights of Nepal's indigenous peoples over their ancestral domain, traditional lands, territories and natural resources as well as their cultural heritages, history, language, scripts, culture, traditions and identity. It has played a historical role in establishment of federalism, secularism and proportionate representation in Nepal.

In collaboration with its international collaborators, NEFIN is planning to initiate interventions on mapping of ancestral domains, traditional lands, territories and natural resources under the communal use of indigenous peoples of Baglung, Okhaldhunga (Rolpa, Solukhumbu and Dhankuta) districts of Nepal.

Now, NEFIN is seeking to recruit qualified personnels for the positions detailed below:

| S.N. | Position | Requirements | Required No. |
|---|---|---|---|
| 1. | Project Leadr | o Post-graduate degree in development and social studies, NRM, law or management<br>o At least 10 years of work experience in implementation of IPs rights related projects.<br>o Fluent in English writing and speaking as well as in Nepali; knowlede of Magar, Sherpa and Tamang IPs would be added benefit.<br>o Proven skills and experience in report writing, documentation and MS Office. | 1 |
| 2. | GIS Expert | o Post-graduate degree in GIS, geography, statistics, NRM or environment science<br>o At least 10 years of work experience relevant field.<br>o Proven skills and experience in GIS and Cartography. | 2 |
| 3. | Rapporteur | o Post-graduate degree in development and social studies, NRM, law or management<br>o At least 10 years of work experience in implementation of development projects.<br>o Fluent in English writing and speaking as well as in Nepali; knowlede of Magar, Sherpa and Tamang IPs would be added benefit.<br>o Proven skills and experience in report writing, documentation and MS Office. | 1 |
| 4. | Finance Officer | o At least graduate degree in accounting, finance or management.<br>o At least 7 years of work experience in relevant area.<br>o Proven skills and experience in accounting, book-keeping and financial management.<br>o Proficiency in computer skills (MS office) and accounting software is essential. | 1 |
| 5. | Software Developers | o At least graduate degree in computer science.<br>o Proven skill and experience in software development. | 2 |
| 6. | Field mappers | o At least graduate degree in any discipline<br>o Proven skills and experience in photography, cartography, drone-photography. | 6 |
| 7. | Programme Associate | o At least graduate degree in social science, management, NRM or environment studies<br>o At least 5 years of work experience in project implementation.<br>o Proven skills and experience in logistics, procrument process, communication and coordination with different partners and stakeholders.<br>o Proficiency in computer skills (MS office) is essential. | 2 |
| 8. | Local Facilitators | o At least higher secondary education (+2) in social science or management.<br>o At least 1 year of work experience in community mobilization.<br>o Sound communication and coordination skills. | 4 |

**Terms and conditions:**
1. Interested and qualified Nepalese citizens are requested to apply by 5:00pm on 19th January, 2026 through the official email of NEFIN - nepal.nefin@gmail.com.
2. The applicant should submit updated CV, a latest PP-size photograph, contact details and at least two references.
3. Women and marginalized IPs are encouraged to apply.
4. Only the shortlisted candidates will be included in written, oral and practical test.
5. NEFIN holds ultimate right to accept, reject or withhold or dismiss the recruitment process.
6. Telephone inquiries won't be entertained.

# निर्यात प्रोत्साहन कार्यविधि अन्तिम चरणमा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*




उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले विदेशी मुद्रा भित्र्याउने र व्यापार घाटा कम गर्ने निर्यात व्यापार रहेकाले यसलाई बढाउन आवश्यक रहेको बताउनुभएको छ।

नेपाल निर्यात परिषद्ले मङ्गलबार आयोजना गरेको १० औँ निर्यात दिवसलाई सम्बोधन गर्दै मन्त्री सिन्हाले स्वदेशी वस्तुको निर्यात बढाएर मुलुकको अर्थतन्त्र चलायमान बनाउन सकिने बताउनुभएको हो।

निर्यात प्रवर्धन गर्न सरकारले प्रयत्न गरे पनि सन्तुष्ट हुन नसकेको बताउँदै उहाँले निर्यातमा देखिएका प्रक्रियागत र कार्यविधिगत समस्यालाई सहजीकरण गर्न सरकार तयार रहेको जानकारी दिनुभयो।

निर्यातलाई प्रोत्साहन गर्न कार्यविधि तयार गरी अन्तिम चरणमा पुगेको उहाँले जानकारी दिनुभयो । व्यापार प्रवर्धन तथा निकासी केन्द्रका कार्यकारी निर्देशक शरदविक्रम राणाले निर्यात बढाउन नयाँ उत्पादनको विकाससँगै बजार पहुँच विस्तार गर्न आवश्यक रहेको बताउनुभयो।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डेले निर्यात बढाउन उत्पादन र बजारको विविधीकरण गर्नु आवश्यक रहेको बताउनुभयो । सामानको गुणस्तर प्रमाणीकरणको समस्या र लजिस्टिक कस्ट महँगो हुँदा निर्यात बढाउन नसकिएको उहाँले स्पष्ट पार्नुभयो। आयात प्रतिस्थापन गरी निर्यात प्रवर्धन गर्ने नीति ल्याउन आवश्यक रहेको उहाँको भनाइ छ।

नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले दुई खर्बको निर्यात व्यापारलाई बढाएर दोब्बर पार्नु आवश्यक रहेको बताउनुभयो । निर्यात बढाउन वस्तु उत्पादनसँगै नयाँ बजार खोज्नुपर्ने बताउँदै उहाँले सरकार र निजी व्यवसायी मिलेर अगाडि बढे व्यापार मात्र नभई आर्थिक रूपान्तरण गर्न सकिने धारणा राख्नुभयो । सहुलियत अनुदान दिएर साना साना व्यवसायीको उत्पादन सङ्कलन गरी निर्यात बढाउन सकिने उहाँको भनाइ छ ।

सो अवसरमा नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष चण्डीराज ढकालले देशको अर्थतन्त्रलाई स्थिरता दिनुका साथै रोजगारी सिर्जना गर्न निर्यात प्रवर्धन गर्नु आवश्यक रहेको बताउनुभयो।

परिषद्का निवर्तमान अध्यक्ष नरेशलाल श्रेष्ठले पछिल्लो समय मुलुक वस्तु निर्यातभन्दा मान्छे निर्यातमा केन्द्रित हुँदा व्यापार घाटा बढ्दै गएको बताउनुभयो । स्वदेशी उत्पादनको लागत महँगो हुँदा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न कठिन भएको उहाँको भनाइ थियो।

सरकारले निर्यातमा दिँदै आएको पाँच अर्ब नगद अनुदान रोकिएकाले तत्काल उपलब्ध गराउन उहाँले आग्रह गर्नुभयो। त्यस्तो अनुदान उद्योगीसँगै निर्यातकर्तालाई उपलब्ध गराउनुपर्ने उहाँको भनाइ छ।

हाल सीमित वस्तु मात्र निर्यात भइरहेकाले नयाँ नयाँ वस्तु विकास गरेर निर्यात बढाउनुपर्ने उहाँको भनाइ छ । बन्द रहेका उद्योगहरू रुग्ण उद्योग घोषणा गरी कसरी सञ्चालन गर्ने भनेर नीति ल्याउन आवश्यक रहेको उहाँले जानकारी दिनुभयो। नेपाल हस्तकला महासङ्घका अध्यक्ष रवीन्द्र शाक्यले हस्तकलाका सामान निर्यात गरेर राजस्व सङ्कलन गर्नुका साथै स्थानीयस्तरमा रोजगारी सिर्जना गरेकाले सरकारले यस क्षेत्रलाई प्रोत्साहन गर्न आवश्यक रहेको जानकारी दिनुभयो । परिषद्को २८ औँ साधारण सभाले डा. रामशरण थपलियाको अध्यक्षतामा नयाँ कार्यसमितिसमेत चयन गरेको छ।

सो अवसरमा आर्थिक वर्ष २०८२/८३ मा निर्यातमा योगदान पुर्‍याउने व्यवसायीलाई सम्मान गरिएको थियो।

## फेरि उकालो लाग्यो सुनचाँदीको मूल्य

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

स्थानीय बजारमा सुनचाँदीको मूल्य फेरि उकालो लाग्न थालेको छ । प्रतितोला दुई लाख ७० हजार रुपियाँ पुगेर दुई लाख ५९ हजार छ सय रुपियाँसम्म झरेको सुनको मूल्य गत आइतबारदेखि पुनः बढ्न थालेको हो । अमेरिकाले भेनेजुएलामाथि आक्रमण गरेसँगै अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढ्न थालको हो। त्यसको प्रभाव स्थानीय बजारमा पर्न गएको हो। नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार गत आइतबार प्रतितोला दुई लाख ६० हजार चार सय रुपियाँमा कारोबार भएको सुनको मूल्य सोमबार तोलामा चार हजार छ सय रुपियाँले बढेर दुई लाख ६५ हजार रुपियाँमा कारोबार भएको थियो। मङ्गलबार तोलामा तीन हजार एक सय रुपियाँले बढेर दुई लाख ६८ हजार एक सय रुपियाँमा कारोबार भएको महासङ्घले जनाएको छ।

पछिल्ला तीन दिनमा सुनको मूल्य तोलामा सात हजार सात सय रुपियाँले बढेको छ । मङ्गलबार अन्तर्राष्ट्रिय बजारमा सुन प्रतिऔँस चार हजार ४६५ अमेरिकी डलर पुगेको छ। सुनचाँदी व्यवसायी तेजरत्न शाक्यले अन्तर्राष्ट्रिय बजार अस्थिर भएकाले पर्ख र हेरको अवस्था रहेको जानकारी दिनुभयो। मूल्य बढेको स्थानीय बजारमा माग नहुँदा सुनको कारोबार ठप्प रहेको उहाँको भनाइ छ।

यसैबिच सुनसँगै चाँदीको मूल्यसमेत बढेको छ। तीन दिनमा चाँदीको मूल्य तोलामा ३८० रुपियाँले बढेको महासङ्घले जनाएको छ। गत आइतबार तोलामा चार हजार पाँच सय रुपियाँमा करोबार भएको चाँदीको मूल्य सोमबार बढेर चार हजार ६८५ रुपियाँ पुगेको थियो । मङ्गलबार तोलामा १९५ रुपियाँले बढेर चार हजार ८८० रुपियाँ पुगेको महासङ्घले जनाएको छ। मङ्गलबार अन्तर्राष्ट्रिय बजारमा चाँदीको मूल्य प्रतिऔँस ७८ डलर पुगेको छ।

## अध्यक्षमा सुवेदी

**चितवन समाचारदाता**
*चितवन, पुस २२ गते*

चितवन उद्योग वाणिज्य सङ्घको अध्यक्षमा चिरञ्जीवी सुवेदी निर्वाचित हुनुभएको छ। वरिष्ठ उपाध्यक्षमा राजेन्द्र ओली, उपाध्यक्षहरू नारायण प्रधान र राजन पिया र जनक पौडेल विजयी हुनुभएको छ।

## गोलभेँडाले भाउ पाउँदा किसान मक्ख

■ पोहोर बिकेन ■ अहिले किलोकै सय रुपियाँ



*तस्बिर : जनार्जन खत्री*

**सर्लाहीको सासापुर तीनघरेबाट काठमाडौँ लैजान क्रेटमा हालेर तयार पारिँदै गरेको गोलभेँडा।**

**सर्लाही समाचारदाता**
*सर्लाही, पुस २२ गते*

यस वर्षको मध्य चिसोयाममा पनि गोलभेँडाले प्रशस्त मूल्य पाउँदा सर्लाहीका किसान मक्ख छन् । अघिल्ला वर्षमा शीतलहर चल्ने याममा गोलभेँडा बिक्री नभएर किसान हैरान हुन्थे । केजीको १०/१२ रुपियाँमा पनि बेच्न मुस्किल पर्थ्यो।

यस वर्ष भने किसानले गोलभेँडाको अनपेक्षित मूल्य पाइरहेका हुन् । यहाँ किसानले गोलभेँडा व्यापारीलाई प्रतिकेजी एक सय रुपियाँमा बिक्री गरिरहेका छन्।

किसानसँग व्यापारीले एक सय रुपियाँ प्रतिकेजी खरिद गर्ने गोलभेँडा उपभोक्ताले भने खुद्रा बजारबाट प्रतिकिलो १२० रुपियाँसम्ममा खरिद गरी उपभोग गरिरहेका छन्।

यस वर्ष मध्य कात्तिकमा भएको भारी वर्षाले गोलभेँडाको बेर्ना नै नष्ट गरेपछि धेरै किसानले गोलभेँडा रोप्न पाएका थिएनन्। हरिवन नगरपालिका–२, अत्रौलीका किसान बाबुलाल दोङले कात्तिकमा भएको बेमौसमी वर्षाले गोलभेँडाको बोट नष्ट गरेकाले उत्पादन घटेको बताउनुभयो। थोरै किसानले मात्र बेर्ना जोगाएर गोलभेँडा फलाउन सकेकाले राम्रो भाउ पाइरहेको दोङको भनाइ छ।

"कात्तिकको पानीबाट जजस्ले गोलभेँडाको बोट जोगाउन सके उनीहरूले नसोचेको मूल्य पाइरहेका छन्," दोङले भन्नुभयो, "मैले पनि थोरै बिरुवा जोगाउन सकेकाले अहिलेसम्म त किलोको एक सय रुपियाँसम्म बिक्री गरिरहेको छु।"

सर्लाहीमा उत्तरी भेगको लालबन्दी, हीरापुर, पत्थरकोट, रानीगन्ज, घारी बथान, सासापुर, घुर्कौली, हरिवन, धरहरालगायत क्षेत्रमा व्यावसायिक रूपमा गोलभेँडा खेती हुन्छ । यस क्षेत्रका किसानले गोलभेँडा उत्पादन गरी लालबन्दी बजार वा सासापुर तीनघरेमा रहेको गोलभेँडा सङ्कलन केन्द्रमा ल्याएर बिक्री गर्ने गरेका छन्।

कृषि थोक बजार व्यवस्थापन समिति लालबन्दीका अनुसार उत्पादन घटेकाले यस वर्ष बजारमा गोलभेँडा कम परिमाणमा आइरहेको छ। बजार समितिका व्यवस्थापक शम्भुप्रसाद घिमिरेका अनुसार गएको वर्ष यही समयमा २५ केजी अट्ने एक क्रेट गोलभेँडा मुस्किलले दुई सयदेखि तीन सय रुपियाँसम्ममा बिक्री हुन्थ्यो।

यस वर्ष अहिले क्रेटको दुई हजारभन्दा माथि नै बिक्री भइरहेको छ। बजारका व्यवस्थापक घिमिरेले बजारको माग अनुसार किसानले गोलभेँडा उत्पादन गरेर ल्याउनै नसकेको बताउनुभएको छ।

लालबन्दी बजारका व्यापारी मोहम्मद उस्मानले पहिलो पटक यसरी मध्य जाडोमा पनि गोलभेँडाको मूल्य यति धेरै भएको बताउनुभयो।

अघिल्ला वर्षमा सुरुको उत्पादनले राम्रो मूल्य पाए पनि मध्य सिजनमा गोलभेँडा बिक्री नभएर किसानको खेतमै कुहिएरसमेत जाने गरेको थियो। सर्लाहीमा अहिले लालबन्दी थोक तरकारी बजारबाट दैनिक चार सयदेखि पाँच सय क्रेट र सासापुरस्थित तीनघरेबाट पाँच सय क्रेटभन्दा बढी गोलभेँडा सङ्घीय राजधानी काठमाडौँसहित देशका विभिन्न सहरमा जाने गरेको छ।

## दुई प्लास्टिक उद्योगलाई जरिबाना

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको अनुगमन टोलीले काठमाडौँ र भक्तपुरका दुई प्लास्टिक उद्योगलाई जरिबाना गरेको जनाएको छ । विभागको अनुगमन टोलीले मङ्गलबार भक्तपुरको मञ्जुश्री प्लास्टिक इन्डस्ट्रिजलाई दुई लाख रुपियाँ र काठमाडौँको श्री पोलिथिन एन्ड प्लास्टिक उद्योग प्रालिलाई ५० हजार रुपियाँ जरिबाना गरेको हो।

ती दुई उद्योगको अनुगमन गर्ने क्रममा उपभोक्ता संरक्षण ऐनविपरीत उद्योग दर्ता वा नवीकरण नभएको पाइएपछि तत्काल जरिबाना गरी दर्ता नवीकरण गरेर मात्रै उद्योग सञ्चालन गर्न निर्देशन दिएको जनाइएको छ। टोलीले जरिबानामा पर्ने दुई उद्योगसहित उपत्यकाका १७ वटाको अनुगमन गरेकोमा अन्यलाई सुधारको निर्देशन दिएको जनाएको छ।

---

**Madan Bhandari Academy of Health Sciences**
**Hetauda Hospital**
Bagmati Province, Hetauda, Makwanpur.
**Invitation for Bids**
**Date of First Publication: Wednesday, 23rd Poush 2082 (07th January 2026)**

Madan Bhandari Academy of Health Sciences invites electronic bids from eligible bidders for the below mentioned procurement at Madan Bhandari Academy of Health Sciences, Hetauda Hospital under NCB/SQ method. Eligible Bidders may obtain further information at the office of Madan Bhandari Academy of Health Sciences, Hetauda Hospital or may visit PPMO website: *www.bolpatra.gov.np/egp*

| S. No. | Notice No. | Tender Description | Bid Document Fee | Bid Security | Last date of Bid submission | Bid opening date |
|---|---|---|---|---|---|---|
| 1. | MBAHS/ HH/GOODS/ Lab1 /NCB/ 1S1E/2082/83-12 | Procurement of Supply and Delivery of Laboratory Chemicals and Reagents for MBAHS, Hetauda Hospital | Rs.5,000/- | Package wise (1-17) has been mentioned in bid documents. | Friday, 23rd Magh 2082 (06th February 2026). 12:00 hours | Friday, 23rd Magh 2082 (06th February 2026 13:00 hours |
| 2. | MBAHS/ HH/GOODS/ LAB2/NCB/ 1S1E/2082/83-14.1, 14.2 & 14.3 for package I, II & III respectively. | Procurement of supply and delivery of Serology, Microbiology and Pathology Chemicals, Reagents and other Accessories (Package I, II & III) for MBAHS, Hetauda Hospital | Rs.3,000/- | Total of NRs. 3,80,000/- i.e. 2,30,000/- for Package-I, NRs. 1,05,000/- for Package -II, NRs. 45,000/- for Package-III | Friday, 23rd Magh 2082 (06th February 2026). 12:00 hours | Friday, 23rd Magh 2082 (06th February 2026 13:00 hours |
| 3. | MBAHS/ HH/GOODS/ USGE/NCB/ 1S2E/2082/083-15 | Procurement of Supply, Delivery and Installation of USG and Echo Machine for MBAHS, Hetauda Hospital | Rs.3,000/- | NRs. 3,10,000/- | Friday, 23rd Magh 2082 (06th February 2026). 12:00 hours | Friday, 23rd Magh 2082 (06th February 2026 13:00 hours |
| 4 | MBAHS/GOODS/ SI/SQ/2082/083-002 | Procurement of Supply and Delivery of Stationery and Cleaning Items for MBAHS | Rs.1,000/- | NRs.44,500/- | Friday, 9th Magh 2082, 23rd January 2026 12:00 hours | Friday, 9th Magh 2082, 23rd January 2026 13:00 hours |

**Madan Bhandari Academy of Health Sciences, Hetauda Hospital**

---

**राजदेवी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
राजदेवी, रौतहट मधेश प्रदेश, नेपाल
**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**
(प्रथम पटक प्रकाशित मिति :– २०८२।०९।२३)

प्रस्तुत विषयमा यस राजदेवी नगरपालिकाको कार्यालयद्वारा मिति २०८२।०६।०९ गतेमा प्रथम पटक ३० दिनको म्याद राखी नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचनामा उल्लेख भएको ठे.नं. 02/RM/NCB/082-083 Installation Of Agriculture Boring & Electric Motor कार्यका लागि मिति २०८२/०७/१२ गते सम्ममा ई–बिडिङ मार्फत दर्ता भएका बोलपत्रहरूको मूल्याङ्कन समितिको बैठकबाट तपसिल बमोजिमको बोलपत्र सारभूत रूपमा प्रभावकारी देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | ठे.नं. तथा कामको विवरण | बोलपत्र दाताहरूको नाम र ठेगाना | कबोल अङ्क (PS र भ्याट सहित) | कै. |
|---|---|---|---|---|
| 1 | 01/RM/NCB/082-083 राजदेवी नगरपालिका अन्तर्गतका विभिन्न सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नति | थापा ब्रदर्श ड्रिलिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि., कोटेशवर, काठमाडौँ। | १,६५,५४,२७५।६८ | |
| 2 | 02/RM/NCB/082-083 Installation Of Agriculture Boring & Electric Motor | श्री जनकपुर कन्स्ट्रक्सन, एण्ड ट्युबवेल ड्रिलिङ कम्पनी प्रा.लि., जनकपुर–१४ | २,९९,४१,१६७।७४ | |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**काठमाडौँ महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
खरिद एकाइ
काठमाडौँ प्लाजा, कमलादी, काठमाडौँ
**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना ।**
**प्रकाशित मिति : २०८२।०९।२३ (नेपाल संवत् ११४६ पोहेलागा चतुर्थि)**

काठमाडौँ महानगरपालिका खरिद एकाइले तपसिलको कार्यका लागि गोरखापत्र (राष्ट्रिय) दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरेको, तोकिएको समयभित्र रीतपूर्वक दर्ता भएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लिखित बोलपत्र दाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) र २७(२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्र दाता एवं सबै सरोकारवालाहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र स्वीकृत हुने फर्मको नाम | कबोल अङ्क (रु.) |
|---|---|---|---|---|
| 1. | 01-01-082-83-NCBW-KMC-Ward28 | Contruction of Santoshi Mata Temple, KMC-28 | Rabi Nirman Sewa | रु. ४१,५८,५०२।५० (पी.एस. र मू.अ. कर बाहेक) |
| 2. | 01-02-082-83-NCBW-Ward13-KMC | Reconstruction and Rehabilitation of Shiva Panchayan Temple | Barahi Ajima Construction Pvt. Ltd | रु. २६,५२,२०१।१० (पी.एस. र मू.अ. कर बाहेक) |
| 3. | 01-02-082-83-NCBW-Ward13-KMC | Reconstruction and Rehabilitation of Dhaneshwor Temple | Dattatraya Construction Company Pvt.Ltd | रु. ७०,९५,४४६।८० (पी.एस. र मू.अ. कर बाहेक) |

**खरिद एकाइ**

---

**शिलबन्दी दरभाउपात्र आव्हानको सूचना**
**प्रथम पटक प्रकाशित मिति: २०८२/०९/२३**
**IEDI/NCB/SG/2082-83/01**

यस प्रतिष्ठानको त्रिपुरेश्वरस्थित कार्यालयको भवनका साथै सम्पूर्ण कार्यालय परिसरको २४ सै घण्टा, हप्ताको सातै दिन सुरक्षा सेवा आपूर्ति गर्ने सम्वन्धमा सिलबन्दी दरभाउपत्र फाराममा तोकिदिएको मापदण्ड बमोजिमका ३ जवान सुरक्षाकर्मी ६ महिना (असारमसान्तसम्म) का लागि संस्थागत सेवा करारमा लिन आवश्यक भएकोले ईच्छुक सुरक्षा सेवा प्रदायक फर्म/कम्पनीहरुले फारम दस्तुर रू.१,०००– तिरी सुरक्षा सेवा प्रदानको लागि सिलवन्दी दरभाउपत्र खरिद गरि सूचना प्रकाशन भएको मितिले ७औं दिनको ४:०० बजेसम्म र ७औं दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समयमा बुझाउनु पर्ने छ। यस सम्बन्धी विस्तृत विवरण प्रतिष्ठानको वेबसाइटमा वा प्रतिष्ठानको कार्यालय, त्रिपुरेश्वरमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**दरभाउपत्र दर्ता हुने अन्तिम मिति** : २०८२/०९/२९, **दरभाउपत्र खोलिने मिति, स्थान र समय** : २०८२/०९/३०, प्रतिष्ठानको सभा हल, त्रिपुरेश्वर, दिउँसो २:०० बजे

ईच्छुक ईजाजत पत्र प्राप्त सुरक्षा सेवा प्रदायक फर्म/कम्पनीहरुले राष्ट्रिय बाणिज्य बैंक रा.शि.नं. १४२२९ मा दरभाउपत्र फाराम दस्तुर रु.१,०००/– (पछि फिर्ता नहुने गरी ) दाखिला गरिएको सक्कल बैंक भौचर र लिखित निवेदन, फर्म/कम्पनीको दर्ता प्रमाणपत्र, आयकर/मु.अ.कर दर्ता प्रमाणपत्र, आ. व. २०८१/०८२ सम्मको करचुक्ता प्रमाणपत्र, सम्वन्धित निकायवाट सुरक्षा सेवा प्रदान गर्ने फर्म कम्पनीको नवीकरण भएको इजाजत पत्र, रोजगारदाताको रुपमा सामाजिक सुरक्षा कोषमा सूचीकरण प्रमाणपत्रको प्रतिलिपि र इजाजत प्राप्त वाणिज्य बैंकको ४५ दिनको म्याद भएको जमानत पत्र (विडवण्ड : रू.१३,०००/–) सहित रितपूर्वक दरभाउपत्र प्रतिष्ठानको दर्ता/चलानी शाखामा दर्ता गर्नुपर्ने छ।

**औद्योगिक व्यवसाय विकास प्रतिष्ठान**
**(An ISO 9001:2015 Certified Institution)**
त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९७७-१-५३६१३३९, ५३६१४६९
**https://iedi.gov.np**

---

**नेपाल नर्सिङ परिषद्को नाम दर्ता प्रमाणपत्र परीक्षा सम्बन्धी सूचना**
(**मिति** : २०८२।०९।२३)

नेपाल नर्सिङ परिषद्द्वारा प्रकाशित नाम दर्ता परीक्षाको वार्षिक कार्यतालिका अनुसार विभिन्न तहका नर्सिङ कार्यक्रमको आगामी नाम दर्ता परीक्षा **मिति २०८२ साल फागुन ११ गतेदेखि १५** गतेसम्म हुने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

Online फाराम बुझाउने मिति – २०८२।०९।२५ देखि २०८२।१०।२४ गतेसम्म
Online विलम्ब शुल्क – २०८२।१०।२५ देखि २०८२।१०।२९ गते कार्यालय समय ५:०० बजेसम्म

१. अनलाइन फाराम भर्नका लागि लिङ्क application.nnc.org.np मा गई दिइएको निर्देशन बमोजिम गर्नुहुन अनुरोध छ। अनलाइन बाहेक अन्य कुनै पनि माध्यमबाट परीक्षाको आवेदन फाराम बुझाउन पाइने छैन।
२. परीक्षा शुल्क Online Payment Gateway Khalti मार्फत बुझाउनुपर्नेछ।
३. नाम दर्ता परीक्षामा सामेल हुने परीक्षार्थीहरूको योग्यता तथा शुल्क तपसिलमा उल्लेख गरिएको छ।

| सि.नं. | परीक्षा | न्यूनतम योग्यता | शुल्क | विलम्ब शुल्क |
|---|---|---|---|---|
| १. | प्रवीणता प्रमाणपत्र तह नर्सिङ | प्रवीणता प्रमाण–पत्र तह नर्सिङ (PCL Nursing) तह उत्तीर्ण | रु. ३,५००।– | रु. ७,०००।– |
| २. | बि.एस्सी. नर्सिङ | बि.एस्सी. नर्सिङ (B.Sc. Nursing) तह उत्तीर्ण | रु. ३,५००।– | रु. ७,०००।– |
| ३. | बि.एम.एस | बि.एम.एस. (BMS) तह उत्तीर्ण | रु. ४,१००।– | रु. ८,२००।– |
| ४. | विशेषज्ञ नर्सिङ | स्नातकोत्तर नर्सिङ (MN/M.Sc.Nursing) तह उत्तीर्ण | रु. ५,१००।– | रु. १०,२००।– |

४. परीक्षामा बस्न योग्य हुनका लागि मिति २०८२।१०।२४ गते सम्ममा परीक्षाफल प्रकाशित भई आवश्यक कागजातहरू सोही मितिभित्र जारी भइसकेको हुनुपर्ने साथै, आवश्यक सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्रहरू अनलाइन मार्फत Upload गर्नुपर्नेछ। यस परिषद्ले तोकेको अन्तिम मितिसम्म सम्पूर्ण कागजातहरू नबुझाउने परीक्षार्थीहरू परीक्षामा सामेल हुन पाइनेछैन।
५. परीक्षार्थीहरूको शैक्षिक कार्यक्रम अनुसार छुट्टाछुट्टै परीक्षा सञ्चालन हुने हुँदा आफ्नो शैक्षिक योग्यता अनुसार परीक्षार्थीहरूले प्रस्ट बुझिने गरी अनलाइन फाराम भर्नुपर्नेछ। अन्यथा हुन गएमा परिषद् जवाफदेही हुनेछैन र बुझाएको शुल्क फिर्ता हुनेछैन।
६. परीक्षार्थीले परीक्षा दिन आउँदा आफ्नो परिचय खुल्ने (राष्ट्रिय परिचय पत्र/नागरिकता/पासपोर्ट/सवारी चालक अनुमति पत्र) को सक्कलै कागजात अनिवार्य ल्याउनुपर्नेछ।
७. परीक्षार्थीले परीक्षा दिन आउँदा औपचारिक पोशाक लगाएर आउनुपर्नेछ।।
८. २०७७ साल असोज १५ गते (October 1st, 2020) देखि नेपाल बाहिर अध्ययन गरेका परीक्षार्थीले चिकित्सा शिक्षा आयोगको Eligibility Letter अनिवार्य रूपमा Upload गर्नुपर्नेछ।
९. नेपाल नर्सिङ परिषद्को परीक्षा समितिले आवश्यक ठानेमा परीक्षार्थीहरूसँग अन्तर्वार्ता समेत लिन सक्नेछ।
१०. बि.एम.एस. तथा स्नातकोत्तर नर्सिङको हकमा परिमार्जित Test Guidelines परिषद्को Website मा राखिएको छ।
११. परीक्षाको मिति, परीक्षा केन्द्र र परीक्षा शुरु हुने समय लगायत अन्य जानकारी प्रवेश पत्रमा उल्लेख गरिनेछ। सो बमोजिम पालना गर्नुपर्नेछ।
१२. परीक्षा सम्बन्धी विस्तृत जानकारी यस परिषद्को Website: www.nnc.org.np मा हेर्न सकिनेछ। आवश्यक परेको खण्डमा यस कार्यालयको फो.नं. ०१–४३७२५२१ मा सम्पर्क गर्न सकिनेछ।

**परीक्षा समिति**
**नेपाल नर्सिङ परिषद्**
**बाँसबारी, काठमाडौँ।**

## टेबलटेनिसमा ममतालाई स्वर्ण

**काठमाडौँ** (गोरखापत्र), पुस २२ गते । वडा नं. ५ की ममतासिंह राजवंशीले सातौँ मेयर कप ललितपुर महानगरपालिका अन्तरवडा टेबलटेनिस प्रतियोगिताको भेट्रान ४० वर्षमाथि महिला सिङ्गल्समा स्वर्ण पदक जित्नुभएको छ ।

ललितपुर महानगरपालिकाको कनिबहालस्थित आयोजक वडा नं. ६ को हातामा भइरहेको प्रतियोगिताको फाइनलमा ममताले वडा नं. ११ की सरिला शाक्यलाई ४-११, ११-७, १२-१०, १०-१२ र ११-९ को सेटमा पराजित गर्नुभयो ।

भेट्रान पुरुष टिममा वडा नं. १६ ले वडा नं. २० लाई ३-२ ले हराउँदै पहिलो भयो । पाँच सिङ्गल्सको खेलमा वडा नं. १६ ले तीन सिङ्गल्सको नतिजा आफ्नो पक्षमा पार्दै उपाधि सुनिश्चित गरेको हो । वडा नं. १६ का राजु शाक्यले दुई तथा राजेन्द्र श्रेष्ठले एक सिङ्गल्स जिते । वडा नं. २० का राजीव महर्जन र सञ्जय शाक्यले समान १-१ सिङ्गल्समा जित हात पार्नुभयो ।

## सोहौँ राष्ट्रपति रनिङ सिल्डको तयारी

**ताप्लेजुङ** (गोरखापत्र), पुस २२ गते । ताप्लेजुङमा जिल्लास्तरीय १६ औँ राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता आगामी माघ २३ गतेदेखि सञ्चालन हुने भएको छ । जिल्ला खेलकुद विकास समितिका अनुसार राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता माघ २३ देखि २६ गतेसम्म सिदिङ्वा गाउँपालिकामा सञ्चालन हुने भएको हो ।

जिल्ला खेलकुद विकास समितिले सोमबार सदरमुकाम फुङलिङमा पत्रकार सम्मेलन गरी प्रतियोगिताबारे जानकारी गराएको हो । सिदिङ्वा गाउँपालिकाको संयोजन र जिल्ला खेलकुद विकास समितिको आयोजनामा प्रतियोगिता हुन लागेको समितिका अध्यक्ष नरेन्द्रकुमार लिम्बू (गणेश) ले जानकारी दिनुभयो ।

प्रतियोगितामा समावेश गरिने विधामा भलिबल, कबड्डी, एथलेटिक्स, सितोरियो कराँते, तेक्वान्दोलगायत रहेका छन् । उक्त विभिन्न विधा अन्तर्गत ६६ स्वर्ण, ६६ रजत र ७० कांस्य गरी कुल २०२ पदकका लागि छात्रछात्राले प्रतिस्पर्धा गर्ने जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख यज्ञनिधि पौडेलले जानकारी दिनुभयो ।

पौडेलका अनुसार प्रतियोगितामा जिल्लाका नौ वटा स्थानीय तहमा रहेका विद्यालयले सहभागिता जनाउने छन् ।

# स्पोर्ट्स समिटमा विश्वकप ट्रफी




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) ले सोमबार पोखराको म्याजेस्टिक होटेलमा आयोजना गरेको एनएसजेएफ स्पोर्ट्स समिटमा ट्वान्टी-ट्वान्टी विश्वकपको ट्रफी प्रदर्शन गरिएको छ । भारत र श्रीलङ्कामा फेब्रुअरीमा अबको ट्वान्टी ट्वान्टी विश्वकप आयोजना हुने छ र त्यसै क्रममा ट्रफी नेपाल आइपुगेको हो । ट्रफी सोमबार पोखरा आइपुगेको हो र त्यसलाई स्पोर्ट्स समिटमा प्रदर्शन गरिएको हो ।

त्यस समिटका अवसरमा प्यानल डिस्कन गरिएको थियो र विषय रहेको थियो, पोखरामा खेल पर्यटन र अर्थतन्त्र । पोखरेली पत्रकार दीपेन्द्र श्रेष्ठले सञ्चालन गरेको त्यस कार्यक्रममा विशेषज्ञका रूपमा सहभागी हुनेमा नेपाल पर्यटन बोर्डका अफिसेटिङ डाइरेक्टर सुनील शर्मा, राष्ट्रिय खेलकुद परिषद्का पूर्वसदस्यसचिव टङ्कलाल घिसिङ, पोखरा टुरिजम बोर्डका संस्थापक अध्यक्ष अशोक पालिखे र पोखरा भ्रमण वर्षका संयोजक गोपी भट्टराई रहनुभएको थियो ।

सो कार्यक्रममा शर्माले पोखरामा खेलकुदको सम्भावना धेरै रहेको बताउनुभयो । उहाँले पर्यटन प्रवर्धनका लागि जहिले पनि नयाँ आयाम चाहिएकोमा खेलकुद त्यो विकल्प हुन सक्ने भन्नुभयो । परिषद्का पूर्वसदस्य घिसिङले पोखराको खेल पर्यटनको विकास र विस्तार गर्न निजी क्षेत्रको प्रत्यक्ष सहभागिता आवश्यक रहेकोमा जोड दिनुभयो । उहाँले यसका लागि नीति नै बनाउनुपर्ने बताउनुभयो ।

यसै गरी भट्टराईले पोखरामा भौतिक पूर्वाधार पर्याप्त रहेको तर त्यसलाई सुहाउँदो प्रतियोगिता नभएको गुनासो पोख्नुभयो । उहाँले खेल प्रतियोगिता आयोजना गर्नका लागि आवश्यक समन्वय भइरहेको दाबी गर्नुभयो । पालिखेले पनि पोखरा भौतिक पूर्वाधारमा निकै धनी रहेको तर त्यसको उपयोग भने कम भएको बताउनुभयो । उहाँले पोखरामा जति प्रतियोगिता भएका छन्, त्यसलाई प्रोत्साहन आवश्यक रहेको सुनाउनुभयो ।

### स्पोर्ट्स अवार्डको तयारी पूरा

नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) को आयोजनामा हुन लागेको २२ औँ एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डको सम्पूर्ण तयारी पूरा भएको छ । नेपाली खेलकुदको सबैभन्दा ठुलो र प्रतिष्ठित अवार्डको कार्यक्रम इतिहासमै काठमाडौँबाहिर हुन लागेको यो पहिलो पल्ट हो । अवार्डको पूर्वसन्ध्यामा मङ्गलबार स्पोर्ट्स समिटको पनि आयोजना गरिएको छ । मञ्च अन्तर्गतको एनएसजेएफ एकेडेमीको आयोजनामा भएको त्यस कार्यक्रममा पोखरामा खेल पर्यटन र अर्थतन्त्रबारे छलफल भएको थियो ।

मञ्चका अध्यक्ष निरञ्जन अधिकारीले कार्यक्रमलाई लिएर आफू धेरै उत्साहित रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "कार्यक्रमलाई लिएर चाहिने सबै तयारी पूरा भएको छ । अब हामी अवार्ड कार्यक्रमकै व्यग्र प्रतीक्षामा छौँ । हामीलाई सुरुमा मोफसलमा अवार्ड कार्यक्रमको आयोजना गर्दा धेरै चुनौती सामना गर्नुपर्ने लागेको थियो तर पोखरामा आएपछि हामीले चुनौतीभन्दा पनि बढी अवसर देखेका छौँ । मलाई लाग्छ, अब पोखरा राष्ट्रिय र अन्तर्राष्ट्रिय अवार्ड कार्यक्रमको पनि गन्तव्य बन्ने छ ।"

त्यस्तै मञ्चको पोखरा समन्वय शाखाका अध्यक्ष एमबी आस्था मगरले अवार्ड कार्यक्रमको आयोजनाले पोखरेली खेल इतिहासमा नयाँ अध्याय थपिएको बताउनुभएको छ । उहाँले भन्नुभयो, 'पोखरा सहर स्पोर्ट्स हबका रूपमा स्थापित हुँदै आएको छ । अब स्पोर्ट्स अवार्डको सफल आयोजनाले पोखराको खेल क्षेत्र अझ विस्तृत र फराकिलो भएको छ ।" अवार्डमा पोखरा महानगरपालिका प्रवर्धक रहेको छ ।

अवार्डमा यसपल्ट पनि १० विधामा अवार्ड प्रदान गरिने छ । त्यसमा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, युवा वर्ष खेलाडी, वर्ष प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड, टिम अफ दी इयर र एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्ड रहेका छन् । पिपल्स च्वाइस अवार्डको मनोनयनमा रहेका खेलाडीमा उसुका विजय सिन्जाली, टेबलटेनिसकी इभाना थापा, भलिबलका हिमाल सुनारी, क्रिकेटकी पूजा महतो र फुटबलकी रेखा पौडेल रहेका छन् । यस पल्टको कार्यक्रम पोखराको सभागृहमा आयोजना हुने छ ।

# विश्वकप खेल्ने नेपाली टिम घोषित

## शेर र बसिर टिममा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

आइसिसी टी-२० विश्वकप २०२६ का लागि नेपालको १५ सदस्यीय टोली घोषणा भएको छ ।

रोहित पौडेलको कप्तानीमा घोषित विश्वकप खेल्ने नेपाली टिममा स्पिनर शेर मल्ल पनि सामेल हुनुहुन्छ । एनपिएल २०२५ मा सानदार प्रदर्शनपछि मल्लले पुरस्कार पाउनुभएको हो । मल्लले पहिलो पटक सिनियर टोलीमा स्थान बनाउनुभएको हो । एनपिएलमा छाप छोड्ने बसिर अहमद पनि टिममा पर्नुभएको छ । यसअघि टिममा रहेका कुशल मल्ल र आदिल आलमले भने विश्वकप टिममा स्थान पाउनुभएन ।

**नेपाली टिम** : रोहित पौडेल (कप्तान), दीपेन्द्रसिंह ऐरी, कुशल भुर्तेल, आसिफ शेख, आरिफ शेख, गुल्सन झा, सन्दीप लामिछाने, नन्दन यादव, शेर मल्ल, ललित राजवंशी, करण केसी, सोमपाल कामी, बसिर अहमद, लोकेश बम, सन्दीप जोरा ।

# चौथो ललितपुर मेयर कप ब्याडमिन्टन सुरु

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

ललितपुर ब्याडमिन्टन सङ्घ र बालकुमारी रिमिक्स क्लबको संयुक्त आयोजनामा चौथो ललितपुर मेयर कप राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता-२०८२ मङ्गलबार सुरु भएको छ । ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जनले प्रतियोगिताको उद्घाटन गर्नुभयो ।

बालकुमारी रिमिक्स क्लबको कभर्ड हलमा भएको प्रतियोगिताको पहिलो दिन पुरुष एकलतर्फ नेपाल पुलिस क्लबका भविश थापाले सुर्खेतका प्रकाश अधिकारीलाई २१-१०, २१-११ ले हराएर विजयी सुरुवात गर्नुभएको छ । उहाँसँगै नेपाल पुलिस क्लबकै नगेन्द्र लिम्बूले देवीनगरका तसत ढकाललाई २१-६, २१-७ ले पराजित गर्दै राउन्ड ३२ मा प्रवेश गर्नुभयो । राउन्ड ३२ मा प्रवेश गर्ने अन्यमा नेपाली सेनाका आर्मी क्लबका विवेक चौधरी र लक्ष्मण रानामगर, लभ ब्याडमिन्टन एकेडेमीका अनन्त पाखिन, नेपाल पुलिस क्लबका सक्षम ढकाल र हिराबहादुर राई, आर्मीका विधान अधिकारी र सुप्रिम पन्त, पुलिसका कविर केसी, तीनचुलीका सुनील कार्की, पुलिसका अलिन मल्ल, गोरखाका मुकुल गुरुङ, ओखलढुङ्गाका टीकाध्वज राई, आर्मीका सुविन श्रेष्ठ, पुलिसका जोन जसराज र फिटनेस स्पोर्ट्सप्लेक्सका प्रियान्सु क्षेत्री हुनुहुन्छ ।

ललितपुर महानगरपालिकाको मुख्य प्रायोजनमा भएको प्रतियोगिताको पुरुष यु-१७ तर्फको प्रतिस्पर्धाको राउन्ड अफ ६४ को खेलमा मधवाइलिया ब्याडमिन्टन क्लबका विवेक अधिकारी, बालकुमारी रिमिक्सका हर्सबर्धन राठी, आर्मीका प्रतीक विष्ट, बालकुमारीका सक्षम शाक्य, आबिएससीका आदित्य कुमार, कीर्तिपुर ब्याडमिन्टन क्लबका सामन्तभद्र वज्राचार्य, भिन्छेबहालका अलेन डङ्गोल, कस्तुरी कलेजका मिकेश लिम्बू र मनोहराका प्रणभ आचार्यले पनि राउन्ड अफ ३२ मा स्थान बनाउन सफल हुनुभएको छ ।

ललितपुर महानगरपालिकाको मुख्य प्रायोजन रहने प्रतियोगितामा पुरुष एकल र महिला एकल खुला, उच्च २० वरीयताबाहेकको पुरुष युगल, यु-१७ पुरुष तथा महिला एकल खुला, ४५ वर्षमाथिको मास्टर युगल खुला गरी छ विधामा करिब २२६ खेलाडीले प्रतिस्पर्धा गरिरहेका छन् ।

अनुमानित लागत ३२ लाख २० हजार पाँच सय रहेको प्रतियोगिताको पुरस्कार राशि चार लाख २५ हजार रहेको छ । पुरुष एकल, महिला एकल र पुरुष युगलतर्फ शीर्ष तीन स्थान हासिल गर्नेले नगद ५० हजार, २५ हजार र १० हजारसहित मेडल, प्रमाणपत्र र ट्रफी प्राप्त गर्ने छन् । यस्तै यु-१७ पुरुष तथा महिलाका शीर्ष तीन स्थान हात पार्नेले नगद २० हजार, १० हजार र पाँच हजार तथा मास्टर युगलतर्फका विजेताले नगद ३० हजार, १५ हजार र सात हजार पाँच सयसहित मेडल, प्रमाणपत्र र ट्रफी प्राप्त गर्ने छन् ।

# लिग रनिङ कप टी-२० क्रिकेट हुने

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, पुस २२ गते*

पुतलीबजार नगरपालिका-१, मालेबगर खेल मैदानमा प्रथम खुमा अर्याल कप टी-२० रनिङ कप क्रिकेट हुने भएको छ ।

खुमा अर्याल फाउन्डेसन स्याङ्जाले पुतलीबजार नगरपालिकाको सहकार्य र जिल्ला क्रिकेट सङ्घ स्याङ्जाको प्राविधिक सहयोगमा पालिकास्तरीय प्रथम खुमा अर्याल टी-२० रनिङ कप क्रिकेट यही माघ २ देखि १० गतेसम्म गर्न लागेको हो । जिल्लाको समग्र खेलकुद क्षेत्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरसम्म चिनाउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको फाउन्डेसनका अध्यक्ष लेखनाथ शर्माले बताउनुभयो ।

टी-२० क्रिकेटको राष्ट्रिय प्रतियोगिताका लागि जिल्ला टिम छनोट गर्ने, स्याङ्जा सदरमुकामलाई क्रिकेटलगायतका खेलको हबका रूपमा विकसित गराउनेलगायतका महत्त्वाकाङ्क्षी योजनाका साथ अघि बढिरहेको अध्यक्ष शर्माले बताउनुभयो ।

प्रतियोगितामा यु-१६ को एक र यु-१९ का दुई खेलाडी टिममा अनिवार्य खेलाउनुपर्ने नियम आयोजकले बनाएको छ । यसै गरी टिमले दुई खेलाडी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सहभागी गराउन पाउने छ । नौ दिन चल्ने खेलमा स्याङ्जाका ११ पालिकामध्ये नौ पालिकाको सहभागिता रहने पक्का भएको बताउनुभयो । विजेताले दुई लाख रुपियाँ, महत्त्वपूर्ण बहुमूल्य रत्न सुन तथा चाँदीजडित र आठ लाख रुपियाँमा निर्माण भएको रनिङ सिल्डसहित ट्रफी, मेडल र प्रमाणपत्र हात पार्ने छ ।

यस्तै उपविजेताले एक लाख ५० हजार रुपियाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छ भने तेस्रो स्थान हात पार्ने पालिकाले एक लाख र सान्त्वनाले ५० हजार रुपियाँसहित ट्रफी, मेडल र प्रमाणपत्र हात पार्ने छ । प्रतियोगितामा प्लेयर अफ दी म्याचले पाँच हजार र प्रतियोगिताका विधागत बेस्ट प्लेयरले १०/१० हजार पुरस्कार पाउने फाउन्डेसनले जनाएको छ । प्रतियोगिता सञ्चालनका लागि ६४ लाख नौ हजार सात रुपियाँ खर्च हुने अनुमान आयोजकले गरेको छ ।

# कला / साहित्य

## 'श्री स्वस्थानी देवी तिमी' सार्वजनिक

**काठमाडौँ** (गोरखापत्र), पुस २२ गते । टेकराज पोखरेलको नयाँ भजन 'श्री स्वस्थानी देवी तिमी' सार्वजनिक भएको छ । उक्त भजन कोहिनुर मिडिया प्रालिको युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो । भजनमा श्री स्वस्थानी माताको गुणगान गाइएको छ भने यो भजन मध्यपश्चिमको स्थानीय लोकलयमा गाइएको छ ।

भजनमा शब्द रचना धनकला पौडेल पोखरेलको रहेको छ भने सङ्गीत तथा गायक पोखरेल र उहाँको समूहको रहेको छ । भजन गायनमा हरिप्रसाद पोखरेल, सरु न्यौपाने पोखरेल, कौशिला पोखरेल, भक्तिराम पोखरेललगायतले साथ दिनुभएको छ । भजनको नृत्य निर्देशन प्रमिता पोखरेलले गर्नुभएको हो ।

## 'वर्ल्ड राइजिङ स्टार' मा नेपालबाट प्रनिक र समृद्धि

**काठमाडौँ** (गोरखापत्र), पुस २२ गते । जर्जियामा हुन गइरहेको 'वर्ल्ड राइजिङ स्टार' मा नेपालबाट दुई बालबालिकाले प्रतिनिधित्व गर्ने भएका छन् । प्रतियोगितामा 'डिएसए स्टार सिजन-१५' को विजेता प्रनिक थापा र 'डिएसए स्टार सिजन-१६ को विजेता समृद्धि शाहले नेपालको प्रतिनिधित्व गर्न लाग्नुभएको छ । प्रतियोगिता जर्जियाको राजधानी तिब्लिसीमा यही जनवरी ८ देखि १३ तारिखसम्म सञ्चालन हुँदै छ । प्रतियोगितामा विश्वभरबाट ४० भन्दा बढी देश सहभागी हुँदै छन् ।

प्रनिक र समृद्धिलाई जर्जिया पठाउन लागेको नेपाली संस्था परिवर्तन इभेन्ट हाउसले दुई पटक 'वर्ल्ड राइजिङ स्टार' मा प्रतिनिधित्व गरिसकेको छ । दुई पटक नै नेपाली बालबालिका विश्व विजेता बनिसकेका छन् । हाउसका निर्देशक राज बराइलीले यस पटक पनि शीर्ष ताज नेपालमै ल्याउनका लागि तयारी गरिरहेको बताउनुभयो ।

## केकी र सुलक्षणले घोषणा गरे 'पेट्रोल पम्प'

**काठमाडौँ** (गोरखापत्र), पुस २२ गते । अभिनेत्री केकी अधिकारी र निर्देशक सुलक्षण भारतीको टिमले नयाँ चलचित्र 'पेट्रोल पम्प' निर्माणको घोषणा गरेको हो । चलचित्र 'बोक्सीको घर' प्रदर्शनको समयमा हामीले समय मिलेको खण्डमा हामी पुनः सहकार्यमा जुट्ने छौँ भनेका थियौँ," केकीले भन्नुभयो, "त्यो समय अहिले पेट्रोल पम्ममार्फत आएको छ ।"

चलचित्रलाई सुलक्षण भारतीले निर्देशन गर्नुहुने छ । चलचित्रमा कथा पनि निर्देशक सुलक्षणकै नै रहने छ । चलचित्रको निर्माता भने केकी अधिकारी हुनुहुने छ । सोसल ड्रामा चलचित्र विसं २०८३ मा प्रदर्शन हुने छ । चलचित्रमा को को कलाकार रहने छन् भन्ने हामी केही समयमा विस्तृत जानकारी दिने केकीले बताउनुभयो । प्राविधिक पनि को को हुनुहुने छ हामी बिस्तारै जानकारी दिँदै जाने छौँ," केकीले भन्नुभयो ।

# बालबालिकाले देखाए पैंसरी र हुड्केली



तस्बिर : शङ्कर केसी

**परम्परागत हुड्केली नाच प्रस्तुत गर्दै जानकी मावि दोहलीका विद्यार्थी ।**

**शारदा समाचारदाता**
*शारदा (सल्यान), पुस २२ गते*

सल्यानमा सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकामा मौलिक तथा परम्परागत लोककला र संस्कृतिप्रति चासो बढ्दै गएको देखिएको छ । जिल्लाको छत्रेश्वरी गाउँपालिकामा आयोजित खेलकुद प्रतियोगिताका क्रममा बालबालिकाले पैंसरी (लहरे) र हुड्केली नाच प्रस्तुत गर्दै आफ्नो संस्कृति संरक्षण र सिकाइप्रति उत्साह देखाएका हुन् ।

छत्रेश्वरी गाउँपालिकाको पाँचौँ अध्यक्ष कप तथा आठौँ राष्ट्रपति रनिङ सिल्ड अन्तरमाध्यमिक विद्यालय खेलाडी छनोट प्रतियोगितामा सोमबार जानकी माध्यमिक विद्यालय छत्रेश्वरी-३, दोहरीका विद्यार्थीले हुड्केली र लहरे नाच प्रस्तुत गरेका हुन् । शारदा मावि शङ्खमूलको खेल मैदानमा विद्यार्थीले प्रस्तुत गरेको मौलिक प्रस्तुतिले कार्यक्रममा सहभागी कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री सुरेश अधिकारीसहित सबैको ध्यान तानेको थियो ।

हुड्केली नाचमा सात जना विद्यार्थी सहभागी थिए भने पैंसरी नाचमा एक जना मादलेसहित १९ जना विद्यार्थी सहभागी भएका थिए । खेलकुदसँगै संस्कृति पनि विद्यालय शिक्षाको महत्त्वपूर्ण पाटो भएकाले विद्यार्थीलाई मौलिक संस्कृतितर्फ अग्रसर गराइएको जानकी माविका प्रधानाध्यापक सुरेश बुढाथोकीले बताउनुभयो । हुड्केली नाच प्रस्तुत गर्ने विद्यार्थी सिर्जना पुनले आफ्नो पहिचान र संस्कृतिबारे बुझ्न पाइएको बताउनुभयो । यस्तै विद्यार्थी सल्फा बुढाथोकी, चाँदनी दाहालले पालिकास्तरीय कार्यक्रममा विद्यालयमा सिकेको नाच देखाउन पाउँदा खुसी व्यक्त गर्दै भविष्यमा पनि मौलिक नाचलाई निरन्तरता दिन चाहेको उल्लेख गर्नुभयो ।

पैंसरी नाच प्रस्तुत गर्ने विद्यार्थी हेमन्त खड्काले आफ्नो इतिहास र संस्कृतिको संरक्षणमा शिक्षक तथा अभिभावकले उत्प्रेरित गरेकाले हौसला मिलेको बताउनुभयो । बढ्दो आधुनिकतासँगै परम्परागत लोककला संस्कृति ओझेल पर्दै गएको अवस्थामा पछिल्लो पुस्ताले विद्यालयस्तरबाटै यसतर्फ चासो देखाएका हुन् ।

स्थानीय कला संस्कृतिप्रेमी खुसल बुढाले विद्यालयस्तरबाटै लोकसंस्कृतिको संरक्षण र प्रवर्धन आवश्यक रहेको जोड दिनुभयो । छत्रेश्वरी गाउँपालिका अध्यक्ष ओजबहादुर बुढाथोकीले खेलकुदसँगै संस्कृति जोडिनु अत्यन्तै सकारात्मक भएको बताउनुभयो । उहाँले बालबालिकामा रहेको प्रतिभा र मौलिक संस्कृतिप्रतिको चासोलाई गाउँपालिकाले प्रोत्साहन गर्ने भन्दै यस्ता कार्यक्रमले समाजको पहिचान जोगाउने तथा नयाँ पुस्तालाई संस्कृतिसँग जोडेर अनुशासित र सिर्जनशील बनाउने विश्वास व्यक्त गर्नुभयो ।

# महोत्सवमा तीन हजारलाई निःशुल्क ढिक्री खुवाइने

**दाङ समाचारदाता**
*दाङ, पुस २२ गते*

गुलरियामा सांस्कृतिक महोत्सवमा सहभागी सबैलाई थारू परिकारको स्वाद चखाउने उद्देश्यसहित करिब तीन हजार जनालाई निःशुल्क ढिक्री र आलुको अचार खुवाउने तयारी गरिएको छ । महोत्सव अवलोकन गर्न आउने सबै सहभागीलाई निःशुल्क रूपमा ढिक्री र आलुको अचार खुवाइने महोत्सव मूल आयोजक समितिका संयोजक अशोककुमार चौधरीले जानकारी दिनुभएको छ ।

उहाँले भन्नुभयो, "अहिले गाउँभरिका महिला, युवा तथा स्थानीय बासिन्दा काममा खट्नुभएको छ ।" मासु, अनदीको रोटी तथा अन्य परिकारमा भने सामान्य शुल्क लाग्ने उहाँको भनाइ छ ।

'एकता, विकास र आत्मनिर्भरताका लागि सांस्कृतिक अभियान' भन्ने मूल नाराका साथ पुस २७ गते घोराही उपमहानगरपालिका-१७, गुलरियास्थत सहिद नेत्रलाल पार्कमा आयोजना हुन लागेको महोत्सवको



तयारी करिब ८० प्रतिशत सम्पन्न भइसकेको चौधरीले जानकारी दिनुभयो । गुलरिया टोल विकास संस्थाको मुख्य आयोजनामा तथा सौरा बगालको सहआयोजनामा हुन लागेको यो महोत्सव थारू समुदायको मौलिक संस्कृति, भाषा, साहित्य, वेशभूषा र खानपानको संरक्षण तथा प्रवर्धन गर्ने उद्देश्यले आयोजना गर्न लागिएको हो ।

## आजको राशिफल

डा. नारायणप्रसाद निरौला
पञ्चाङ्गकार, आर्यावर्तपञ्चाङ्गम् ।

**मेष** – प्रेम जीवन पारखिलो रहने छ । कला साहित्यमा रुचिका रहनुका साथै पारिवारिक सुख मिल्ने छ ।

**वृष** – अध्ययनमा अधिक समय व्यतीत हुने छ । कार्य क्षेत्रमा मिथ्या अपवादको भने सामना गर्नुपर्ने देखिन्छ ।

**मिथुन** – दिन प्रेमिल रहने छ । कार्य लाभका साथै व्यावसायिक सफलता मिल्ने देखिन्छ ।

**कर्कट** – व्यापारमा वृद्धि हुने छ । प्राविधिक कार्यमा रुचि बढ्नुका साथै खेल क्षेत्रबाट पनि लाभ रहने देखिन्छ ।

**सिंह** – मिष्ठान्न प्राप्तिका योग देखिन्छन् । पराक्रम बढ्नुका साथै साङ्गीतिक क्षेत्रबाट लाभ रहने छ ।

**कन्या** – धनको क्षेत्र मध्यम फलदायी रहने छ । पशुचौपायाबाट लाभ रहे पनि कार्यक्षेत्रमा अधिक परिश्रम गर्नुपर्ने देखिन्छ ।

**तुला** – सामाजिक प्रतिष्ठामा वृद्धि हुने छ । सोचेका काम पूरा हुने छन् । कर्म क्षेत्र बलवान् रहने देखिन्छ ।

**वृश्चिक** – आध्यात्मिक क्षेत्रमा रुचि रहने छ । मित्र सुख मिल्नुका साथै वैदेशिक क्षेत्रबाट लाभ रहने छ ।

**धनु** – नयाँ कार्यप्रति उत्साह बढ्ने छ । जलीय वस्तुबाट लाभ रहनुका साथै प्रेम पक्ष सुदृढ रहने छ ।

**मकर** – खेलको क्षेत्र सफल रहने छ । व्यवसायमा उन्नतिका साथै सृजनात्मक कार्यमा रुचि बढ्ने छ ।

**कुम्भ** – बौद्धिक कार्यमा रुचि जाग्ने छ । आर्थिक लाभका साथै आयमा वृद्धि हुने देखिन्छ ।

**मीन** – आर्थिक पक्ष सबल रहने छ । अध्ययनमा सफलता मिल्नुका साथै कलात्मक पक्ष फलीभूत रहने छ ।

## नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

### नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

२०८२ साल पुस २३ गते (जनवरी ०७, २०२६) बुधबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १४३।९७ | १४४।५७ |
| युरो | १ को रु. | १६८।५७ | १६९।२८ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | १९४।७० | १९५।५१ |
| स्विस फ्रैङ्क | १ को रु. | १८१।५४ | १८२।३० |
| अस्ट्रेलियन डलर | १ को रु. | ९६।६८ | ९७।०८ |
| क्यानेडियन डलर | १ को रु. | १०४।५५ | १०४।९९ |
| सिङ्गापुर डलर | १ को रु. | ११२।४८ | ११२।९५ |
| जापानी येन | १० को रु. | ९।२० | ९।२४ |
| चिनियाँ युआन | १ को रु. | २०।६१ | २०।७० |
| साउदी अरब रियाल | १ को रु. | ३८।३९ | ३८।५५ |
| कतारी रियाल | १ को रु. | ३९।३९ | ३९।५५ |
| थाई भाट | १ को रु. | ४।६० | ४।६२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ३९।२० | ३९।३६ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३५।५७ | ३५।७२ |
| दक्षिण कोरियन वन | १०० को रु. | ९।९४ | ९।९८ |
| स्विडिस क्रोनर | १ को रु. | १५।६६ | १५।७३ |
| डेनिस क्रोनर | १ को रु. | २२।५६ | २२।६५ |
| हङ्कङ डलर | १ को रु. | १८।४९ | १८।५६ |
| कुवेती दिनार | १ को रु. | ४६८।४३ | ४७०।३८ |
| बहराइन दिनार | १ को रु. | ३८१।९३ | ३८३।५२ |
| ओमानी रियाल | १ को रु. | ३७३।९६ | ३७५।५२ |

**नोट**: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

गोरखापत्र संस्थानका लागि महाप्रबन्धक **लालबहादुर ऐरी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित । पो.ब.नं. २३, काठमाडौँ, नेपाल । द.नं. ०२ । गो.हु.का.द.नं. ०९/०८१/०८२ । नि. प्रधान सम्पादक **जुनारबाबु बस्नेत**
सम्पादकीय : फोन नं. ०१-५३२२९२१, रिपोर्टिङ : ०१-५३४४४२९, डेस्क : ०१-५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१-५३२७४९३, ०१-५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१-५३२०६३८, टोल फ्री नं. १६६०-०१-९४४४४

१२५ वर्षमा

राष्ट्रको गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

gorkhapatraonline.com






वर्ष १२५ | अङ्क २३७ | २०८२ साल पुस २३ गते बुधबार | माघ कृष्ण चतुर्थी | नेपाल संवत् ११४६ पोहेलागा ४ | 2026 January 7 Wednesday | पृष्ठ : १२+४+२ | मूल्य : दस रुपियाँ

## चुनावविरोधी तत्त्वसँग सतर्क हुन आग्रह



तस्बिर : प्रधानमन्त्रीको सचिवालय

**प्रधानमन्त्री सुशीला कार्कीसँग मङ्गलबार सिंहदरबारमा शिष्टाचार भेट गर्नुहुँदै मधेश प्रदेश प्रमुख सुरेन्द्र लाभ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

प्रधानमन्त्री सुशीला कार्कीले मधेश प्रदेश प्रमुख सुरेन्द्र लाभलाई प्रदेशको राजनीतिक समस्या समाधानका क्रममा अभिभावकका रूपमा प्रभावकारी भूमिका खेल्न सफल भएकोमा प्रशंसा गर्दै पछिल्ला दिनमा मधेशमा देखिएको सामाजिक समस्या समाधानमा भूमिका निर्वाह गर्न आग्रह गर्नुभएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा मङ्गलबार भएको शिष्टाचार भेटमा प्रधानमन्त्री कार्कीले त्यस्तो आग्रह गर्नुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। प्रधानमन्त्री कार्कीले प्रदेश प्रमुख लाभलाई भन्नुभयो, "मधेश प्रदेशमा देखिएको राजनीतिक समस्या समाधानका लागि तपाईंले जुन अभिभावकीय भूमिका निर्वाह गर्नुभयो, त्यो प्रशंसनीय छ। अझै पनि समाजका सबै पक्षलाई समेटेर शान्ति र सद्भाव कायम राख्न यस्तै भूमिका निर्वाह गर्न सक्नुहुने छ भन्ने मलाई विश्वास छ।"

आउँदो फागुन २१ गतेका लागि निर्धारित निर्वाचनको वातावरण बन्दै गएको अवस्थामा यसबिचमा आउन सक्ने सम्भावित चुनौतीतर्फ पनि सतर्क हुनुपर्ने प्रधानमन्त्री कार्कीको धारणा थियो। उहाँले भन्नुभयो, "देश अब पूरै निर्वाचनको मुडमा गइसकेको छ। यस्तो समयमा कतिपय तत्त्वले चुनौती खडा गर्न सक्छन्। त्यसतर्फ सचेत रहँदै समाजमा शान्ति, सद्भाव र सहिष्णुता कायम गर्न सबै पक्षले भूमिका खेल्नुपर्ने हुन्छ। तपाईं पनि अभिभावकका रूपमा पहल गर्नुहोस्। राज्यका सबै संयन्त्र परिचालन गरी चुनावका लागि अनुकूल वातावरण बनाउँदै जानु पर्छ।"

प्रदेश प्रमुख लाभले प्रदेशको शान्ति सुव्यवस्था कायम राख्न आफ्नोतर्फबाट प्रयास गरिरहेको र सुरक्षा तथा प्रशासनिक संयन्त्र परिचालित भइरहेको जानकारी दिनुभयो। सो अवसरमा प्रदेश प्रमुख लाभले आफूले पदभार समालेपछिका दुई महिनाको अवधिमा गरेका कामको विवरण प्रस्तुत गर्नुका साथै प्रधानमन्त्री कार्कीलाई मिथिलाका स्थानीय कलाकारले बनाएको जानकी मन्दिरको प्रतिमा र आफ्ना पुस्तक उपहारस्वरूप प्रदान गर्नुभएको थियो।

यसअघि कमला नगरपालिकामा पुस १९ गते हिन्दु धर्म र आस्थामाथि आँच पुग्ने गरी गरिएको सामाजिक सञ्जालको पोस्टबाट सुरु भएको हिन्दु–मुस्लिमको प्रदर्शनले उग्र रूप लिएपछि स्थानीय प्रशासनले स्थिति नियन्त्रणमा लिन कर्फ्यु आदेशसम्म जारी गर्नु परेको थियो। रक्षा बन्धनका विषयमा मुस्लिम युवाले गरेको पोस्टकै कारण हिन्दुवादीले मस्जिदमा तोडफोड र कुरान जलाउनुका साथै दुवैतर्फबाट प्रदर्शन भएको थियो। सामाजिक सद्भावलाई भड्किन नदिन प्रदेश सरकार तथा स्थानीय प्रशासनले संयमता अपनाएर स्थिति अहिले नियन्त्रणमा आएसँगै वीरगन्ज शान्त बनिसकेको छ। स्थितिलाई नियन्त्रणबाहिर जान नदिन र आपसी सद्भाव कायम राख्न मधेश प्रदेश प्रमुख सुरेन्द्र लाभले खेल्नुभएको भूमिका सराहनीय रहेको बताइएको छ।

### त्रिविको अतिक्रमित जग्गा

# फिर्ता ल्याउने काममा विलम्ब

- "त्रिविको दीक्षान्त समारोहमा व्यस्त हुनुपर्ने भएकाले समितिले पूर्णता पाउन सकेको थिएन, अब छिट्टै समितिमा अन्य सदस्य तोकिन्छ र समितिले भने अनुसार जग्गा फिर्ता ल्याउने प्रक्रिया अघि बढ्छ।"
- विश्वविद्यालयको जग्गा ओगटेर बसेकालाई हटाउन र अपचलन भएर गएको जग्गाको लगत कायम गर्न सरकारको सहयोग आवश्यक रहेको त्रिवि पदाधिकारीको भनाइ।
- "अहिले देखिने गरी यति नै रोपनी जग्गा फिर्ता भयो भन्न सक्ने अवस्था छैन तर हामीले जग्गा अतिक्रमण गरेको भनिएका विभिन्न संस्थाका प्रतिनिधिलाई जग्गा फिर्ता गर्न सहयोग गरिदिनुस् भनेका छौँ।"




**सूर्यप्रसाद पाण्डे**
*काठमाडौँ, पुस २२ गते*

त्रिविको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन, २०८१ सार्वजनिक भएको तीन महिना बितिसक्दा पनि अतिक्रमणमा परेका जग्गा फिर्ता ल्याउने विषयमा ठोस प्रगति देखिएको छैन।

समितिले त्रिविको जग्गा विभिन्न व्यावसायिक तथा सामाजिक संस्थाबाट अतिक्रमणमा परेको तथ्यसहितको प्रतिवेदन सरकारलाई बुझाएको थियो। उक्त प्रतिवेदन असोज अन्तिम साता सार्वजनिक भएको थियो। प्रतिवेदन कार्यान्वयनका लागि फेरि अर्को समिति बनाउने तयारी भएको छ।

**कार्यान्वयन संयन्त्रबारे मतभेद**

कसको नेतृत्वमा प्रतिवेदन कार्यान्वयन समिति बनाउने भन्ने विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र त्रिविबिच कुरा मिलेको छैन। अहिलेको प्रतिवेदन कार्यान्वयन गराउने र त्रिविका बाँकी जग्गा पनि खोजबिन गर्ने कार्यभार तोकेर अर्कै उच्चस्तरीय समिति बनाउनुपर्ने पक्षमा त्रिविका पदाधिकारी छन्। "हाम्रै नेतृत्वमा भन्दा पनि पूर्वसचिव वा अन्य कुनै उच्च पदाधिकारीको नेतृत्वमा समिति बनाउन पाए अलि शक्तिशाली हुन्छ कि भन्ने हाम्रो चाहना हो," त्रिविका उपकुलपति प्राडा दीपक अर्यालले भन्नुभयो, "अहिलेको प्रतिवेदन कार्यान्वयन मात्रै होइन, त्रिविका उपत्यकाबाहिरका जग्गा पनि खोजी गर्नुपर्ने हुन्छ। यसका लागि समिति बनाइदिन सरकारलाई अनुरोध गरेका छौँ।" तर मन्त्रालय भने त्रिविकै रजिस्ट्रारको नेतृत्वमा शिक्षा मन्त्रालय, गृह मन्त्रालयलगायतका निकायका अधिकारी सदस्य रहेको समिति बनाउनुपर्ने पक्षमा छ। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले त्रिविको जग्गा फिर्ता ल्याउन त्रिविकै रजिस्ट्रारको नेतृत्वमा समिति बनाउनुपर्ने र यसका लागि सम्पूर्ण तयारी पूरा भइसकेको बताउनुभयो।

"त्रिविको दीक्षान्त समारोहमा व्यस्त हुनुपर्ने भएकाले समितिले पूर्णता पाउन सकेको थिएन," मन्त्री पुनले भन्नुभयो, "अब अलि फुर्सद भएको छ। समिति बनाउने विषयमा त्रिविलाई भनिसकेको छु। अब छिट्टै अन्य सदस्य तोकिन्छ र समितिले भने अनुसार जग्गा फिर्ता ल्याउने प्रक्रिया अघि बढ्छ।"

**प्रधानमन्त्रीको निर्देशन**

प्रतिवेदन सार्वजनिक भएपछि त्यसको कार्यान्वयनलाई प्रभावकारी बनाउन विश्वविद्यालयका कुलपतिसमेत रहनुभएका प्रधानमन्त्री सुशीला कार्कीले कात्तिक अन्तिम साता विश्वविद्यालयका पदाधिकारीलाई बोलाएर निर्देशनसमेत दिनुभएको थियो। साथै उहाँले असम्बन्धित सङ्घ संस्था र व्यक्तिले त्रिविको जग्गा ओगट्ने, बल भएकै आधारमा मिचेर खाने र बेचबिखनसमेत गर्ने प्रवृत्ति तत्काल रोक्न निर्देशन दिनुभएको थियो। पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा २०८१ जेठ १७ गते गठन भएको समितिले २०८१ पुसमा सरकारलाई प्रतिवेदन बुझाएको थियो।

शिक्षामन्त्री पुनले यो विषय धेरै नतन्काईकन गर्न सक्ने काम तुरुन्तै गरिहाल्नुपर्ने र यसका लागि सबै सरोकारवाला निकायले सहयोग गर्नुपर्ने बताउनुभयो। त्रिवि उपकुलपति अर्यालले भने विश्वविद्यालयको जग्गा ओगटेर बसेकालाई हटाउन र अपचलन भएर गएको जग्गाको लगत कायम गर्न सरकारको सहयोग आवश्यक भएको बताउनुभयो।

प्रतिवेदन अनुसार जग्गा फिर्ताको विषयमा आन्तरिक छलफल भने भइरहेको बताउँदै उपकुलपति अर्यालले भन्नुभयो, "अहिले देखिने गरी यति नै रोपनी जग्गा फिर्ता भयो भन्न सक्ने अवस्था छैन तर हामीले जग्गा अतिक्रमण गरेको भनिएका विभिन्न संस्थाका प्रतिनिधिलाई जग्गा फिर्ता गर्न सहयोग गरिदिनुस् भनेका छौँ।" जग्गा फिर्ताको विषयमा त्रिवि आफैँले सक्ने तथा प्रहरी, अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका निकायको सहयोग चाहिने विषयलाई छुट्याउन लागेको उपकुलपति अर्यालले बताउनुभयो।

**अठार संस्थाको रजाइँ**

खोजबिन समितिले पाँच महिना लगाएर तयार पारेको प्रतिवेदनले त्रिविको नाममा रहेको जग्गामा निजीदेखि धार्मिक प्रकृतिका १८ वटा संस्थाले रजाइँ गरिरहेको औँल्याएको छ। विगतमा विश्वविद्यालयकै पदाधिकारी र कर्मचारीको मिलेमतोमा यी जग्गा विभिन्न स्वार्थ जोडिएका संस्थाले आफूखुसी भोगचलन गरिरहेको प्रतिवेदनमा उल्लेख गरिएको छ। त्रिविको स्वामित्वमा पाँच हजार २१८ रोपनी जग्गा रहेको प्रतिवेदनमा जनाइएको छ। जसमध्ये नैकापमा रहेको १२५ रोपनी जग्गाको स्रेस्ता कायम हुन बाँकी छ। तीमध्ये लामो समयदेखि ८४३ रोपनी जग्गा विभिन्न सरकारी निकाय र गैरसरकारी संस्थाले भोगचलन गर्दै आएका छन्। केही जग्गा भने विश्वविद्यालयको स्वीकृतिबिना नै भोगचलन भइरहेको पनि समितिले औँल्याएको छ।

» बाँकी पृष्ठ २ मा

## सुरक्षा अवस्था चुस्त बनाउन निर्देशन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

गृहमन्त्री ओमप्रकाश अर्यालले प्रदेश तहबाटै सुरक्षासम्बन्धी सूचना सङ्कलन, विश्लेषण, मूल्याङ्कन गरी शान्तिसुरक्षालाई भरपर्दो र बलियो बनाउन प्रदेशका सुरक्षा अधिकारी तथा कर्मचारीलाई निर्देशन दिनुभएको छ।

मन्त्री अर्यालको अध्यक्षतामा मङ्गलबार गृह सचिव राजकुमार श्रेष्ठ र सात वटै प्रदेशका प्रमुख सचिवको बैठकमा विद्यमान सुरक्षा अवस्था, अपराध नियन्त्रण, सीमा सुरक्षा तथा आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका विषयमा छलफल भएको छ। गृह मन्त्रालयबाट भर्चुअल रूपमा गरिएको उक्त बैठकमा प्रदेशका प्रमुख

» बाँकी पृष्ठ २ मा

### अग्रलेख



**सङ्गठन व्यवस्थापन सर्वेक्षण**

सार्वजनिक सङ्गठन सामाजिक आवश्यकता पूरा गर्ने जीवन्त संरचना हुन्। सङ्गठन समयसँगै गतिशील हुनु पर्छ। सामाजिक परिवेशमा आएका परिवर्तन र सर्वसाधारणका आवश्यकता अनुरूप सङ्गठन निरन्तर अनुकूलित हुँदै जान सकेनन् भने आफ्नै औचित्य पूरा गर्न सक्दैनन्।

• **गोपीनाथ मैनाली**

» विचार पृष्ठ ४

## परामर्श नहुँदा विषादीले ढाकिन्छ तरकारी

**केशवराज पौडेल**
*काठमाडौँ, पुस २२ गते*

नेपालमा विगत केही वर्षदेखि तरकारीको उत्पादन उल्लेखनीय मात्रामा वृद्धि भएको छ तर किसानले तरकारीबालीमा विषादीको समुचित प्रयोग गर्न नजान्दा विषादीको अत्यधिक मात्रा फेला पर्न थालेको छ।

पौष्टिक आहारसम्बन्धीको सचेतना प्रविधिमा पहुँच र उत्पादन सामग्रीको उपलब्धतामा वृद्धिका कारणले घरायसी प्रयोगका लागि र आर्थिक उपार्जनको राम्रो स्रोत भएका कारणले व्यावसायिक तरकारी खेतीको विस्तार तथा विकास भएको हो। बढ्दो सहरीकरणले ताजा तरकारीको माग पनि बढाएको छ तर पछिल्लो समय तरकारीमा अत्यधिक मात्रामा रासायनिक विषादीको मात्रा बढेको समाचार आउन थालेपछि यस क्षेत्रका सरोकारवालाले चिन्ता व्यक्त गर्न थालेका छन्।

तीन तहका सरकारसँग कृषि प्राविधिक भए पनि किसानका खेतबारीसम्म पुगेर 'कृषि परामर्श' गर्ने परिपाटी क्रमशः कमजोर बन्दै गएको गुनासो किसानको छ। धेरै किसान विषादीको प्रयोग बिउबिजन तथा विषादी बिक्रीकर्ता (एग्रोभेट) कै सल्लाहमा मात्रै प्रयोग गर्दै आएका छन्। "किसानसम्म सरकारी संरचनाको पहुँच पुग्न नसक्दा त्यसले तरकारीमा विषादीको मात्रा बढाएको छ," अधिकारकर्मी बिपी पौडेलले उल्लेख गर्नुभयो।

सरकारी निकाय उत्पादन वृद्धिमा मात्रै केन्द्रित हुँदा त्यसले विषादीको प्रयोगलाई बढावा दिएको पौडेलले बताउनुभयो। कृषि र पशुको काम गर्नुपर्ने दक्ष प्राविधिकलाई स्थानीय सरकारले वडाको दर्ता र चलानीमा सीमित बनाएर राखेपछि विषादीको समस्या झनै बढेको उहाँले बताउनुभयो। किसानसम्म प्राविधिक नपुग्दा एग्रोभेटकै विश्वासमा किसान पर्ने गरेका छन्। सरकारी निकायले पनि किसानसम्म विषादीको प्रयोगबाट हुने हानिनोक्सानीको प्रभावकारी प्रचार गर्न सकेको छैन।



तरकारीबालीमा लाग्ने रोग किरामा विषादीले तत्कालै असर गर्ने र बालीनाली सुरक्षित हुने भएकाले कृषक अन्य विकल्पतिर नलागी सोझै रासायनिक विषादीमा नै भर पर्ने प्रवृत्तिले उपभोक्ताको भान्सासम्म विषादी पुग्ने गरेको हो।

नेपालमा करिब तीन लाख हेक्टर क्षेत्रफलमा खेती भई करिब ४१ लाख मेट्रिक टन ताजा तरकारी उत्पादन भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको २०८०/८१ को तथ्याङ्कले देखाउँछ। तरकारी उत्पादन र व्यवसायले धेरै व्यक्तिको रोजगारी सिर्जना पनि भएको छ। पछिल्ला वर्षमा युवाको आकर्षण यस पेसामा बढेको छ। देशैभरिका सहर आसपासका क्षेत्रमा व्यापक रूपमा तरकारी उत्पादन हुन थालेको छ। यसले गर्दा आलु, प्याज र लसुनबाहेक अन्य ताजा तरकारीमा मुलुक आत्मनिर्भरतातर्फ उन्मुख रहेको वरिष्ठ कृषि प्रचार अधिकृत दीपक पौडेल बताउनुहुन्छ तर ताजा तरकारी उपभोग गरिने र केही तरकारी त सलादका रूपमा काँचै पनि उपभोग गरिने भएकाले विषादीको प्रयोगमा संवेदनशीलता जरुरी भएको उहाँले उल्लेख गर्नुभयो।

अर्कातर्फ तरकारीका रूपमा प्रयोग हुने बाली छोटो अवधिका कोमल खालका हुने भएकाले रोग किराको प्रकोप पनि प्रशस्त हुने गर्छ। व्यावसायिक तरकारी बाली ठुलो क्षेत्रमा एउटै बाली हुने हुँदा रोग किराको प्रकोप र असर पनि बढी हुन जाने र व्यावसायिक तरकारी खेतीमा विषादीको प्रयोग सामान्यतः आवश्यक हुने भए पनि विषादी हालेपछि कुर्ने समयका बारेमा कृषकसम्म ज्ञान पुग्न सकेको देखिँदैन।

» बाँकी पृष्ठ २ मा

## 'निर्वाचनको विकल्प नै निर्वाचन'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचनको विकल्प निर्वाचन नै भएको बताउनुभएको छ। जनमानसमा भइरहेको चुनाव हुन्छ कि हुन्न भन्ने भ्रम चिरेर निर्वाचन आयोगले चुनावको तयारीलाई तीव्र बनाइरहेको बताउनुभएको हो। मुख्य प्रशिक्षक प्रशिक्षण कार्यशाला गोष्ठी उद्घाटनका क्रममा कार्यवाहक प्रमुख भण्डारीले २०७० सालमा पनि चुनावका विषयमा प्रशस्त आशङ्का भए पनि तोकिएकै समयमा चुनाव सम्पन्न भएको समेत बताउनुभयो।

» बाँकी पृष्ठ २ मा




## एमाले चुनावमा जाने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले आसन्न प्रतिनिधि सभाको निर्वाचनमा सहभागी हुने औपचारिक निर्णय गरेको छ। मङ्गलबार पार्टी मुख्यालय च्यासलमा बसेको केन्द्रीय सचिवालय बैठकले औपचारिक रूपमा निर्वाचनमा जाने निर्णय गरेको हो। बैठकले ७७ जिल्लामा भूगोल केन्द्रित रहेर केन्द्रीय सदस्यलाई परिचालन गर्ने निर्णय गरेको उपमहासचिव लेखराज भट्टले जानकारी दिनुभयो।

बैठकले राष्ट्रिय सभा सदस्यको निर्वाचनमा नेपाली कांग्रेससँग सहकार्य गर्ने निर्णय गरेको छ। एमालेले प्रत्येक प्रदेशमा एक/एक जना उम्मेदवार रहने गरी कांग्रेससँग सहकार्य गर्ने गरी छलफल गरेको उपमहासचिव भट्टले जानकारी दिनुभयो। बैठकले कांग्रेससँग गठबन्धनको सिट टुङ्गो लगाउने र उम्मेदवार छान्ने जिम्मा अध्यक्ष केपी शर्मा ओलीलाई दिएको छ। अध्यक्ष ओलीले निर्वाचन हुन्छ कि हुँदैन भन्नेमा अन्योल रहेको भन्दै चुनाव एकै पटक नभई खण्ड खण्डमा हुन सक्ने र यसबारे मनोवैज्ञानिक रूपमा तयार रहन निर्देशन दिनुभएको बैठकपछि आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो। एमालेको सचिवालय भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोलाई पक्राउ गरी अमेरिका लगिएको घटनाप्रति कडा आपत्ति जनाएको छ।

**थापा चुनावी कमान्डर**

एमालेले उपाध्यक्ष रामबहादुर थापा 'बादल'

» बाँकी पृष्ठ २ मा

राष्ट्को गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

gorkhapatraonline.com




कोहलपुर संस्करण | अर्थबजार | इजरायल र ओमानसँग नयाँ श्रम समझदारीको तयारी | स्पोर्ट्स समिटमा विश्वकप ट्रफी १८

वर्ष १२५ | अङ्क २३७ | २०८२ साल पुस २३ गते बुधवार | माघ कृष्ण चतुर्थी | नेपाल संवत् ११४६ पोहेलागा ४ | 2026 January 7 Wednesday | पृष्ठ : १२+४+२ | मूल्य : दस रुपियाँ

# चुनावविरोधी तत्त्वसँग सतर्क हुन आग्रह



तस्बिर : प्रधानमन्त्रीको सचिवालय

**प्रधानमन्त्री सुशीला कार्कीसँग मङ्गलबार सिंहदरबारमा शिष्टाचार भेट गर्नुहुँदै मधेश प्रदेश प्रमुख सुरेन्द्र लाभ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

प्रधानमन्त्री सुशीला कार्कीले मधेश प्रदेश प्रमुख सुरेन्द्र लाभलाई प्रदेशको राजनीतिक समस्या समाधानका क्रममा अभिभावकका रूपमा प्रभावकारी भूमिका खेल्न सफल भएकोमा प्रशंसा गर्दै पछिल्ला दिनमा मधेशमा देखिएको सामाजिक समस्या समाधानमा भूमिका निर्वाह गर्न आग्रह गर्नुभएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा मङ्गलबार भएको शिष्टाचार भेटमा प्रधानमन्त्री कार्कीले त्यस्तो आग्रह गर्नुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। प्रधानमन्त्री कार्कीले प्रदेश प्रमुख लाभलाई भन्नुभयो, "मधेश प्रदेशमा देखिएको राजनीतिक समस्या समाधानका लागि तपाईंले जुन अभिभावकीय भूमिका निर्वाह गर्नुभयो, त्यो प्रशंसनीय छ। अझै पनि समाजका सबै पक्षलाई समेटेर शान्ति र सद्भाव कायम राख्न यस्तै भूमिका निर्वाह गर्न सक्नुहुने छ भन्ने मलाई विश्वास छ।"

आउँदो फागुन २१ गतेका लागि निर्धारित निर्वाचनको वातावरण बन्दै गएको अवस्थामा यसबिचमा आउन सक्ने सम्भावित चुनौतीतर्फ पनि सतर्क हुनुपर्ने प्रधानमन्त्री कार्कीको धारणा थियो। उहाँले भन्नुभयो, "देश अब पूरै निर्वाचनको मुडमा गइसकेको छ। यस्तो समयमा कतिपय तत्त्वले चुनौती खडा गर्न सक्छन्। त्यसतर्फ सचेत रहँदै समाजमा शान्ति, सद्भाव र सहिष्णुता कायम गर्न सबै पक्षले भूमिका खेल्नुपर्ने हुन्छ। तपाईं पनि अभिभावकका रूपमा पहल गर्नुहोस्। राज्यका सबै संयन्त्र परिचालन गरी चुनावका लागि अनुकूल वातावरण बनाउँदै जानु पर्छ।"

प्रदेश प्रमुख लाभले प्रदेशको शान्ति सुव्यवस्था कायम राख्न आफ्नोतर्फबाट प्रयास गरिरहेको र सुरक्षा तथा प्रशासनिक संयन्त्र परिचालित भइरहेको जानकारी दिनुभयो। सो अवसरमा प्रदेश प्रमुख लाभले आफूले पदभार समालेपछिका दुई महिनाको अवधिमा गरेका कामको विवरण प्रस्तुत गर्नुका साथै प्रधानमन्त्री कार्कीलाई मिथिलाका स्थानीय कलाकारले बनाएको जानकी मन्दिरको प्रतिमा र आफ्ना पुस्तक उपहारस्वरूप प्रदान गर्नुभएको थियो।

यसअघि कमला नगरपालिकामा पुस १९ गते हिन्दु धर्म र आस्थामाथि आँच पुग्ने गरी गरिएको सामाजिक सञ्जालको पोस्टबाट सुरु भएको हिन्दु–मुस्लिमको प्रदर्शनले उग्र रूप लिएपछि स्थानीय प्रशासनले स्थिति नियन्त्रणमा लिन कर्फ्यु आदेशसम्म जारी गर्नु परेको थियो। रक्षा बन्धनका विषयमा मुस्लिम युवाले गरेको पोस्टकै कारण हिन्दुवादीले मस्जिदमा तोडफोड र कुरान जलाउनुका साथै दुवैतर्फबाट प्रदर्शन भएको थियो। सामाजिक सद्भावलाई भड्किन नदिन प्रदेश सरकार तथा स्थानीय प्रशासनले संयमता अपनाएर स्थिति अहिले नियन्त्रणमा आएसँगै वीरगन्ज शान्त बनिसकेको छ। स्थितिलाई नियन्त्रणबाहिर जान नदिन र आपसी सद्भाव कायम राख्न मधेश प्रदेश प्रमुख सुरेन्द्र लाभले खेल्नुभएको भूमिका सराहनीय रहेको बताइएको छ।

## त्रिविको अतिक्रमित जग्गा

# फिर्ता ल्याउने काममा विलम्ब

- "त्रिविको दीक्षान्त समारोहमा व्यस्त हुनुपर्ने भएकाले समितिले पूर्णता पाउन सकेको थिएन, अब छिट्टै समितिमा अन्य सदस्य तोकिन्छ र समितिले भने अनुसार जग्गा फिर्ता ल्याउने प्रक्रिया अघि बढ्छ।"
- विश्वविद्यालयको जग्गा ओगटेर बसेकालाई हटाउन र अपचलन भएर गएको जग्गाको लगत कायम गर्न सरकारको सहयोग आवश्यक रहेको त्रिवि पदाधिकारीको भनाइ।
- "अहिले देखिने गरी यति नै रोपनी जग्गा फिर्ता भयो भन्न सक्ने अवस्था छैन तर हामीले जग्गा अतिक्रमण गरेको भनिएका विभिन्न संस्थाका प्रतिनिधिलाई जग्गा फिर्ता गर्न सहयोग गरिदिनुस् भनेका छौं।"




**सूर्यप्रसाद पाण्डे**
*काठमाडौँ, पुस २२ गते*

त्रिविको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन, २०८१ सार्वजनिक भएको तीन महिना बितिसक्दा पनि अतिक्रमणमा परेका जग्गा फिर्ता ल्याउने विषयमा ठोस प्रगति देखिएको छैन।

समितिले त्रिविको जग्गा विभिन्न व्यावसायिक तथा सामाजिक संस्थाबाट अतिक्रमणमा परेको तथ्यसहितको प्रतिवेदन सरकारलाई बुझाएको थियो। उक्त प्रतिवेदन असोज अन्तिम साता सार्वजनिक भएको थियो। प्रतिवेदन कार्यान्वियनका लागि फेरि अर्को समिति बनाउने तयारी भएको छ।

### कार्यान्वयन संयन्त्रबारे मतभेद

कसको नेतृत्वमा प्रतिवेदन कार्यान्वयन समिति बनाउने भन्ने विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र त्रिविबिच कुरा मिलेको छैन। अहिलेको प्रतिवेदन कार्यान्वयन गराउने र त्रिविका बाँकी जग्गा पनि खोजबिन गर्ने कार्यभार तोकेर अर्कै उच्चस्तरीय समिति बनाउनुपर्ने पक्षमा त्रिविका पदाधिकारी छन्। "हाम्रै नेतृत्वमा भन्दा पनि पूर्वसचिव वा अन्य कुनै उच्च पदाधिकारीको नेतृत्वमा समिति बनाउन पाए अलि शक्तिशाली हुन्छ कि भन्ने हाम्रो चाहना हो," त्रिविका उपकुलपति प्राडा दीपक अर्यालले भन्नुभयो, "अहिलेको प्रतिवेदन कार्यान्वयन मात्रै होइन, त्रिविका उपत्यकाबाहिरका जग्गा पनि खोजी गर्नुपर्ने हुन्छ। यसका लागि समिति बनाइदिन सरकारलाई अनुरोध गरेका छौँ।" तर मन्त्रालय भने त्रिविकै रजिस्ट्रारको नेतृत्वमा शिक्षा मन्त्रालय, गृह मन्त्रालयलगायतका निकायका अधिकारी सदस्य रहेको समिति बनाउनुपर्ने पक्षमा छ। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले त्रिविको जग्गा फिर्ता ल्याउन त्रिविकै रजिस्ट्रारको नेतृत्वमा समिति बनाउनुपर्ने र यसका लागि सम्पूर्ण तयारी पूरा भइसकेको बताउनुभयो।

"त्रिविको दीक्षान्त समारोहमा व्यस्त हुनुपर्ने भएकाले समितिले पूर्णता पाउन सकेको थिएन," मन्त्री पुनले भन्नुभयो, "अब अलि फुर्सद भएको छ। समिति बनाउने विषयमा त्रिविलाई भनिसकेको छु। अब छिट्टै अन्य सदस्य तोकिन्छ र समितिले भने अनुसार जग्गा फिर्ता ल्याउने प्रक्रिया अघि बढ्छ।"

### प्रधानमन्त्रीको निर्देशन

प्रतिवेदन सार्वजनिक भएपछि त्यसको कार्यान्वयनलाई प्रभावकारी बनाउन विश्वविद्यालयका कुलपतिसमेत रहनुभएका प्रधानमन्त्री सुशीला कार्कीले कात्तिक अन्तिम साता विश्वविद्यालयका पदाधिकारीलाई बोलाएर निर्देशनसमेत दिनुभएको थियो। साथै उहाँले असम्बन्धित सङ्घ संस्था र व्यक्तिले त्रिविको जग्गा ओगट्ने, बल भएकै आधारमा मिचेर खाने र बेचबिखनसमेत गर्ने प्रवृत्ति तत्काल रोक्न निर्देशन दिनुभएको थियो। पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा २०८१ जेठ १७ गते गठन भएको समितिले २०८१ पुसमा सरकारलाई प्रतिवेदन बुझाएको थियो।

शिक्षामन्त्री पुनले यो विषय धेरै नतन्काईकन गर्न सक्ने काम तुरुन्तै गरिहाल्नुपर्ने र यसका लागि सबै सरोकारवाला निकायले सहयोग गर्नुपर्ने बताउनुभयो। त्रिवि उपकुलपति अर्यालले भने विश्वविद्यालयको जग्गा ओगटेर बसेकालाई हटाउन र अपचलन भएर गएको जग्गाको लगत कायम गर्न सरकारको सहयोग आवश्यक भएको बताउनुभयो।

प्रतिवेदन अनुसार जग्गा फिर्ताको विषयमा आन्तरिक छलफल भने भइरहेको बताउँदै उपकुलपति अर्यालले भन्नुभयो, "अहिले देखिने गरी यति नै रोपनी जग्गा फिर्ता भयो भन्न सक्ने अवस्था छैन तर हामीले जग्गा अतिक्रमण गरेको भनिएका विभिन्न संस्थाका प्रतिनिधिलाई जग्गा फिर्ता गर्न सहयोग गरिदिनुस् भनेका छौँ।" जग्गा फिर्ताको विषयमा त्रिवि आफैँले सक्ने तथा प्रहरी, अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका निकायको सहयोग चाहिने विषयलाई छुट्याउन लागेको उपकुलपति अर्यालले बताउनुभयो।

### अठार संस्थाको रजाइँ

खोजबिन समितिले पाँच महिना लगाएर तयार पारेको प्रतिवेदनले त्रिविको नाममा रहेको जग्गामा निजीदेखि धार्मिक प्रकृतिका १८ वटा संस्थाले रजाइँ गरिरहेको औँल्याएको छ। विगतमा विश्वविद्यालयकै पदाधिकारी र कर्मचारीको मिलेमतोमा यी जग्गा विभिन्न स्वार्थ जोडिएका संस्थाले आफूखुसी भोगचलन गरिरहेको प्रतिवेदनमा उल्लेख गरिएको छ। त्रिविको स्वामित्वमा पाँच हजार २१८ रोपनी जग्गा रहेको प्रतिवेदनमा जनाइएको छ। जसमध्ये नैकापमा रहेको १२५ रोपनी जग्गाको स्रेस्ता कायम हुन बाँकी छ। तीमध्ये लामो समयदेखि ८४३ रोपनी जग्गा विभिन्न सरकारी निकाय र गैरसरकारी संस्थाले भोगचलन गर्दै आएका छन्। केही जग्गा भने विश्वविद्यालयको स्वीकृतिबिना नै भोगचलन भइरहेको पनि समितिले औँल्याएको छ।

» बाँकी पृष्ठ २ मा

# सुरक्षा अवस्था चुस्त बनाउन निर्देशन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

गृहमन्त्री ओमप्रकाश अर्यालले प्रदेश तहबाटै सुरक्षासम्बन्धी सूचना सङ्कलन, विश्लेषण, मूल्याङ्कन गरी शान्तिसुरक्षालाई भरपर्दो र बलियो बनाउन प्रदेशका सुरक्षा अधिकारी तथा कर्मचारीलाई निर्देशन दिनुभएको छ।

मन्त्री अर्यालको अध्यक्षतामा मङ्गलबार गृह सचिव राजकुमार श्रेष्ठ र सात वटै प्रदेशका प्रमुख सचिवको बैठकमा विद्यमान सुरक्षा अवस्था, अपराध नियन्त्रण, सीमा सुरक्षा तथा आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका विषयमा छलफल भएको छ। गृह मन्त्रालयबाट भर्चुअल रूपमा गरिएको उक्त बैठकमा प्रदेशका प्रमुख

» बाँकी पृष्ठ २ मा

## अग्रलेख



### सङ्गठन व्यवस्थापन सर्वेक्षण

सार्वजनिक सङ्गठन सामाजिक आवश्यकता पूरा गर्ने जीवन्त संरचना हुन्। सङ्गठन समयसँगै गतिशील हुनु पर्छ। सामाजिक परिवेशमा आएका परिवर्तन र सर्वसाधारणका आवश्यकता अनुरूप सङ्गठन निरन्तर अनुकूलित हुँदै जान सकेनन् भने आफ्नै औचित्य पूरा गर्न सक्दैनन्।

● **गोपीनाथ मैनाली**

» विचार पृष्ठ ४

# परामर्श नहुँदा विषादीले ढाकिन्छ तरकारी

**केशवराज पौडेल**
*काठमाडौँ, पुस २२ गते*

नेपालमा विगत केही वर्षदेखि तरकारीको उत्पादन उल्लेखनीय मात्रामा वृद्धि भएको छ तर किसानले तरकारीबालीमा विषादीको समुचित प्रयोग गर्न नजान्दा विषादीको अत्यधिक मात्रा फेला पर्न थालेको छ।

पौष्टिक आहारसम्बन्धीको सचेतना प्रविधिमा पहुँच र उत्पादन सामग्रीको उपलब्धतामा वृद्धिका कारणले घरायसी प्रयोगका लागि र आर्थिक उपार्जनको राम्रो स्रोत भएका कारणले व्यावसायिक तरकारी खेतीको विस्तार तथा विकास भएको हो। बढ्दो सहरीकरणले ताजा तरकारीको माग पनि बढाएको छ तर पछिल्लो समय तरकारीमा अत्यधिक मात्रामा रासायनिक विषादीको मात्रा बढेको समाचार आउन थालेपछि यस क्षेत्रका सरोकारवालाले चिन्ता व्यक्त गर्न थालेका छन्।

तीन तहका सरकारसँग कृषि प्राविधिक भए पनि किसानका खेतबारीसम्म पुगेर 'कृषि परामर्श' गर्ने परिपाटी क्रमशः कमजोर बन्दै गएको गुनासो किसानको छ। धेरै किसान विषादीको प्रयोग बिउबिजन तथा विषादी बिक्रीकर्ता (एग्रोभेट) कै सल्लाहमा मात्रै प्रयोग गर्दै आएका छन्। "किसानसम्म सरकारी संरचनाको पहुँच पुग्न नसक्दा त्यसले तरकारीमा विषादीको मात्रा बढाएको छ," अधिकारकर्मी बिपी पौडेलले उल्लेख गर्नुभयो।

सरकारी निकाय उत्पादन वृद्धिमा मात्रै केन्द्रित हुँदा त्यसले विषादीको प्रयोगलाई बढावा दिएको पौडेलले बताउनुभयो। कृषि र पशुको काम गर्नुपर्ने दक्ष प्राविधिकलाई स्थानीय सरकारले वडाको दर्ता र चलानीमा सीमित बनाएर राखेपछि विषादीको समस्या झनै बढेको उहाँले बताउनुभयो। किसानसम्म प्राविधिक नपुग्दा एग्रोभेटकै विश्वासमा किसान पर्ने गरेका छन्। सरकारी निकायले पनि किसानसम्म विषादीको प्रयोगबाट हुने हानिनोक्सानीको प्रभावकारी प्रचार गर्न सकेको छैन।



> तरकारीबालीमा लाग्ने रोग किरामा विषादीले तत्कालै असर गर्ने र बालीनाली सुरक्षित हुने भएकाले कृषक अन्य विकल्पतिर नलागी सोझै रासायनिक विषादीमा नै भर पर्ने प्रवृत्तिले उपभोक्ताको भान्सासम्म विषादी पुग्ने गरेको हो।

नेपालमा करिब तीन लाख हेक्टर क्षेत्रफलमा खेती भई करिब ४१ लाख मेट्रिक टन ताजा तरकारी उत्पादन भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको २०८०/८१ को तथ्याङ्कले देखाउँछ। तरकारी उत्पादन र व्यवसायले धेरै व्यक्तिको रोजगारी सिर्जना पनि भएको छ। पछिल्ला वर्षमा युवाको आकर्षण यस पेसामा बढेको छ। देशैभरिका सहर आसपासका क्षेत्रमा व्यापक रूपमा तरकारी उत्पादन हुन थालेको छ। यसले गर्दा आलु, प्याज र लसुनबाहेक अन्य ताजा तरकारीमा मुलुक आत्मनिर्भरतातर्फ उन्मुख रहेको वरिष्ठ कृषि प्रचार अधिकृत दीपक पौडेल बताउनुहुन्छ तर ताजा तरकारी उपभोग गरिने र केही तरकारी त सलादका रूपमा काँचै पनि उपभोग गरिने भएकाले विषादीको प्रयोगमा संवेदनशीलता जरुरी भएको उहाँले उल्लेख गर्नुभयो।

अर्कातिर्फ तरकारीका रूपमा प्रयोग हुने बाली छोटो अवधिका कोमल खालका हुने भएकाले रोग किराको प्रकोप पनि प्रशस्त हुने गर्छ। व्यावसायिक तरकारी बाली ठुलो क्षेत्रमा एउटै बाली हुने हुँदा रोग किराको प्रकोप र असर पनि बढी हुन जाने र व्यावसायिक तरकारी खेतीमा विषादीको प्रयोग सामान्यतः आवश्यक हुने भए पनि विषादी हालेपछि कुर्ने समयका बारेमा कृषकसम्म ज्ञान पुग्न सकेको देखिँदैन।

» बाँकी पृष्ठ २ मा

# 'निर्वाचनको विकल्प नै निर्वाचन'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचनको विकल्प निर्वाचन नै भएको बताउनुभएको छ। जनमानसमा भइरहेको चुनाव हुन्छ कि हुन्न भन्ने भ्रम चिरेर निर्वाचन आयोगले चुनावको तयारीलाई तीव्र बनाइरहेको बताउनुभएको हो। मुख्य प्रशिक्षक प्रशिक्षण कार्यशाला गोष्ठी उद्घाटनका क्रममा कार्यवाहक प्रमुख भण्डारीले २०७० सालमा पनि चुनावका विषयमा प्रशस्त आशङ्का भए पनि तोकिएकै समयमा चुनाव सम्पन्न भएको समेत बताउनुभयो।

» बाँकी पृष्ठ २ मा




# एमाले चुनावमा जाने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, पुस २२ गते*

नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले आसन्न प्रतिनिधि सभाको निर्वाचनमा सहभागी हुने औपचारिक निर्णय गरेको छ। मङ्गलबार पार्टी मुख्यालय च्यासलमा बसेको केन्द्रीय सचिवालय बैठकले औपचारिक रूपमा निर्वाचनमा जाने निर्णय गरेको हो। बैठकले ७७ जिल्लामा भूगोल केन्द्रित रहेर केन्द्रीय सदस्यलाई परिचालन गर्ने निर्णय गरेको उपमहासचिव लेखराज भट्टले जानकारी दिनुभयो।

बैठकले राष्ट्रिय सभा सदस्यको निर्वाचनमा नेपाली कांग्रेससँग सहकार्य गर्ने निर्णय गरेको छ। एमालेले प्रत्येक प्रदेशमा एक/एक जना उम्मेदवार रहने गरी कांग्रेससँग सहकार्य गर्ने गरी छलफल गरेको उपमहासचिव भट्टले जानकारी दिनुभयो। बैठकले कांग्रेससँग गठबन्धनको सिट टुङ्गो लगाउने र उम्मेदवार छान्ने जिम्मा अध्यक्ष केपी शर्मा ओलीलाई दिएको छ। अध्यक्ष ओलीले निर्वाचन हुन्छ कि हुँदैन भन्नेमा अन्योल रहेको भन्दै चुनाव एकै पटक नभई खण्ड खण्डमा हुन सक्ने र यसबारे मनोवैज्ञानिक रूपमा तयार रहन निर्देशन दिनुभएको बैठकपछि आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो। एमालेको सचिवालय भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोलाई पक्राउ गरी अमेरिका लगिएको घटनाप्रति कडा आपत्ति जनाएको छ।

### थापा चुनावी कमान्डर

एमालेले उपाध्यक्ष रामबहादुर थापा 'बादल'

» बाँकी पृष्ठ २ मा